# रोमी

shepherds
GLOBAL CLASSROOM

Shepherds Global Classroom संसारभरका उदीयमान ख्रीष्टियान अगुवाहरूका लागि पाठ्यक्रम प्रदान गरेर ख्रीष्टको शरीरलाई सुसज्जित गर्न अवस्थित छ। हामी विश्वको हरेक देशमा आत्मिक प्रशिक्षकहरूको हातमा 20-पाठ्यक्रमको पाठ्यसामग्रीको औजार राखेर स्वदेशी तालिम कार्यक्रमहरू गुणा गर्ने लक्ष्य राख्दछौं।

यो पाठ्यक्रम नि: शुल्क डाउनलोडको लागि https://www.shepherdsglobal.org/courses मा उपलब्ध छ।

मुख्य लेखक: डा. स्टिफन गिब्सन (Dr. Stephen Gibson)

प्रतिलिपि अधिकार © 2022 Shepherds Global Classroom
तेस्रो संस्करण अंग्रेजीबाट नेपाली मा अनुवाद गरिएको हो।

सबै अधिकार सुरक्षित छ।

तेस्रो-पक्ष सामग्रीहरू उनीहरूको सम्बन्धित मालिकहरूको प्रतिलिपि अधिकार हो र विभिन्न इजाजतपत्रहरू अन्तर्गत बाडिएको छ।

पवित्रशास्त्र पाठ © नेपाल बाइबल सोसाइटी 1997, 2006, 2009, 2012। प्रतिलिपि अधिकार सर्वाधिकार सुरक्षित छ। बाइबल संस्करण: नेपाली नयाँ परिमार्जित संस्करण (एनएनआरभी) https://www.bible.com/bible/1483/GEN.1.NNRV मा हेर्न सक्नु हुन्छ।

**अनुमति सूचना:**

यस पाठ्यक्रमलाई निम्न दिशानिर्देशहरू अन्तर्गत मुद्रण र डिजिटल ढाँचाहरूमा स्वतन्त्र रूपमा मुद्रित र वितरण गर्न सकिन्छ: (1) पाठ्यक्रमको विषय सूची कुनै पनि किसिमले परिवर्तन गर्न सकिने छैन; (2) प्रतिलिपिहरू फाइदाको लागि बिक्री गर्न सकिने छैन; (3) शैक्षिक संस्थाहरूले शिक्षण शुल्क लिए तापनि यस पाठ्यक्रमको प्रयोग/प्रतिलिपि गर्न स्वतन्त्र छन्; र (4) Shepherds Global Classroom अनुमति र पर्यवेक्षण बिना पाठ्यक्रम अनुवाद गर्न सकिने छैन

# विषयहरू


पाठ्यक्रम समीक्षा ........ 5

रोमीहरूलाई लेखिएको पत्रको रूपरेखा ........ 7

(1) पत्रको परिचय ........ 9

(2) अन्यजातिहरूको त्रुटि ........ 19

(3) इस्राएलीहरूको त्रुटि ........ 29

(4) सार्वभौमिक सर्तहरू ........ 37

(5) धर्मीकरणको माध्यम र अर्थ ........ 45

(6) पापमाथि विजय ........ 55

(7) दोषी ठहरिएको पापी ........ 69

(8) आत्मामा जीवन ........ 81

(9) परमेश्वरको चयन ........ 89

(10) जरुरी सन्देश ........ 97

(11) सेवकाई र सम्बन्धहरू ........ 107

(12) मिसनहरूको लागि दर्शन ........ 117

समीक्षा र अन्तिम जाँचका लागि प्रश्नहरू ........ 125

सिफारिस गरिएको पठन ........ 129

कार्यहरूको रेकर्ड ........ 131

# पाठ्यक्रम समीक्षा

### पाठ्यक्रम वर्णन

रोमी विश्वासीहरूलाई पावलले लेखेको पत्रले उनको मिशन र सन्देशको व्याख्या गरेको थियो। संसारमा हरेकलाई सुसमाचारको आवश्यकता किन छ भनेर व्याख्या गर्न उनले सुसमाचारको ईश्वरशास्त्रबारे वर्णन गरे। यस पत्रले इतिहासभरि नै मण्डलीमा ठूलो प्रभाव पारेको छ। त्यहाँ थुप्रै विवादस्पद सिद्धान्तहरूले जरा गाडेका छन्। यस पाठ्यक्रमले रोमीको पुस्तकको शिक्षालाई जाँच गर्दछ अनि ती शिक्षाहरूलाई ख्रीष्टियान जीवनको लागि लागू गर्दछ।

### पाठ्यक्रमका उद्देश्यहरू

1. परमेश्वरको उद्धारको प्रस्ताव र मानिसको विश्वासको आवश्यक्ता हेर्नु।
2 सुसमाचार नसुनेका मानिसहरूको बारेमा मिसियोलोजिकल मुद्दाहरू छलफल गर्नु।
3. एक विश्वासीको लागि पापमाथि विजय बन्नु सम्भव छ र यो सामान्य छ भनी बुझ्नु।
4. परमेश्वरको योजनामा इस्राएल र मण्डलीको बीचमा भएको सम्बन्ध अध्ययन गर्नु।
5. मण्डलीमा सैद्धान्तिक विवादहरूको आधार बनेका कथनहरूको सन्दर्भ बुझ्नु।
6. संसारलाई सुसमाचार प्रचार गर्ने मण्डलीको मिसनको लागि जुनुन प्राप्त गर्नु।

### पाठ डिजायन

हरेक पाठ एउटा सत्रमा सिकाउन सक्नेगरि डिजायन गरिएको छ, तैपनि हरेक पाठको लागि 2 घण्टा वा त्यो भन्दा बढी समयको आवश्यकता पर्छ। यदि छोटो सत्रहरू जरूरी छ भने पाठहरूलाई सा-सानो भागमा बाड्न सकिन्छ।

कक्षा अगुवाको लागि निर्देशनहरू *इटालिकस (टेडो अक्षर)* मा छ।

कक्षाले पाठ 1 भन्दा ठीक अगाडि देखा पर्ने "रोमीहरूलाई लेखिएको पत्रको रूपरेखा" लाई बारम्बार उल्लेख गर्नुपर्छ। कक्षाले प्रत्येक खण्ड अध्ययन गर्दा, विद्यार्थीहरूलाई त्यो खण्ड पुस्तकको त्यस भागको सन्दर्भ र सम्पूर्ण पुस्तकको सन्दर्भमा कसरी फिट हुन्छ भनेर सम्झाउनुहोस्।

प्रत्येक पाठको लागि समीक्षा प्रश्नहरू उपलब्ध गराइएको छ। प्रत्येक कक्षाको सुरुमा, कक्षा अगुवाले पूर्व पाठको लागि समीक्षा प्रश्नहरू र अन्य विगत पाठहरूमा केही प्रश्नहरू सोध्नुपर्छ। सुनिश्चित गर्नुहोस् कि सबै विद्यार्थीहरूले उत्तरहरू दिन सहायता गर्छन्। यदि कोही सहभागी हुन सकिरहेका छैनन् भने, उसको नाम लिएर सिधा प्रश्न गर्नुहोस्। यो एउटा यस्तो असल समय हो जहाँ सामग्रीका भूल बुझाइलाई सच्याउन सकिन्छ। समीक्षा प्रश्नहरू त्यही प्रश्नहरू हुन् जसलाई अन्तिम जाँचमा प्रयोग गरिन्छ। आवश्यकताअनुसार प्रश्नहरूको समीक्षा गर्नुहोस् र सच्याउने काम गर्नुहोस्। कक्षा अगुवाहरूले shepherdsglobal.org मा दिइएको उत्तर कून्जी प्रयोग गर्न सक्नेछन्।

**छलफल प्रश्नहरू** र **कक्षा गतिविधीहरूलाई ►** द्वारा संकेत गरिएको छ। छलफल प्रश्नहरूका लागि, कक्षा अगुवाले प्रश्न सोध्नुपर्छ अनि थुप्रै विद्यार्थीहरूलाई छोटो-छोटो उत्तर दिन अनुमति दिनुपर्छ। कहिलेकाहीँ प्रश्नले भर्खरै अध्ययन गरिएका सामग्रीलाई समीक्षा गर्दछ। यस्ता समयहरूमा, विद्यार्थीहरू सठीक उत्तर दिन सक्ने हुनुपर्छ। यदि त्यहाँ विदयार्थीहरू अल्मलिएका छन् भने, कक्षा अगुवाले यस पाठलाई अझ राम्ररी व्याख्या

गर्नुपर्छ। अन्य समयमा, प्रश्नले नयाँ सामग्रीको परिचय दिन्छ। त्यसो भए, विद्यार्थीहरूले सठिक उत्तर दिनु जरूरी छैन, अनि निष्कर्षमा आउनु पनि आवश्यक छैन। यो प्रश्नले केवल तिनीहरूलाई नयाँ पाठको लागि तयार पार्दछ।

कोष्ठकमा दिइएका हरेक बाइबलीय सन्दर्भलाई हेर्नु जरूरी छैन। कथन वा कथनलाई समर्थन गर्नलाई सन्दर्भहरू उपलब्ध गराइएको छ।

कहिलेकाहीँ फूटनोटले पाठमा वा पाठ्यक्रमका अन्य भागमा भएका अन्य सामग्री कहाँ पाइन्छ भनेर देखाउँदछ। जबसम्म कक्षालाई तत्काल थप व्याख्याको आवश्यकता पर्दैन तबसम्म त्यो सामग्रीमा जान जरूरी छैन।

कक्षा अगुवाले विद्यार्थीलाई पाठको एकछेउमा बाकसभित्र लेखिएका उद्धरणहरूको व्याख्या गर भनी भन्नसक्छ।

धेरैजसो पाठहरू रोमको बारेमा चित्र र ऐतिहासिक टिप्पणी भएको बाकस छ। टिप्पणी पाठसँग सम्बन्धित छैन। पाठ प्रस्तुतिमा ऐतिहासिक टिप्पणी समावेश गर्नु जरूरी छैन।

प्रत्येक कक्षा सत्रको सुरुमा, कक्षा अगुवाले पूर्व पाठबाट लिखित कार्य जम्मा गर्नुपर्छ र तिनीहरूको लेखबारे छोटो छलफल अगुवाइ गर्नुपर्छ।

**विद्यार्थीहरूको लागि कार्यहरू**

यो बाइबल क्लास हो। विद्यार्थीहरूले बाइबल खोलेर राख्नुपर्छ अनि पढाइने पाठलाई हेर्नुपर्छ।

**पूर्ण गरिएका कार्यहरूको रेकर्ड** राख्न चार्ट उपलब्ध गराइएको छ। यो चार्ट पाठ्यक्रमको पछाडि छापिएको छ।

यो पाठ्यक्रमको हप्ताहरूमा, विद्यार्थीहरूले रोमीको पत्रको खण्डमा आधारित तीनवटा प्रवचन वा पाठ तयार पार्नुपर्छ अनि कक्षाबाहेक अन्य समूहमा प्रस्तुत गर्नुपर्छ। प्रत्येक प्रस्तुतिपछि, उसले आफ्नो प्रस्तुतिलाई अझ कसरी सुधार्न सक्छ भनेर केही स्रोताहरूलाई सोध्नुपर्छ। उसले आफ्नो प्रस्तुतिको नोट, समूहको विवरण र कार्यनीति अनि सुधारका योजनाहरू आफ्नो कक्षा अगुवालाई बुझाउनुपर्छ।

विद्यार्थीले मण्डलीका विश्वासीहरूसँग कमसेकम दुईवटा वार्तालापहरू तयार गर्नुपर्छ जसको सिद्धान्त उसकोभन्दा फरक छ। उसले उनीहरू आफ्नो सिद्धान्तमा पक्का किन छ सो सोध्नुपर्छ। उसले रोमीबाट विषय सान्दर्भिक खण्डहरू व्याख्या गर्नुपर्छ। उसले आफ्नो वार्तालापको विवरण लेखेर कक्षा अगुवालाई दिनपर्छ। यदि यो कार्य पाठ 9 को अध्ययनपछि पूर्ण गरिनसके उत्तम हुनेछ।

पाठ 12 बाहेक, प्रत्येक पाठमा **लेखन कार्य** छ। प्रत्येक कार्य अर्को कक्षा सत्र सुरु हुनभन्दा अघि सिध्याउनुपर्छ। उनीहरूले आफ्नो काम कक्षा सुरु हुनभन्दा अघि कक्षा अगुवालाई बुझाएको हुनपर्छ। कक्षा अगुवाले विद्यार्थीहरूको लेखबारे छोटो छलफल अगुवाइ गर्नुपर्छ।

पाठ्यक्रमको अन्त्यमा अन्तिम जाँच हुनेछ। विद्यार्थीहरूले अरू कुनै सहायता बिना र कुनै लिखित सामग्री नहेरी व्यक्तिगत रूपमा जाँच दिनुपर्छ। प्रश्नहरूको सूची यस पाठ्यक्रमको अन्त्यमा उपलब्ध गराइएको छ। अन्तिम पाठ सिध्याइएको समयमा वा फरक समयमा जाँचको समय निर्धारित गर्न सकिन्छ। 20 वटा प्रश्नको उत्तर लेख्न कति विद्यार्थीहरूलाई एक घण्टा लाग्नसक्छ। विद्यार्थीहरूलाई जाँचमा कुन प्रश्नहरू आउँछ सो थाह हुँदैन, तसर्थ सबै समीक्षा प्रश्नहरू अध्ययन गर्नुपर्छ।

विद्यार्थीहरू सबै कक्षा सत्रमा सहभागी हुनुपर्छ। यदि कुनै विद्यार्थीले एउटा सत्र छुटाएको छ भने, उसले त्यस विषयलाई अध्ययन गर्नुपर्छ, कक्षा अगुवासित समीक्षा गर्नुपर्छ अनि दिइएको लेखन कार्य पूरा गर्नुपर्छ।

# रोमीहरूलाई लेखिएको पत्रको रूपरेखा

**भाग 1: अभिवादन अनि विषयको परिचय (रोमी 1:1-17)**

**भाग 2: विश्वासद्वारा धर्मी ठहराइनु आवश्यकता (रोमी 1:18-3:20**

खण्ड 1: अन्यजातिहरूको त्रुटि: मूर्तिपूजा गर्न सकून् भनेर परमेश्वरलाई अस्वीकार गर्नु (रोमी 1:18-32)

खण्ड 2: इस्राएलीहरूको त्रुटि: आज्ञाकारिता बिनाको ज्ञान (रोमी 2:1-29

खण्ड 3: सार्वभौमिक तिरस्कारको न्याय (रोमी 3:1-20)

**भाग 3: धर्मीकरणको माध्यम र अर्थ (रोमी 3:21-5:21)**

खण्ड 1: धर्मीकरण परमेश्वरको मार्ग (रोमी 3:21-31

खण्ड 2: अब्राहामको उदाहरण (रोमी 4)

खण्ड 3: ख्रीष्टको प्रायश्चित (रोमी 5)

**भाग 4: धर्मी ठहरिएकाहरूको पवित्रीकरण (रोमी 6-8)**

खण्ड 1: पापमाथि विजय (रोमी 6)

खण्ड 2: दोषी ठहरिएको पापीको अवस्था (रोमी 7)

खण्ड 3: पवित्र आत्मामा जीवन (रोमी 8)

**भाग 5: उद्धारको योजनामा परमेश्वरको सर्वभौमिकता (रोमी 9-11)**

खण्ड 1: उद्धार अनि मुक्तिको माध्यम निर्धारण गर्ने परमेश्वरको अधिकार (रोमी 9)

खण्ड 2: ग्रहण (स्वीकृति)को अवस्थाको रूपमा विश्वासको प्रतिक्रिया (रोमी 10)

खण्ड 3: अविश्वासीहरूको बहिस्कार; विश्वासीहरूको ग्रहण (रोमी 11)

**भाग 6: व्यवहारिक निर्देशनहरू (रोमी 12:1-15:7)**

खण्ड 1: शरीरमा नम्र अनि पवित्र सेवा (रोमी 12:1-8)

खण्ड 2: अरूप्रति गरिने व्यवहार (रोमी 12:9-21)

खण्ड 3: प्रशासकहरूको अधिनतामा (रोमी 13:1-7)

खण्ड 4: प्रेमको परिपूर्णता (रोमी 13:8-10)

खण्ड 5: ज्योतिमा जिउँनु (रोमी 13:11-14)

खण्ड 6: धार्मिक अभ्यासहरूमा भिन्नता स्वीकार गर्दै (रोमी 14:1–15:7)

**भाग 7: निष्कर्ष: मिसनहरूको लागि दर्शन (रोमी 15:8-33)**

**भाग 8: अभिवादन (रोमी 16)**

# पाठ 1

# पत्रको परिचय

## विवादित मुद्दाहरूको पुस्तक

शताब्दीदेखि मण्डलीमा धेरै ईश्वरशास्त्रीय मुद्दाहरू बहस गरिएको छ। बाइबलका अन्य पुस्तकले भन्दा सायद रोमीको पुस्तकले पवित्रशास्त्रका विवादास्पद मुद्दाहरूलाई सम्बोधन गर्छ। यस पत्रमा भएका यस्ता केही प्रश्न उत्तरहरूको उदाहरण यहाँ दिइएको छ।

### रोमीमा ईश्वरशास्त्रीय प्रश्नहरूको उत्तर

*कक्षा अगुवाको लागि नोट: प्रत्येक प्रश्न पढ्नुहोस् र विभिन्न सदस्यहरूलाई उत्तर दिन पर्खनुहोस्। समूहले एउटै प्रश्नमा धेरै समय खर्च गर्नुहुँदैन र निष्कर्षमा पुगिहाल्ने कोशिस पनि गर्नुहुँदैन। सूचीहरूको उद्देश्य यी प्रश्नहरूको बारेमा धेरै विचारहरू छन् भनेर देखाउनु हो।*

1. विश्वासद्वारा मुक्ति पाउनलाई एक व्यक्तिले केमा विश्वास गर्नुपर्छ?
2. एक ख्रीष्टियानले आफ्नो मुक्तिको लागि काम गर्दैन भन्ने अर्थ के हो?
3. के परमेश्वरले कसैलाई बचाउने र कसैलाई नबचाउने निर्णय गर्नुभयो?
4. कसले मुक्ति पाएको छ र कसले पाएको छैन भनेर परमेश्वरले कसरी छान्नुहुन्छ?
5. कहिल्यै सुसमाचार नसुनेका मानिसहरूलाई के हुनेछ?
6. परमेश्वरले कसैलाई क्षमा र कसैलाई दण्ड दिनुभयो भने उहाँ कसरी न्यायी परमेश्वर हुनसक्नु हुन्छ?
7. के एक विश्वासी अझै पनि पापी छ?
8. वास्तविक जीवनको लागि कस्तो प्रकारको आत्मिक विजय सम्भव छ?
9. के विश्वासीले आफ्नो उद्धार-मुक्ति गुमाउन सक्छ?
10. के परमेश्वरसँग इस्राएलीको लागि अझै पनि योजना छ?

## रोमीहरूलाई लेखिएको पत्रको उद्देश्य

► विद्यार्थीले समूहको लागि रोमी 1:11-15 र 15:24 पढ्नुपर्छ। पावल रोम किन जान चाहेका छन् भनेर उनले कस्ता कारणहरू दिए?

यस पत्रको उद्देश्य रोमी विश्वासीहरूलाई पावल र उद्धारबारे उनको ईश्वरशास्त्रलाई परिचय गराउनु थियो, ताकि

1. विश्वासीहरूलाई प्रोत्साहन दिन रोमी 1:11-15 र रोममा सुसमाचार प्रचार गर्न उनले तिनीहरूलाई भेट गर्न सक्थे (1:15)।
2. उनले तिनीहरूको सहयोगमा नयाँ मिसन कार्य सुरु गर्नसक्छन् (15:24)।

पावलले सन 47 देखि 57 सम्म एजिएन समुद्र वरपरका इलाकाहरूमा सुसमाचार प्रचार गर्न बिताएका थिए। उनले लगभग 57 ईस्वीमा रोमीहरूलाई पत्र लेखे।[1] उनले यरुशलेम, त्यसपछि रोम जाने योजना बनाएका थिए। पावलले रोममा भएका मण्डलीलाई स्पेनमा मिसनेरी कार्य सुरु गर्ने आधारको

[1] यी मितिहरू विद्वानहरूका विचारहरू हुन्, र यी सबै पूर्णरूपले सही छन् वा छैनन् सो हामीलाई थाहा छैन।

रूपमा प्रयोग गर्न चाहन्थे (15:24), जुनचाहिँ पश्चिममा सबैभन्दा पूरानो रोमी उपनिवेश थियो र संसारको त्यो भागमा रोमी सभ्यताको केन्द्र थियो।

पावल कहिल्यै रोम गएका थिएनन्, त्यसर्थ पत्रले उनको भ्रमणको लागि व्यक्तिगत परिचय र तयारी गर्ने काम गर्‍यो। रोमी 16 अध्यायमा व्यापक रूपले दिइएको अभिवादनको कारण यही हुनसक्छ।

पावलको रोम भ्रमण उनले योजना बनाएमुताबिक भएन। उनी यरूशलेममा पक्राउ परेका थिए। आफूले न्याय नपाउने थाह लागेपछि उनले कैसरलाई अपील गरे। यो डरलाग्दो यात्रापछि, जसमा जहाज भत्किएको थियो, उनी लगभग 60 ए.डी. मा कैदीको रूपमा रोम आइपुगे। यद्धपि, उनी बन्दी थिए, उनले आगन्तुकहरूलाई भेट्न र तिनीहरूमार्फत सेवा पुर्‍याउन स्वतन्त्र थिए (प्रेरित 28:30-31)। पावलले भने कि हरेक घटनाहरू सुसमाचार फैलाउनका लागि काम गरिरहेका थिए (फिलिप्पी 1:12)। कैसरका घरनाका केहीले पनि प्रभुलाई विश्वास गरेका थिए।

केही इतिहासकारहरूले यो विश्वास गर्छन् कि पावल दुईवर्षपछि मुक्त भएका थिए। उनले स्पेनको भ्रमण गरे वा गरेनन् सो अज्ञात छ। हामीलाई यो थाह छ कि उनलाई रोममा मृत्युदण्ड दिइएको थियो, तर यो उनको दोस्रो भ्रमणमा भएको हुनसक्छ।

आफ्नो मिसनेरी कार्यको आधार देखाउनलाई उद्धारको ईश्वरशास्त्र व्याख्या गर्दै, पावलले सबै ठाउँहरू र समयहरूमा मिसनेरी कार्यको आधार देखाए।

> "पावलको मन यस पत्रमा ख्रीष्टको सुसमाचारको सम्पूर्ण शिक्षालाफ संक्षिप्तमा बुझ्नु र पुरानो करारको सम्पूर्ण परिचय तयार गर्नु थियो।"
>
> -विलियम टिन्डेल,
> रोमीहरूको प्रस्तावना

पावलले आफ्नो मिसनेरी यात्रा सुरु गर्न सहायता गर्ने अनुरोधको जवाफमा धेरै प्रश्नहरू स्वभाविक रुपमा उठ्नसक्नेछ। कसैले सोध्न सक्छ कि, तपाईं नै किन जानुपर्छ? यसर्थ, पावलले आफू सुसुमाचार प्रचार कार्यमा समर्पित भएको कुरा उल्लेख गर्दै पत्र सुरु गरेका छन् (1:1)। उनले पछिबाट अन्यजातिहरूको प्रेरितको रूपमा आफ्नो बोलावट र सफलताबारे वर्णन गरेका छन् (15:15-20)।

कसैले सोध्न सक्छ, "किन सबैले सुन्नु आवश्यक छ? हुनसक्छ यो सन्देश सबैको लागि आवश्यक छैन।" तर पावलले विश्वव्यापी मानवजातिको लागि सुसमाचारको सम्भाव्यता (1:14, 16, 10:12) र मिसनेरी कार्यको जरूरत (10:14-15) व्याख्या गरे। उनले यो सन्देश संसारमा भएका हरेक व्यक्तिमा लागू हुने र हरेकले यसलाई सुन्न आवश्यक छ भनी देखाए।

## खण्ड अध्ययन – रोमी भाग 1

अब पहिलो खण्डलाई हेरौं- पावलको अभिवादन र परिचय।

► विद्यार्थीले समूहको लागि रोमी 1:1-17 पढ्नुपर्छ।

### संरचनामाथि टिप्पणी

1:1-17ले सुसमाचार फैलाउनको लागि पावलको बोलावट र प्रेरणाको वर्णन गर्दछ। त्यसपछि, 1:18-3:20 ले सुसमाचार किन आवश्यक छ भनी वर्णन गर्दछ, किनकि पश्चत्ताप नगर्ने पापीहरू परमेश्वरको क्रोधको भागीदार हुन्छन्। तैपनि, 1:15-19 ले यी दुई खण्डहरू बीचमा बदलाउ ल्याउँछ। सुसमाचारलाई संक्षिप्तमा व्यक्त गर्दै यसले एउटा कुरा स्पष्ट पार्दछ: कि पापीहरू दोषी छन् किनकि तिनीहरूलाई राम्रोसँग थाहा छ के गर्नु सही हो भनेर तर तिनीहरूले त्यसो नगर्ने चुनाउ गरेको कारणले, तिनीहरू क्रोधको अधीनमा छन्, तर विश्वास गर्नेहरूले उद्धार पाउनेछन्।

**रोम**

रोम सहरको नाम रोमुलस नामबाट आएको हो। किंवदन्ती छ कि देवता मार्सका जुम्ल्याहा छोराहरू, रोमुलस र रेमसलाई बाल्यावस्थामा नै त्यागिएको थियो। तिनीहरूलाई ब्वाँसोले हुर्काएको थियो। वयस्क भएपछि, तिनीहरूले एउटा सहर बनाउने निर्णय गरे। तिनीहरूको झगडा भयो, र रोमुलसले रेमसलाई मारे।

**1:1-17 को मुख्य बुँदा**

पावललाई सुसमाचार फैलाउन बोलाइएको थियो र उत्साहित गरिएको थियो किनभने यो विश्वास गर्नेको लागि उद्धारको सन्देश हो।

**1:1-17 को सारांश**

1:1-14 मा भएका सबै कुरा 1:15मा भएको कथनमा अगुवाई गर्छ। 1:15। 1:16-18 ले सुसमाचार के हो र किन सबैलाई यसको आवश्यक छ भनी संक्षिप्तमा बताउँछ। सुसमाचार भनेको सन्देश हो जसले परमेश्वरले प्रबन्ध गर्नुभएको क्षमादान र विश्वासद्वारा यसलाई मानिसहरूले प्राप्त गर्नसक्छन् भनी बताउँछ। सबै मानिसहरूलाई यो सन्देशको खाँचो छ किनकि तिनीहरू सबै परमेश्वरको क्रोधको भागिदार भएका छन्।

**रोमीको सम्पूर्ण पुस्तक 1:16-18 मा भएका कथनहरूको व्याख्या हो।**

**हरेक पदहरूको नोटहरू**

(कोष्ठकमा दिइएका सबै अध्यायहरू अनि पदहरूको छलफल गरिनेछ)

(1:1) पावलले आफ्नो बारे तीन वटा वक्तव्यहरू दिएका छन्

- उनी येशू ख्रीष्टका दास हुन्।
- उनी प्रेरित हुन्, किनकि परमेश्वरको बोलावटले उनलाई प्रेरितहरूमध्ये एक बनाएका छन्।
- जुन बोलावटमा उनी बोलाइएका थिए त्यस कामको लागि उनी अलग गरिएका थिए।

पावल फरिसी थिए तर अब सुसमाचारको सेवामा समर्पित थिए। पावलसँग रोमी नागरिकता थियो, तर उनले त्यस सत्यतालाई आफ्नो परिचयको लागि उल्लेख गरेनन्। उनको यो परिचयले प्राय रोमी विश्वासीहरूसित जोडिन मद्दत पुर्‍याउँदैन थियो। रोममा बस्ने अधिकांश मानिससँग नागरिकता थिएन किनकि तिनीहरू विदेशी वा दास थिए। यदि पावलले आफ्नो नागरिकता उल्लेख गरेका भए, त्यसले उनलाई रोमको उच्च वर्गसँग जोड्ने थियो; उनको निम्ति आफ्नो परिचय दिनु भन्दा पनि आत्मिक भूमिकाको बारे उल्लेख गर्नु अझ महत्वपूर्ण थियो।

(1:2) सुसमाचार पूर्णरूपले नौलो थिएन तर पूरानो करारका अगमवक्ताहरूको सन्देशमा समावेश थियो। रोमी 4 ले विशेषगरी अब्राहाम र दाऊदले सुसमाचारलाई बुझेका थिए भनी देखाउँछ।

(1:3-4) आफ्नो प्राकृतिक जीवनमा, परमेश्वरको पुत्र दाऊदको सन्तान हुनुहुन्थ्यो, राजकीय वंशमा जन्मनुभयो, जसलाई मसीह (ख्रीष्ट) भनी भविष्यवाणी गरिएको थियो।

ख्रीष्ट चाहि हिब्रू शब्द मसीहको ग्रीक शब्द हो।

*प्रभु* शब्दले ईश्वरत्वलाई देखाउँछ। नयाँ करारका पत्रहरूमा *प्रभु* शब्दको महत्व फिलिप्पी 2:10-11 लाई यशैया 45:23 सँग तुलना गरेर हेर्न सकिन्छ। यसले अरू सबै अधिकारहरूभन्दा सर्वोच्चमा हुनु हुनेलाई देखाउँछ। (प्रेरित 2:36 लाई पनि हेर्नुहोस्)।

*प्रभु* शब्दको अर्थ नयाँ करारको सुसमाचारका पुस्तकहरूमा जस्तै हुन आवश्यक छैन, जहाँ मानिसहरूले येशूलाई उहाँ नै परमेश्वर हुनुहुन्छ भनेर साँचो प्रकारले नबुझीकन नै केवल आदर दिनको लागि “प्रभु” भनी सम्बोधन गरेको हुनसक्छ।

नयाँ करारका पत्रहरूमा, “येशू ख्रीष्ट हाम्रा प्रभु” नाउँले पहिचानका तीनवटा कथनहरू बनाउँछ। यसले भन्छ कि येशू ऐतिहासिक व्यक्ति हुनुहुन्छ, उहाँ यहूदी मसीह हुनुहुन्छ, अनि उहाँ परमेश्वर हुनुहुन्छ।

पुनरुत्थानले येशूको ईश्वरत्वलाई प्रमाण गऱ्यो। यूहन्ना 10:18मा, उहाँले आफ्नो प्राण फेरि लिनसक्ने अधिकारको दाबी गरे। उहाँले पुनरुत्थानलाई यो पुस्ताको लागि चिन्हको रुपमा दिनुभयो र पुनरुत्थानका साक्षीहरूले यसलाई सबै पुस्ताका लागि चिन्हका रूपमा स्थापित गरे। एउटा व्यक्ति यदि ऊ परमेश्वर होइन भने आफै मृत्युबाट बौरि उठ्न सक्दैन। न ता परमेश्वरले त्यस व्यक्तिलाई जीवित पार्नुभएको थियो जसले आफूलाई परमेश्वर भएको झुटो दाबी गरेका थिए। खासगरी जसले पुनरुत्थानले आफ्नो पहिचान प्रमाणित गर्नेछ भनी दाबी गरेका थिए।

► अरू मानिसहरू पनि मृत्युबाट जीवित पारिएका छन्, तर तिनीहरू परमेश्वर होइनन्। पुनरुत्थानले येशूले पहिचान प्रमाणित गऱ्यो भनी तपाईं कसरी व्याख्या गर्नुहुन्छ?

(1:5) प्रेरितीय बोलावट र आत्मिक वरदानचाहिँ सबै राष्ट्रका मानिसहरूलाई ख्रीष्टको आज्ञाकारितामा ल्याउने उद्देश्यले दिइएको थियो। आत्मिक वरदानहरूको सदुपयोगचाहिँ परमेश्वरको कामको लागि मात्र हो। सेवकाईको एउटै मात्र उचित उद्देश्य भनेको ख्रीष्टको नाउँको महिमा हो। परमेश्वरको सेवकको लागि व्यक्तिगत फाइदा र लाभजस्ता उद्देश्य र चाहनाहरू अयोग्य छन्।

## प्रेरितीय बोलावटको विशेषता

► के आज पनि जीवित प्रेरितहरू छन्?

प्रेरित शब्द कहिलेकाहीँ बाइबलमा यसको सामान्य अर्थ "पठाइएको व्यक्ति" सित प्रयोग गरिन्छ। प्रेरित 14:14मा, पावल र बरणावासलाई प्रेरित भनिएको छ, यद्धपि, बरणावास बाह्र प्रेरितहरू मध्येका थिएनन्। गलाती 1:19मा, पावलले उनको विशेष भ्रमणमा केफास (पत्रुस) र प्रभुका भाइ याकुब बाहेक कुनै पनि प्रेरितहरूलाई नभेटाएको बताएका छन्। त्यस अवस्थामा, याकुबलाई उनले प्रेरितको रूपमा उल्लेख गरेका छन्, यद्यपि तिनी पनि बाह्र चेलाहरू मध्येका थिएनन्।

तैपनि, बाह्र चेलाहरूलाई सामान्यता एउटा विशेष समूहको रूपमा स्वीकार गरिन्थ्यो, अनि त्यसमा अरू कसैलाई थप्न सकिँदैन। मत्ती 10:2 ले भन्छ, "बाह्र प्रेरितहरूका नाउँ यी हुन्..." (लूका 6:13 लाई पनि हेर्नुहोस्)। येशूले बाह्र प्रेरितहरूलाई भन्नुभयो कि तिनीहरू सिंहासनमा बसेर इस्राएलका बाह्र कुलहरूको न्याय गर्नेछन् (लूका 22:30)। यो प्रतिज्ञा विशेष 12 पुरुषहरूलाई दिइने इनामको रूपमा देखिन्छ। बाह्र प्रेरितहरूका नाउँहरू परमेश्वरको सहरको 12 बटा जगहरूमा छन्, जसले 12 चेलाहरूलाई एक विशेष अद्वितीय समूह भनी जनाउँछ (प्रकाश 21:14)।

येशूका भाइ यहूदाले आफूलाई प्रेरित भनेनन् तर तिनीहरूको अख्तियारलाई उल्लेख गरे (यहूदा 17 लाई 2 पत्रुस 3:2 सँग तुलना गर्नुहोस्)। प्रेरितहरूको एक अद्वितीय अधिकार थियो, र तिनीहरूले मण्डलीहरूलाई लेखेका कुराहरूलाई प्रकाश मानिन्थ्यो (2 पत्रुस 3:15-16)।

मण्डलीले यहूदा ईस्करयोतीको ठाउँलाई भर्न मत्तियासलाई छाने किनकि त्यहाँ बाह्र चेला हुनै पर्थ्यो (प्रेरित 1:26); तर हामी प्रारम्भिक मण्डलीले कुनै प्रेरितको मृत्युपछि तिनको सट्टामा अर्को प्रेरित स्थापना गरेको इतिहास भेट्टाउँदैनौं।

पावललाई परमेश्वरले प्रेरित हुनको निम्ति बोलाउनुभएको थियो (रोमी 1:1)। पावलले आफ्नो प्रेरितीय योग्यतामध्ये एउटा योग्यता यो बताए कि उनले येशूलाई देखेका थिए (1 कोरिन्थी 9:1)। यसले मण्डलीको पहिलो पुस्तामा प्रेरित पदलाई सीमित गर्दछ।

## खण्ड अध्ययन - रोमी भाग 1

### हरेक पदहरूको नोटहरू जारी

(1:6) "बोलाइएका" ले उद्धार पाउन, पवित्र मानिस हुनका निम्ति बोलाइएको भनी देखाउँछ, जस्तो निम्न पदहरूमा देखाइएको छ। (8:30 लाई हेर्नुहोस्)। पावलले भनेका छन् कि प्रेरितहरूसँग सबै राष्ट्रहरूको लागि सेवकाई छ; उनले अब रोमी ख्रीष्टियानहरू प्रेरितहरूको सन्देशमा विश्वास

गर्नेहरू हुन् भनी देखाए। यसरी उनले देखाउँछन् कि उनको प्रेरित अधिकारलाई तिनीहरूले गम्भीरतासित लिन बाध्य छन्। यो पत्र केवल तिनीहरूले सुनेका मिसनेरीले लेखेको पत्र मात्र थिएन। यद्यपि पावल तिनीहरूको मण्डलीको संस्थापन नभए तापनि मण्डलीले पावललाई वास्ता र आदर गर्थे।[2]

(1:7) उद्धारको लागि बोलाउनु भनेको पवित्र हुनको निम्ति बोलाइनु हो। यो भनाईलाई पद 1 मा भएको कथनसँग तुलना गर्न सकिन्छ, जहाँ पावलले भनेका छन् कि उनी प्रेरित थिए किनकि उनी प्रेरित हुनका निम्ति नै बोलाइएका थिए। यसको अर्थ यो होइन कि उनी जबरजस्ती प्रेरित हुने आशा गरिरहेका थिए, तर उनी बोलावटको कारण प्रेरित बनेका थिए। रोमी विश्वासीहरू सन्त हुन बोलाइएका कारण पवित्र बनाइएको थियो। जसरी प्रेरितको बोलावटले त्यो सेवकाईको लागि वरदान र क्षमताहरू लिएर आएको थियो, त्यसरी नै सन्त हुने बोलावट शक्ति र शुद्धताको साथ आउँछ जसले हामीलाई पवित्र बनाउँछ। परमेश्वरको बोलावट सधैँ बोलावट पूरा गर्ने अनुग्रहसित आउँछ।

रूपान्तरणबाट सुरु हुने पवित्रता सबै प्रकारले पूर्ण छैन। विश्वासीहरूले आफ्नो जीवनलाई परमेश्वरको सत्यतासित मेल खाने प्रकारले सधैँ परिवतर्न गरिरहनुपर्छ। पवित्रता रुपान्तरणमा पूरा हुँदैन, तर पवित्रताको सुरुवात रुपान्तरणबाट सुरु हुन्छ जब एउटा पापीले पश्चत्ताप गर्छ, परमेश्वरको आज्ञापालन गर्न आफैलाई समर्पित गर्छ, र एउटा नयाँ सृष्टि बनिन्छ (2 कोरिन्थी 5:17)।

(1:8) *संसार* शब्द सामान्यतया सम्पूर्ण पृथ्वीको सट्टा सभ्य, चिनिएको संसारलाई बुझाउन प्रयोग गरिएको थियो। सुसमाचार अझै संसारभरि पुगिसकेको थिएन।

(1:9) "नयाँ करारमा भएको *latreuo* [सेवा गर्दछु] शब्द सधैँ धार्मिक सेवाको लागि प्रयोग गरिएको छ। यो सेवा आराधनाको सेवा हुनसक्छ वा त धार्मिकरुपमा गरिने बाह्य कार्य वा कर्तव्य प्रदर्शनमा समावेश हुनसक्छ।"[3] पावलले विभिन्न प्रकारका धार्मिक क्रियाकलापहरूद्वारा मात्र होइन तर आफ्नो आत्माबाट नै परमेश्वरको सेवा गरे।

(1:10-12) यहाँ पावलले तिनीहरूलाई बताए कि उनले रोम भ्रमण गर्ने योजना बनाएका छन। उनले मण्डलीलाई आत्मिकरुपमा बलियो पार्न चाहन्थे र उनलाई थाह थियो कि तिनीहरूले एक-अर्काको विश्वासले पारस्पारिक रुपमा प्रोत्साहन पाउनेछन्।

पावलको कथनले हामीलाई बताउँछ कि विश्वासीहरूके एक-अर्कासँगको संगतिबाट आत्मिकरुपले लाभ उठाउँछन्। पवित्र आत्माले अन्य विश्वासीहरूमार्फत विश्वासीहरूमा आफ्नो धेरै कामहरू पूरा गर्नुहुन्छ। एउटा व्यक्ति जसले अन्य विश्वासीहरूसँगको सम्बन्धलाई वेवास्ता गर्छ उसले संगतिमार्फत प्राप्त हुने अनुग्रहको लाभ गुमाउनेछ। (1 कोरिन्थी 12 मा पावलले प्रत्येक सदस्यलाई अन्य सदस्यहरूको आवश्यकताबारे बिस्तृतरुपमा बताएका छन्)।

(1:13) तिनीहरूलाई भेट्ने पावलको अघिल्लो योजनामा बाधा पुगेको थियो – समस्याहरूले होइन, सुसमाचार नपुगेको ठाउँमा सुसमाचार प्रचार गर्ने उनको प्राथमिकता भएको कारणले बाधा पुगेको थियो (15:20-22 लाई हेर्नुहोस्)। रोममा पहिले नै सुसमाचार प्रचार गरिएका हुनाले, पावल पहिले अन्य ठाउँहरूमा गए। यद्धपि, अहिले आउनु उनको प्राथमिकताको विपरित थिएन किनकि उनको यो पाइला अर्को सुसमाचार नपुगेको ठाउँमा पुग्ने कदम हुनेवाला थियो (15:23-24)।

(1:14) *ग्रीकहरू* ग्रीक प्रभावद्वारा सुसंस्कृत र सभ्य भएका थिए। असभ्य जाति शब्दको अर्थ "विदेशी" हो, जुन युनानी संस्कृतिद्वारा कम प्रभावित भएका आदिम संस्कृतिबाट आएको व्यक्तिलाई जनाउँछ। ग्रीकहरूले असभ्य जातिहरूलाई सभ्यता नभएको र अज्ञानी ठान्थे।

---

[2] 1:14-15 मा भएको टिप्पणी हेर्नुहोस्।

[3] Charles Hodge, *Commentary on Romans, Ephesians and First Corinthians*, https://www.studylight.org/commentaries/eng/hdg/romans-1.html#verse-9

*बुद्धिमान* शब्दले विशेष गरी ग्रीक दर्शनद्वारा शिक्षित मानिसहरूलाई देखाउँछ; *निर्बुद्धि* मानिसहरूचाहिँ धेर शिक्षा नपाएका मानिसहरू थिए। पावलले देखाए कि उनको सेवकाई चाहिँ केही खास मानिसहरूमा सिमित थिएन। यसले तिनीहरूलाई उनको सेवकाईको लागि तयार पार्‍यो, साथै एक मिसनेरीको रूपमा उनको भूमिका पनि देखाएको थियो।

पावलले भने कि उनी सुसमाचार नसुनेका सबै मानिसहरूप्रति ऋणी थिए। पापीहरू सुन्ने योग्य भएका हुनाले पावलले ऋण तिरेका होइनन् तर उनले अनुग्रह पाएका थिए र यो अनुग्रह अरूलाई दिनुपर्ने दायित्व उनीसित थियो।

दृष्टान्त: यदि कसैले राजनलाई कमलसित बाँड्न पैसा दिन्छ भने, राजनले कमललाई त्यो पैसा दिन्छ, यद्धपि कमलले पैसा कमाउने कुनै काम नगरेको हुनसक्छ। त्यस्तै प्रकारले, हामी पनि सुसमाचार नसुनेकाहरूको लागि ऋणी छौं किनभने परमेश्वरले तिनीलाई सुसमाचार सुनाउने जिम्मेवारी हामीलाई दिनुभएको छ।

► के सुसमाचार प्रचार गर्न सबै ख्रीष्टियानहरू ऋणी छन्? किन?

(1:15) पावलले ग्रीकहरू र असभ्य जातिलाई सुसमाचार प्रचार गरे, अनि अब रोममा भएका सबैलाई सुसमाचार प्रचार गर्न उत्सुक थिए।

उनले यसो भन्दै सुरु गरे, "सुसमाचार प्रचार गर्न म उत्सुक छु," त्यसपछि सुसमाचार के हो र संसारलाई यसको किन खाँचो छ भनी संक्षिप्त व्याख्या गरे। यो संक्षिप्त व्याख्या सम्पूर्ण पत्रहरूमा विस्तार गरिएको छ।

1:14-15 ले पावल किन तिनीहरूकहाँ आउन योग्य थिए भनी पुन: देखाउँछ। उनीसित संसारका सबै मानिसहरूको लागि सन्देश थियो।[4]

(1:16) सुसमाचार यहूदी र ग्रीक दुवैका लागि हो, र यो कथनले यहूदी र अन्यजातिहरूको विषय र परमेश्वरको सामु तिनीहरूको अडानलाई परिचय गराउँछ। यो विषय रोमी 3 सम्म जारी छ। साम्राज्यको शक्तिको केन्द्रमा पनि पावल सुसमाचारको लागि लज्जित हुने थिएनन्, किनकि सुसमाचार परमेश्वरको शक्ति हो।

मानिसहरूलाई बचाउने काममा प्रभावकारी बनाउदै सुसमाचारको सन्देशमा परमेश्वरको शक्तिले कार्यरत छ। परमेश्वरका आज्ञाहरू सधैँ तिनीहरूलाई पूरा गर्ने आवश्यक शक्तिको रूपमा छन्। जब परमेश्वरको वचन बोलिन्छ तब उहाँको शक्तिका कामहरू हुन्छन्।[5] सुसमाचार सुनाउनेहरू सुसमाचारको शक्तिमा निर्भर हुन्छन् किनभने तिनीहरूले सन्देश संचार गर्दा पवित्र आत्माले श्रोताहरूलाई विश्वस्त र सशक्त बनाउँछ।

पावलको लागि, सुसमाचारको पक्षमा उभिनुको अर्थ यसलाई वस्तुगत सत्यको रूपमा रक्षा गर्नु मात्र होइन, तर यसलाई परिवर्तन गर्ने सत्यको रूपमा प्रचार गर्नु पनि थियो। उनले यो विश्वासका साथ घोषणा गरे कि यसले उनका श्रोताहरूलाई परिवर्तन गर्नेछ।

► समाचार प्रचार गर्दा हामी किन विश्वस्त हुनुपर्छ?

(1:17) **धर्मीचाहिँ विश्वासद्वारा नै बाँच्नेछ।**[6] यो रोमीको पुस्तकको मुख्य अनि महत्वपूर्ण सत्यता हो।

रोमीको सम्पूर्ण पत्रले मानिसलाई कसरी धर्मी ठहराउन सकिन्छ अर्थात कसरी धर्मी बनाइयो (परमेश्वरबाट आउने धार्मिकता) भन्ने विषयमा चर्चा गरेको छ। यस विषयको आवश्यकताचाहिँ अर्को पदमा देखाइएको छ, किनकि अधर्ममा रहनेहरूको लागि परमेश्वरको क्रोध तयार छ।

---

[4] 1:5-6 मा रहेको नोट हेर्नुहोस्

[5] 1 पत्रुस 1:23, 25 लाई हेर्नुहोस् , रोमी1:16, हिब्रू 4:12, 1 कोरिन्थी 1:18, इजकिएल 37:7-10, र यशैया 55:11।

[6] पावलले हबकूक 2:4लाई उद्‌घृत गरेका छन्।।

यहाँ उल्लेख गरिएको परमेश्वरको धार्मिकता “उहाँको धार्मिकताको गुण होइन...तर उहाँबाट बग्ने र उहाँलाई स्वीकार गर्दा आउने धार्मिकता” [7]हो, परमेश्वरको धार्मिकता मानवजातिमा तिनीहरूको विश्वासद्वारा काम गऱ्यो। यही विचार फिलिप्पी 3:9 मा छ: “जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो”। केवल पापक्षमाको कारणले मात्र मानिसहरू धर्मी ठहरिएका होइनन्, तर तिनीहरू साँच्चै धर्मी हुन सुरु गर्छन् किनकि परमेश्वरले तिनीहरूलाई परिवर्तन गर्नुहुन्छ।

> “विश्वास भनेको परमेश्वरको अनुग्रहमा जीवित, साहसी विश्वास हो, यति पक्का र निश्चित छ कि एक मानिसले यसमा आफ्नो जीवन हजार पटक दाउमा लगाउन सक्छ।”
>
> - मार्टिन लुथर

पत्रमा अझ (रोमी 3:21-22), पावलले भनेका छन् कि येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। रोमी 5:17-19 मा हामी धार्मिकताको वरदानबारे पढ्छौं जसले धेरैलाई धर्मी ठहराए।

“सम्पूर्ण रूपले विश्वासद्वारा नै” भन्ने वाक्यांशले विश्वास नै धार्मिकताको एकमात्र मध्यम हो भनी जोड दिन्छ। विश्वास मात्र उद्धारको आवश्यकता हो भनी प्रोटेस्टेन्डहरूले जोड दिन्छन्।

> “यस पत्रको सामान्य उद्देश्य परमेश्वरको अनन्त, अपरिवर्तनीय उद्देश्य वा आदेश प्रकाशित गर्नु हो, त्यो हो, विश्वास गर्नेले उद्धार पाउनेछ: विश्वास नगर्नेलाई धिक्कारिनेछ।”
>
> - जोन वेस्ली,
> “पूर्वनिर्धारितलाई शान्तपूर्वक विचार गरियो”

रोमीको पुस्तकमा, मृत्यु शब्दले परमेश्वरको न्यायलाई बुझाउँछ। विश्वासद्वारा धर्मी ठहरिएकाहरू मात्र जिउनेछन्, अर्थात न्यायबाट बाँच्नेछन् (1:18 लाई हेर्नुहोस्)। विश्वासद्वारा न्यायबाट भाग्नेहरू बाहेक सबैमाथि परमेश्वरको क्रोध खनिनेछ।

► एउटा व्यक्ति विश्वासद्वारा धर्मी ठहरिनेछ भन्नुको अर्थ के हो?

► यो खण्डमा, जिउनुको अर्थ के हो? मृत्यु के हो? विश्वासको माध्यमबाट जिउनुको अर्थ के हो?

## रोमीको पुस्तकद्वारा परिवर्तन भएका तीन ईश्वरशास्त्रीहरू

पत्रले अझ पनि मिसनेरी कार्यको लागि आधार प्रदान गर्ने आफ्नो मौलिक उद्देश्यलाई प्रकट गर्दछ। यद्यपि, यो भन्दा धेर गर्दछ। पावलले सबैले सन्देश सुन्नु किन आवश्यक छ भनी व्याख्या गर्दा, उनले सन्देश के हो र किन मानिस यो माध्यमबाट मात्र बाँच्नेछ भनी विस्तारसित व्याख्या गरे। उनले मानिसका साधारण आपत्तिलाई जवाफ दिए। उनले प्रचार गरेको सन्देशको व्याख्या र प्रतिरक्षाले पुस्तकको अधिकांश भाग भरिएको छ र यसको संरचनालाई नियन्त्रण गर्दछ।

रोमी को पुस्तक उद्धारको ईश्वरशास्त्रको व्याख्या हो। पावलको उद्धारको ईश्वरशास्त्रले यहूदी धर्म मान्नेहरूको विरुद्ध झट्टै रक्षा प्रदान गऱ्यो, [8]अनि यसले उद्धारको सिद्धान्तहरूको बारेमा आधुनिक त्रुटिहरूलाई पनि सच्याउन काम गर्दछ।[9]

> “जब कसैले यो पत्रलाई बुझ्छ, उसको लागि सम्पूर्ण धर्मग्रन्थ बुझ्नको लागि एउटा मार्ग खोलिन्छ।”
>
> - जोन क्याल्भिन

इतिहासको माध्यमबाट, परमेश्वरले रोमीहरूलाई लेखिएको पत्र सबैभन्दा महत्वपूर्ण सत्यता पुनर्स्थापन गर्न प्रयोग गर्नुभयो जति बेला तिनीहरू बिर्सिएका थिए।

जवान मानिसको रूपमा, अगस्टिनले अनैतिक सम्बन्ध र दार्शनिक र बौद्धिक अध्ययनहरूमा सन्तुष्टि खोजे। तिनले सत्य खोजे र यसलाई ख्रीष्टियान धर्मम भेट्टाए। तैपनि, पापप्रतिको तिनको


---

[7] Henry Alford, *The Greek Testament Critical Exegetical Commentary*, रोमी 1:17 https://www.studylight.org/commentaries/eng/hac/romans-1.html.

[8] यस अध्ययनमा पछिबाट यहूदी धर्म मान्नेहरूको बारेमा वर्णन गरिएको छ।

[9] रोमी र गलाती प्रायः सँगै अध्ययन गरिन्छ, किनभने गलाती भनेको केही समान सुसमाचार विषयवस्तुहरूको कम व्यापक व्याख्या हो।

प्रेमले तिनलाई बन्दी बनाएको थियो। तिनले आफूलाई रोमी 7 मा वर्णन गरिएको देखे: तिनले सत्यता थाह पाए तर धर्मी जीवन जिउनु पूर्णरूपमा असमर्थ भए।



*अगस्टिन*

A.D. 386 मा, रोमी 13:13-14 पढिसके पछि, अगस्टिनले, आफ्नो तीस वर्षको उमेरमा पापी जीवन छोड्ने निर्णय गरे। परमेश्वरले तिनलाई पापको बन्धनबाट मुक्त गर्नुभयो र ख्रीष्ट येशूमा ईश्वरीय जीवन जीवन सक्षम तुल्याउनुभयो।

जीवनका उप्रान्त वर्षहरूमा, अगस्टिनलाई .[10] परमेश्वरले शक्तिशाली रूपमा प्रयोग गर्नुभयो। तिनका लेखहरूले झुटा दर्शनहरू विरुद्ध सही सिद्धान्तहरूको रक्षा गरे। त्यस समयको एउटा लोकप्रिय विचार भनेको मानिसहरूमा सही काम गर्ने प्राकृतिक क्षमता हुन्छ र उसले पापी नहुने कुराको छनौट गर्न सक्छ भन्ने विश्वास थियो। रोमी 5 बाट, अगस्टिनले मानिसहरू पापी स्वभावमा जन्मेका हुन्छन् जसको कारण तिनीहरूले परमेश्वरको आज्ञा पालन गर्न चाहँदैनन् भनी सिकाए। यो स्वभावले अनुग्रहबाट बाहेक परमेश्वरलाई पूर्णरुपमा खुशी पार्नु असम्भव बनाउँछ। अगस्टिनले मानिसहरूलाई परमेश्वरको अगुग्रहबारे सिकाए र गवाही दिए जसले परमेश्वरसित मानिसको सम्बन्धलाई ठीक गराउँछ।




*मार्टिन लुथर*

1515 मा, मार्टिन लुथरले उद्धारको आश्वासनको लागि वर्षौंको खोजी पश्चात रोमी 1:17 को अर्थ बुझे।[11] लुथरले अतिरिक्त जोशका साथ भिक्षुवादको अभ्यासलाई पछयाएर आत्मिक शान्ति खोजेका थिए। तिनी उपवास बसे, क्याथोलिक धर्मका सबै अनुष्ठानहरू अभ्यास गरे, र आफैलाई पनि शास्ती दिए। रोमको सेन्ट पिटर क्याथेड्रलको सिँढीमा रगतपच्छे घुँडामा घँस्रिदै गर्दा तिनले अचानक परमेश्वरबाट विश्वासद्वारा प्राप्त गर्ने अनुग्रहको बारेमा थाह पाए।

> "रोमी नयाँ करारको प्रमुख भाग र सबैभन्दा शुद्ध सुसमाचार हो।"
>
> - मार्टिन लुथर

तिनले देखे कि जो परमेश्वरको न्यायबाट बाँच्न चाहन्छ उसले परमेश्वरको क्षमा दिने प्रतिज्ञामा विश्वास गर्दछ। यो आश्वासन तिनको सन्देशको आधार बन्यो कि विश्वासमात्र एउटा माध्यम हो जसबाट हामीले उद्धार पाउन सक्छौं।

1738 मा, जोन वेस्लीले वर्षौंदेखि खोजेको व्यक्तिगत उद्धारको आश्वासन पाए।[12] वेस्ली एउटा जोशिलो बाइबल विद्वान थिए। तिनी अमेरिकाका मूल निवासी भारतीयहरूका लागि मिसनेरीको रुपमा दुई वर्षका लागि गए तर तिनी आफैले सुसमाचारलाई राम्ररी बुझेका थिएनन्। आँधी बेह्रीको समय जहाजमा, तिनले मोराभियन परिवारलाई देखे जसले शान्तिपूर्वक परमेश्वरमा भरोसा गरिरहेका थिए र मृत्युसँग डराएका थिएनन्, त्यससमय वेस्लीले आफूसँग त्यो विश्वास नभएको महसुस गरे।



*जोन वेस्ली*

वेस्लीले वचनमा देखे कि रुपान्तरण अचानक हुन्छ। तिनले मोराभियन भाइहरूलाई भेटे जसले तिनीहरूसित उद्धारको व्यक्तिगत आश्वासन भएको गवाही दिए। तिनले आफूमा निश्चित रुपान्तरणको अनुभव गर्न आवश्यक छ भनी महसुस गर्न थाले। तिनको रुपान्तरण एउटा घरमा वचन अध्ययन र प्रार्थनाको निम्ति रहँदा भयो। कसैले

---

[10]तस्बीर: "Saint Augustin", by Jusepe de Ribera, Goya Museum, uploaded by Aristoi, बाट प्राप्त गरियो https://commons.wikimedia.org/w/index.php?curid=72972944, public domain.

[11] तस्बीर: "Martin Luther, 1529" by Lucas Cranach the Elder, बाट प्राप्त गरियो https://commons.wikimedia.org/wiki/File:Martin_Luther,_1529.jpg, public domain.

[12] तस्बीर: "Bildnis des John Wesley", by John Greenwood, Leipzig University Library बाट प्राप्त गरियो https://www.flickr.com/photos/ubleipzig/17059576182/, public domain.

रोमीको पुस्तकमा भएको लुथरको प्रस्तावनालाई पढ्दै गर्दा, वेस्लीले आफ्नो हृदय "अनौठो न्यानो" भएको महसुस गरे। तिनले भने, "मैले मेरो उद्धारको लागि केवल ख्रीष्टमा मात्र भरोसा गरेको महसुस गरें: र उहाँले मेरो पाप हटाइदिनुभएको, अझ मलाई, मेरा सबै पापको र मृत्युको व्यवस्थाबाट बचाउनुभएको आश्वासन दिनुभयो।"[13]

यी तीनै जना पुरुषहरूका लागि, सन्देशलाई बुझ्नु भनेको चाहिँ जोसिलो सुसमाचार प्रचार गर्ने प्रेरणा थियो। पुस्तकले अझ पनि उद्धारको धर्मसिद्धान्तलाई व्याख्या गरेर मिसनहरूको लागि आधार प्रदान गर्ने आफ्नो उद्देश्य पूरा गर्दछ।

►रोमीको पुस्तकले तपाईंको जीवन र सेवामा कस्तो प्रभाव पारेको छ भनी तपाईं कल्पना गर्न सक्नुहुन्छ?

[13] John Wesley, *The Works of John Wesley, Vol. I* (Kansas City: Nazarene Publishing House), 103

**पाठ 1 का समीक्षा प्रश्नहरू**

(1) पावलले रोमीहरूलाई यो पत्र किन लेखे?

(2) पावलले रोममा जाने योजना किन बनाए?

(3) नयाँ करारका पत्रहरूमा *हाम्रा प्रभु येशू ख्रीष्ट* भन्ने शब्दको अर्थ के हो?

(4) पुनरुत्थानले येशूको ईश्वरत्वलाई कसरी प्रमाणित गऱ्यो?

(5) *असभ्य* जाति शब्दको अर्थ के हो? (रोमी 1:14)

(6) हामी किन सुसमाचार नसुनेकाहरूको लागि ऋणी छौं?

(7) रोमीको पुस्तकको मुख्य अनि महत्वपूर्ण सत्यता के हो?

(8) रोमीको पुस्तकमा मृत्यु शब्दको अर्थ के हो?

(9) रोमीको पत्रअनुसार परमेश्वरको न्यायबाट को बाँच्न सक्छ?

**पाठ 1 का कार्यहरू**

(1) यस पाठको खण्ड प्रयोग गर्दै, सुसमाचारको सेवाको बारेमा एक पृष्ठ लेख्नु होस्। सेवाको लागि बोलावट, सुसमाचार प्रचारकले सुन्न आवश्यक पर्नेहरूप्रति राख्नुपर्ने ऋण, र परमेश्वरले सन्देशलाई दिनुहुने शक्तिको बारेमा व्याख्या गर्नुहोस्।

(2) यो पाठ्यक्रमको हप्ताहरूमा, तपाईंले रोमीका खण्डहरूमा आधारित तीनवटा उपदेश र पाठहरू तयार गर्नुपर्छ र कक्षा बाहेक अन्य समूहहरूमा प्रस्तुत गर्नुपर्छ। प्रत्येक प्रस्तुतिपछि, तपाईंले प्रस्तुतिलाई कसरी सुधार गर्न सकिन्छ भनेर श्रोताहरूलाई सोध्नुपर्छ। तपाईंले कक्षा अगुवालाई तपाईंको प्रस्तुतिकरण नोटहरूको प्रतिलिपी, समूह र घटनाको विवरण, प्रस्तुतिकरण सुधार गर्ने योजनाहरू प्रस्तुत गरिसकेपछि दिनुपर्छ।

# पाठ 2
# अन्यजातिहरूको त्रुटि

## रोममा भएको मण्डली

### सहर

पावलको समयमा, रोम संसारमा सबैभन्दा ठूलो सहर थियो, जहाँ 10 लाखभन्दा बढी बासिन्दाहरू थिए।[14] त्यहाँ जातीय समूह, भाषा र धर्मको मिश्रण थियो। अधिकांश मानिसहरू दास थिए।

### रोममा पहिलो मिसनेरीहरू

रोममा सुसमाचार पुर्‍याउने प्रथम व्यक्ति को हुन् भनी हामीलाई थाह छैन। पेन्टिकोसको दिनमा, रोमबाट आएका यहूदीहरू उपस्थित (प्रेरित 2:10)। त्यसदिन परिवर्तन वा रुपान्तरण भएका यहूदीहरूले नै पक्कै रोममा सुसमाचार लिएर गए। ख्रीष्ट (मसीह) आउनुभएको छ भनी गरिएको तिनीहरूको घोषणाले उत्साह र विवाद दुवै निम्त्याउनेवाला थियो। यहूदी धर्मको सम्मान गर्ने अन्यजातिहरूमा सुसमाचार सबैभन्दा छिट्टो फैलिएको थियो।

### अन्यजाती (गैरयहूदी) मण्डली

पत्रका केही भागहरूमा यहूदीहरूलाई सम्बोधन गरिएता पनि, रोममा भएका मण्डली प्राय: अन्यजाति थिए। पावलले तिनीहरूलाई अन्यजाति (1:13-15) भनी सम्बोधन गरेका छन् र उनी ग्रीक र असभ्यजाति दुवैलाई सुसमाचारको ऋणी भएकाले रोमीहरूलाई सुसमाचार प्रचार गर्न तयार थिए। यद्धपि, रोमी मण्डलीमा यहूदी मतको धेरै प्रभाव थियो, किनकि त्यहाँ पहिलो विश्वासीहरू यहूदीहरू नै थिए। यो पनि हुनसक्छ कि त्यहाँ सुसमाचारलाई स्पष्ट रूपमा व्याख्या गरिएको थिएन जसले विश्वासीहरूलाई यहूदी धर्मका नियमहरूबाट स्वतन्त्र भएका देखाउँदछ।

## खण्ड अध्ययन रोमी भाग 2

पावलको उद्देश्य मिसनेरी कार्यलाई बढावा दिनुभएकोले, स्वभाविक रूपमा एउटा प्रश्न उठ्छ, "के सबैलाई विश्वासद्वारा धर्मी ठहराउन आवश्यक छ?" आखिरमा, त्यहाँ केही कुराहरू छन्, जो सबैलाई आवश्यक छैन। आर्टिकमा भएका मानिसहरूलाई कसैले हिउँ लिएर दिन जरूरी छैन, अनि मरूभूमिमा बस्नेहरूलाई बलुवाको जरूरत छैन।

कसैले सोँच्न सक्छ कि विश्वासद्वारा धर्मी ठहराउनु संसारमा सबैलाई चाहिने कुरा होइन; हुनसक्छ केही मानिसहरूले धर्मी जीवन बिताएका छन् र परमेश्वरले अघिबाटै तिनीहरूलाई स्वीकार गरिसक्नुभएको छ। पत्रको भाग 2 (1:18-3:20) सबै जना विश्वासद्वारा धर्मी ठहरिन आवश्यक छ, त्यसैकारण यसको बारेमा सन्देशको आवश्यक छ भनी देखाउन लेखिएको हो।

---

[14] Bruce Wilkinson & Kenneth Boa, *Talk through the New Testament*, 375

### 1:18-3:20 को मुख्य बुँदा

संसारमा भएका सबैले परमेश्वरको आवश्यकताहरू उलङ्घन गरेका छन र दोषी भएका छन्। परमेश्वरका आवश्यकताहरू पूरा गर्ने आधारमा कसैलाई पनि बचाउँन सकिँदैन किनभने हरेक मानिसले अघि बाटै ती आवश्यकताहरूलाई उलङ्घन गरिसकेका छन्।

### 1:18-3:20 को सारांश

प्रथम, पावलले मूर्तिपूजक अन्यजातिहरूको अवस्था वर्णन गर्दछ जो परमेश्वरको प्रकट गरिएको वचनबिना थिए र उनले यो पनि देखाउँछन् कि तिनीहरूले सृष्टिमा देखाउनुभएको परमेश्वरको ज्ञानलाई अस्वीकार गरे। त्यसपछि, उनले इस्राएलीहरूको अवस्था वर्णन गरेका छन्, जससँग परमेश्वरको लिखित वचन थियो तर तिनीहरूले वचन पालन गरेनन्। उनले संसारको साधारण पापमय अवस्थाको वर्णन गरेर समाप्त गर्छन्। निष्कर्ष यो हो कि सारा संसार परमेश्वरको अघि दोषी छ। यसैले सुसमाचारको आवश्यकता छ किनकि कसैले पनि आफ्नो क्षमतामा आफैलाई बचाउन सक्दैन।

यी पाठहरूको लागि, भाग 2 (1:18-3:20) लाई तीन खण्ड विभाजन गरिनेछ। यस पाठमा, हामी सुरुमा खण्ड (1:18-32) लाई अध्ययन गर्नेछौं।

### खण्ड अध्ययन – रोमी भाग 2, खण्ड 1

1:18 यो खण्ड र अघिल्लो खण्डको बीचमा सङ्क्रमणकालीन पद हो।

### 1:18-32 को मुख्य बुँदा

अन्यजातिहरूसँग परमेश्वरबारे आधारभूत ज्ञान थियो, तर तिनीहरूले यसलाई अस्वीकार गरे र मूर्तिहरूतिर फर्के, अनि पुर्णरुपले भ्रष्ट भएर गए।

► विद्यार्थीले समूहको लागि रोमी 1:18-32 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू

(1:18) परमेश्वरले तिनीहरूलाई आफ्नो बारे आधारभूत ज्ञान दिनुभएको छ। तिनीहरूले थाह पाएर पनि सत्यलाई दबाउने गर्छन्। अर्को पदले व्याख्या गरेझैं यस पदले तिनीहरूसँग केही सत्यता थियो भनी संकेत गर्छ। तिनीहरूको दोष भनेको नै तिनीहरूसँग भएको सत्यतालाई इन्कार गर्नु हो। "*भक्तिहीनता*ले धार्मिक क्षेत्रमा अपराधको वर्णन गर्दछ र आफैलाई मूर्तिपूजकको रूपमा प्रकट गर्दछ, जसले सृष्टिकर्तालाई होइन सृष्टिको पूजा गर्दछ (1:19-23)। *अधर्मले* नैतिक विकृति बुझाउँछ र यसलाई अनैतिकता र दुष्टताद्वारा चित्रण गरिएको छ (1:24-32)।".[15]

1:20 मा तिनीहरूले दबाएका सत्यता निर्दिष्ट गरिएको छ। यसमा तिनीहरूमाथि परमेश्वरको अधिकारको ज्ञान समावेश छ। तिनीहरूले परमेश्वरको अधिकारलाई इन्कार गरेका छन् भनी तिनीहरू कै जीवनशैलीले देखाउँछ। यसको विपरित, ख्रीष्टियान जीवनशैलीले आफ्नो जीवनमा उसले के गर्ने र के नगर्ने भन्ने दुवै कुरामा परमेश्वरको अधीनमा रहेको देखाउँछ।

### प्रकाशका प्रकारहरू- विशेष प्रकाश र सामान्य प्रकाश

► सबै मानिसहरलाई परमेश्वरको सत्यता प्रकट गर्ने तरिकाहरू के के हुन्?

---

[15] William Greathouse, "Romans", in *Beacon Bible Commentary, Vol VIII*. (Kansas City: Beacon Hill Press, 1968) 50 बाट अनुकूलित।

परमेश्वरले सत्यलाई धेरै माध्यमबाट प्रकट गर्नुभएता पनि, हामी दुई तहमा कुरा गर्नेछौं: सामान्य प्रकाश र विशेष प्रकाश । पावलले यी कुराहरू रोमीको पुस्तकमा उल्लेख गरेका छन्, तैपनि, यी शब्दहरूसित होइन।

सामान्य प्रकाश भनेको हामी परमेश्वरको सृष्टिद्वारा उहाँलाई बुझ्न सक्छौं। हामी ब्रह्माण्डको बनावटमा परमेश्वरको अद्भूत बुद्धि र शक्ति देख्छौं।

हामी मानिसलाई जसरी सृष्टि गरिएको छ, त्यसमा परमेश्वरको महत्वबारे देख्छौं। हामी तर्क गर्न सक्छौं, सुन्दरताको कदर गर्न सक्छौं, र सही र गलत बीचको भिन्नतालाई बताउन सक्छौं (यद्यपि त्रुटिरहित रूपमा होइन), यसले हाम्रो सृष्टिकर्तासँग ती क्षमताहरू उच्च स्तरमा छन् भन्ने देखाउँछ। हामीलाई थाहा छ कि परमेश्वरले विचार गर्न र संचार गर्न सक्नुहुन्छ किनभने हामीसित ती क्षमताहरू छन्। (भजनसंग्रह 19:1-4 र 94:9 लाई हेर्नुहोस्।)

सामान्य प्रकाशले हामीलाई परमेश्वर बोल्न सक्नुहुन्छ भन्ने देखाएको कारण, हामी यो महसुस गर्न सक्छौं कि विशेष प्रकाश पनि हुनसक्छ। परमेश्वर व्यक्ति[16] हुनुहुन्छ र उहाँ आफ्नो सृष्टिसँग कुरा गर्न सक्नुहुन्छ। यसले हामीलाई परमेश्वरबाट सन्देशहरू र परमेश्वरबाट एउटा पुस्तक पनि हुनसक्छ भनी महसुस गर्न मद्दत गर्दछ।

सामान्य प्रकाश द्वारा, पवित्रशास्त्रबिना पनि, मानिसहरूलाई थाह छ कि परमेश्वर हुनुहुन्छ, अनि तिनीहरूले उहाँको आज्ञापालन गर्नुपर्छ, अनि तिनीहरूले अघिबाटै आज्ञा उलङ्घन गरिसकेका छन् (रोमी 1:20)। तर सामान्य प्रकाशले हामीलाई परमेश्वरसँगको सही सम्बन्धमा कसरी आउने भनेर बताउँदैन। सामान्य प्रकाशले हामीलाई विशेष प्रकाशको आवश्यकता देखाउँछ किनभने यसले मानिसहरू पापी छन् र आफ्ना सृष्टिकर्ताको अगाडि कुनै बहाना गर्नसक्दैन भनी देखाउँछ।

सामान्य प्रकाशले देखाउँछ कि मानिस जाति पापमा पतन भएका र दोषी छन्। विशेष प्रकाशले किन मानवजाति यो अवस्थामा छ भनी व्याख्या गर्छ। विशेष प्रकाश त्यो सत्य हो जो बाइबलको प्रेरणा र ख्रीष्टको अवतारमा प्रकट भएको छ। विशेष प्रकाशले परमेश्वरको चरित्रको वर्णन गर्दछ, पतन र पापको व्याख्या गर्दछ, र हामी कसरी परमेश्वरसँग मेलमिलाप गर्न सकिन्छ भनेर देखाउँछ।

## खण्ड अध्ययन – रोमी भाग 2, खण्ड 1

### हरेक पदहरूको नोटहरू जारी

► सामान्य प्रकाश बाट हामी जे जति जान्दछौं त्यो भन्दा अगाडि विशेष प्रकाश ले हामीलाई के बताउँछ?

(1:19) सृष्टिलाई नियाल्दा हामी परमेश्वरको सत्यतालाई हेर्नसक्छौं। ग्रीक दार्शनिकहरूले पनि ब्रह्माण्डलाई नियन्त्रण गर्ने कुनै प्रकारको ईश्वरीय दिमाग हुनुपर्छ भनी स्वीकार गरे। सृष्टिको एक विशेष महत्वपूर्ण भाग मानिसको स्वभाव हो। मानिसमा सही र गलत छुट्याउन सक्ने नैतिक चेतना छ भनी हेरेर हामी परमेश्वरको अस्तित्व र स्वभावको सत्यताकलाई देख्छौं। (1:32 लाई हेर्नुहोस्)।

► जब हामी मानिसलाई हेर्छौं तब हामी परमेश्वरको बारेमा के बुझ्न सक्छौं?

(1:20) सृष्टिबाट नै मानिसहरू जान्दछन् कि तिनीहरू सृष्टि गरिएका हुन्, र तिनीहरूमाथि परमेश्वरको अनन्त शक्ति र अधिकार छ। यो ज्ञान तिनीहरूले परमेश्वरलाई बहिस्कार गर्ने कुरा क्षमा गर्न नसकिने बनाउनलाई पर्याप्त छ। तिनीहरूको पापको लागि तिनीहरूको न्यायसंगत प्रकारले न्याय हुनेछ।

[16] हामी यो भनिरहेका छैनौं कि परमेश्वर मानव हुनुहुन्छ; तर उहाँ एक व्यक्ति हुनुहुन्छ - सोच्न, इच्छा गर्न र बोल्न सक्षम - कुनै अवैयक्तिक शक्तिको सट्टा।

तिनीहरूलाई थाह छ कि तिनीहरू विद्रोहको दोषी छन्।[17] यो सत्यतथ्य कि तिनीहरू परमेश्वर र आफ्नो बारेमा यी कुराहरू जान्दछन्, तिनीहरूसँग कुनै बहाना रहनेछैन।

परमेश्वरको न्यायको लागि यो आवश्यक छ कि दण्ड दिनुअघि यो जानीजानी गरेको पाप हो भनी देखाइदिनुपर्छ। यो पनि आवश्यक छ कि तिनीहरूसँग भएको ज्ञान असल छनौट गर्नलाई पर्याप्त हो। यदि तिनीहरूको लागि फरक तरिकाले छनौट गर्न असम्भव थियो भने, तिनीहरू बहानाबिना रहन सक्दैनन्। परमेश्वर आफैले आफ्नोबारे बताउँदै हुनुहुन्छ।[18]

संसारको लगभग प्राय सबै संस्कृतिको यो मान्यता छ कि संसार सृष्टि गर्ने एक सर्वोच्च परमेश्वर हुनुहुन्छ। प्रायजसो तिनीहरूले परमेश्वरको सट्टा कुनै अन्य अलौकिक शक्तिको पूजा गर्छन् किनभने तिनीहरूलाई थाह छ कि तिनीहरू सर्वोच्च परमेश्वरबाट पृथक भएका छन्। पावलले परमेश्वरको अस्तित्व प्रमाण गर्न प्रयास गरेनन् तर परमेश्वरको अस्तित्व र अधिकार हरेक संस्कृतिमा थाह छ भनी देखाए। यो ज्ञानले अपराधबोध गराउनतिर डोऱ्याउँछ।

सामान्य प्रकाशमा सीमितताहरू छन्। ख्रीष्टको ज्ञान र सुसमाचार विशेष प्रकाशद्वारा बाहेक अरूबाट प्रकट हुँदैन। साथै, सृष्टि गरिएको संसारले परमेश्वरलाई सहीरूपमा चित्रण गर्दैन, किनकि यो पापको श्रापको अधिनस्त छ र यसको मूल बनावट पूर्णरूपमा देखाउँदैन। सृष्टि एउटा माटोको पदचिन्ह भएको सुन्दर चित्रजस्तै हो। यो क्षतिग्रस्त भएको छ, तर यसको मौलिक सुन्दरता अझैँ बाँकी छ, जसले चित्रकारको वा कलाकारको बारेमा देखाइरहेको छ।

(1:21-22) परमेश्वर योग्य हुनुहुन्छ कि मानिसले उहाँलाई परमेश्वर भनी (आराधना) आदर गरून् र धन्यवाद (प्रशंसा) गरून्। तर तिनीहरूले उहाँबाट पाएका कुराहरूको लागि धन्यवादी हुनुको सट्टा उहाँको अख्तियारलाई रिस उठाए। आफूसँग भएका सबै कुराको श्रेय लिँदै तिनीहरू आफैं ईश्वर बन्न चाहन्थे। यस्तो स्वतन्त्र ईश्वरत्वको दाबी गर्नु मुर्खता थियो।

तिनीहरूको हृदय अँध्यारो भयो। हृदयले व्यक्तिको इच्छा र निष्ठालाई प्रतिनिधित्व गर्दछ। उज्यालोले सत्यताको प्रतिनिधित्व गर्छ। तिनीहरूले सत्यलाई बहिस्कार गरे, यसैले तिनीहरूले यसलाई हेर्ने क्षमता गुमाए। तिनीहरूले आत्मिक र अनन्तको कुराहरूको बुझाइलाई गुमाए, यसर्थ भौतिक संसारलाई तिनीहरूले सही रूपमा बुझेनन्।

(1:23, 25) तिनीहरूको ध्यान आफै माथि र भौतिक संसारमाथि थियो र सृष्टिकर्ताको बहिस्कारले गर्दा तिनीहरूलाई यस्ता देवताहरू बनाउनतिर लागे जसले तिनीहरूको आफ्नै पतित स्वभावलाई प्रशंसा गर्थे। तिनीहरूले परमेश्वरको महिमा सृष्टि गरिएका कुराहरूमा हस्तान्तरण गरे। आफ्नो सृष्टिकर्ताप्रति भएको जिम्मेवारीबाट बाँच्न, तिनीहरूले उहाँको अस्तित्वलाई इन्कार गरे र सृष्टिलाई सम्मान गरे। यो मनोवृत्ति आधुनिक विकास र मानवतावादको आधार हो। यदि मानिसहरूले आफैलाई उत्पादन गरे भने, तिनीले आफ्नो उद्देश्य, मूल्य र नैतिकता आफै निर्धारण गर्नसक्छन्।

"यदि मानिसको पापको जरा धार्मिक विकृति हो भने, फल नैतिक भ्रष्टाचार हो।"

- विलियम ग्रेटहाउस, रोमीहरूमाथि टिप्पणी

परमेश्वरको सृष्टिलाई सेवा गर्नु र पुज्नु नै मूर्तिपूजा हो। कुनै कुराको सेवा गर्नु त्यसलाई जीवनमा पहिलो स्थान दिनु हो र त्यो प्राथमिकताअनुसार जीवनलाई व्यवस्थित गर्नु हो। कुनै कुराको आराधना गर्नु नै त्यसमाथि भरोसा गर्नु र त्यसलाई आदर दिनु हो,जुन केवल परमेश्वरको हो। मूर्तिपूजाले

[17] 1:32 मा भएको नोटलाई हेर्नुहोस्।

[18] यस अवधारणाको थप छलफलको लागि, "परीक्षणमा परमेश्वरको न्याय" शीर्षकको पाठ 9 को खण्ड हेर्नुहोस्।

सृष्टि गरिएका वस्तुहरूबाट सन्तुष्टिको अपेक्षा गर्दछ, जुनचाहिँ सृष्टिकर्ता परमेश्वरले मात्र दिनसक्नुहुन्छ। आधुनिक भौतिकवाद मूर्तिपूजा हो। एक व्यक्तिले परमेश्वरको आराधना कम नगरी भौतिक कुराहरूको सम्मान गर्न सक्दैन।[19]



**रोमी धर्म**

रोमी धर्ममा धेरै विविधता थियो। तिनीहरू धेरै देवताहरूमा विश्वास गर्थे। तिनीहरूले ग्रीक देवताहरूको धेरैजसो पौराणिक कथाहरू राख्थे, केही नामहरू परिवर्तन गर्थे। जब तिनीहरूले क्षेत्रहरू जित्थे, तिनीहरूले प्रायः स्थानीय देवताहरूलाई आफ्नो धर्ममा स्वीकार गर्थे। तिनीहरू विश्वास गर्थे कि केही देवताहरू निश्चित भौगोलिक क्षेत्रहरूको लागि मात्र महत्त्वपूर्ण छन्। तिनीहरू यहूदी धर्म ख्रीष्टियानहरूको ईश्वरजस्तो सर्वशक्तिमान सृष्टिकर्तामा विश्वास गर्दैनथे। सरकार लगायत जीवनका हरेक भागमा धर्म समावेश थियो। सार्वजनिक धार्मिक कार्यक्रमहरूमा भाग नलिएको कारणले गर्दा ख्रीष्टियानहरूलाई सताइयो।

►परमेश्वरको ज्ञानप्रति अन्यजातिहरूले कसरी प्रतिक्रिया जनाए?

(1:24) यो पदले 1:26-27 मा विस्तारपूर्वक वर्णन गरिएको विषयवस्तुको परिचय दिन्छ। सृष्टिप्रतिको मूर्तिपूजक प्रेमले स्वभाविकरूपमा अनैतिकतातिर डोऱ्याउँछ, जसमा यौनजन्य पाप पनि सामेल छ। यौनजन्य पापले शारीरिक इच्छाहरूलाई प्राथमिकता दिन्छ तर शरीरलाई अनादर गर्छ किनभने शरीर पवित्र हुनुपर्छ र परमेश्वरको सेवामा समर्पित हुनुपर्छ।

(1:26-27) अनैतिकता आफैलाई महिमा दिने र स्वार्थी चाहनालाई राज गर्न दिने स्वभाविक परिणाम थियो। जब इच्छाहरूले राज गर्छन्, तिनीहरू कुरूप हुन्छन्। कसैले कसैलाई राम्रोसँग प्रेम गर्न सक्दैन वा कुनै पनि कुराको उचित रूपमा आनन्द लिन सक्दैन जबसम्म उसमे परमेश्वरलाई सर्वोच्च प्रेम र आदर गर्नसक्दैन। 1:24 ले यो विषयको परिचय दिन्छ र अनैतिकता र परमेश्वरको अस्वीकृति बीचको सम्बन्धलाई देखाउँछ।

सबै पाप परमेश्वरले बनाउनुभएको असल कुराको विकृति हो; यौनजन्य विकृति केही पापहरूभन्दा बढी स्पष्ट छ। मानिस जति परमेश्वरको मार्गबाट टाडा जान्छ, उ त्यति नै उ क्रूर, निर्दयी अनि विकृत बन्छ। कतिले सोंच्छन् कि त्यहाँ साधारण संस्कृतिहरू छन् जसले राम्रो जीवन बिताउँछन् किनकि तिनीहरू कुनै सभ्यताद्वारा भ्रष्ट पारिएका छैनन्। सत्यतथ्य यो हो कि पौराणिक संस्कृतिका अधिकांश मानिसहरू मृत्यु र अलौकिकताको डरमा बाँच्छन्, धेरैजसो क्रूर संस्कारहरू अभ्यास गर्छन् र अधिकांश मानिसहरू विकृत, पापमय जीवनशैलीको परिणाम भोग्छन्।

मानिसलाई परमेश्वरसँगको सम्बन्धमा मानिसको रूपमा काम गर्न सृष्टि गरिएको हो। यदि उ परमेश्वरबाट अलग हुन्छ भने, उ वास्तवमा मानवताको उद्देश्य जस्तो हुनुपर्छ त्यस्तो हुँदैन। उ आफ्नै आदर्शबाट पनि कम हुन्छ। परमेश्वर बिना पुरुषत्व र नारीत्वको आदर्श पनि एक व्यक्तिको लागि प्राप्त गर्न नसकिने हुन्छ। यौनजन्य विकृति सबैभन्दा स्पष्ट चरम हो, तर हरेक व्यक्ति अन्य तरिकामा पनि वास्तविक मानवताको क्षतिबाट प्रभावित हुन्छ।

**परमेश्वरलाई परमेश्वरको रूपमा बहिस्कार गर्नु भनेको मानिसलाई मानिसको रूपमा बहिस्कार गर्नु हो। परमेश्वरको आराधना गर्नु इन्कार गर्नु भनेको तपाईंको आफनै मानवतालाई बहिस्कार गर्नु हो।**

[19] तस्बीर: "Athena Pallas austrian Parliament", फरवरी 20, 2012मा, Jebulon द्वारा लिइएको https://commons.wikimedia.org/wiki/File:Athena_Pallas_austrian_Parliament.jpg, public domain बाट पुन:प्राप्त।

विडम्बनाको कुरा, जसले सृष्टि गरिएको कुराको आराधना गरे, तिनीहरूले प्रकृतिको विरुद्ध गएर प्राणीलाई समेत विकृत गरे। यदि मानिसहरूले आफूलाई आफ्नो स्वभाविक पच्छाहरूद्वारा राज गर्ने अनुमति दिन्छन् भने, ती इच्छाहरूले चरम, अस्वभाविक रूपहरू लिन्छन्।

यो विडम्बना हो कि यदि कसैले परमेश्वरलाई भन्दा बढी शरीरको चाहनालाई सम्मान गर्छ भने उसले अन्तत: शरीरको पनि अनादर गर्छ। यौनजन्य पापमा मानिसले शरिरको जुन अङ्गको पूजा गर्छ, त्यही अङ्गलाई त्यतिबेला बोलेर प्रयोग गर्छन् जतिबेला तिनीहरूले कुनै आश्लील वा अपशब्द भन्न खोज्छन्।

प्रायजसो, महिलाहरू पुरुषहरूजस्तो यौनजन्य अनैतिकता र विकृतिको लागि आफूलाई सुम्पन हतार गर्दैनन्। तिनीहरू सहज प्रकारले आफ्नो परिवारको अखण्डतालाई रक्षा गर्न चाहन्छन्। महिलाहरूले यो महान दुष्कर्म गर्दा यो देखिन्छ कि तिनीहरूको समाजको भ्रष्टता पूरा भएको छ।

► तपाईंको समाजमा प्रचलित विकृतिका रूपहरू के के हुन्

जुन पापपूर्ण अवस्थामा तिनीहरू पसे वास्तवमा तिनीहरूलागि त्यही उचित थियो। पापपूर्ण अवस्था पापको लागि उपयुक्त सजाय हो, यसको बढ्दो, असन्तुष्ट चाहनाहरू, र व्यभिचारको परिणाममा दु:ख र शर्मको कारण हो।

## समलैंगिक पापप्रति ख्रीष्टियान प्रतिक्रिया

बाइबलले "प्रेमिलो, प्रतिबद्ध समलैंगिक सम्बन्धहरू" को वैधतालाई मान्यता दिन्छ भन्ने कुनै प्रमाण छैन।[20] यदि यस्तो मुद्दा थियो भने, हामी बाइबलमा कही न कही यसबारे सिकाइएको आशा गर्नसक्छौं जसरी अन्य प्रकारका मानव सम्बन्ध (जस्तै पति-पत्नी, अभिभावक र छोरा-छोरी, नागरिक र प्रशासक) विषयमा सिकाइन्छ। यसको सट्टा, बाइबल कुनै यस्तो खण्ड वा पद छैन जसले यो बताउँछ कि यस्तो सम्बन्ध परमेश्वरको नजरमा स्वीकार्य हुने सम्भावनालाई संकेत गर्छ।

यो प्रलोभन, दुई जना मानिस बीचको प्रेम र आकर्षणको भावनाहरू, अथवा हाम्रो आत्मामा संघर्ष होइन जुन शास्त्रमा निषेध गरिएको छ। वास्तवमा, परमेश्वरले हामीलाई बताउनुहुन्छ कि उहाँ दुखित, भ्रमित र प्रलोभनमा परेका मानिसहरूको नजिक हुनुहुन्छ। पाप तब हुन्छ जब कामुक विचारहरूलाई स्वागत गर्छौं (याकूब 1:15) वा हामी परमेश्वरको परियोजनादेखि बाहिरको व्यवहारमा संलग्न हुन्छौं।

समलैंगिकताप्रति मण्डलीको उचित प्रतिक्रियामा दयालु प्रेम, कोमल सत्य, र प्रमाणिक विनम्रता समावेश गर्नुपर्छ। अरूहरूलाई प्रेम गर्नु भनेको तिनीहरूको हेरचाह गर्नु र ख्रीष्टको प्रेममा बढाउनु हो, चाहे तिनीहरू आफ्नो पापबाट फर्कून् वा नफर्कून्। अरूहरूलाई प्रेम गर्नुको अर्थ यो पनि हो कि तिनीहरूलाई हामीले ख्रीष्टको आँखाले हेर्नु, ठीक त्यसरी नै जसरी उहाँले हाम्रो पापहरूलाई हेर्नुभयो (अहिले पनि हेर्नुहुन्छ)। प्रायजसो, यो एक व्यक्तिसँगको हाम्रो सम्बन्ध हो जसले सुरुमा त्यो व्यक्तिलाई ख्रीष्टसँगको बचाउने सम्बन्धमा मार्गदर्शन गर्दछ। त्यसपछि, यो पवित्र आत्माको काम हो, जसले साधारणत: स्थानीय मण्डलीभित्र पूर्णतामा पुनर्सथापित गर्ने काम गर्छ।

तैपनि, कसैलाई प्रेम गर्नु भनेको सत्य बोल्नु पनि हो, चाहे यसको सामना शत्रुता र उदासीनतासित होस्। परमेश्वरको वचन साझा गर्नाले पुरुष वा महिलालाई जीवनभरको खराब निर्णय, भ्रम, पाप र पीडाबाट बचाउन सकिन्छ। सबैजना बाइबलीय उपदेशहरू स्वीकार गर्न तैयार छैनन्। सत्यको

[20] यो खण्ड "What Does the Bible Say about Homosexuality: Answering Revisionist Gay Theology" लेख Focus on the Familyबाट संशोधित गरिएको छ. पूर्ण लेखको लागि http://media.focusonthefamily.com/fotf/pdf/channels/social-issues/what-does-the-bible-say_final3.pdf?refcd=209501 जानुहोस्।

बारेमा हाम्रो छलफललाई धैर्य र नम्रताले मार्गदर्शन गर्नुपर्दछ। हामीले खुल्ला हृदयले सुन्नुपर्छ र प्रेम र विवेकको साथ पवित्रशास्त्र प्रयोग गर्नुपर्छ। हामीले व्यक्तिको लागि हाम्रो वास्तविक हेरचाह देखाउनैपर्छ, ताकि तिनीहरूले हाम्रो सुझावलाई कदर गर्नेछन्।

ख्रीष्टियान सन्देशको निम्ति वास्तविक नम्रता आवश्यक छ। नम्रता तब आउँछ जब हामी परमेश्वरसित बातचित गर्छौं र समय व्यतित गर्छौं; आफ्नो पापलाई थाह गरेर, स्वीकार गर्दै र त्यस पापबाट फर्कन्छौं; र क्रूसमा व्यक्त गरिएको परमेश्वरको गहिरो प्रेमलाई अगाल्दै जान्छौं। हामीले डर, क्रोध र घृणाको सट्टा प्रेम र करुणालाई आफ्नो उद्देश्य बनाउनुपर्छ।

## खण्ड अध्ययन- रोमी भाग 2, खण्ड 1

### हरेक पदहरूको नोटहरू जारी

(1:28) तिनीहरूले आफ्नो सोंच र जीवनशैलीमा परमेश्वरलाई अस्वीकार गरेको कारणले तिनीहरूको विचारशैली र दर्शनहरू तिनीहरूको व्यवहारजस्तै खराब भए। त्यहाँ ग्रीक भाषामा शब्दहरूको खेल छ जसले देखाउँछ कि तिनीहरूले परमेश्वरलाई त्यागेपछि, परमेश्वरले तिनीहरूलाई एउटा यस्तो मनसित छोडिदिनुभयो जुन उहाँले अस्वीकार गर्नुभयो – अर्थात, प्रभाव पार्न बन्द गरिदिनुभयो। परमेश्वरले मानिसलाई स्वतन्त्र इच्छा दिनुभएको छ र यसलाई सञ्चालन गर्न अनुमति दिनुभएको छ। केही समयपछि, परमेश्वरले उहाँलाई पुर्णरूपले अस्वीकार गर्नेहरूलाई उहाँको प्रभावबाट मुक्त हुन अनुमति दिनुहुन्छ। तब तिनीहरूका मनहरूले परमेश्वरद्वारा निर्बाध गरिएका भ्रष्टताको मार्ग पछ्याउँछन्।

> "पापले मानिसको व्यक्तित्वलाई पुऱ्याउने पूर्णक्षति बुझ्न गाह्रो छ। इच्छाशक्तिको कमजोरी र उत्तेजित भावनाहरूको कोलाहलभन्दा बाहिर एउटा मन छ जुन सुस्त पारिएको छ र इच्छाको दास बनाइएको छ। यसलाई कारण दिनुको सट्टा बहाना बनाउनु सिकाइएको छ। यसले पहिले निर्णय गर्छ, र पछि सोंच्दछ। यसले कारण दिनुको सट्टा तर्कसंगत बनाउँछ। यसले कहिलेकाहीँ सत्य बोल्छ तर निरन्तर रूपमा होइन। यसमा भर पर्न सकिँदैन... यसले सत्यलाई झूटको लागि, ईश्वरलाई मूर्तिपूजाको लागि, बुद्धिलाई मूर्खताको लागि साट्यो..."
>
> - विल्बर डेटन

परमेश्वरले तिनीहरूलाई त्याग्नुभएको कथन (1:24, 26, 28) ले यो संकेत गर्दछ कि यी मानिसहरू व्यवहारिक रूपममा निराश अवस्थामा थिए र तिनीहरूले उल्टाउनै नसक्ने छनौटहरू गरेका थिए (2 थेसलोनिकी 2:10-12 सँग तुलना गर्नुहोस्)।

विकृतिले मानिसको मन र सोचमा नकारात्मक असर पारेको छ। भ्रष्टताले मानिसहरूलाई बाधा पुऱ्याउँछ जब तिनीहरूले नैतिक निर्णयहरू गर्नुपर्छ। यसले मानिसहरूलाई तिनीहरूको पापपूर्ण इच्छा र कार्यहरूको रक्षा गर्न प्रेरणा दिन्छ।

► आफ्ना पापहरूको लागि मानिसले बनाउने अनुचित बहानाका केही उदाहरणहरू केके हुन्?

(1:29-31) यी पदहरूमा हामी भयानक पापहरूको सूची पाउँछौं। संस्कृति र सरकारले यी प्रवृत्तिलाई रोक्छ, तर ती सबै पापी मानिसको हृदयमा अवस्थित छ। यदि सांस्कृतिक र सरकारी प्रतिबन्धहरू हटाइयो भने, धेरै मानिसहरू चाढैं नै जङ्गली भएर जानेछन्।

यहाँ सूचीबद्ध पापीहरूको पाप र विवरणहरू सबै एक-अर्काबाट पूर्णरूपमा भिन्न छैन। यहाँ प्रत्येकले लागू गरेका केही विशेष विचारहरू छन्।

**बदमाशी** – साधारण शब्द, तर सबै कुरा समावेश भएको।

**व्याभिचार** – सबै प्रकारका यौनजन्य अनैतिकता।[21]

**दुष्टता** – यो गलत कार्यहरू र गलत चरित्रको लागि प्रयोग गरिने सामान्य शब्द हो।

---

[21] केही ग्रीक पाण्डुलिपिहरूमा यो शब्द यस सूचीमा छैन।

**लोभ** – ग्रीक लेखहरूमा आक्रमक स्वार्थलाई बुझाउन धैरै प्रयोग गरिएको शब्द हो यो। यसले एक आफ्नो स्वार्थ पुरा गर्नको लागि अरूको हितलाई कुल्चीमिल्ची गर्ने व्यक्तिको बारेमा वर्णन गर्दछ। यसमा आफ्नो फाइदा वा मुनाफाको लागि आफ्नो अधिकारलाई गलत प्रयोग गर्ने कुरा पनि समावेश छ।

**डाह** – अर्कोलाई प्राप्त भएको सफलतामा, सम्मानमा, सम्बन्धमा, वा सम्पत्तिमा चित्त दुखाउँछ र असन्तुष्ट हुन्छ।

**इर्षा** – अरूकोमा जे छ त्यसलाई लिने चाहना, आफूले मन पराएको कुरा जसकोमा छ त्यससित रिस गर्नु।

**हत्या** – गैरकानुनी तरिकाले कसैलाई मार्नु, जुनचाहिँ घृणा र आक्रोशको चरम परिणाम हो।

**झैँझगड़ा** – झगडा, सम्भवत: प्रतिद्वान्द्वीको कारण।

**छल** – जालसाजी, प्रलोभन दिएर फसाउने तरिका।

**बदख्वाइँ** – घृणित, बिना कारण अरूलाई चोट पुऱ्याउन तयार।

**कुरौटे** – गुप्तमा बदनाम गर्ने वा कुरा काट्नेहरू।

**बदनाम गर्ने** – बदनाम गर्ने वा कुरा काट्नेहरूले अरूको बारेमा खराबी वा झुटो बोलेर तिनीहरूको प्रतिष्ठा बर्बाद गर्छन्।

**परमेश्वरलाई घृणा गर्ने** – तिनीहरूले परमेश्वरलाई शत्रुको रूपमा हेर्छन् किनकि परमेश्वरको व्वस्थाले तिनीहरूलाई दोषी ठहराउँछन्।

**ढीट** – यो व्यक्ति घमण्डी र क्रूर छ। यो विशेषता भएको एक कम्जोर व्यक्ति जसले आदर पाउनको निम्ति अरूको अपमान गर्छ। यो विशेषता भएको शक्तिशाली व्यक्ति अरूप्रति निर्दयी र क्रूर हुन्छ अनि उसलाई आदर नगर्ने व्यक्तिसित प्रतिशोध।

**अहङ्कारी** – अहङ्कारी हुनु भनेको आफैलाई उच्चमा देख्नु हो। यो सबै पापको जड हो किनकि यसले मानिसलाई आफ्नो सृष्टिकर्ताको अवहेलना गर्दै आफ्नो जीवनलाई आफै अधिकार गर्ने कुरामा उत्प्रेरित गर्दछ।

**अभिमानी** – आफैलाई उचाल्ने। यी मानिसहरू स्व-केन्द्रित हुन्छन्। यदि यहाँ अन्य लक्षणहरू विचार गरिन्छ भने, तिनीहरूले आफूलाई अरूहरूको खर्चमा र अरूहरूलाई हानी पुऱ्याउने कुरामा धोका दिएर आफूलाई माथि उचाल्ने काम गर्छन्।

**दुष्ट कुरा रचिहिँड्ने** – तिनीहरू दुष्ट र हानिकारक कुराहरूको विकासमा रचनात्मक हुन्छन्।

**आमा-बुबाको आज्ञापालन नगर्ने** – परिवारको विनाश पापको परिणाम हो र यसले समाजको विघटनतिर डोऱ्याउँछ। पापी स्वभाव त्यस बालकमा चाँढो देखापर्दछ जसले आफूले जानेको पहिलो अख्तियारको विरुद्धमा विद्रोह गर्दछ।

**मूर्ख** – नैतिक मूल्यहरूप्रति सचेत छैन। यो व्यक्ति नैतिकतामा आधारित तर्कद्वारा मनाउन सकिँदैन। यो बुद्धिको कमी होइन, तर अपाङ्ग नैतिक भावना हो, जुनचाहिँ दुष्ट हृदयको परिणाम हो।

**विश्वासघाती** – भरोसा गर्न नसकिने। नैतिकता र अख्तियार छोड्नु, पूर्ण सत्यलाई घृणा गर्नु जो तिनीहरूको लागि झुक्ने पूर्ण सत्यलाई घृणा गर्नु र आफ्नो वाचा तोड्दै, प्राथमिकता दिँदै।।

**निर्दयी** – सुरक्षात्मक र मायालु प्रवृत्तिको विपरित। आफ्नो इच्छा पूरा गर्न तिनीहरूले आफ्नो परिवारलाई छोड्न सक्छन्। प्रेमको आधारभूत प्रवृत्ति बद्लिनसक्छ। तिनीहरूले आफ्नो सुरक्षामा रहेका मानिसहरूलाई दुर्व्यवहार गर्न सक्छन्।

**ढीट** – प्रसन्न हुन नसक्ने।[22]

**क्रूर** – दया नभएको। तिनीहरू दयाबिना पीडा हेर्न सक्छन्। तिनीहरूको कार्यले अरूहरूलाई पुऱ्याउने कष्ट देखेर पनि तिनीहरू दुष्ट दिशाबाट हट्दैनन्। आफ्नै गल्तीले भोग्नुपरेको पीडा देखेर तिनीहरू पछुतो गर्दैनन्।

(1:32) तिनीहरूलाई थाह छ कि यी कुराहरू गलत हुन्। नास्तिकहरूले आफूसँग भएको सत्यलाई विश्वासपूर्वक पछयाउँदैनन्। तिनीहरूलाई थाह छ कि तिनीहरू दोषी छन्। तैपनि, तिनीहरूले पापको पछि लाग्ने मात्र होइन, तिनीहरूले अरूहरूको पापलाई स्वीकार गर्छन्। समाजको नैतिकता यति तल झरेको छ कि आचरणको नयाँ मानकले नैतिकतालाई अनुमोदन गर्दछ।

जसले पापलाई पूर्णरूपमा स्वीकार गर्छ त्सस व्यक्तिले आफुलाई पापीको रूपमा स्वीकार गर्छ र अरूलाई पनि पापीको रूपमा स्वीकार गर्दछ। उसले अरूको पापद्वारा मनोरञ्जन गर्नसक्छ। रोमी अखडामा मानिसहरू हत्यामा रमाए। आधुनिक समयमा धेरै मानिसहरू हिंसा र अनैतिक यौनजन्य कार्यहरू। तिनीहरूले ती मानिसहरूको प्रशंसा गर्छन् जो पाप गर्नमा उत्कृष्ट हुन्छन्।

## के सबै अपरिवर्तित पापी यस्तै हुन्छ?

हरेक व्यक्तिले सक्रियरूपमा यी पापहरू गरेका छैनन्। यद्यपि, पतन भएका मानव जातिमा यी सबै पापहरूको प्रवित्ति हुन्छ, र यदि तिनीहरू फरक परिस्थितिमा थिए भने हेरक व्यक्तिले यीमध्ये कुनै पनि पाप गरेको हुनसक्छ।

सेनेका एकजना रोमी दार्शनिक र सरकारी अधिकारी थिए जो पावलको समयमा बाँचिरहेका थिए। तिनी ख्रीष्टियान थिएनन अनि बाइबलसित परिचित पनि थिएनन्, तर तिनले हरेक पापको सम्भाव्यता हरेक व्यक्तिमा छ भनी समीक्षा गरे। तिनले भने, "सबै अवगुणहरू सबै मानिसहरूमा अवस्थित छ, यद्धपि, सबै अवगुणहरू हरेक व्यक्तिमा प्रमुखरूपमा देखा पर्दैनन्।"[23] हाम्री हेर्नसक्छौं कि अपरिवर्तित पापीको बारेमा पावलको व्याख्या प्रत्येक समय अवधि र हरेक संस्कृतिमा लागू हुन्छ।

सरकार र समाजको मापदण्डले व्यक्तिको धेरै खराब प्रवृत्तिलाई रोक्दछ। धेरै मानिसहरू आफ्नो हृदय र मनमा पापपूर्ण इच्छाहरू पूरा गर्छन् जसलाई तिनीहरूले खुल्लमखुल्ला देखाउन चाहदैनन् किनकि तिनीहरूले अरूहरूको अनुमोदन चाहन्छन्। यस खण्डमा सूचीबद्ध पापहरूप्रति मानिसहरूको गोप्य प्रवृत्ति हुन्छ र तिनीहरू हृदयमा यी पापहरूको दोषी हुन्छन्।

## खण्डको लागू

यो खण्ड मुख्यरुपमा सुसमाचार नसुनेका समाजका मानिसहरूको विवरण हो। तिनीहरूले सृष्टि र तिनीहरूको अन्तस्करणमा प्रकट भएको परमेश्वरको ज्ञानलाई बहिस्कार गरे। त्यसपछि तिनीहरूले आराधना गर्न अरू केही फेला पारे जसले तिनीहरूलाई आफ्नो पापी स्वभावका इच्छाहरू पुरा गर्ने अनुमति दियो, तिनीहरूको इच्छा विकृत भयो। यस खण्डले ती मानिसहरूलाई सुसमाचार किन चाहिन्छ भनेर बताउँछ।

यो खण्ड सबैको लागि महत्वपूर्ण छ, किनकि यसले धेरै प्रकारका पापहरूको सूची दिएको छ र देखाएको छ कि परमेश्वरले सबै पापहरूलाई घृणा गर्नुहुन्छ। यो चेताउनी पनि हो कि सबै पापमा पापीलाई थप दुष्टतामा लैजाने प्रवृत्ति हुन्छ। सुसमाचार सुन्ने र यसलाई बहिस्कार गर्ने मानिसहरू सही र गलत बुझाइ गुमाउने एउटै प्रक्रियाबाट गुज्रने खतरामा छन्।

---

[22] धेरै ग्रीक पाण्डुलिपिहरूमा यो शब्द यस सूचीमा छैन।

[23] F.F. Bruce द्वारा उद्घृत गरिएको, *The Epistle to the Romans*, in *Tyndale Bible Commentaries* (Grand Rapids: William B. Eerdmans Pub. Co., 1963), 87.

यो खण्डले हामीलाई हाम्रो आफ्नै समाजमा देख्नसक्ने अवस्थाहरूको बारेमा बताउँछ, यद्धपि त्यहाँ सुसमाचार प्रचार गरिएको छ। एउटा संस्कृतिले परमेश्वरको स्तरलाई बेवास्ता गर्दै, निश्चित पापहरूलाई स्वीकार्य बनाउने तरिका खोज्छ।

## गवाही

शमागीको जन्म पूर्वी यूरोपको जर्जियामा भएको थियो। शमागीका आमाबुबा नास्तिक थिए, र उनी बाल्यकालमा मण्डली गएनन्। उनको नाउँको अर्थ "छिटो रीस गर्ने" हो अनि यो नाउँ उनको स्वभावसित मेल खान्छ। युवावस्थामा उनी बारम्बार समस्यामा परे। अपराधमा दोषी ठहरिएपछि उनलाई दुई वर्षको लागि रुसको इ्यालखानमा पठाइयो। रुसको विरुद्ध जर्जियाको विद्रोहमा उनी मुक्त भए र जर्जिया फर्किए।

जाँड-रक्सीले शमागीको कलेजो नराम्रोसँग बिग्रेको थियो र डाक्टरले उनलाई लामो समयसम्म बाँच्न नसक्ने बताए। शमागी आफ्नो जीवनमा दु:खी भए र परमेश्वरलाई चिन्ने इच्छा गर्न थाले। उनले केही ख्रीष्टियान साथीहरूलाई मण्डलीमा लिएर जाने आग्रह गरे। सुरुमा, तिनीहरूलाई उनलाई भने कि मण्डली उनको लागि होइन। पछिबाट उनका साथीहरूले यदि उनले मण्डलीमा बहस नगर्ने वाचा गऱ्यो भने मात्र मण्डलीमा लिएर जानसक्ने बताए। उनी मण्डलीमा गए र 22 वर्षको उमेरमा उनले उद्धार पाए। उनको जीवन पूर्णरूपमा परिवर्तन भयो।

शमागी कलेजोको रोगबाट निको भयो। उनले आफ्नो रोगको कारण विवाह गर्नसक्ने आशा गरेको थिएनन्, तर परमेश्वरले उनलाई नयाँ भविष्य दिनुभयो। अहिले उनको श्रीमति र तीन जना छोरीहरू छन्। शमागीले पास्टर र सेवकाई प्रशिक्षकको रूपमा सेवा गर्छन्।

## पाठ 2 का समीक्षा प्रश्नहरू

(1) मानिसहरूले कुन माध्यमबाट सामान्य प्रकाश पाउँछन् ?

(2) पवित्रशास्त्रविना पनि सबै मानिसहरूलाई परमेश्वरको बारेमा के थाहा छ?

(3) विशेष प्रकाश भनेको के हो?

(4) मूर्तिपूजा के हो?

(5) भ्रष्टताले मानिसहरूको सोचाइलाई असर गर्ने दुई तरिकाहरू बताउनुहोस्।

## पाठ 2 को कार्य

सुसमाचार नसुनेर पनि परमेश्वरलाई अस्वीकार गर्ने समाजको अवस्था वर्णन गर्नुहोस्। तिनीहरूसित परमेश्वरको कस्तो ज्ञान थियो? तिनीहरूको सोचाइको के भयो? तिनीहरूको दुष्टता वर्णन गर्नुहोस्। किन सबैले एउटै किसिमको दुष्टता देखाउँदैनन्, सो वर्णन गर्नुहोस्।

# पाठ 3

# इस्राएलीहरूको त्रुटि

## भविष्यसूचक शास्त्रको परिचय

भविष्यसूचक शास्त्र संसारमा भएको दुष्टता र अन्यायको बावजुद विश्वास राख्ने समस्यासँग सम्बन्धित छ। यसले एउटा समयको वर्णन गर्दछ जब परमेश्वरले अचानक संसारमा हस्तक्षेप गर्नुहुनेछ, दुष्टलाई दण्ड दिनुहुनेछ र आफ्ना मानिसहरूलाई मद्दत गर्नुहुनेछ।[24]

*परमप्रभुका दिन* परमेश्वरको अन्तिम हस्तक्षेपको समयको लागि प्रयोग हुने शब्द हो। पूरानो करारमा केही खण्डहरूले प्रभुको दिनलाई समयको रूपमा वर्णन गर्दछ जब अन्यजाति राष्ट्रहरूले इस्राएलप्रति गरेको तिनीहरूको व्यवहारको कारण दण्ड दिइनेछ।[25] धेरै यहूदीहरूले यहूदी भएको नाताले तिनीहरू परमेश्वरको न्यायबाट डराउनुपर्ने कुनै कुरा छैन भनी अनुमान गर्न थाले। अगमवक्ताहरूले तिनीहरूलाई देखाउने प्रयास गरे कि यदि तिनीहरू पापी छन् भने तिनीहरूको पनि न्याय हुनेछ (सपन्याह 1:12; आमोस 5:18-27) र तिनीहरू यहूदी भएको कारणले मात्र मुक्त हुनेछैनन्; तर तिनीहरूको अनुमान यथावत रहिरह्यो।

यहूदीहरूलाई तिनीहरूले पनि उद्धार पाउन आवश्यक छ भन्ने सत्यतथ्यलाई स्वीकार गर्न गाह्रो थियो। उदाहरणका लागि, बप्तिस्माचाहिँ अन्यजातिहरूलाई यहूदी बनाउनलाई प्रयोग गरिने तिनीहरूको एउटा विधी मात्र थियो। तिनीहरूले यहूदीहरूलाई बप्तिस्मा दिएनन्। बप्तिस्मा दिने यूहन्नाले यहूदीहरूलाई बप्तिस्मा दिए, र उनको अभ्यासले केही यहूदीहरूलाई अपमानित तुल्यायो, जसले सोचेका थिए कि तिनीहरूलाई बप्तिस्मा वा पश्चत्तापको कुनै आवश्यकता छैन। तिनीहरूले तिनीहरूले सोचेका थिए कि तिनीहरू अब्राहामका सन्तान भएकाले परमेश्वरद्वारा कृपा पाएका थिए। ( मत्ती 3:9)।

रोमीको पुस्तकमान पावलले क्रोधको दिन (2:5) र परमेश्वरले इन्साफ गर्नुहुने दिन (2:16)लाई उल्लेख गरेका छन्। यी सन्दर्भहरू 1:16-18 भएको उनको विषयवस्तुबाट लिइएका छन्, कि सुसमाचार चाहिँ परमेश्वरको क्रोधबाट उद्धार हो। 2:2-3 मा उनले यहूदीहरू पनि परमेश्वरको क्रोधको दिनको लागि डराउनुपर्ने कारणहरू छन् भनी बताएर स्व-धर्मी यहूदीहरूलाई छक्कै पार्छन्। यहूदीहरूलाई पनि उद्धारको खाँचो छ।

## खण्ड अध्ययन – रोमी भाग 2, खण्ड 2

यो पाठमा, हामी रोमी को पुस्तकको भाग 2 को अध्ययनलाई निरन्तरता दिनेछौं। पछिल्लो पाठमा, हामीले अन्यजातिको त्रुटिको बारेमा अध्ययन गरेका थियौं। यो खण्ड (2:1-29) ले इस्राएलीहरूको त्रुटीलाई वर्णन गर्दछ।

1:18-3:20 चाहिँ भाग 2 हो। भाग 2 को मुख्य विषय यो हो कि संसारका सबै मानिसहरूले परमेश्वरको आवश्यकतालाई उलङ्घन गरेका छन् र न्यायमा परेका छन्। परमेश्वरका आवश्यकताहरू पूरा गर्ने आधारमा कसैलाई पनि बचाउँन सकिँदैन किनभने हरेक व्यक्तिले पहिले नै ती आज्ञाहरूलाई भङ्ग गरिसकेका छन्।

---

[24] पुरानो करारको भविष्यसूचक शास्त्रमा दानिएल, जकरिया, योएल, इजकिएल 37-39, र यशैया 24-27 समावेश छ। नयाँ करारमा, हामी मत्ती 24, लूका 21, मर्कूस 13, 2 थेसलोनिकी 2, र प्रकाश भेट्टाउँछौं।

[25] केही उदाहरणहरू जकरिया 12 र योएल 3 हुन्।

प्रथम, अन्यजातिहरूले परमेश्वरको ज्ञानलाई अस्वीकार गरेका छन् र मूर्तिहरू र पापी इच्छाहरूतिर फर्केका छन् भनी पावलले बताउँछन्। त्यसपछि, उनले इस्राएलीहरूको अवस्था वर्णन गरेका छन्, जोसँग परमेश्वरको व्यवस्था थियो तर पालन गरेनन्। अब हामी इस्राएलीहरूको बारेमा लेखिएको खण्डको अध्ययन गर्नेछौं।

यहाँ पावल तेस्रो व्यक्ति (तिनीहरू) बाट दोस्रो व्यक्ति (तिमी) मा परिवर्तन भएका छन्। उनी ती मानिसहरूसँग बोले जसले सुसमाचार तिनीहरूमा लागू हुँदैन किनभने तिनीहरू अघिबाटै धर्मी ठहराइएका छन् भनी सोचेका थिए। धेरैजसो यहूदीहरू त्यो श्रेणीमा थिए, र यो खण्डले तिनीहरूसित विशेषरूपमा कुरा गर्छ (2:17); तर उच्च नैतिकता भएका अन्यजातिहरू पनि त्यस्तै त्रुटिमा हुनसक्छन्। अनुग्रहबिना आफूलाई धर्मी ठान्ने व्यक्ति पाखण्डी र दोषी हो भनी उनले देखाउँछन्।

**अध्याय 2 को मुख्य बुँदा**

यहूदीहरू अन्यजातिहरूले गर्ने पापहरूका लागि दोषी छन् र परमेश्वरद्वारा पनि त्यस्तै न्याय गरिनेछ।

**अध्याय 2 को सारांश**

2:1, 11 ले मुख्य कुरा बताउँदछ। 2:1 ले यहूदीहरू पनि समानरूपमा दोषी छन् भनी बताउँछ; 2:11 ले बताउँछ कि परमेश्वर निष्पक्ष हुनुहुन्छ। बाँकी अध्यायले ती पदहरूमा भएका कथनहरूको लागि एउटा तर्क प्रस्तुत गर्दछ। जसरी अन्यजातिहरूलाई कुनै बहाना छैन, त्ससरी नै यहूदीहरूलाई पनि कुनै बहाना छैन (1:20)।

2:13, 17 ले यो देखाउँछ कि किन यहूदीहरूले अनुग्रह पाउने आशा गरे – किनकि तिनीहरूले परमेश्वरको प्रकाश पाएका थिए र त्यसमाथि आधारित धर्म तिनीहरूको थियो। रोमी 1 मा, पावलले अन्याजातिहरू न्यायको योग्य छन् भन्ने सत्यतथ्यलाई स्थापित गरे। योसित सबै यहूदीहरू सहमत हुनेछन्। तर 2:1 मा, पावलले यहूदीहरूको दोष प्रकट गरेर तिनीहरूलाई स्तब्ध पारे। तिनीहरूले पनि व्यवस्था भङ्ग गरेका थिए र अन्यजातिहरूझैं न्यायको योग्य थिए। तिनीहरूले माफी पाउने आशा गरेका थिए किनभने तिनीहरू यहूदी थिए जसले परमेश्वरको व्यवस्था स्वीकार गरेका थिए र तिनीहरूसँग त्यस व्यवस्थामा आधारित सही धर्म थियो।

आज लाखौं मानिसहरू यस श्रेणीमा छन्। तिनीहरू सोच्छन् कि तिनीहरूलाई परमेश्वरले स्वीकार गरेका छन् किनकि तिनीहरू परमेश्वरमा विश्वास गर्छन् र तिनीहरूले पाप गरिरहँदा पनि धार्मिक रूपहरू अभ्यास गर्छन्।

► के तपाईंको समाजमा धेरै मानिसहरू छन् जसले आफूलाई गल्तीले ख्रीष्टियान ठान्छन्? किन तिनीहरू त्यस्तो सोच्छन्?

► विद्यार्थीले समूहको लागि रोमी 2:1-29 पढ्नुपर्छ।

**हरेक पदहरूको नोटहरू**

(2:1) यहूदीहरूसँग कुनै बहाना थिएन, यो कुरा अन्यजातिहरूको अवस्थासँग मेल खान्छ जसकोमा कुनै बहाना थिएन (1:20)। त्यो विचार स्व-धर्मी यहूदीहरूको निम्ति छक्कपर्दो थियो जस्तो कि आधुनिक व्यक्तिलाई लाग्छ कि उ पूरा असल छ।


अरूको न्याय गरेर, तिनीहरू आफै दोषी ठहरिए, किनकि तिनीहरू पनि त्यही पापको दोषी थिए। सत्यको ज्ञानले तिनीहरूको जिम्मेवारी बढायो। येशूले भन्नुभयो कि इस्राएलका केही सहरहरूको न्याय सदोम र गमोराभन्दा पनि खराब हुनेछ (मत्ती 11:21-24)।

यो खण्डले यस्तो व्यक्तिको बारेमा बताउँछ जसले सोच्छ कि उसले अरूहरूको न्याय गर्न सक्छ र आफूलाई चाहिँ निर्दोष सम्झन्छ। अध्यायको उप्रान्त भागमा परमेश्वरलाई न्यायकर्ताको रूपमा राख्छ र यो देखाउँछ कि उहाँको न्याय ती मानिसहरूको न्यायभन्दा कति फरक छ जसले आफ्नो पक्षमा न्याय गर्छन्।

(2:2-3) परमेश्वरको न्याय अपरिवर्तनीय मापदण्डअनुसार हुन्छ। परमेश्वरले मानिसहरूको न्याय परिवर्तनशील र गलत मापदण्डअनुसार गर्नुहुन्न।[26]

(2:4) परमेश्वरले यहूदीहरूलाई विशेष ध्यान दिनुभएको थियो, त्यसैले तिनीहरूले सोचेका थिए कि उहाँले न्यायलाई पनि तिनीहरूकै पक्षमा बद्‌लाउनु हुनेछ। वास्तवमा, तिनीहरूप्रति उहाँको भलाइको उद्देश्य तिनीहरूलाई पश्चत्तापमा डोर्‍याउनु थियो, न्यायलाई रद्द गर्नु होइन। धैरै मानिसहरूले परमेश्वरको भलाइलाई केवल उदारता र सहिष्णुताको रूपमा हेरेर घृणा गर्छन्। सांसारिक मानिसले परमेश्वरबाट त्यो भौतिक लाभ र उसको पापलाई सहिदिएको चाहन्छन्। परमेश्वरको भलाइप्रति यस्तो दृष्टिकोण राख्नु भनेको यसलाई घृणा गर्नु हो। परमेश्वरको बारेमा जान्नेहरू बढी दोषी छन् किनकि उहाँको भलाइले तिनीहरूलाई पश्चात्ताप गर्ने अवसर दिन्छ।

(2:5) जब तिनीहरूले पश्चत्ताप गर्नुको सट्टा पाप गरिरहे, तब समयको ढिलाईले क्रोध जम्मा गरिरहेको थियो। किनकि तिनीहरूलाई सत्य थाहा थियो, तिनीहरू बढी जवाफदेही थिए, र त्यसैले तिनीहरूको अनाज्ञाकारिता विरुद्ध परमेश्वरको क्रोध बढ्यो। (यस अध्यायको बाँकी भाग बुझ्नको लागि निम्न खण्ड महत्वपूर्ण छ)।



**नेरो**

५४-६८ ईस्वीमा नेरो सम्राट थिए। पावल रोम जाँदा तिनी सत्तामा थिए। तिनी अत्यन्तै क्रूर थिए र यहूदी र ख्रिष्टियानहरूलाई घृणा गर्थे। प्रारम्भिक इतिहासकारहरूले लेखेका छन् कि नेरोले कहिलेकाहीँ आफ्नो आँगन उज्यालो पार्न ख्रीष्टियानहरूलाई जलाउने गर्थे।

### कामहरूको न्याय

► जब हामी न्यायको दिनमा आइपुग्छौं, तब के हामीले पथ्वीमा गरेका कामहरू महत्वपूर्ण हुनेछन्?

अन्तिम न्याय कामहरूको मूल्याङ्कनको लागि हुनेछ। परमेश्वरले मानिसहरूको कामअनुसार तिनीहरूलाई दण्ड वा पुरस्कार दिनुहुनेछ। विभिन्न मानिसहरूको लागि विभिन्न प्रकारको दण्ड र पुरस्कार हुनेछ (हिब्रू 2:2, हिब्रू 10:28-29, मत्ती 10:42, लूका 12:47-48, 2 कोरिन्थी 5:10)।

पापीहरूलाई केवल अविश्वासको लागि मात्र दोषी ठहराइन्छ भन्ने विचार ईश्वरशास्त्रीय होइन। प्रकाश 20:12मा, मानिसहरूलाई तिनीहरूको कामको अभिलेखअनुसार न्याय गरिनेछ। 2 कोरिन्थी 5:10 ले भन्छ कि हामी सबै, विश्वासीहरू पनि, हाम्रो कामहरूको लागि न्याय गरिनेछ। 1 कोरिन्थी 3:12-15 ले देखाउँछ कि ख्रीष्टियानहरूले तिनीहरूको उद्देश्य र लगनशीलता, र तिनीहरूको सीपको गुणस्तर (सुन, चाँदी, बहुमूल्य पत्थर; काठ, घाँस, पराल) मा निर्भर गर्दै फरक इनाम पाउनेछन्। सबै ख्रीष्टियानहरूलाई पुरस्कृत गरिनेछ किनकि सबै साँचो ख्रीष्टियानहरूले असल कामहरू गरेका छन्, तर तिनीहरूका सबै कामहरू समान रूपमा मूल्यवान हुँदैनन्। गुणस्तरको जाँचमा उत्तीर्ण नहुने विश्वासीहरूको काम आगोले भस्म हुनेछ।

रोमी 2 को तात्पर्य यो हो कि नयाँ करारको सुसमाचार नसुनेका केही मानिसहरूलाई तिनीहरूका कामहरूको लागि दोषी ठहराइनेछैन (2:7, 10, 13, 26-27 लाई हेर्नुहोस्) । यसको अर्थ यो होइन कि केही मानिसहरू छन् जसले कहिल्यै पाप गरेनन् र त्यसैले अनुग्रहबिना कामद्वारा स्वीकार गर्न

[26] तस्बीर: "Nero", uploaded by David Jones on डिसेम्बर 24, 2011मा, https://flickr.com/photos/cloudsoup/6564103675/ बाट पुन:प्राप्त। Licensed under CC BY 2.0, desaturated and cropped from the original.

सकिन्छ; किनकि 3:19-20 ले भन्छ, सबैले पाप गरेका छन्। जसका काम स्वीकार गरिन्छ ती मानिसहरू हुन् जससँग हृदयको खतना भनिने अनुग्रहको अनुभव हुन्छ। तिनीहरूका कामहरू परमेश्वरद्वारा स्वीकृत गरिएका छन् (2:29)।

हृदयमा अनुग्रहको यो सञ्चालन पुरानो करारको समयमा प्रतिज्ञा गरिएको थियो:

> परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले आफ्नो सारा हृदय र आफ्नो सारा प्राणले प्रेम गर्नलाई उहाँले तिमीहरूको र तिमीहरूका सन्तानको हृदयको खतना गर्नुहुनेछ, र तिमीहरू जिउन सक (व्यवस्था 30:6)।

यसर्थ, हामी जान्दछौं कि प्राचीन यहूदीहरू अनुग्रहद्वारा बचाइएको थियो, तिनीहरूको कामबाट होइन।

यो अनुग्रह अन्यजातिहरूको लागि पनि उपलब्ध थियो, चाहे तिनीहरू विशेष प्रकाश पाएका थिए वा थिएनन्।

> तब पत्रुसले बोल्न थाले, "साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, तर हरेक जातिमा जो उहाँसँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ" (प्रेरित 10:34-35)।

धार्मिक कामहरू हृदयको परिवर्तनपछि हुन्छ, जसले परमेश्वरप्रति आज्ञाकारिता प्रमाणित गर्छन्। यो प्रमाण रोमी 2:13, 16 मा उल्लेख गरिएको अन्तिम न्यायको आधार हो, अन्तिम न्यायमा धर्मीकरण हो।

खण्डले एउटा व्यक्ति कामहरूद्वारा बचाउन सकिन्छ भनेर सिकाउँदैन, तर वास्तविक आज्ञाकारिता भनेको महत्वपूर्ण कुरा हो, केवल व्यवस्थाको स्वामित्व मात्र होइन। यसले खण्डको विषयलाई समर्थन गर्दछ: कि यहूदीहरूलाई पनि मुक्ति चाहिन्छ किनभने तिनीहरूले आज्ञा उलङ्घन गरेका छन्।

## खण्ड अध्ययन – रोमी भाग 2, खण्ड 2

### हरेक पदहरूको नोटहरू जारी

(2:7) परमेश्वरले ती मानिसहरूलाई अनन्त जीवन दिनुहुन्छ जसले परमेश्वरलाई प्रसन्न पार्ने कामहरूमा लागिरहेर परमेश्वरबाट आउने सम्मान खोज्दछ।

(2:9) यहाँ हामी हेर्छौं कि यहूदीहरूको विशेषाधिकारले ठूलो उत्तरदायित्व ल्याउँछ। सुसमाचार पहिले यहूदीहरूकहाँ आएको हुनाले, तिनीहरू पहिलो न्यायको योग्य छन्।

(2:11) यो अध्यायको मुख्य पद हो। परमेश्वरको विरुद्धमा विद्रोह गर्नेहरूलाई न्याय गरिनेछ, धार्मिक भएको कारणले गर्दा तिनीहरूलाई कुनै पनि अनुग्रह दिइनेछैन।

## याकूबको दृष्टिकोण

याकूब भन्छन् कि मानिस विश्वासद्वारा मात्र होइन, तर कामहरूद्वारा पनि धर्मी ठहरिन्छ (याकूब 2:24)। तर पावलले एफिसी 2:8 मा भनेका छन् कि हामी कामहरूद्वारा होइन अनुग्रहद्वारा बचाइन्छौं। रोमी 3:28 मा, उनले भनेका छन् कि मानिस व्यवस्थाका कर्महरू बिना विश्वासद्वारा नै धर्मी ठहरिन्छ।

त्यसोभए, के हामी काम र विश्वास दुवै धर्मी ठहरिन्छौं, वा हामी विश्वासद्वारा मात्र धर्मी ठहरिन्छौं? के याकूब र पावलले एक-अर्काको विरोध गरे? होइन, तिनीहरूले एक-अर्कालाई विरोध गरेका होइनन् किनकि तिनीहरूले एउटै कुराको बारेमा कुरा गरिरहेका थिएनन्।

पावलले कसरी एक व्यक्ति परमेश्वरको सामु धर्मी ठहरिन्छ भन्ने बारेमा कुरा गरिरहेका छन्। **एउटा व्यक्ति विश्वासद्वारा अनुग्रहबाट धर्मी ठहरिन्छ।**

याकुबले कसरी एक व्यक्ति अरू मानिसहरूको सामु धर्मी ठहरिन्छ भन्ने बारेमा कुरा गरिरहेका छन्। **एउटा व्यक्तिले विश्वासयोग्य जीवन बिताएर ऊसँग बचाउने विश्वास छ भनी देखाउँछ।**

याकूबको पत्रको मुख्य विषय भनेको दैनिक जीवनमा वास्तविक विश्वास लागू हुन्छ भनेर प्रमाणित गर्नु हो। उनले भनेका छन् कि अब्राहाम आफ्ना कामहरूद्वारा धर्मी ठहरिएका थिए। विश्वास र कामद्वारा सँगै एउटा व्यक्ति धर्मी ठहरिएको प्रमाणित हुन्छ। यदि कुनै व्यक्ति ख्रीष्टियान भएको दाबी गर्छ र त्यस्तै जीवन बिताउँछ भने उ ख्रीष्टियान हो भनी हामी जान्दछौं।

पावलले यो पुष्टि गरेका छन् कि असल कामहरूले विश्वासको अनुसरण गर्छ। एफिसी 2:10 मा, विश्वासद्वारा हामी बचाइन्छौं भन्ने उनको कथनको तुरुन्त पावलले भने कि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना भएका हौं।

याकूब र पावलले एक अर्काको विरोध गर्दैनन्। उनीहरू दुवै सहमत हुनेछन् कि बचाउने विश्वासले व्यक्तिलाई परमेश्वरप्रति स्वीकार योग्य बनाउँछ, अनि कामहरूले परिवर्तनको अनुसरण गर्छ र एउटा व्यक्तिलाई बचाइएको छ भनी प्रदर्शन गर्दछ।

## खण्ड अध्ययन- रोमी भाग 2, खण्ड 2

### हरेक पदहरूको नोटहरू जारी

(2:12) लिखित व्यवस्था कहिल्यै नसुनेकाहरूका लागि न्यायको मापदण्ड हुनेछैन। तिनीहरू परमेश्वरले आफैलाई अन्य तरिकाले प्रकट गर्नुभएको व्यवस्थाद्वारा दोषी ठहरिनेछन्। (1:20, 2:15 लाई हेर्नुहोस्)

(2:13) तिनीहरू धर्मी ठहरिनेछन् भन्ने कुराले अन्तिम न्यायलाई देखाउँछ। केही मानिसहरूले व्यवस्था आफूसित व्यवस्था भएको कारण धर्मी ठहरिने अपेक्षा गरेका थिए। तर आज्ञापालन बिना व्यवस्थाको ज्ञानले धर्मी ठहराउँदैन।

(2:14) यो सत्यतथ्यको अर्थ यो होइन कि तिनीहरूले स्वभावैले सही काम गर्छन् र तिनीहरू परमेश्वर बिना नै स्वभाविक रूपमा असल छन्। 2:15 ले यो देखाउँछ कि परमेश्वरले तिनीहरूको हृदय र विवेकमा लेखिदिनुभएको व्यवस्थाको कारणले तिनीहरूले सही काम गर्न सक्छन्। "स्वभावैले" को अर्थ हो कि लिखित् पवित्रशास्त्रबिना परमेश्वरद्वारा तिनीहरूको स्वभावमा प्रकट गर्नुभएको कुराद्वारा तिनीहरू यो गर्छन्।

(2:15) लिखित व्यवस्था नभएकाहरूसँग नैतिक स्वभावमा व्यवस्था छ र तिनीहरूले विशिष्ट छनौटहरू गर्नसक्छन्। यसको अर्थ यो होइन कि विवेक पूर्णरूपमा भरपर्दो छ। विवेक वातावरण र शिक्षाबाट प्रभावितभ भएको कारण हरेक विवरणमा सही हुँदैन, तर यो एउटा मार्गदर्शक हो जु सामान्यतया सही हुन्छ। तथापि, सबै मानिसहरू पापी छन्। यहाँसम्म कि यो मापदण्डमुताविक पनि, किनभने तिनीहरूले सधैँ आफूले जानेका असल कामहरू गरेनन्।

2:15, 16 ले देखाउँछ कि न्याय केवल बाह्य कामहरूको लागि मात्र होइन, तर विचारहरूको लागि पनि हुनेछ। (यी पदहरूले हृदय, विचार, विवेक र रहस्यहरूको बारेमा कुरा गर्छन्।)

(2:16) यस खण्डमा छलफल गरिएको धर्मीकरण (2:13 मा उल्लेख गरिएको) विश्वासद्वारा धर्मी ठहरिनुको विकल्प होइन। यो अन्तिम न्यायमा घोषणा गरिएको धर्मिकताचाहिँ पूर्णरुपले धर्मी ठहराइनु हो।

**न्यायका यी सिद्धान्तहरू पावलले प्रचार गरेको सुसमाचारको लागि आवश्यक छन्। क्षमा नपाएकाहरूमाथि आउने परमेश्वरको न्यायको समझ बिना क्षमाको सुसमाचार महत्वपूर्ण हुँदैन। परमेश्वरको न्यायको उचित दृष्टिकोणलाई कमजोर पार्ने कुनै पनि भूलले सुसमाचारलाई कमजोर बनाउँछ।**

## सुसमाचार नपुगेका अन्यजातिहरूको लागि आशा

► सुसमाचार नसुनेका अन्यजातिहरूलाई के हुनेछ? यदि तिनीहरूले सुसमाचार राम्ररी बुझेका छैनन् भने पापको लागि कसरी तिनीहरू दण्डको योग्य हुन्छन्?

रोमी 2:14-16 ले सङ्केत गर्छ कि त्यहाँ कोही छन् जसले सही काम गर्न रोज्छन् र त्यसैले दोषी ठहरिने छैनन्। यद्यपि, हामीलाई थाह छ कि कोही पनि कामद्वारा बचाइनेछैन। सबैले व्यवस्था तोडेका छन् र न्यायको भागीदार छन् (3:9-10; 19-20)। कोही पनि आफ्नो कामको योग्यताद्वारा बचाइनेछैन्। त्यसैकारण, यदि सुसमाचार नसुनेको व्यक्तिले मुक्ति पाउँछ भने, यो प्रायश्चित मार्फत अनुग्रहद्वारा हुनुपर्छ, चाहे उसले सुसमाचार नसुनेको नै किन नहोस्।

यदि कसैले परमेश्वरलाई आदर गर्छ भने, परमेश्वरले उसलाई उहाँसित सम्बन्ध बनाउने मार्ग देखाउनुहुन्छ। भजनसंग्रह 25:14 ले भन्छ, "परमप्रभुको भय मान्नेहरूसँग उहाँको घनिष्टता हुन्छ, र उहाँले तिनीहरूलाई आफ्नो करार बताइदिनुहुन्छ।" परमेश्वरको करारले हामीलाई देखाउँछ कि उहाँसित समबन्धमा आउनको लागि के आवश्यक छ। परमेश्वरसँगको सम्बन्धको लागि अनुग्रह चाहिन्छ, किनकि सबै मानिसले पाप गरेका छन्।

त्यहाँ अय्यूब, बालाम र नोआजस्ता मानिसहरू थिए जसले परमेश्वरलाई चिनेका थिए यद्यपि तिनीहरूसँग कुनै पवित्रशास्त्र थिएन। त्यहाँ मल्किसेदेक थिए, जो परमेश्वरको पुजाहारी थिए, यद्यपि परमेश्वरले इस्राएलमार्फत गर्नुभएको कामसँग उनको कुनै सम्बन्ध थिएन। परमेश्वरले आफूलाई कुनै पनि संस्कृति र समयमा प्रकट गर्नसक्नुहुन्छ। (भजनसंग्रह 19:1-4, रोमी 10:18 पनि हेर्नुहोस्)। रोमी 1 मा मूर्तिपूजकहगरू भ्रष्ट अवस्थामा थिएनन् किनकि तिनीहरूले परमेश्वरको बारेमा कहिल्यै जानेनन्, तर तिनीहरूले जे जान्दथे त्यसलाई अस्वीकार गरेका थिए।

के कुनै पनि मूर्तिपूजक मानिसले सुसमाचार नसुनी उद्धार पाउन सक्छ? यदि कुनै व्यक्तिले आफूसँग भएको सत्यलाई पछयाउँछ भने, परमेश्वरले उसलाई त्यस्तो बुझाइमा अगुवाइ गर्नुहुनेछ कि उसले क्षमा खोज्न र पाउन सक्छ। त्यो अनुग्रहद्वारा पाउने उद्धार हो, कामद्वारा होइन। यो धेरैजसो धर्महरूले प्रदान गर्ने कर्मद्वारा प्राप्त उद्धार अनि मुक्तिको विपरित हो।

तसर्थ, यदि कुनै व्यक्तिले सुसमाचार नसुनी उद्धार पाउन सक्छ भने, हामीले सुसमाचार फैलाउनु किन जरुरी छ? त्यो प्रश्नको उत्तर पनि दिइनेछ।

## खण्ड अध्ययन- रोमी भाग 2 खण्ड 2

### हरेक पदहरूको नोटहरू जारी

(2:17-20) यहूदीहरू कपटी थिए किनभने तिनीहरूले व्यवस्था तोड्दै पनि सिकाउथे। तिनीहरू व्यवस्थाको मालिक, सही कुरा छुट्याउन सक्ने र अज्ञानीहरूको शिक्षकको रूपमा आफ्नो भूमिकाको आनन्द उठाउँथे। पावलले तिनीहरूको उच्च दाबीहरू सूचीबद्ध गर्दा यहाँ व्यङ्गको एउटा नोट छ।

बाइबल अझ बढी अधर्मी हुँदै गइरहेको समाजमा सबैभन्दा बढी बिक्री हुने पुस्तक हुनसक्छ। यसले देखाउँछ कि मानिसहरूको निम्ति परमेश्वरको वचन पालन गर्नुभन्दा पनि बाइबल घरमा राख्नु महत्वपूर्ण हुन्छ।

**परमेश्वरसँगको सम्बन्धको आत्मिक वास्तविकता गुमाएपछि मानिसहरूले प्राय: पापको आवरणको रूपमा धर्मको एउटा नयाँ रूप कायम राख्छन्।**

(2:21-24) यहूदीहरूले व्यवस्थाद्वारा अन्यजातिहरूलाई दोषी ठहराउन रमाइलो मान्थे, तर तिनीहरू आफैले यसलाई पूर्नरूपमा पालन गरेनन्। तिनीहरूले उच्च आत्मिक स्थीति दाबी गर्दै पापमा बाँचेर परमेश्वरको अनादर गरे। त्यसरी नै, ख्रीष्टियान मतको सबैभन्दा सामान्य आपत्ति यो हो कि ख्रीष्टियानहरू तिनीहरूले विश्वास गरेको दाबी गर्छन्, तर त्यसअनुसारको राम्रो उदाहरण बन्दैनन्।

(2:25) तिनीहरूले सम्पूर्ण व्यवस्था पालन नगरेसम्म खतनाको आधारमा परमेश्वरको सामु धर्मी भएको दाबी गर्न सक्दैनथे। यदि तिनीहरूले व्यवस्था तोडिरहेका थिए भने, तिनीहरू खतना नगरिएका जस्तै थिए।

## खतना

► खतनाको अर्थ के थियो?

यहूदीहरूले संसारमा दुई वर्गका मानिसहरू देखे: परमेश्वरसँगको करारमा रहन योग्न मानिसहरू र योग्य नभएका मानिसहरू। खतना इस्राएल र परमेश्वर बिचको करारको चिन्हको रूपमा दिइएको थियो, तर अन्तत: करारको लागि आवश्यकताहरूको सम्पूर्ण समूहको प्रतिनिधित्व गर्न लाग्यो। त्यसैकारण, यहूदीहरू संसारका दुई वर्गका मानिसहरूलाई खतना गरिएका र खतना नगरिएकाहरू भने। पावलको शब्दमा खतना हुनु भनेको सामान्यतया करारमा रहनको निम्ति यहूदी धर्मको सम्पूर्ण प्रणालीलाई अनुसरण गर्नु हो। (शब्दको यस प्रयोगको उदाहरणको लागि गलाती 5:2-3 लाई हेर्नुहोस्।) त्यस अर्थमा खतना हुनु भनेको अनुग्रहद्वारा नभई कामहरूद्वारा बचाउने प्रयास थियो।

## खण्ड अध्ययन- रोमी भाग 2, खण्ड 2

**हरेक पदहरूको नोटहरू जारी**

(2:26) यदि खतना नगरिएको व्यक्तिले व्यवस्थाको वास्तविक अभिप्रायलाई पूरा गर्छ भने, परमेश्वरले उसलाई खतना नगरेको कारणले दोषी ठहराउनुहुनेछैन।

(2:27) धर्मी अन्यजाति र पापी यहूदीबीचको भिन्नताले यो देखाउँछ कि यहूदी नै दोषी हो, यद्यपि ऊसित यहूदी धर्मका रुपहरू छन्। त्यसै अर्थमा, नोआले आफ्नो धार्मिकताद्वारा संसारलाई दोषी ठहर गरे किनभने तिनले वास्तविक आज्ञापालन के हो सो देखाए (हिब्रू 11:7)।

(2:28-29) खतना यहूदीहरूको लागि पहिचानको चिन्ह थियो, जसले उ परमेश्वरका जनहरूमध्ये एक हो भन्ने प्रमाण दिन्छ। व्यवस्था 30:6 र नयाँ करारका धेरै ठाउँहरूमा खतनाले पवित्र आत्माको कामलाई देखाउने गर्दछ जब उहाँले पापीको हृदयलाई परमेश्वरलाई प्रेम गर्न र आज्ञापालन गर्न सक्षम बनाउन परिवर्तन गर्नुहुन्छ।[27] यो ख्रीष्टियानहरूको लागि खतनाको विशेषता हो।

► विद्यार्थीले समूहको लागि व्यवस्था 30:6 पढ्नुपर्छ।

परमेश्वरले प्राचीन इस्राएलीहरूलाई प्रतिज्ञा गर्नुभयो कि उहाँले तिनीहरूको हृदयमा अनुग्रहको कार्य गर्नुहुनेछ। यो केवल तिनीहरूका सन्तानहरूको लागि मात्र थिएन, तर त्यस समयमा सन्देश सुन्ने मानिसहरूको लागि पनि थियो।

यस अध्यायमा वर्णन गरिएको व्यक्ति त्यो हो जसले पवित्रशास्त्र नजानीकन धार्मिक कार्यहरू गर्छ अनि आफूसँग भएको सत्यलाई स्वीकार गरेर विश्वासद्वारा अनुग्रह प्राप्त गरेको छ।

[27] व्यवस्था 30:6, फिलिप्पी 3:3, कलस्सी 2:11-12

### यशैयाबाट एक दृष्टिकोण

परमेश्वरले सधैँ औपचारिकता र विधीवादको सट्टा हृदयबाटको आज्ञाकारिता चाहनुहुन्थ्यो, र हरेक जातिका मानिसहरूलाई अनुग्रह प्रदान गर्नुभयो। यशैया 56:6-7 का यी पदहरूलाई ध्यान दिनुहोस्:

> परमप्रभुको सेवा गर्न, परमप्रभुको नाउँलाई प्रेम गर्न र उहाँको आराधना गर्न, शबाथ-दिन बिटुलो नपारी मान्न र मेरो करार पालन गर्न परमप्रभुमा बाँधिएका सबै विदेशीहरूलाई म मेरो पवित्र पर्वतमा ल्याएर मेरो प्रार्थनाको घरमा आनन्दित तुल्याउनेछु। तिनीहरूका होमबलि र बलिदानहरू मेरो वेदीमा ग्रहणयोग्य हुनेछन्, किनकि मेरो भवन सबै जातिहरूका निम्ति प्रार्थनाको घर भनिनेछ।

### पाठ 3 का समीक्षा प्रश्नहरू

(1) भविष्यसूचक शास्त्रले के वर्णन गर्छ?

(2) यहूदीहरूले किन परमेश्वरद्वारा कृपा पाउने आशा गरेका थिए?

(3) एउटा व्यक्ति कसरी धर्मी ठहरिन्छ?

(4) कुनै व्यक्तिले ऊसँग बचाउने विश्वास छ भनी कसरी देखाउँछ?

(5) यहूदीको लागि खतनाले केलाई जनाउँछ र ख्रीष्टियनको लागि यसले केलाई जनाउँछ?

### पाठ 3 को कार्य

परमेश्वरले तिनीहरूलाई स्वीकार गर्नैपर्छ भन्ने यहूदीहरूको गलत सोचाईको भूल बुझाइलाई वर्णन गर्दै एक पृष्ठ लेख्नुहोस। आज यस्तै भूल बुझाइ भएका मानिसहरूको वर्णन गर्नुहोस्।

# पाठ 4
# सार्वभौमिक सर्तहरू

## अनुग्रह जसले उद्धारतिर डोर्‍याउँछ

बलिदानको प्रबन्ध गरिए तापनि, परमेश्वरको अनुग्रहले आफ्नो हृदयमा काम नगरेसम्म पापी निराश हुनेछ। पापी आफ्नो पापमा आत्मिक रूपले मरेको छ, गलत इच्छाहरूद्वारा नियन्त्रित छ, र शैतानको शासनमा छ (एफिसी 2:1-3)। ऊ आफ्नो व्यवहार परिवर्तन गर्न शक्तिहिन छ (रोमी 7:18-19)। उसले पश्चात्ताप र विश्वासका साथ सुसमाचारलाई कसरी प्रतिक्रिया दिनसक्छ?

ईश्वरशास्त्रीहरूले परमेश्वरको अनुग्रहले मानिसको अवस्थालाई कसरी प्रतिक्रिया दिन्छ भनेर व्याख्या गर्ने प्रयास गरेका छन्।



*जोन क्याल्भिन*

जोन क्याल्भिनले विश्वास गर्थे कि मानिस पूर्णरूपले भ्रष्ट भएको कारण, परमेश्वरलाई प्रतिक्रिया दिनको निम्ति ऊ सक्षम छैन।[28] त्यसैकारण, परमेश्वर नै हुनुहुन्छ जसले कसलाई बचाउने र कसलाई नबचाउने भनी छनौट गर्नुहुन्छ। परमेश्वरले केही मानिसहरूलाई मात्र बचाउन रोज्नुभएको हुनाले, प्रायश्चित केवल तिनीहरूको लागि मात्र प्रदान गरिएको छ र सबै मानिसहरूको लागि होइन। यी मानिसहरू छनौट गर्न सक्षम छैनन्। प्रतिरोध गर्न नसकिने अनुग्रहसित, परमेश्वरले तिनीहरूलाई पश्चात्ताप गर्न र विश्वास गर्न लगाउनुहुन्छ। तिनीहरू कहिल्यै उद्धारबाट टाडा जान सक्दैनन् किनभने तिनीहरूको इच्छा परमेश्वरको नियन्त्रणमा छ। यो परमेश्वरको सार्वभौमिकताको क्याल्भिनको अवधारणा थियो।

क्याल्भिनले बचाउने अनुग्रह सबैको लागि उपलब्ध छ भन्ने कुरामा विश्वास गर्दैनथे। तिनको विश्वास यो थियो कि कसैले पनि विशेष अनुग्रहबिना कसैले पनि पश्चात्ताप र विश्वास गर्नसक्दैन, र तनले यो पनि विश्वास गर्थे कि यो अनुग्रह सबै मानिसहरूलाई दिइएको थिएन।

क्यालभिनले विश्वास गर्थे कि एक व्यक्तिले परमेश्वरको सहायताबिना कुनै पनि असल काम गर्नसक्दैन, जस्तै वाचा पुरा गर्नु वा आफ्नो परिवारलाई माया गर्नु। तिनले विश्वास गर्थे कि परमेश्वरले सबै मानिसहरूलाई असल काम गर्न सक्षम तुल्ताउने अनुग्रह दिनुहुन्छ। तिनले यो अनुग्रहलाई "सामान्य अनुग्रह" भने। यो सामान्य अनुग्रहले एक व्यक्तिलाई उद्धारमा पुर्‍याउनसक्छ भन्ने कुरामा तिनले विश्वास गरेनन्।

परमेश्वरको अनुग्रहप्रति जोन वेस्लीको फरक दृष्टिकोण थियो। तिनले देखे कि बाइबलले मानिसहरूलाई परमेश्वरलाई जवाफ दिन निरन्तर आह्वान गर्दछ। त्यसैकारण, तिनी विश्वास गर्थे कि मानिसको छनौट वास्तविक हो। क्याल्भिनजस्तै, तिनले विश्वास गर्थे कि मानिस भ्रष्ट छ र परमेश्वरको मद्दतबिना सुसमाचारप्रति प्रतिक्रिया दिन सक्दैन, तर तिनी यो पनि विश्वास गर्थे कि परमेश्वरले त्यो सहायता सबैलाई दिनुहुन्छ। तिनले विश्वास गर्थे कि परमेश्वरले मानिसहरूलाई प्रतिक्रिया जनाउने इच्छा र क्षमता दिनुहुन्छ तर तिनीहरूको इच्छा विरुद्ध तिनीहरूलाई बचाउनुहुन्न। परमेश्वरले मानव

[28] तस्बीर: "Portretten van Johannes Calvijn...", from the Rijksmuseum, बाट प्राप्त गरिएको। https://commons.wikimedia.org/w/index.php?curid=85920383, public domain.

छनौटलाई सम्भव बनाउनुहुन्छ। यो प्रत्येक व्यक्तिमा आउने पहिलो अनुग्रह हो। ईश्वरशास्त्रीहरूले यसलाई “पूर्वगामी अनुग्रह” भनेका छन् जसको अर्थ “अगाडि आउने अनुग्रह” हो।

परमेश्वरको अनुग्रह पापीको हृदयमा पुग्छ, उसलाई उसको दोषहरू महसुस गराउँछ र उसलाई देखाउँछ कि उ परमेश्वरबाट अलग हुनुको लागि उ आफै दोषी छ। परमेश्वरको अनुग्रहले उसलाई क्षमादानको चाहना गराउँछ र उसलाई परमेश्वरसित वार्तापालाप गर्ने क्षमता दिन्छ।

अनुग्रह बिना, एक पापी परमेश्वरकहाँ पनि आउन सक्दैन। परमेश्वरलाई खोज्न सुरु गर्नु अघि प्रत्येक व्यक्तिकहाँ अनुग्रह आउँछ, यद्यपि यो अनुग्रह प्राप्त गर्नका लागि केही गरेको छैन।

एफिसी 2:1-3 लाई स्मरण गर्नुहोस्, यसले कस्तो निराशपूर्ण वर्णन दिन्छ? तर यो वर्णनपछि आउने ती दुइवटा पदहरू हेर्नुहोस्।

> तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, यसकारण पापमा हामी मरेका पनि तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो- अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ (एफिसी 2:4-5)।

यदि कुनै व्यक्तिले उद्धार पाएन भने, त्यो उसले कहिल्यै अनुग्रह नपाएको कारणले होइन तर उसले आफूसँग भएको अनुग्रहप्रति प्रतिक्रिया नदेखाएको कारणले हो।

► कुनचाहिँ पहिला आउँछ, मानिसले परमेश्वरको खोजी गर्छ कि परमेश्वरले मानिसको हृदयमा काम हुन्छ? तपाईंयसलाई कसरी व्याख्या गर्नुहुन्छ?

**खण्ड अध्ययन – रोमी भाग 2 खण्ड 3**

यो पाठमा, हामी रोमीको भाग 2 लाई सिध्याउनेछौं। हामीले कसरी अन्यजातिहरूले परमेश्वरको ज्ञानलाई इन्कार गरेर मूर्तिहरू तिर फर्किए भनी हेर्‍यौं। अब, पावल प्रेरितले संसारका मानिसहरूको अवस्थालाई संक्षिप्त वर्णन गर्छन्।

### 3:1-20 को मुख्य बुँदा

संसारमा भएका सबै पापी छन् र परमेश्वरको अदालतमा दोषी ठहरिएका छन्।

### 3:1-20 को सारांश

यस खण्डले 1:18-3:20 को ठूलो खण्डको सारांश प्रस्तुत गर्दछ। 3:19-20 ले सानो खण्डको साथै ठूलो खण्डको पनि सारांश प्रस्तुत गर्दछ। व्यवस्थाले देखाउँछ कि सारा संसार दोषी छ; त्यसैले, कोही पनि उसको कार्यको आधारमा धर्मी ठहरिन सक्दैन।

यो कुरा भन्नुको कारण यो हो कि हरेक मुख बन्द होस् (3:19), जसको अर्थ कसैसँग पनि आफूलाई धर्मी ठहराउने बहाना वा आधार छैन। 3:9 ले पावलको तर्कको रेखा देखाउँछ: उनले यहूदी र अन्यजाति दुवैलाई पापको अधीनमा देखाएका छन्। कसैसँग पनि बहाना नभएको हुनाले, परमेश्वर सबै मानिसहरूसँग पापीको रूपमा व्यवहार गर्दा न्यायी हुनुहुन्छ।

► विद्यार्थीले समूहको लागि रोमी 3:1-20 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू

(3:1-2) पावलले यो देखाए कि यहूदीहरूले केवल यहूदी भएको कारणले मात्र उद्धार पाउनेवाला छैनन्; अन्यजातिहरूको कामको न्याय गरिए जस्तो तिनीहरूको पनि कामको न्याय गरिनेछ। त्यसोभए एउटा स्वभाविक प्रश्न हुनेछ, “के यहूदीहरूको लागि साँच्चै कुनै फाइदा छ?” ठूलो फाइदा

यो हो कि तिनीहरू ती मानिसहरू थिए जसले पवित्रशास्त्र प्राप्त गरेका थिए। धेरैजसो बाइबलको भाग यहूदीहरूद्वारा लेखिएको थियो, जसलाई परमेश्वरले लेख्ने प्रेरणा दिनुभयो। (अन्य फाइदाहरू 9:4-5 मा सूचीबद्ध गरिएको छ)।

यही प्रश्न कुनै पनि धर्म वा अनुग्रहको माध्यम, जस्तै बप्तिस्मा, मण्डली, सदस्यता, भाइचारा, वा अन्य धार्मिक रीतिरिवाजहरूको बारेमा सोध्न सकिन्छ। ती सबैले उद्धारको आश्वासन दिन सक्दैनन्, त्यसैले एक व्यक्तिले सोध्न सक्छ, "त्यसोभए ती सब के कामको लागि असल छ?" उत्तर यो हो कि आराधनाका रूपहरू हाम्रो विश्वासलाई सहयोग गर्न दिइएको छ। जब हामी ती कुराहरूलाई विश्वासमा अभ्यास गर्छौं, हामीले अनुग्रह प्राप्त गर्छौं। तर, यदि हामी विश्वास बिना र आज्ञाकारिताको विकल्पको रूपमा अभ्यास गर्छौं भने ती सबै बेकार छन्।[29]

(3:3) यदि कोही अविश्वासी भए भने के हुन्छ? के तिनीहरूको अविश्वासीपनले परमेश्वरको विश्वासयोग्यतालाई बेकार बनाउँछ? प्रश्नकर्ताले यो सङ्केत गर्दैछन् कि यदि परमेश्वरले अनाज्ञाकारी यहूदीहरूलाई बचाउनुभएन भने, परमेश्वरको प्रतिज्ञा पूरा भएन।

तिनीहरूले सोचेका थिए कि परमेश्वरको अनुग्रह यहूदीहरूको लागि बिना सर्तको हुनुपर्छ। तिनीहरुले सोचेका थिए कि तिनीहरूले आवश्यकताहरू पूरा गर्न असफल भए तापनि परमेश्वरलाई अविश्वासपनको आरोप लगाउन सक्छन्।

***रोमी साम्राज्य***

रोमी साम्राज्य लगभग 27 ईसापूर्व देखि 180 ईस्वी सम्मको थियो। यी शब्दहरूको अर्थ "रोमी शान्ति" थियो। रोमीहरूले धेरै साना राष्ट्रहरूमाथि नियन्त्रण लिएको हुनाले, ती राष्ट्रहरू बीचको युद्ध समाप्त भयो। यसले व्यवसायलाई समृद्ध बनाउन सम्भव बनायो, र मानिसहरूले राष्ट्रिय सीमानाहरू पार गर्न सजिलोसँग यात्रा गर्न सक्थे।

(3:4) दृश्य यस्तो छ को मानौ परमेश्वर र मानिस अदालतमा आमने-सामने खडा छन्। मानिसको अविश्वासको विपरित परमेश्वरको विश्वासयोग्यता प्रमाणित हुनेछ। प्रेरितले यो भन्दैनन् कि हामीले परमेश्वरको न्यायको जाँच गर्नु हुँदैन। उनी भन्छन् कि जब हामी परमेश्वरको कार्यहरूको जाँच गर्छौं, तब हामी हेर्नसक्छौं कि उहाँले जे पनि गर्नुभएको छ, त्यसमा उहाँ धर्मी र न्यायी हुनुहुन्छ।[30]

पत्रमा पछिबाट हामी हेर्छौं कि उद्धार सर्तपूर्ण भएकोले, परमेश्वरको न्याय उहाँले बचाउनुहुँदा र दोषी ठहराउनुहुँदा प्रदर्शित हुन्छ।

(3:5) प्रेरितले यस्तो प्रश्न उठाउँछन् कि कसैले पनि यो प्रश्न सोध्नसक्छ: "यदि हाम्रो पापले परमेश्वर न्यायी हुनुहुन्छ भनेर देखाउँछ भने, यसले केही असल भएको देखाउँछ। त्यसोभए, के परमेश्वरले हामीलाई यसको लागि सजाय दिनु गलत हो?"

► 3:5 मा दिइएको प्रश्नको उत्तर तपाईं कसरी दिनुहुन्छ?

(3:6) होइन, यदि मानिसको पापलाई परमेश्वरको धार्मिकता देखाउनलाई माफ गरिनुपर्छ भने, कुनै पनि पापको न्याय गर्न सकिँदैन। यसले अन्तिम न्यायलाई खण्डन गर्नेछ, जुन न्यायी परमेश्वरमा विश्वास गर्नेहरूको लागि एक आवश्यक सिद्धान्त हो। यसबाहेक, परमेश्वरले पापलाई दण्ड दिनुहुँदा उहाँको न्याय स्पष्ट प्रकाशमा प्रदर्शित हुन्छ, तर यदि पापले उहाँको न्याय देखाउँछ भन्ने आधारमा उचित ठहराइन्छ भने उहाँले पापलाई दण्ड दिन सक्नुहुन्न। आपत्तिले आफैलाई खण्डन गर्दछ।

(3:7) फेरि यो विचार प्रस्ताव गरिएको छ कि हाम्रो पापको प्रयोग परमेश्वरको महिमाको निम्ति गरिने भएकोले, पापीलाई दण्ड दिनुहुँदैन। यो तिनीहरूकको अन्तिम परिणामअनुसार कार्यहरूको मूल्याङ्कन गर्ने प्रयास हो। यद्यपि, यो सत्यतथ्यको विपरित हो कि न्याय उद्देश्यको आधारमा हुनेछ (2:15-16)। साथै, गलत कार्यहरूबाट असल परिणाम ल्याउने श्रेय पूर्णरूपले परमेश्वरलाई जान्छ। पापीले आफ्नो पापद्वारा असल काम गरेन। पापले केवल नराम्रो परिणाममात्र ल्याउँछ जबसम्म परमेश्वरले हस्तक्षेप गर्नुहुन्न।

---

[29] सिफारिस गरिएको पठन: जोन वेस्लीको प्रवचन, "The Means of Grace," https://holyjoys.org/the-means-of-grace/ बाट उपलब्ध छ।
[30] "परीक्षणमा परमेश्वरको न्याय" शीर्षकको पाठ 9 को खण्ड हेर्नुहोस्।

(3:8) पावलले केवल पापीहरू र पापलाई माफ गर्नेहरू दण्डका योग्य छन् भनी बताउँछन्। उनले ख्रीष्टियानहरूले सिकाउने झुटो आरोपलाई बहिस्कार गर्छन् कि हाम्रो पापले परमेश्वरको अनुग्रहद्वारा असल काम गर्नसक्छ, त्यसैले हामीले यसलाई स्वीकार गर्नुपर्छ र पापी नै रहनुपर्छ। आफ्नो पाप स्वीकार गर्नु पर्याप्त छैन। एक व्यक्तिले पश्चात्ताप गर्नुपर्छ; तर साँचो पश्चात्ताप गर्नको लागि उसले आफ्नो पापलाई साँचो दुष्टताको रूपमा हेर्नुपर्छ।

(3:9) "हामी"ले यहूदीहरूलाई जनाउँछ। तिनीहरूको स्वत: आत्मिक स्थीति हुँदैन। सबै पापको अधीनमा छन्; तिनीहरूले पाप गरेका छन् र यसको वशमा छन्।

(3:10-18) यी पदहरू भजनसंग्रह र पुरानो करारका अगमवक्ताहरूबाट उद्धृत गरिएका छन्।[31] कतिले 3:10 पदलाई उद्धृत गर्छन् र भन्छन् कि यसको अर्थ कोही पनि धर्मी छैन, यहाँसम्म कि ख्रीष्टियानहरू पनि धर्मी छैनन्। तथापि, 3:10-18 ले ख्रीष्टियानहरूको बारेमा वर्णन गर्दैन। यदि कसैलाई लाग्छ कि यसले ख्रीष्टियानहरूको बारेमा वर्णन गर्दछ भने, यी वाक्यहरूमा तपाईंले चिन्ने ख्रीष्टियानहरूको नाउँ राखेर कल्पना गर्नुहोस्। उदाहरणका लागि, "पास्टर किरणको मुख सरापले भरिएको छ, तिनका खुट्टाहरू हत्या गर्न हतार गर्छन्, र तिनलाई परमेश्वरको डर छैन।"

यी पदहरूले धर्म परिवर्तन नभएकाहरूको सामान्य अवस्थाको वर्णन गर्दछ। यो 1:29-31 मा वर्णन जस्तै छ। पावलको उद्देश्य यो देखाउनु हो कि कोही पनि आफ्नो कामद्वारा मुक्तिको योग्य हुन सक्दैन। रोमी 3:10-18 ले देखाउँछ कि परमेश्वरको धार्मिकता प्राप्त नगरी कोही पनि धर्मी छैन।

► "बाइबलमा कोही पनि धर्मी छैन भनी बताएकोले कसैले पनि आफू परीक्षामाथि विजय भएको दाबी गर्नुहुँदैन" भन्ने कथनप्रति तपाईं कस्तो प्रतिक्रिया दिनुहुन्छ?

3:19-20 ले 3:1-20 को मात्र होइन, तर 1:18-3:20 सम्मलाई संक्षिप्तमा वर्णन गर्दछ।

(3:19-20) व्यवस्था मानिसहरूलाई कसरी धर्मी ठहराउन सकिन्छ भनेर देखाउन दिइएको थिएन, तर सबैजना सुरुदेखि नै दोषी छन् भनेर देखाउन दिइएको थियो। व्यवस्था धर्मी ठहराउने माध्यम होइन, तर बहिस्कार गर्ने (दोषी ठहराउने) माध्यम हो। "कि हरेक मुख चूप रहोस्" को अर्थ कसैसँग पनि आफूलाई धर्मी ठहराउने बहाना वा आधार छैन। उसले ईश्वरीय अदालतमा आफ्नो बचाउ गर्नसक्दैन।

परमेश्वरद्वारा स्वीकार्य हुनको लागि व्यवस्था पालन गर्नुपर्छ भन्ने सोंच्ने व्यक्ति व्यवस्थाको अधीनमा हुन्छ। व्यवस्थाको अधीनमा हुनु भनेको पूरानो करारको ऐतिहासिक अवधीलाई जनाउँदैन। बचाउने अनुग्रहलाई प्राप्त नगरेको व्यक्ति व्यवस्थाको अधीनमा हुन्छ; किनभने यदि ऊ परमेश्वरको न्यायमा जान्छ भने, उसलाई व्यवस्था तोडेकोमा न्याय गरिनेछ। यदि कुनै व्यक्ति अनुग्रहको आधारमा परमेश्वरद्वारा स्वीकार गरिएको कारणले उद्धार पाएको छ भने ऊ अब व्यवस्थाको अधीनमा रहँदैन।

► व्यवस्थाको अधीनमा हुनुको अर्थ के हो?

## विश्वासद्वारा धर्मीकरण

प्रत्येक व्यक्तिले यो बुझ्नु आवश्यक छ कि पापीलाई परमेश्वरको सामु कसरी धर्मी ठहराउन सकिन्छ। परमेश्वरको शत्रु हुँदा हामीमा कुनै साँचो शान्ति वा सुरक्षित आनन्द हुनसक्दैन, चाहें यो यस समयमा होस् वा अनन्तकालमा होस्।[32]

मानिसहरूका सृष्टिकर्ता परमेश्वर जस्तो पवित्र हुनुहुन्छ, त्यस्तै तिनीहरू परमेश्वरको स्वरूपमा बनाइएका थिए र पवित्र थिए । जसरी परमेश्वर प्रेम हुनुहुन्छ, त्यसरी नै पुरुष र महिला प्रेममा जिइरहेका थिए, परमेश्वरमा बाँचेका थिए र तिनीहरूमा परमेश्वर हुनुहुन्थ्यो। परमेश्वर जस्तो शुद्ध हुनुहुन्थ्यो

---

[31] भजनसंग्रह 14:1-3, भजनसंग्रह 53:1-3, भजनसंग्रह 5:9, भजनसंग्रह 140:3, भजनसंग्रह 10:7, यशैया 59:7-8, हितोपदेश 1:16, भजनसंग्रह 36:1

[32] यो खण्ड वेस्लीको प्रवचन "विश्वासद्वारा धर्मिकरण" बाट रुपान्तरित गरिएको हो, जुन https://holyjoys.org/justification-by-faith/ मा उपलब्ध छ।

त्यस्तै तिनीहरू सबै पापका दागहरूबाट शुद्ध थिए। तिनीहरूलाई कुनै खराबी थाह थिएन तर तिनीहरू भित्री र बाहिरीरूपमा पापरहित थिए। तिनीहरूले आफ्ना परमेश्वरलाई आफ्नो सम्पूर्ण हृदय, मन, प्राण र शक्तिले प्रेम गर्थे।

परमेश्वरले आदम, एक धर्मी र सिद्ध मानिसलाई एक सिद्ध व्यवस्था दिनुभयो। परमेश्वरले सिद्ध आज्ञाकारिताको चाहना गर्नुभयो, जुन पूर्णरूपमा सम्भव थियो। तैपनि, आदम र हव्वाले परमेश्वरको आज्ञा भङ्ग गरे (उत्पत्ति 3:6)।

तुरुन्तै परमेश्वरको धार्मिक न्यायद्वारा आदमलाई दोषी ठहराइयो। परमेश्वरले आदमलाई चेताउनी दिनुभएको थियो कि अनाज्ञाकारिताको लागि दण्ड मृत्यु हुनेछ (उत्पत्ति 2:17)। आदमले जब निषेध गरिएको फल खाए, त्यही क्षण तिनी मरे। तिनको आत्मिक मृत्यु भयो किनकि तिनी परमेश्वरबाट अलग भए। (परमेश्वर बिना आत्मामा जीवन हुँदैन)। त्यसरी नै, तिनको शरीर मरणशील बन्यो। तिनी आत्मामा मरेका, परमेश्वरको लागि मरेका र पापमा मरेका हुनाले, तिनी अनन्त मृत्युतिर अघि बडे; शरीर र आत्मा दुवैको दण्डको लागि नरकको आगोमा, जुन कहिल्यै निभ्ने छैन।

"एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो" (रोमी 5:12)। पाप आदममार्फत आयो, जो हामी सबैका पिता र प्रतिनिधि थिए। यसकारणले, सबै मानिसहरू मरेका छन्-परमेश्वरको लागि मरेका, पापमा मरेका, चाँढै नै विघटन हुने मरणशील शरिरमा बाँचिरहेकाका छन्, र अनन्त मृत्युको दण्ड अन्तर्गत छन्। एक जना मानिसको अनाज्ञाकारिताले सबै पापी बनाइए (रोमी 5:19) र "...एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने..." (रोमी 5:18)।

Iसबै मानिसहरू पापी र दोषी अवस्थामा थिए- जब परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि हामी नाश नहोऔं, तर अनन्त जीवन पाऔं (यूहन्ना 3:16)। परमेश्वरको पुत्र मानिस बन्नुभयो, र मानव परिवारको दोस्रो शिर, सम्पूर्ण मानव जातिको दोस्रो प्रतिनिधि। उसले हाम्रा दु:ख भोग्यो (यशैया 53:4), अनि परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ (यशैया 53:6)। ऊ त हाम्रो अपराधहरूका निम्ति छेडियो र हाम्रा अधर्मका निम्ति ऊ पेलियो (यशैया 53:5)। परमप्रभुले उसका प्राणलाई दोषबलिझैं बनाउनुभयो (यशैया 53:10)। उहाँले पापीहरूका लागि आफ्नो रगत बगाउनुभयो। उहाँले सम्पूर्ण संसारको पापको लागि पूर्णरूपमा सन्तोषजनक बलिदान दिनुभयो।

परमेश्वरको पुत्रले सबैको लागि मृत्यु चाख्नुभएको कारण (हिब्रू 2:9), तिनीहरूका अपराधका लेखा नलिएर परमेश्वरले अब संसारलाई आफैंमा मिलाप गराउनुभएको छ, (2 कोरिन्थी 5:19)। "...जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ" (रोमी 5:18)। हाम्रो लागि उहाँको पुत्रको दु:ख भोगाइको कारण, परमेश्वरले अब हाम्रा पापहरूको लागि हामी पाउनुपर्ने दण्ड रद्द गर्ने, हामीलाई उहाँको पक्षमा फर्काएर ल्याउने, र हाम्रा मृत आत्मालाई आत्मिक जीवनमा पुनर्स्थापित गर्ने ग्यारेन्टी दिनुहुन्छ, जसले हामीलाई अनन्त जीवनको निश्चयता दिन्छ। यो प्रतिज्ञाको केवल एउटा मात्र सर्त छ, जसलाई पूरा गर्न उहाँले हामीलाई सक्षम बनाउनुहुन्छ।

► अन्तिम अनुच्छेदमा उल्लेख गरिएको एउटा सर्त के हो?

## पुरानो करारमा अनुग्रह

► पुरानो करारको समयमा बाँच्ने मानिसहरूलाई कस्तो अनुग्रह र आत्मिक अनुभव उपलब्ध थियो? यो प्रश्न किन महत्वपूर्ण छ?

कतिले यो विश्वास गर्छन् कि पुरानो करारमा भएका मानिसहरू रुपान्तरित हुन सकेनन् र पवित्र आत्माको काम पनि अनुभव गर्न सकेनन्। त्यसैकारण, तिनीहरूले वर्तमान विश्वासीहरूका लागि पुरानो करारको महत्व देख्दैनन्। तिनीहरू सोच्छन् कि विश्वासद्वारा अनुग्रहबाट उद्धार नयाँ करारबाट सुरु भयो। तिनीहरू सोच्छन् कि पुरानो करारमा मानिसहरूलाई व्यवस्था र बलिदानद्वारा बचाउन सकिन्थ्यो।

सत्यतथ्य यो हो कि व्यवस्था पालन गरेर वा बलिदानहरू दिएर कोही पनि कहिल्यै बचाइएन (हिब्रू 10:4)। त्यसो भए तिनीहरू कसरी बचाइए? विश्वासद्वारा अनुग्रहबाट।

### (1) नयाँ करारले भन्छ कि पुरानो करारमा पनि सुसमाचार छ।

- पुरानो करारले सिकाउँछ कि येशू ख्रीष्टमा भएको विश्वासद्वारा मुक्ति छ (2 तिमोथी 3:15)।
- अब्राहामसँग सुसमाचार थियो र विश्वासद्वारा धर्मी ठहराइयो (रोमी 4:1-3; गलाती 3:6, 8)।
- दाउदले विश्वासद्वारा धर्मी ठहरिने कुरालाई वर्णन गरेका छन् (रोमी 4:6-8)।
- सुसमाचार पहिले थियो, पछिबाट व्यवस्था आयो (गलाती 3:17)।
- पुरानो करारका मानिसहरूलाई पनि हामीमा भएको सुसमाचार प्रचार गरिएको थियो (हिब्रू 4:2)।
- येशूले यो देखाउनुभयो कि निकोदेमसले पुरानो करारको अध्ययनबाट नयाँ जन्मको बारेमा पहिले नै थाहा पाएको हुनुपर्छ (यूहन्ना 3:10)।
- विश्वासको कारणले दिइएको धार्मिकता (रोमी 1:17) व्यवस्था र अगमवक्ताहरूद्वारा साक्षी दिइन्छ (रोमी 3:21)।

### (2) विश्वासद्वारा अनुग्रह प्राप्त गर्न धेर ज्ञानको आवश्यकता छैन।

येशूले क्षमा पाउनका लागि पश्चात्तापको प्रचार गर्नुभयो तर प्रायश्चितको बारेमा वर्णन गर्नुभएन। मानिसहरू उहाँको सन्देशमा विश्वास गरेर बाँचे (उदाहरणका लागि- इनारमा सामरी स्त्री, यूहन्ना 4:39-42)।

पुरानो करारका विश्वासीहरूले प्रायश्चितबारे बुझेनन्, तर तिनीहरूलाई केवल परमेश्वरले क्षमाको लागि आधार प्रदान गरिरहनुभएको थियो भन्ने विश्वास गर्नु आवश्यक थियो। त्यसपछि तिनीहरू विश्वासद्वारा अनुग्रहबाट बाँच्न सक्थे, तिनीहरूको काम वा बलिदानहरूद्वारा होइन। तिनीहरूको बलिदान र आज्ञाकारिता तिनीहरूको विश्वासको प्रदर्शन थियो, जस्तो हामीसँग हुन्छ।

यदि कुनै व्यक्तिले परमेश्वरको आदर गर्छ भने, परमेश्वरले उसलाई उसँग सम्बन्ध स्थापित गर्ने मार्ग देखाउनुहुनेछ। भजनसंग्रह 25:14 ले भन्छ, "परमप्रभुको भय मान्नेहरूसँग उहाँको घनिष्टता हुन्छ र उहाँले तिनीहरूलाई आफ्नो करार बताइदिनुहुन्छ"।

### (3) परमेश्वरका आज्ञाहरूले अनुग्रहलाई आवश्यक बनाउँछ।

येशूले मत्ती 22:37-40 मा भन्नुभयो कि सबैभन्दा महत्वपूर्ण आज्ञाहरू भनेको आफूसँग भएको सबै कुराले परमेश्वरलाई प्रेम गर्नु (व्यवस्था 6:5) र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्नु (लेवीहरू 19:18) हो। यी आज्ञाहरू अनुग्रहबिना पालन गर्न सकिँदैन। के परमेश्वरले पुरानो करारका मानिसहरूलाई असम्भव कुराको आज्ञा दिनुभयो, वा उहाँले अनुग्रहद्वारा आज्ञाकारितालाई सक्षम बनाउनुभयो?

खराबीको बदला खराबी नगर (हितोपदेश 24:28-29)। तिमीलाई नराम्रो गर्नेहरूको भलाइ गर (हितोपदेश 25:21-22)। आफ्ना शत्रुहरूको गोरु अथवा गधा बिच्केर जाँदैगरेको देख्यौ भने त्यसलाई फर्काएर मालिककहाँ पुऱ्याइदेऊ (प्रस्थान 23:4-5)। तिम्रा शत्रुहरू लड्दा नरमा (हितोपदेश 24:17)।

### (4) परमेश्वरले पुरानो करारका मानिसहरूले आज्ञाकारितामा जीवन बिताएको अपेक्षा गर्नुभयो।

व्यवस्था 27 र 28 मा आज्ञापालन गर्नेहरूलाई दिइने आशिष् र आज्ञापालन नगर्नेहरूलाई दिइने श्रापहरूको सूची दिइएको छ। यी श्रापहरूले कल्पना गर्न सकिने सबै कुरालाई समेट्छ। यदि आज्ञाकारितालाई सम्भव बनाउन अनुग्रह नभएको भए, यी मानिसहरूले सबै श्रापहरू पाउने र सबै आशिषहरू गुमाउने अवस्था थियो।

**(5) परमेश्वरले तिनीहरूको हृदय परिवर्तन गर्न अनुग्रहको काम प्रदान गर्नुभयो।**

व्यवस्था 30:6 ले भन्छ कि तिनीहरू र तिनीहरूका सन्तान दुवैको हृदयमा खतना गर्नसकिन्थ्यो, ताकि तिनीहरू आज्ञाकारी हुन सक्छ र जिउन सक्छ। व्यवस्था 30:11-20 मा हामी निम्न बुँदाहरू हेर्छौं। तिनीहरूले यो भन्नु हुँदैनथ्यो कि यो प्राप्त गर्न असम्भव थियो, किनकि यो तिनीहरूको मुख र हृदयमा थियो- रोमी 10:6-8 मा पावलले उद्धृत गरेको कथनले विश्वासद्वारा प्राप्त अनुग्रहलाई जनाउँछ। यो मुद्दाको निर्णय तिनीहरूको हृदयमा गरिनेछ (व्यवस्था 30:17)। परमेश्वरप्रतिको प्रेमले आज्ञाकारितातिर डोऱ्याउँछ (व्यवस्था 30:20)।

(व्यवस्था 10:12, 16 लाई पनि हेर्नुहोस्।) परमेश्वरले चाहनुभएको कुरा भनेको पूर्ण प्रेम र हृदयको पवित्रता थियो। हृदयको खतनाले यसलाई सम्भव तुल्याउने थियो।

**(6) कुनै पनि समयमा परमेश्वरका साँचो मानिसहरू तिनीहरू हुन् जसले उहाँलाई प्रेम गर्छन् र उहाँको सेवा गर्छन्।**

रोमी 2:28-29, कलस्सी 2:11-12, र फिलिप्पी 3:3 ले भन्छ कि साँचो यहूदीचाहिँ आत्मिक हो। अगमवक्ताहरूले पनि त्यही भने। उद्धार हृदयको आज्ञाकरितामा निर्भर थियो, र बलिदानहरूले दुष्ट हृदयलाई धर्मी ठहराउँदैनथ्यो। स्तिफनसले आफ्नो समकालिन यहूदीहरूलाई पुरानो करारका पुर्खाहरू जस्तै भएको आरोप लगाए जो हृदय र कानमा बेखतनाका थिए (प्रेरित 7:51)। त्यस्तो समय कहिल्यै आएन जब परमेश्वरलाई केवल आराधनाका रुपहरूको मात्र आवश्यक थियो।

दाऊदले प्रार्थना गरे, "हे परमप्रभु, मेरो चट्टान र मेरा उद्धारक, मेरो मुखका शब्द र मेरो हृदयको ध्यान तपाईंको दृष्टिमा ग्रहणयोग्य होऊन्" (भजनसंग्रह 19:14)।

**(7) पुरानो करारमा अनुग्रहका धेरै उदाहरणहरू छन्।**

- अय्यूब परमेश्वरसँग डराउथे अनि दुष्टताबाट अलग बस्थे (अय्यूब 1:1)
- आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए (उत्पत्ति 6:9)।
- यशैयाले हृदय शुद्धिकरणको अनुभव गरे (यशैया 6)।
- दाऊदले आफ्नो पापी स्वभावको पूर्ण शुद्धिकरणको लागि प्रार्थना गरे (भजनसंग्रह 51)

यी प्रमाणहरूले देखाउँदछ कि पुरानो करारमा विश्वासद्वारा उद्धार र शुद्ध हृदय उपलब्ध थियो। यसको अर्थ पुरानो करार हाम्रो लागि महत्वपूर्ण छ। पुरानो करारमा धर्मी जीवन बिताउनको लागि परमेश्वरको निर्देशनहरू पवित्र परमेश्वरबाट ती मानिसहरूको लागि निर्देशनहरू थिए जसलाई अनुग्रहमा बस्नु पर्दथ्यो।। स्पष्ट रूपमा, धेरे आज्ञाहरू त्यो समय र परिस्थीतिको लागि खास थिए र जस्ताको तस्तै हामीमा लागू हुँदैन। पाठ 7 मा, एउटा खण्ड छ जसले हामीले हाम्रो जीवनमा पुरानो पवित्रशास्त्र कसरी लागू गर्नुपर्छ भनेर व्याख्या गर्दछ।

**पाठ 4 का समीक्षा प्रश्नहरू**

(1) "सामान्य अनुग्रह" बारे क्याल्भिनको अवधारणा व्याख्या गर्नुहोस्।

(2) "अगाडि आउने अनुग्रह" बारे वेस्लीको अवधारणा व्याख्या गर्नुहोस्।

(3) रोमी 3:19 मा, प्रत्येक मुखले "चूप रहोस्" भन्नुको अर्थ के हो?

(4) रोमी 3 मा यहूदीहरूको कुन ठूलो फाइदाको बारेमा उल्लेख गरिएको छ?

(5) आराधनाका रुपहरूले हामीलाई कसरी फाइदा पुऱ्याउँछन्?

(6) रोमी 3:10-18 ले के देखाउँछ?

(7) व्यवस्थाको अधीनमा को छ? (रोमी 3:19-20)

**पाठ 4 का कार्यहरू**

(1) निम्न विषयहरूबाट एउटा विषयको बारेमा एक पृष्ठ लेख्नुहोस्:

- पूर्वगामी अनुग्रह
- पुरानो करारमा अनुग्रह
- पापीहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुपर्ने कारण

आवश्यक परेमा रोमी बाहेक तपाईं विभिन्न पवित्रशास्त्रहरू प्रयोग गर्नसक्नुहुन्छ।

(2) याद राख्नुहोस् कि यस पाठ्यक्रमको समयमा तपाईंले तीनवटा उपदेशहरू प्रचार गर्न वा अन्य समूहहरूको लागि तीनवटा सत्रहरू सिकाउन आवश्यक छ।

# पाठ 5
# धर्मीकरणको माध्यम र अर्थ

## बचाउने विश्वासको परिभाषा दिनु

► बचाउने विश्वास भनेको के हो? यदि कुनै व्यक्तिसित बचाउने विश्वास छ भने, उसले विश्वास गर्नुको अर्थ के हो?

विश्वासीले के विश्वास गर्छ?

**(1) उसले विश्वास गर्छ कि आफूलाई धर्मी ठहराउन उसले केही गर्न सक्दैन।**

"किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ— र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो— कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ" (एफिसी 2:8-9)।

उसले महसुस गर्छ कि उसले गर्नसक्ने कुनै पनि कर्मले आंशिकरूपमा पनि उसलाई मुक्तिको योग्य बनाउने छैन।

**(2) उसले विश्वास गर्छ कि ख्रीष्टको बलिदान उसको क्षमादानको लागि पर्याप्त छ।**

"उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापको निम्ति पनि" (1 यूहन्ना 2:2)।

*प्रायश्चित* भनेको हाम्रो क्षमादान सम्भव तुल्याउने बलिदान हो।

**(3) उसले विश्वास गर्छ कि परमेश्वरले उसलाई केवल विश्वासको सर्तमा क्षमा गर्नुहुन्छ।**

"यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ" (1 यूहन्ना 1:9)।

यदि उसलाई लाग्छ कि अन्य सर्तहरू छन् भने, उसले अनुग्रहबाट पूर्णरूपले नभई आंशिकरूपमा कामहरूद्वारा मुक्ति पाउने आपेक्षा गर्दछ।

## खण्ड अध्ययन – रोमी भाग 3

भाग 3 मा तीन खण्डहरू छन्। पहिलो खण्ड (3:21-31) ले देखाउँछ कि मानिस परमेश्वरले बनाउनुभएको तरिकाद्वारा धर्मी ठहरिनुपर्छ, किनकि मानिसले गरेको कामको आधारमा धर्मी ठहरिन सक्दैन। दोस्रो खण्ड (रोमी 4) ले अब्राहाम र दाऊदलाई धर्मी ठहराउने विश्वासको उदाहरणको रूपमा प्रयोग गर्दछ, जसले यो सिद्धान्त नयाँ होइन भनेर देखाउँछ। तेस्रो खण्ड (रोमी 5) ले ख्रीष्टको बलिदानले यस प्रकारको धर्मी ठहर कसरी सम्भव बनाउँछ भनेर वर्णन गर्दछ। यस पाठमा हामी यी तीनैवटा खण्डहरूको अध्ययन गर्नेछौं।

### 3:21-5:21 को मुख्य बुँदा

मानिसको मुक्तिको लागि परमेश्वरको प्रबन्ध ख्रीष्टको बलिदान हो, जसले विश्वासद्वारा अनुग्रहबाट धर्मी ठहराउनुहुन्छ।

## खण्ड अध्ययन – रोमी भाग 3, खण्ड 1

### 3:21-31को मुख्य बुँदा

परमेश्वरको धर्मीकरणको माध्यम विश्वासद्वारा अनुग्रहबाट हो, र कामहरूद्वारा धर्मी ठहराउनु असम्भव छ।

### 3:21-31 को सारांश

सधैँ सबै व्यवस्था पालन गर्ने आधारमा कोही पनि धर्मी नठहरिएका हुनाले, धर्मीकरणको अन्य कुनै माध्यम खोज्नुपर्छ। **दुविधा (3:26 मा प्रस्तुत गरिएको) भनेको परमेश्वरले पापीलाई धर्मी ठहराउनुहुन्छ र अझ पनि धर्मी न्यायकर्ता बन्नुहुन्छ**। दुविधा प्रायश्चितद्वारा समाधान हुन्छ; परमेश्वरले क्षमाको आधारको रूपमा बलिदान प्रबन्ध गर्नुभयो। विश्वास गर्नेलाई उहाँले क्षमा गर्नसक्नुहुन्छ, तर बलिदानले देखाउँछ कि परमेश्वरले पापलाई गम्भीर ठान्नुभयो।

► विद्यार्थीले समूहको लागि रोमी 3:21-31 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू

(3:21) परमेश्वरलाई स्वीकार हुने धार्मिकता व्यवस्था बिना नै पुरा हुन्छ। प्रेरितले भन्छन् कि यो विचार नयाँ होइन, तर व्यवस्था र अगमवक्ताहरूद्वारा सिकाइएको हो। "तर अब" ले खीष्टमा सुसमाचारको पूर्ण प्रकाशनको समयलाई जनाउँछ जस्तो कि अर्को पदले भन्छ। (3:25 पनि हेर्नुहोस्)।

(3:22-23) यहूदी र अन्यजातिहरूलाई बचाउने तरिकामा कुनै भिन्नता छैन किनकि तिनीहरू समान रूपमा दोषी ठहरिएका छन्। प्राचीन इस्राएलमा पनि, जब तिनीहरुले परमेश्वरले दिनभएको रीतिथितिहरु पालना गर्थे, बलिदान र रीतिथितिहरूद्वारा कोहि पनि कहिल्यै बचाइएन। जो कोही बचाइएको थियो उसले विश्वासद्वारा अनुग्रह प्राप्त गरेर बचाइएको थियो। (3:30 लाई हेर्नुहोस्।)

सबैको लागि उद्धार विश्वासद्वारा हुन्छ। यहाँ "*सबै*" शब्द धेरै पटक प्रयोग गरिएको छ। जसरी सबैले पाप गरेका छन्, त्यसरी नै विश्वास गर्ने सबैले उद्धार पाउन सक्छन्। "विश्वास गर्नाले सबैमाथि" वाक्यांशले प्रस्तावको खुलापनलाई जोड दिन्छ, जसरी "विश्वासद्वारा नै आउँछ" वाक्यांशले विश्वासको अवस्थालाई जोड दिन्छ (1:17)।

(3:24) अनुग्रह हाम्रो लागि नि:शुल्क छ किनभने येशूले छुटकाराको मूल्य तिरिदिनुभयो।

(3:25) पहिलेका पापहरू ख्रीष्ट आउनुअघि गरिएका पापहरू हुन्। तिनीहरूको प्रायश्चित धार्मिक अनुष्ठानबाट भएको थिएन, तर ख्रीष्टको मृत्यद्वारा गरिएको थियो, यद्यपि पाप गरिएको वेला येशूको मृत्यु भविष्यमा थियो। परमेश्वरले ख्रीष्टको प्रायश्चितको आधारमा तिनीहरूलाई क्षमा गर्नुभयो, किनकि यो सुरुदेखि नै योजना गरिएको थियो। (3:21लाई हेर्नुहोस्)

प्रायश्चितले देखायो कि परमेश्वर धर्मी हुनुहुन्थ्यो, यद्यपि उहाँको न्याय तुरुन्तै थिएन। यसले देखायो कि परमेश्वरले पापलाई गम्भीरतापूर्वक लिनुहुन्छ।

(3:26) यो पदले ठूलो दुविधाको समाधान देखाउँछ: परमेश्वर कसरी न्यायी हुन सक्नुहुन्छ र पापीलाई कसरी धर्मी ठहराउन सक्नुहुन्छ? प्रायश्चितले बाटो प्रदान गर्‍यो। परमेश्वरले क्षमाको आधारको रूपमा बलिदान प्रबन्ध गर्नुभयो। विश्वास गर्नेलाई उहाँले क्षमा गर्नसक्नुहुन्छ, तर बलिदानले देखाउँछ कि परमेश्वरले पापलाई गम्भीर ठान्नुभयो।

► यदि परमेश्वरले प्रायश्चित बिना मानिसहरूलाई क्षमा गर्नुभएको भए कस्तो समस्या निम्त्याउने थियो?

परमेश्वर ब्रह्माण्डको धर्मी न्यायकर्ता हुनुहुन्छ। उहाँले पाप यति गम्भीर छ कि यसको निम्ति अनन्त दण्ड छ भनी घोषणा गर्नुभयो। पापको कारण मानिसहरू परमेश्वरबाट अलग भएका छन्। परमेश्वर ब्रह्माण्डको लागि अन्तिम न्यायको निम्ति जिम्मेवार हुनुहुन्छ, असल गर्ने मानिसहरूको लागि इनाम अनि गलत गर्नेहरूको लागि दण्ड।

कुनै पनि आधारबिनाको क्षमादानले परमेश्वरको पहिचानसित द्वन्द्व गर्छ। पापप्रतिको उहाँको प्रतिक्रियामा असंगत देखिने भएकोले यसले उहाँलाई अनादर गर्नेछ। यदि उहाँले केही मानिसहरूलाई दण्ड दिनुभयो र अरूलाई क्षमा गर्नुभयो भने उहाँ अन्यायपूर्ण देखिनुहुन्छ। यो सानो समस्या होइन, किनकि सम्पूर्ण ब्राहमण्ड परमेश्वरको महिमा गर्न अवस्थित छ। यदि मानिसहरूले उहाँलाई न्यायी ठान्दैनन् भने कसरी इमानदारीपूर्वक परमेश्वरको महिमा गर्न सक्छन्?

समाधान यस्तो हुनुपर्थ्यो जसले पापलाई गम्भीर देखाउँछ, क्षमादानको कारण प्रबन्ध गर्छ, र परमेश्वरको स्वभाव प्रदर्शन गर्छ; ताकि मानिसहरूले परमेश्वरलाई पवित्र र न्यायपूर्ण रूपमा सम्मान गर्न जारी राख्न सकून्।

प्रायश्चितले त्यस आवश्यकतालाई पूरा गर्छ। क्रूसमा येशूको बलिदानले पाप गम्भीर छ भनी देखायो। पश्चात्तापको आवश्यकताले पापीलाई आफ्नो पापको दुष्टता स्वीकार गर्न बाध्य बनाउँछ। सबैका लागि उद्धारको निशुल्क प्रस्तावले छनौटलाई व्यक्तिगत बनाउँछ, ताकि परमेश्वरको लागि यो उचित हुन्छ कि जसले आफनो पाप स्वीकार गर्छ त्यसलाई उहाँले क्षमा गर्नुहुन्छ र जसले स्वीकार गर्दैन त्यसलाई उहाँले क्षमा गर्नुहुन्न।

पश्चात्ताप नगर्नेहरूलाई उहाँले किन क्षमा गर्नुहुन्न? पश्चत्ताप नगरी पाप गरिरहने व्यक्तिलाई क्षमा गर्नुले प्रायश्चितको उद्देश्यलाई असफल पार्नेछ: परमेश्वरको न्याय देखाउँदै क्षमा प्रदान गर्नु।

(3:27) उद्धार प्राप्त गर्न स्व-प्रशंसा गर्ने कुनै आधार छैन। कति मानिसहरूले विश्वास गरेका छन् कि यदि कुनै व्यक्तिले आफू उद्धार पाएको दाबी गर्छ भने उसले घमण्ड गर्छ। तर एउटा व्यक्ति जसलाई थाह छ कि उसलाई अनुग्रहको कारणले क्षमा गरिएको छ, उसँग नम्र हुने कारण छ, घमण्ड गर्ने होइन।

(3:28) धर्मीकरण पहिलेको धार्मिकतामा निर्भर गर्दैन। **धर्मीकरणको अर्थ पश्चात्ताप गर्ने र विश्वास गर्ने पापीलाई धर्मी ठहराइन्छ मानौं उसले पाप गरेको छैन।** परमेश्वरप्रति आज्ञाकारिताको जीवन धर्मीकरणबाट सुरु हुन्छ, पहिलेबाट होइन। एक व्यक्तिले आफूलाई परमेश्वरमा स्वीकार्य बनाउने उद्देश्यले आफ्नो जीवन परिवर्तन गर्नसक्दैन। उ ख्रीष्टको प्रायश्चित मार्फत पहिलाबाट नै परमेश्वरमा स्वीकार्य छ, र अरू कुनै तरिका छैन।

(3:29-30) यी पदहरूले यस खण्डलाई पुस्तकको विषयवस्तुसँग जोड्दछ। सन्देश सम्पूर्ण संसारको लागि हो। सुसमाचारको यो विश्वव्यापी प्रयोग एकेश्वरवादमा आधारित छ। किनकि एउटै परमेश्वर हुनुहुन्छ, उहाँका उद्देश्यहरू सम्पूर्ण मानवतामा लागू हुँदछ, स्थानीय देवता जस्तो नभई जो केवल एउटा राष्ट्र वा कुलमा मात्र रुचि राख्छन्। परमेश्वरले सधैँ इस्राएलले अन्यजातिहरूसँग परमेश्वरको ज्ञान बाँड्ने उद्देश्य राख्नुभएको थियो (यशैया 42:6, यशैया 43:21, यशैया 49:6)।

> पश्चात्ताप गर्ने र पापबाट फर्कने र मुक्तिको लागि येशूमा भरोसा गर्नेहरूले जत्तिको पूर्ण रूपमा व्यवस्थालाई कसैले पनि स्थापित गर्दैन।"
>
> - जर्ज म्याकलाफ्लिन,
> रोमीहरूको पुस्तकको टिप्पणी

► प्रेरितले भने कि विश्वासद्वारा धर्मी ठहराइनुले व्यवस्थालाई नष्ट गर्दैन, बरु यसलाई कायम राख्छ। त्यो कसरी हो?

(3:31) जब कसैले आफ्नो पापको पश्चत्ताप गर्छ र आज्ञाकारितामा जिउन थाल्छ, उसले व्यवस्थालाई धार्मिकताको स्तरको रुपमा समर्थन गरिरहेको हुन्छ। प्रायश्चित र धर्मीकरणको कुनै पनि सिद्धान्त जसले व्यवस्थालाई ख्रीष्टियानको लागि अप्रासंगिक बनाउँछ, यो पदसँग मेल

खाँदैन।[33] यदि कुनै व्यक्तिले क्षमा माग्छ तर परमेश्वरको आज्ञा पालन गर्न सुरु गर्ने चाहना राख्दैन भने, उसले पापको दुष्टता र उसलाई क्षमा चाहिने वास्तविक कारण बुझेको छैन भन्ने देखाउँछ। उसले व्यवस्थाको सम्मान गर्ने नाटक गरेर उद्धारको लाभ उठाउने प्रयास मात्र गरिरहेको हुन्छ।

**खण्ड अध्ययन – रोमी भाग 3, खण्ड 2**

### अध्याय 4 को मुख्य बुँदा

अब्राहाम, जसलाई परमेश्वरले आफ्ना मानिसहरूका पिता हुन छान्नुभएको थियो, विश्वासद्वारा धर्मी ठहरिए।

### अध्याय 4 को सारांश

विश्वासद्वारा अनुग्रहबाट धर्मीकरणको सिद्धान्त पुरानो करारमा स्थापित छ। अब्राहाम, जसलाई परमेश्वरले आफ्ना मानिसहरूका पिता हुन छान्नुभएको थियो, विश्वासद्वारा धर्मी ठहरिए। राजा दाऊदले पनि अनुग्रहबाट धर्मीकरण बुझेका थिए। खतना मुक्तिको माध्यम थिएन तर पछिबाट यसलाई विश्वासको चिन्हको रूपमा दिइएको थियो, जुनचाहिँ अब्राहामसित पहिलेदेखि नै थियो। अब्राहाम पछिबाट विश्वासद्वारा उद्धार पाउने सबैका पिता र उदाहरण बने।

► विद्यार्थीले समूहको लागि रोमी 4 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू

(4:1) अब्राहाम यहूदीहरूका पिता थिए। प्रश्न यो हो, "अब्राहामले वास्तवमा के पाए?" यो प्रश्नको उत्तर "यसको उत्तराधिकार को हुनसक्छ?" र "हामी कसरी यसको उत्तराधिकार हुनसक्छौं" जस्ता प्रश्नहरूको उत्तर दिनको लागि दिइनेछ।

(4:2) कर्मबाट हुने उद्धारको सिद्धान्तले स्वभाविक रूपमा घमण्ड निम्त्याउँछ।

► अब्राहामसँग कस्तो विश्वास थियो जुन बचाउने विश्वासको रूपमा गनियो?

(4:3) अब्राहामलाई उद्धारको सम्पूर्ण योजना थाह थिएन, त्यसर्थ, ख्रीष्टको प्रायश्चितमा आफ्नो विश्वास राख्न सकेनन्। तैपनि, तिनले परमेश्वरको प्रतिज्ञा जस्तो प्रकट गरिएको थियो, त्यसमा विश्वास गरे। यस अध्यायमा उल्लेख गरिएको प्रतिज्ञाको भाग यो कि अब्राहाम धेरै जातिहरूका पिता हुनेछन् (4:17-18), तर बाँकी प्रतिज्ञा यो थियो कि पृथ्वीका सबै मानिसहरूले तिनका सन्तानहरू मार्फत आशिष् पाउनेछन् (उत्पत्ति 12:2-3, उत्पत्ति 22:17-18)। यो प्रतिज्ञा याकूबलाई दोहोऱ्याइएको थियो (उत्पत्ति 28:14)। अब्राहामका सन्तानहरू मार्फत पृथ्वीका सबै मानिसहरूलाई परमेश्वरको अनुग्रह प्रदान गरिनेछ। यो अब्राहामलाई परमेश्वरको अनुग्रहको प्रतिज्ञा थियो। यो सबैलाई प्रदान गरिएको अनुग्रहको प्रतिज्ञा थियो।

अब्राहाम धर्मी ठहरिए किनकि तिनले परमेश्वरको अनुग्रहको प्रतिज्ञामा विश्वास गरे। तिनको धर्मीकरण हाम्रो जस्तै थियो, यद्यपि हाम्रो विश्वासमा अझ धेरै सत्यता छ।

(4:4) यदि कुनै व्यक्तिले आफ्नो उद्धारको लागि काम गरिरहेको छ भने, त्यो उद्धार उपहार होइन। बरु उसले एउटा हिसाब दिनुपर्छ जुन उसले चुक्ता गर्न खोजिरहेको छ (रोमी 11:6 लाई हेर्नुहोस्)।

---

[33] जोन वेस्लीका दुई वटा प्रवचनहरू जसको शिर्षक थियो "The Law Established by Faith" यी अवधारणाहरूको राम्ररी व्याख्या गर्छ।. (यो पाठ्यक्रमको अन्त्यमा सिफारिस गरिएको पठन खण्ड हेर्नुहोस्।)

(4:5) काम नगर्ने व्यक्ति परमेश्वरको आज्ञा पालन गर्न वास्ता नगर्ने व्यक्ति होइन, तर उद्धार पाउने साधनको रुपमा काम नगर्ने व्यक्ति हो। स्वर्गमा प्रवेश पाउनको लागि आफ्नो काममा भर पर्नुको सट्टा उसले परमेश्वरको उद्धारको प्रतिज्ञामा विश्वास गर्छ।

(4:6-8) राजा दाऊदले पापको क्षमामा निर्भर परमेश्वरको स्वीकृतिको वर्णन गर्दा विश्वासद्वारा धर्मीकरणको पनि उल्लेख गरे। परमेश्वरले विश्वासीलाई विगतको पापको दोष लगाउनुहुनेछैन। प्रेरित पावलले देखाइरहेका छन् कि विश्वासद्वारा अनुग्रहबाट धर्मी ठहराउने सिद्धान्त कुनै नयाँ विचार होइन- यहाँ सम्म कि राजा दाऊदले पनि यो कुरा बुझेका थिए।

हामी कसरी जान्दछौं कि यसले विगतको पापलाई जनाउँछ र निरन्तर पापलाई जनाउँदैन? रोमी रोमी 6:2 ले भन्छ कि हामी पापको लागि मरेका छौं, त्यसैले अब हामी यसमा जिउँदैनौं। रोमी 6 को सम्पूर्ण सन्देशले यस विचारलाई खण्डन गर्दछ कि हामी विश्वासद्वारा धर्मी ठहरिँदा हामी पापमा बाँच्न सक्छौं। (रोमी 5:6-8 लाई पनि हेर्नुहोस्: “हामी दुर्बल हुँदा नै” र “हामी पापी छँदै”, जसको अर्थ हो कि अब हामीसँग शक्ति छ र हामी पहिले जस्तो पापी छैनौं – हामी धर्मी ठहराइएका छौं र परिवर्तन भएका छौं।)

(4:9) यो प्रश्नले कसरी एक व्यक्ति विश्वासद्वारा धर्मी ठहरिने स्थीतिमा पुग्नसक्छ भन्ने विषयलाई परिचय गराउँछ। के यो आशिष् केवल खतना गरिएकाहरूलाई मात्र आउँछ?

► कुनचाहिँ पहिला आयो? व्यवस्था वा अनुग्रह?

(4:10-12) जब अब्राहामले अनुग्रह पाए त्यसबेला तिनको खतना भएको थिएन। त्यसैकारण, खतना नगरिएको व्यक्तिले विश्वासद्वारा अनुग्रह प्राप्त गर्न सम्भव छ। अब्राहाम ती व्यक्तिहरूका आत्मिक पिता हुन् जसले तिनको उदाहरण पछयाउँछन् (विश्वासको पाइलामा हिँड्छन्), तिनीहरू खतना नगरिएको किन नहोस्। ती मानिसहरू जससँग बचाउने विश्वास छ, ती सबै अब्राहामका आत्मिक सन्तान हुन्। इस्राएलीहरू तिनको आफ्नै वंश भए पनि, विश्वास नगरेसम्म तिनका आत्मिक सन्तान होइनन्।

(4:13-14) अब्राहामको आशिष् कसले पाउँछ? यदि तिनीहरू व्यवस्था पालन गर्नेहरू हुन् भने, यो प्रतिज्ञामा विश्वास गरेर होइन।

(4:15) व्यवस्था न्यायको साधन हो, किनकि यसले पाप प्रकट गर्दछ। यो अनुग्रह प्राप्त गर्ने साधन होइन। यदि व्यवस्था नभएको भए, यसको कुनै उलङ्घन पनि हुने थिएन। पावलले विशेषरुपमा मोशाबाट प्राप्त व्यवस्थाको बारेमा कुरा गरिरहेका छैनन्, तर सामान्यतया मानवताको लागि परमेश्वरको आवश्यकताहरूको बारेमा कुरा गरिरहेका छन्। यस्तो कुनै ठाउँ नै छैन जहाँ परमेश्वरको आवश्यकताहरू पूर्ण रूपमा अज्ञात छ (1:20)।

(4:16-17) अब्राहामाका धेरै जैविक सन्तानहरू थिए जसले विभिन्न जातिहरू निर्माण गरे। यद्यपि, यहाँ पावल प्रेरितले भनेका छन् कि अब्राहाम धेरैका पिता थिए किनकि तिनी विश्वास गर्ने सबैका पिता हुन्।

उद्धार विश्वासद्वारा प्राप्त हुन्छ ताकि यो अनुग्रहद्वारा दिन सकियोस्। यदि प्रापकलाई योग्य बनाउन कुनै कार्य खाँचो पर्थ्यो भने, यो पूर्ण रूपमा अनुग्रहद्वारा हुने नै थिएन। किनभने यो अनुग्रहबाट, विश्वासद्वारा मात्र प्राप्त हुन्छ। यसलाई कमाउने कोशिस गर्ने व्यक्तिले उद्धारलाई बुझ्न सक्दैन।

► परमेश्वरले अब्राहामसित गर्नुभएको प्रतिज्ञा के थियो? हामीले पाउने उद्धारको प्रतिज्ञासँग यो कसरी मिल्दोजुल्दो थियो?

(4:18-19) अब्राहामले परमेश्वरमा त्यतिबेला विश्वास गरे जब तिनको परिस्थीतिमा आशा दिने कोही थिएन। बच्चा जन्माउनसक्ने तिनको क्षमताको सन्दर्भमा तिनको शरीर मरेतुल्य थियो। सारा पनि शारीरिक रूपमा बच्चा जन्माउनसक्ने तिनको समय बितिसकेको थियो। तर साँचो विश्वास परिस्थीतिमा निर्भर गर्दैन।

यो विश्वास कामहरूमा भरोसा गर्नुको विपरित हो। यसले बताउँछ कि हागारको छोरा इश्माएल कामहरूद्वारा उद्धारको एउटा प्रकार हो (गलाती 4:22-31)। इश्माएलको जन्म विश्वासद्वारा होइन, शारीरिक रूपमा सम्पन्न भएको थियो। **उद्धार प्रतिज्ञाद्वारा, त्यसपछि विश्वासद्वारा, त्यसपछि चमत्कारद्वारा हुन्छ।**

(4:20-21) परमेश्वरको महिमा मानिसको क्षमताबाट भन्दा पनि मानिसको भरोसाबाट हुन्छ।

(4:22) पद 3 मा भएको टिप्पणी हेर्नुहोस्।

► के हामीले अब्राहामले पाएको उद्धार-मुक्ति पाउँछौं?

(4:23-25) अब्राहामको विश्वास हाम्रो लागि उदाहरण हो। तिनलाई मुक्तिको सम्पूर्ण योजना थाह थिएन तर तिनलाई प्रकट गरिएको कुरामा तिनले विश्वास गरे। हामीले उद्धारको योजनाको प्रकट गरिएको विवरणहरूमा विश्वास गर्नुपर्छ जुन अब्राहामलाई थाह थिएन- ख्रीष्टको मृत्यु र पुनरुत्थान। यी पदहरूले देखाउँदछ कि हामीले अब्राहामले प्राप्त गरेको धार्मिकता पाउँछौं, किनकि यसले भन्छ कि धार्मिकता तिनलाई दिइएको थियो र त्यही आधारमा हामीलाई पनि दिइनेछ।

**खण्ड अध्ययन- रोमी भाग 3, खण्ड 3**

### अध्याय 5को मुख्य बुँदा

ख्रीष्टले आफ्नो मृत्यु र पुनरुत्थानमा पापको परिणामलाई उल्टाउनुभयो, र मेलमिलाप, धार्मिकता र जीवन ल्याउनुभयो।

### अध्याय 5 को सारांश

अब हामी विश्वासद्वारा धर्मी ठहरिएका छौं, हामी ख्रीष्टद्वारा परमेश्वरसँग मिलापमा छौं (5:1)। "हाम्रा प्रभु येशू ख्रीष्टद्वारा" भन्ने वाक्यांशले अध्यायको विषयवस्तु प्रस्तुत गर्दछ: ख्रीष्टको प्रायश्चित कार्यको प्रभावकारिता। आदमको पापले संसारलाई पाप र मृत्युको अधीनमा ल्यायो, र तिनले पाप गरेपछि हरेक व्यक्तिले पाप गरेका छन्। ख्रीष्टको प्रायश्चितले पापको प्रभावलाई उल्ट्याइ दियो।

► विद्यार्थीले समूहको लागि रोमी 5 पढ्नुपर्छ।

> परमेश्वरको प्रेम
> अकारण, अथाह र अनन्त छ।

### हरेक पदहरूको नोटहरू

(5:1-2क) यो पदले अघिल्लो खण्डलाई यस खण्डसित जोड्छ। अध्यायको विषय ख्रीष्टको कामको प्रभावकारिता हो। शान्तिले परमेश्वरसँगको मेलमिलापलाई जनाउँछ – शत्रुता हटाइनेछ र क्रोध हटाइनेछ।

येशूले भन्नुभयो कि उहाँ ढोका हुनुहुन्छ (यूहन्ना 10:9))। यो पदले पनि यस्तै कुरा भन्छ, किनभने उहाँद्वारा हामी विश्वासद्वारा अनुग्रहमा प्रवेश गर्न सक्छौं। उहाँ बाटो, सत्य र जीवन हुनुहुन्छ (यूहन्ना 14:6)।

(5:2ख-5) यी पदहरूले विश्वासीले अनुग्रहमा रहँदा गरेको अनुभव वर्णन गर्दछ।

पावलले भने कि हाम्रो आनन्द भनेको त्यो आशाको कारण हो कि हामी परमेश्वरको महिमा अनुभव गर्नेछौं। उनले भने कि हामी कष्टमा पनि आनन्दित हुनसक्छौं।

ख्रीष्टियानले साना कुराहरूको (जीवनको परिस्थीति) आनन्द लिनसक्छ र त्यसलाई सहन पनि सक्छ किनकि ठूला कुराहरू सुरक्षित छन्। अविश्वासीले जीवनका कुराहरूबाट आनन्द लिन खोज्छ। तर कुनै पनि कुराहरू सन्तुष्ट पार्नलाई पर्याप्त हुँदैनन्; ती सबै चाँढै बितेर जान्छ। यदि जीवन यात्रा हो भने जीवनको अवस्थाहरू धेरै खराब हुँदैन, तर यदि अरू केही छैन भने जीवनको अवस्था दयनीय लाग्छ।

संकष्टलाई विश्वासयोग्यसित सहनुले विश्वासीको लागि एउटा प्रक्रिया पूरा गर्दछ। (याकूब 1:2-4 लाई पनि हेर्नुहोस्) विश्वासद्वारा सङ्कष्ट सहन गर्दा, हामी धर्य विकास गर्छौं। धैर्य भनेको केवल पर्खने इच्छा मात्र होइन; यो विश्वासद्वारा सहनसक्ने क्षमता हो। जब हामी यो धैर्यशील विश्वासको अभ्यास गर्छौं, हामी परमेश्वरको कामको अनुभव र समीक्षा गर्न जारी राख्छौं जसले हामीलाई आशा दिन्छ। हामीलाई थाह छ कि परिस्थीति खराब देखिएता पनि परमेश्वरको इच्छा पूरा भइरहेको छ।

► जब तपाईं खराब परिस्थीतिमा हुनुहुन्छ, तब तपाईं आफैलाई कसरी प्रोत्साहन दिनुहुन्छ?

हामीलाई थाह छ कि हाम्रो आशा निराश हुनेछैन, किनकि हामीले पहिले नै पवित्र आत्माद्वारा हाम्रो हृदयमा परमेश्वरको प्रेम अनुभव गरिसकेका छौं। एफिसी 1:13-14मा, पावलले भने कि पवित्र आत्मा नै ग्यारेन्टी हुनुहुन्छ कि परमेश्वरले गर्नुभएको सबै प्रतिज्ञा पूरा गर्नुहुनेछ। आत्मा करारको लागि निक्षेप जस्तै हो।

5:6-10 ले जोड दिन्छ कि हामी धर्मी ठहराइएको बेला हामी यसको योग्य थिएनौं र यसलाई पूरा गर्न केही गर्न सक्दैनौं। हामी शक्तिहिन थियौं, अझ पापी थियौ, र शत्रु थियौं।

(5:6) कमजोर हुनुको अर्थ विशेषगरी व्यवस्थाका आवश्यकताहरू पूरा गरेर आफूलाई बचाउन असमर्थ हुनु हो। हामी परमेश्वरका आवश्यकताहरू पूरा गर्न वा पापबाट आफूलाई छुटकारा दिन शक्तिहिन थियौं।

(5:7-8) असल मानिसको लागि पनि कोही मरिदिने कुरा विरलै हुन्छ, तर हामी पापी छँदै ख्रीष्ट हाम्रो लागि मर्नुभयो।

(5:9-10) ख्रीष्ट हाम्रो मध्यस्थ र अधिवक्ताको रुपमा रहनुहुन्छ। पावलले तर्क गर्छन् कि यदि हामी पापी छँदै परमेश्वर क्षमा गर्न तयार हुनुहुन्थ्यो भने, अब हामी ख्रीष्टमा धर्मी ठहरिएका छौं र उहाँको अनुग्रहको बारेमा अझ बढी विश्वस्त हुनसक्छौं। हाम्रो लागि उहाँको मृत्युद्वारा हामी मिलाप भएका छौं र जीवित ख्रीष्टसँग जोडिएर परमेश्वरमा स्वीकार्य भइरहने छौं।

(निम्न भाग 5:12-19 को लागि महत्वपूर्ण छ।)

### के हामी आदमको पापको दोषी छौं?

► के हामी आदमको पापको दोषी छौं। आफ्नो उत्तर बताउनुहोस्।

रोमी 5:12-19 ले भन्छ कि आदमको पापको कारणले गर्दा सबै मानवजाति पाप र मृत्युको अधीनमा परे। के हामी व्यक्तिगतरूपले आदमको पापको दोषी छौं? के पापीहरूलाई आदमको पापको लागि दण्ड दिइनेछ?

पावलले पापीहरूलाई आदमको पापको लागि दण्ड दिइनेछ भनेर भनेनन्। 5:12 मा उनले भने कि सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो। प्रत्येक व्यक्ति व्यक्तिगत रूपमा आफ्नै पापको दोषी छ। रोमी 1-2 ले पहिले नै जोड दिएको छ कि मानिस धर्मी ठहरिनु खाँचो छ किनकि परमेश्वरको व्यवस्था तोड्नेहरू पापी हुन्। मानिसहरूलाई तिनीहरूको जन्मेको अवस्थाको लागि दोषी ठहराइँदैन तर तिनीहरूले पाप गर्ने छनौट गरेको कारण दोषी ठहराइन्छ। हरेकको न्याय कामअनुसार हुनेछ (प्रकाश 20:12, रोमी 2:6-16, 2 कोरिन्थी 5:10)।

तैपनि, आदमद्वारा समसारमा पापको प्रवेश भयो। सम्पूर्ण नजन्मिएको मानवजातिको पिताको रूपमा, तिनले मानवजातिलाई परमेश्वरबाट अलग गरे। त्यसपछि सबै मानिसहरू परमेश्वरबाट अलग भएर जन्मिएको कारण भ्रष्ट हुन्छन्। आदमको पापको कारण, सबै मानिसहरू पाप गर्ने प्रवृति लिएर जन्मेका हुन्छन् र तिनीहरू सबैले पाप कार्य गरेर यसको अनुसरण गरेका छन्।

निम्न कथनहरूलाई त्यस बुझाइको साथ व्याख्या गर्न सकिन्छ:

- एक जना मानिसको अपराधले गर्दा धेरै मरे (5:15)
- एउटा अपराधको इन्साफले दण्डको आज्ञा ल्यायो (5:16)
- एउटै मानिसको अपराधले गर्दा मृत्युले राज्य गऱ्यो (5:17)
- एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डको भागिदार बने (5:18)
- एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए (5:19)

पावलले यसो भनेनन् कि हामी आदमको पापको दोषी छौं; तर आदमले पाप ल्यायो, अनि सबैले पाप गरे। पापीहरूले तिनीहरूको धेरै अपराधको क्षमा पाउनु खाँचो छ (5:16), आदमले गरेको पापको लागि होइन।

**3खण्ड अध्ययन – रोमी भाग 3, खण्ड 3**

**हरेक पदहरूको नोटहरू जारी**

(5:12) सबै मानिसमा पाप फैलिनुको कारण आदमको दोष होइन तर सबै मानिसले पाप गरेको कारणले नै हो। आदम नै संसारमा पाप ल्याउने र आफ्ना सन्तानमाथि यसको प्रभाव ल्याउने व्यक्ति थिए।

(5:13-14) व्यवस्था बिना पाप प्रकट गरिएको थिएन र स्पष्टरूपमा निन्दा गरिएको थिएन। यद्यपि, मोशाले व्यवस्था प्राप्त नगरेसम्म, मृत्युले राज्य गऱ्यो। मानिसहरूलाई थाह थियो कि तिनीहरू पापको दोषी छन्, यहाँसम्म कि व्यवस्थाले प्रदान गर्ने स्पष्टता बिना पनि (1:20 लाई हेर्नुहोस्)। पापको वास्तविक सीमा व्यवस्थाद्वारा देखाइएको छ। आदमको पापजस्तै पापको अर्थ हुन्छ व्यवस्थालाई जानीजानी नमान्नु। कुनै पनि प्रकाश नभएकाहरूसँग स्पष्ट विकल्प थिएन, तैपनि तिनीहरूले अझ पनि आफ्नो विवेकलाई पूर्णरूपमा पालन गरेनन् (1:21)।

(5:15) आदमको कार्यले धेरै जना मरे, र ख्रीष्टको कार्यले धेरै जनामा जीवन ल्यायो। *धेरै* शब्दले सामान्यतया सबैलाई बुझाउँछ। यस कुरालाई जोड दिइएको छ कि ख्रीष्टको प्रायश्चित आदमको पापको प्रभावभन्दा धेरै व्यापक थियो। यस पदले भन्छ कि **जसरी आदमको पापले सबैलाई पापी बनायो, त्यसरी नै ख्रीष्टको प्रायश्चितले सबैलाई अनुग्रह प्रदान गर्दछ**। आदमको पतनले पापी बनाइएका हरेक व्यक्तिलाई परमेश्वरले अनुग्रह प्रदान गर्नुहुन्छ।

► पद 15 बाट, परमेश्वरले मानवताको थोरै प्रतिशतको लागि मात्र उद्धारको प्रबन्ध गर्नुभयो भन्ने सोच्ने व्यक्तिलाई तपाईं कसरी उत्तर दिनुहुन्छ?

(5:16 ) मौलिक पाप एउटा कार्य थियो, तर अब धेरै पापहरूको लागि अनुग्रहको आवश्यकता छ। अनुग्रह मौलिक पापभन्दा धेरै ठूलो हुनुपर्छ।

(5:17-19) आदमको पापको प्रभावले गर्दा धेरै जना पापी बनाइए। तिनीहरू ख्रीष्टद्वारा धर्मी बनाइनेछन्। यसको अर्थ तिनीहरू परिवर्तन हुन्छन् भन्ने हो।

(5:20) व्यवस्थाले पापलाई यस अर्थमा गुणा गर्छ कि यसले अपराधहरूको लामो सूची बनाउँछ जहाँ पहिले केही पापहरू मात्र पहिचान भएका थिए। यसले पापलाई यस अर्थमा पनि बढाउँछ कि एक व्यक्तिले व्यवस्थालाई थाहा पाएपछि र त्यसलाई अस्वीकार गर्ने छनौट गरेपछि, ऊ पहिलेको भन्दा खराब पापी बन्छ। यो 7:5-24 मा वर्णन गरिएको अवस्था हो। तर अनुग्रह सबै पापभन्दा धेरै मात्रामा बढी हुन्छ।

## अमेजिङ ग्रेस (अचम्मको अनुग्रह)

जोन न्युटिनकी ख्रीष्टियान आमा थिइन् तर उनी नाविक र जहाजको कप्तान बने र गहिरो पापमा डुबे। उनले आफ्नो जीवनमा कठिन परिस्थीतिको सामना गरे। साथीहरूले उनलाई धोका दिए र केही समयको लागि उनी दास बने। जब उनको अवस्थामा सुधार भयो, उनले पाप गर्न जारी राखे र दास व्यापार गरेर धेरैको जीवन नष्ट गर्न मद्दत गरे। उनी वर्षौंसम्म दास जहाजको कप्तान थिए। एकपटक उनको जहाज दुर्घटनाग्रस्त भयो र उनी एउटा टापुमा अलपत्र परेका थिए तर उनका बुबाका मित्र एक कप्तानले तिनको त्यहाँबाट निकाले। उनले महसुस गरे कि उनी दुष्ट भए पनि परमेश्वर उनीप्रति दयालु हुनुभएको थियो। पछि फेरि जहाज ठूलो आँधीमा पर्‍यो; र उनले परमेश्वरलाई दयाको लागि पुकारे। जहाज आँधीबाट बाँच्यो र न्युटन परमेश्वरको दयामा भर पर्न थाल्यो। उनले अन्तमा समुद्र छोडे र पादरी बने। उनले लेखेका भजनहरू मध्ये एउटा भजन सबैभन्दा बढी गाइने र सबैभन्दा बढी रेकर्ड गरिने भजन हो — "अचम्मको अनुग्रह" (Amazing Grace)।

आफ्नो साक्षीमा, न्युटनले भने, "परमेश्वरले कृपापूर्वक मलाई गहिरो दलदलबाट बाहिर निकाल्नुभएको छ र मेरो खुट्टालाई चट्टान, ख्रीष्ट येशूमाथि बसाल्नुभएको छ। उहाँले मेरो प्राणलाई बचाउनुभएको छ। र अब, उहाँको अतुलनीय, स्वतन्त्र, सार्वभौम र विशिष्ट अनुग्रहको प्रशंसा र सम्मान गर्ने मेरो हृदयको इच्छा र किनभने "'म जो छु, त्यो परमेश्वरको अनुग्रहले छु" (1 कोरिन्थी 15:10)। मेरो उद्धार पूर्णरूपमा परमेश्वरको अनुग्रहमा श्रेय दिनु मेरो हृदयको ठूलो आनन्द हो।"[34]

## पाठ 5 का समीक्षा प्रश्नहरू

(1) बचाउने विश्वास भएको व्यक्तिले के विश्वास गर्छ?

(2) प्रायश्चितले कुन दुविधा समाधान गर्छ?

(3) प्रायश्चितले कसरी दुविधा समाधान गर्‍यो?

(4) धर्मीकरण (धर्मी ठहराइनु)को अर्थ के हो?

(5) कसैले धार्मिकताको स्तरको रूपमा व्यवस्थालाई कसरी समर्थन गर्छ? (रोमी 3:31)

(6) अब्राहामलाई परमेश्वरको अनुग्रहको प्रतिज्ञा के थियो?

(7) दाऊदले विश्वासद्वारा धर्मी ठहरिने बारेमा के भने?

(8) अब्राहामका आत्मिक सन्तानहरू को हुन्?

(9) रोमी 5:15 बाट हामी कसरी थाहा पाउँछौं कि उद्धार सबैलाई प्रदान गरिएको छ?

## पाठ 5 को कार्य

निम्न प्रश्नहरूको उत्तर दिँदै धर्मीकरणको बारेमा एक पृष्ठ लेख्नुहोस्: प्रायश्चितले समाधान गर्ने दुविधा के हो? पापी आज्ञाकारिताद्वारा किन बचाउन सकिँदैन? अब्राहामले विश्वासद्वारा कसरी धर्मीकरण प्रदर्शन गरे? उद्धार सबैको लागि उपलब्ध छ भनेर कसरी थाह पाउन सक्छौं?

---

[34] "जोन न्यूटनको रुपान्तरण"बाट https://banneroftruth.org/us/resources/articles/2001/john-newtons-conversion/ (डिसेम्बर 29, 2022मा पहुँच गरिएको)।

# पाठ 6

# पापमाथि विजय

## पाप

रोमी 6 पापको शक्तिबाट छुटकाराको बारेमा हो। पश्चात्ताप र विजय बुझ्नलाई, हामीले पाप के हो भनी बुझ्नुपर्छ।

► पाप के हो?

बाइबलले सामान्यतया पापपूर्ण कार्यहरूलाई जानीजानी गर्ने कार्यको रुपमा बताउँछ (1 यूहन्ना 3:4-9, याकूब 4:17)। जब कुनै व्यक्तिले जानीजानी परमेश्वरको आज्ञा भङ्ग गर्ने छनौट गर्छ, त्यो इच्छापूर्वक गरिएको पाप हो।

परमेश्वरको अपरिवर्तनीय व्यवस्थाको अनजान वा आकस्मिक उलङ्घन हुन्छ भने जानीजानी गरेको पापले झैं परमेश्वरसँगको हाम्रो सम्बन्धमा असर गर्दैन। हामी ज्योतिमा हिंड्छौं भने (हामीलाई थाह भएको सत्यअनुसार रहँदा), हामी सबै पापबाट शुद्ध हुन्छौं (1 यूहन्ना 1:7) र हामी डराउनु पर्दैन कि अनजानमा गरिएको आज्ञा भङ्गले हामीलाई परमेश्वरबाट टाडा बनाउँछ।

यो खण्डले मुख्य रुपमा जानीजानी गरिएको पापको बारेमा बताइरहेको छ, जसले विश्वासलाई नष्ट गर्छ र परमेश्वरसँगको सम्बन्धमा हानि पुऱ्याउँछ।

## खण्ड अध्ययन – रोमी भाग 4, खण्ड 1

रोमी को भाग 4 (रोमी 6-8) धर्मी ठहराइएकाहरूको पवित्रीकरणको बारेमा हो।

यहाँसम्म, पावलले *प्रतिबन्धित* धार्मिकताको बारेमा कुरा गर्दै आएका छन्। यो धार्मिकता त्यो हो जुन विश्वासीलाई उसको विगतका पापहरूको सट्टा दिइएको छ। अब उसले *प्रदान गरिएको* धार्मिकताको वर्णन गर्न थाल्छ। प्रदान गरिएको धार्मिकता पनि धर्मी ठहराइँदा अनुग्रहद्वारा दिइन्छ र यसको अर्थ हुन्छ कि विश्वासी पापको शक्तिबाट मुक्त भएर र पवित्र आत्मा पवित्र जीवन बिताउन सहयोग गरेर वास्तवमा धर्मी बन्छ। त्यसैकारण, विश्वासीलाई पवित्र मात्र मानिएको छैन, तर उसलाई पवित्र बनाइएको छ; यसलाई पवित्रीकरण भनिन्छ।

यस पाठमा हामी रोमी 6 अध्याय अध्ययन गर्नेछौं, जुन पापमाथि विजयको बारेमा हो।

### अध्याय 6 को मुख्य बुँदा

विश्वासी पापको बन्धनबाट मुक्त छ र उसले पापमाथि विजयी भएर परमेश्वरको आज्ञाकारितामा जिउन रोज्नुपर्छ, नत्रता ऊ फेरि पापको नियन्त्रणमा आउनेछ।

### अध्याय 6 को सारांश

रोमी 6 मा पावलले धेरै मानिसहरूको गलत विचारलाई उत्तर दिएका छन्: गलत विचार यो हो कि अनुग्रहको कारणले गर्दा, विश्वासीहरूले परमेश्वरको व्यवस्थाअनुसार जिउनु आवश्यक छैन। यो त्रुटि अनुग्रहको गलत बुझाइमा आधारित छ। पावलले दुई काल्पनिक प्रश्नहरू सोधेर र उत्तर दिएर यस त्रुटिको जवाफ दिन्छन् (6:1, 15)।

जब केही मानिसहरूले 5:20 लाई पढ्छन्, तिनीहरूले तर्क गर्छन् कि हामी पापमा लागिरहनुपर्छ, ताकि हामी अझ धेरै अनुग्रह पाउन सकौं (6:1)। तिनीहरू सोच्छन् कि हाम्रो पापको अभिलेखलाई प्रतिबन्धित धार्मिकताले प्रतिस्थापन गरेको हुनाले, हामीले पाप गरिरहँदा पनि कुनै फरक पर्दैन।

केही मानिसहरूले विश्वासीहरूलाई परमेश्वरको व्यवस्थाको पालन गरिरहनु आवश्यक छैन भन्ने सोच्नुको अर्को कारण पनि छ। हामी हाम्रा कार्यहरूद्वारा होइन, अनुग्रहद्वारा स्वीकार गरिन्छौं। यही कारणले गर्दा तिनीहरूको गलत सोचाइ छ कि हामी जे गर्छौं त्यसले केही फरक पार्दैन (6:15)।

पावलले दुवै काल्पनिक प्रश्नहरूको तर्कलाई कडासित अस्वीकार गरे। उनले पापमाथि विजय किन यति महत्वपूर्ण छ भनी व्याख्या गर्दै उत्तर दिए।

► विद्यार्थीले समूहको लागि रोमी 6 पढ्नुपर्छ।

**हरेक पदहरूको नोटहरू**

(6:1) यहाँ प्रेरितले एउटा प्रश्न सोधे जुन कसैले सुनेपछि सोध्नसक्छ कि अनुग्रह पापभन्दा प्रशस्त छ। कसैलाई लाग्नसक्छ कि पाप वास्तवमा यसको परिणाममा राम्रो छ किनभने यसले प्रशस्त अनुग्रहको लागि बाटो बनाउँछ। यस्तो विचारले यस्तो देखाउँछ कि हामी पापमा लापरवाह भएर बाँच्न स्वतन्त्र छौं।

(6:2) पावल प्रेरितले यस प्रश्नको उत्तर अपमानजनक रूपमा दिए। त्यसपछि उनले व्याख्या गरे कि हामी पापमा बाँचिरहन सम्भव छैन, किनकि हामी पापको लेखि मरेका छौं।

(6:3-5) हामी पापमा रहिरहँदैनौं किनकि हामी ख्रीष्टको मृत्यु र पुनरुत्थानमा एकताबद्ध छौं। रोमी 5:15-19 ले व्याख्या गरेझैं, येशूले हामी सबैको लागि उद्धारको काम पूरा गर्नुभयो। विश्वासद्वारा हामी उहाँसँग जोडिन्छौं, ताकि ख्रीष्टलाई जस्तै परमेश्वरको निगाह हामीमा विस्तारित होस्।

येशू एकपल्ट पापको लागि मर्नुभयो, र त्यसपछि परमेश्वरको लागि जीवित हुनुभयो। येशूको मृत्यु हाम्रो पापको लागि थियो, आफ्नै लागि होइन, तर मुख्य कुरा यो हो कि पापको मुद्दा समाप्त भयो। विश्वासद्वारा हामी मरेका छौं र उहाँसँगै बौरी उठेका छौं, ताकि हामी पनि पापबाट समाप्त भएका छौं।

बप्तिस्मा भनेको येशूको मृत्यु र पुनरूत्थानमा हाम्रो सहभागिताको प्रतिक हो।

(6:6) पुरानो मनुष्यत्वले परिवर्तन हुनुभन्दा अघिको पापमय जीवनलाई प्रतिनिधित्व गर्दछ। (यस पाठको पछिबाट आउने खण्डले पुरानो मनुष्यत्वको अवधारणालाई व्याख्या गर्दछ)। पापको जीवन पूर्णरूपमा समाप्त हुन्छ, त्यसैले हामी अब पापको दास रहँदैनौं।

**यो खण्डमा पापलाई के भएको छ भन्ने बारेमा प्रयोग गरिएको शब्दलाई ध्यान दिनुहोस्: यो मरेको छ, क्रूसमा टाँगिएको छ र नष्ट गरिएको छ। यी शब्दहरूले पापमाथि पूर्ण विजयको संकेत गर्दछ।**

(6:7-11) यी पदहरूको जोड यो हो कि विश्वासीको लागि पापको नियन्त्रण समाप्त हुन्छ। मृत्यु यसको दृष्टान्त हो। एउटा व्यक्ति जोचाहिँ मरेको छ ऊ पापबाट स्वतन्त्र भएको छ, र हामीले आत्मिक अनुभव पाउनुपर्छ जोचाहिँ मृत्युजस्तै छ।

पुनरुत्थानपछि, येशू फेरि मर्नुभएन र मरिरहनुभएको छैन। उहाँले मृत्युसँगै समाप्त गर्नुभयो। हामी पापको लागि पूर्णरुपमा मर्नुपर्छ र यससँग समाप्त हुनुपर्छ र यसबाट स्वतन्त्र हुनुपर्छ। पापको लागि मृत्युको अर्थ हो समाप्त हुनु, त्यसपछि हामी परमेश्वरको लागि जिउनुपर्छ।

पावलले रोमी रोमी 6:1-23 मा वर्णन गरेको पापको लागि ख्रीष्टको मृत्यु, उहाँको दफन, र त्यसपछिको पुनरुत्थानसँग ख्रीष्टियानको मिलनले तिनीहरूलाई पापको शक्ति र दासत्वबाट मुक्त गर्छ। त्यस व्यक्तिलाई पापको लेखि मरेको (रोमी 6:2) र पापबाट मुक्त भएको (रोमी 6:7) भनी घोषणा गरिएको छ। पापको लागि मर्नु भनेको अब त्यसको शक्ति र नियन्त्रणमा नहुनु हो। एउटा विश्वासीले विश्वासद्वारा आफूलाई पापको लेखि मरेको, तर

येशू ख्रीष्टमा परमेश्वरको लागि जीवित भएको ठान्नुपर्छ (रोमी 6:11)। यसको अर्थ ख्रीष्टियानले आफ्नो बारेमा परमेश्वरले घोषणा गर्नुभएको कुरालाई व्यक्तिगतरुपमा अनुभव गरेको हुनुपर्छ। उसले अब आफ्नो शरीरमा पापलाई राज्य गर्न दिनुहुँदैन (रोमी 6:12), न त उसले आफ्नो शरीरका अङ्गहरूलाई दुष्टताको साधनको रूपमा प्रयोग गर्नुपर्छ (रोमी 6:13क)। बरु, उसले आफूलाई परमेश्वरमा स्वीकार्य हुने जिउँदो बलिदानको रूपमा प्रस्तुत गर्नुपर्छ (रोमी 12:1), र आफ्नो शरीरका अङ्गहरूलाई धार्मिकताको साधनको रूपमा समर्पण गर्नुपर्छ (रोमी 6:13, 19)।[35]

रोमी 6:11मा, ठान्नु भनेको लेखा लिनु हो। यो यसको अर्थ जे सत्य छ त्यसको पुष्टि गर्नु हो। यो देखावटी होइन। पावल प्रेरितले विश्वासीहरूलाई यस्तो कुनै कुरा भन्न लगाइरहेका छैनन् जो सत्य छैन। एउटा विश्वासीले महसुस गर्नुपर्छ कि ऊ पापबाट पूर्णरुपमा मुक्त भएको छ, मानौं ऊ मरिसकेको छ, र उसले पापको शक्तिबाट स्वतन्त्र भएर जिउने छनौट गर्नुपर्छ।

► आफूलाई पापको लेखि मरेको ठान्नु भनेको के हो?

**यस अध्यायको बाँकी भागले पापमाथि विजय महत्वपूर्ण हुनुको अर्को कारण बताउँछ। हामी पापको दास होइनौं, तर परमेश्वरको दास हौं। तपाईं दुवैको सेवा गर्नसक्नुहुन्न। जब तपाईं पापको दास हुनुहुन्थ्यो, तपाईंले कुनै धार्मिकता गर्नुभएन (6:20)। अब तपाईं पापबाट मुक्त हुनुहुन्छ र परमेश्वरको दास हुनुहुन्छ; त्यसैले तपाईं पवित्रतामा जिउनुहुन्छ (6:22)।**

(6:12-13) यहाँ हामी एउटा भिन्नता देख्छौं। यदि हामीले पापमाथि विजय हासिल गरेनौं भने, पापले हामीमाथि राज्य गर्नेछ। विश्वासीहरू पापी इच्छाद्वारा नियन्त्रित हुँदैनन्। गलत कार्यहरूको लागि आफ्नो शरीर प्रयोग गर्नु भनेको यसलाई पापको अधिकारमा सुम्पनु हो। बरु, तपाईंको शरीर परमेश्वरको हो र उहाँको लागि प्रयोग गरिनुपर्छ।

(6:14) **व्यवस्थाको अधीनमा हुनु भनेको परमेश्वरको स्वीकृतिको लागि व्यवस्थाको पालनमा निर्भर हुनु हो।** त्यो व्यक्ति बचाउने अनुग्रह बिना हुन्छ, त्यसैले कामहरूको आधारमा उसको न्याय गरिन्छ। किनकि अनुग्रह बिना कोही पनि पापमाथि विजय हुनसक्दैन, व्यवस्थाको अधीनमा हुनु भनेको दोषी ठहरिनु र पापको शक्तिको अधीनमा हुनु हो। **अनुग्रहको अधीनमा हुनु भनेको परमेश्वरको स्वीकृतिको लागि अनुग्रहमा निर्भर हुनु हो।** अनुग्रहको अधीनमा भएको व्यक्ति पापको अधीनमा छैन। व्यवस्थाको अधीनमा हुनु वा अनुग्रहको अधीनमा हुनु भनेको पुरानो करार वा नयाँ करारको अधीनमा हुनु होइन।

► विद्यार्थीहरूलाई व्यवस्थाको अधीनमा हुनु भनेको के हो भनी आफ्नै शब्द, फेरि व्याख्या गर्न लगाउनुहोस्।

(6:15) यहाँ पावल प्रेरितले एउटा प्रश्न सोधे जुन कसैले पनि व्यवस्थाको अधीनमा छैनौं भनेर सुनेपछि सोध्न सक्छ: "के हामी पाप गर्न सक्छौं, किनकि हामी व्यवस्थाको अधीनमा छैनौं?" त्यो व्यक्ति सोचिरहेको छ कि यदि परमेश्वरसामु हाम्रो स्वीकृति हाम्रो आज्ञाकारिता आवश्यक छैन। पावलले प्रश्नको कडा प्रतिक्रिया दिन्छन्।[36]

पावलले किन अनुग्रहले निरन्तर पापलाई स्वत: ढाक्दैन भनेर प्रत्यक्षरूपमा व्याख्या गरेनन्। बरु, उनले व्याख्या गरे कि यदि कुनै व्यक्ति पापको शक्तिको अधीनमा छ भने ऊ परमेश्वरको सेवक हुन सक्दैन।



**रोमी सिपाही**

रोमी सेना आफ्नो तालिम, अनुशासन र हातहतियारमा अरूभन्दा उत्कृष्ट थियो। एफिसी 6:13-17 मा, पावलले आत्मिक युद्धको लागि रोमी कवचलाई उदाहरणको रूपमा प्रयोग गरे।

[35] यो अनुच्छेद डा. एलन ब्राउनद्वारा लेखिएको थियो।

[36] तस्वीर Piqsels बाट, प्राप्त गरिएको https://www.piqsels.com/en/public-domain-photo-sriuc.

(6:16) परमेश्वर र पाप दुवैको सेवा गर्नु असम्भव छ किनकि तपाईं जसको आज्ञा पालन गर्नुहुन्छ त्यसको दास हुनुहुन्छ। यदि तपाईंले पापको आज्ञा पालन गर्नुहुन्छ भने, पाप तपाईंको मालिक हो, जसको अर्थ परमेश्वर तपाईंको मालिक हुनुहुन्न। प्रेरित पत्रुसले भनेझैं जुनसुकै कुराले व्यक्तिलाई जित्छ त्यसले उसलाई दासत्वमा ल्याउँछ (2 पत्रुस 2:19)। पापको दास नबनी तपाईं पापको अधीनमा रहन सक्नुहुन्न।

(6:17-18) विश्वासीहरूले पापको शक्तिबाट छुटकारा दिइएको छ र अब तिनीहरूले धार्मिकताको सेवा गर्छन्। तिनीहरूले सुसमाचार पालन गरेर यो छुटकारा अनुभव गरे। फेरि, यो भनिएको छ कि धार्मिकताको सेवा गर्न तिनीहरूलाई पापबाट छुटकारा पाउनु आवश्यक थियो।

**सम्पूर्ण अध्यायले पापद्वारा बाँधिएको हुनु र विजयी जीवन जिउनुको बीचको भिन्नतालाई प्रस्तुत गर्दछ। एउटा विश्वासी पापको शक्तिमा रहनु वा पापीले पाप गरिरहने क्रममा धर्मी हुनु सम्भव छ भन्ने कुरा कहिल्यै हुन सक्दैन। पावलले यसलाई अझ स्पष्टरूपमा भन्न सक्ने तरिका फेला पार्न गाह्रो हुनेछ।**

(6:19) उनले भने कि उनले यसलाई मानव शब्दमा व्याख्या गर्दैछन् ताकि तिनीहरूले यसलाई बुझ्न सकून्। तिनीहरू अघि पापमा समर्पित थिए, जसले तिनीहरूलाई अझ पापमा डुबायो। अब, तिनीहरू आफ्नो कार्यमा धर्मी हुनुपर्छ, जुन पवित्रताको लागि आवश्यक छ। एउटा व्यक्ति सही काम गरेर पवित्र हुँदैन, तर यदि उसले सही काम गरिरहेको छैन भने उ पवित्र छैन।

► परमेश्वरको सेवा गर्नु र पापमा रहनु एउटै समयमा असम्भव छ भनी तपाईं कसरी व्याख्या गर्नुहुन्छ?

(6:21-23) पापले कुनै असल कुरा उत्पादन गर्दैन तर स्वभाविक रुपले मृत्यु ल्याउँछ। पापीले मृत्यु कमाउँछ; पापको ज्याला मृत्यु हो। विश्वासीले अनन्त जीवनको कमाइ गर्दैन, किनकि उसले यसलाई कमाउन सक्दैन, यसलाई उसले अनुग्रहको उपहार स्वरूप प्राप्त गर्छ।

### उद्धारको व्यक्तिगत आश्वासनको आधार

कसैले सोच्छन् कि एक पटक कसैले ख्रीष्टलाई स्वीकार गरिसकेपछि उसको जस्तोसुकै जीवनशैलीमा रहँदा पनि उसको उद्धार सुरक्षित हुन्छ।[37] उद्धारको दाबी जीवन परिवर्तनमा परिणत नभए पनि, पश्चात्ताप र रुपान्तरणको कुनै फल देख्न नसकेता पनि, अनि एउटा व्यक्तिले येशूको साँचो चेला हुन बहिस्कार गरेता पनि, उसले झुटो तरिकाले उद्धारको दाबी गर्नसक्छ। यो एउटा घातक छल हो र धेरै पवित्रशास्त्रहरूद्वारा यसको बारेमा खण्डन गरिएको छ।

> हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं (हिब्रू 10:22)।
>
> आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू **विश्वासद्वारा** परमेश्वरको शक्तिबाट **सुरक्षित** राखिएका छौ (1 पत्रुस 1:5)।

यी खण्डहरूबाट हामी सिक्छौं कि उद्धारको बाइबलीय आश्वासन **विश्वास**मा निर्भर छ:

- **उद्धारको आश्वासन विश्वासमा निर्भर छ जसले बुझाउँछ**- "सम्पूर्ण भरोसामा"। आश्वासन सुसमाचारको स्पष्ट समझबाट सुरु हुन्छ (1 कोरिन्थी 15:3-4)। यो "समझका परिपूर्णता" हो जसको बारेमा कलस्सी 2:2 मा पनि भनिएको छ। उद्धार केवल अनुग्रहबाट मात्र छ, ख्रीष्टको प्रतिस्थापन मृत्युमा भएको हाम्रो विश्वासद्वारा (एफिसी 2:8-9)। उद्धार-मुक्तिको आवश्यक्ता पापरहित पूर्णता (कोही पनि योग्य

[37] यो खण्ड Tim Keep द्वारा लेखिएको हो।

हुनेछैन) वा सधैँ बचाइएको अनुभव गरिरहनु होइन, बरु हामी असफल हुँदा पनि ख्रीष्टको योग्यता र उद्धारको पूरा काममा निरन्तर विश्वास गर्नु हो। विश्वासयोग्यताको लागि जोशले साँचो बचाउने विश्वासलाई पछयाउनेछ।

- **उद्धार-मुक्तिको आश्वासन साँचो विश्वासमा निर्भर हुन्छ-** "साँचो हृदयले।" साँचो परिवर्तन भएको व्यक्ति त्यो हो जसको हृदय "खराब विवेकबाट छर्कोद्वारा चोख्याइएको" हुन्छ (हिब्रू 10:22)। दोष र लाजलाई हटाइएको छ र शान्ति र प्रेमले भरिएको छ। एउटा साँचो परिवर्तित व्यक्ति त्यो पनि हो जसको शरीर "शुद्ध...पानीले धोएर" शुद्ध पारिएको छ, किनकि पुराना कुराहरू बितिसकेका छन् र ती सबै नयाँ भइसकेका छन् (2 कोरिन्थी 5:17)। एउटा साँचो परिवर्तित व्यक्ति त्यो पनि हो जसले आफ्ना गल्तीहरू र पापहरू मानिलिन्छ र त्यसबाट क्षमा पाउन र छुटकारा पाउनका लागि पश्चात्ताप गर्छ। (मत्ती 6:12, याकूब 5:16)।

- **आश्वासन जीवित विश्वासमा आधारित छ** – "विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौं।" यो विचार महल वा किल्लाको रक्षा गरेजस्तै हो। परमेश्वरको दिव्य शक्तिले हामीलाई बचाउँछ, संरक्षण गर्छ र अन्तत: विजयतर्फ डोऱ्याउनेछ। यो ख्रीष्टको शुद्ध रगतको शक्ति र उहाँको पुनर्स्थापनको शक्ति हो जुन हामी विश्वासद्वारा उपयुक्त बनाउँछौं जसले हाम्रो आत्मालाई अनन्त जीवनको लागि सुरक्षित राख्छ। एक मात्र वास्तविक उद्धार गर्ने विश्वास भनेको दृढ विश्वास हो; विश्वास जुन निरन्तर ख्रीष्टमा र क्रूसमा उहाँले समापन गर्नुभएको काममा भरोसा राख्छ। विश्वास काम होइन, तर यो मुक्तिको लागि एक अवस्था हो। हिब्रू लेखकले यसलाई यसरी राखे: "विश्वासबिना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ" (हिब्रू 11:6)।

धेरै मानिसहरू विश्वास गर्छन् कि उद्धारमा कुनै पनि आवश्यकताहरू जोड्नु भनेको विधीवाद हो, तर येशू र प्रत्येक नयाँ करारका लेखकले निरन्तर विश्वासको आवश्यकतालाई स्पष्ट रूपमा सिकाउनुभयो।

> तिमीहरू मेरो वचनमा **रह्यौ भने** तिमीहरू **साँच्चै मेरा चेला हौ** (यूहन्ना 8:31)।
>
> **यदि तिमीहरू आफ्ना विश्वासमा** अचल र स्थिर भइरह्यौ र तिमीहरूले सुनेका सुसमाचारको आशाबाट हटेनौ भने (कलस्सी 1:23)।
>
> तर मेरो **धार्मिक जनचाहिँ विश्वासद्वारा बाँच्नेछ,र यदि** ऊ **पछि हट्छ** भनेता म उसँग खुशी हुनेछैनँ (हिब्रू 10:38)।
>
> विश्वास र स्वच्छ विवेक कायम राख। कुनै-कुनै मानिसले विवेकलाई इन्कार गरेर आफ्नो **विश्वासको जहाज डुबाएका छन्** (1 तिमोथी 1:19)।

उद्धारको निश्चयताको वर्णन गर्दै, जोन वेस्लीले भने,

> मेरो सान्त्वना कुनै पनि विचारमा होइन, विश्वासीले पतन हुनसक्छ वा सक्दैन भन्ने कुरामा होइन, हिज ममा भएको कुनै पनि कुराको सम्झनामा होइन; तर आज जे छ, ख्रीष्टमा परमेश्वरको बारेमा मेरो वर्तमान ज्ञानमा, मलाई आफूसँग मिलापमा; येशू ख्रीष्टको सामुन्ने परमेश्वरको महिमाको प्रकाश अहिले देख्नु; ज्योतिमा हिँड्नु जसरी उहाँ ज्योतिमा हुनुहुन्छ र पिता र पुत्रसँग संगति गर्नु। मेरो शान्त्वना यो हो कि अनुग्रहद्वारा म प्रभु येशू ख्रीष्टमा विश्वास गर्नसक्छु, र आत्माले मेरो आत्मासँग गवाही दिन्छ कि म परमेश्वरको सन्तान हुँ।[38]

---

[38] John Wesley, "Serious Thoughts Upon the Perseverance of the Saints", in *The Works of John Wesley: Letters, Essays, Dialogs and Addresses Vol. X*, (Grand Rapids, MI: Zondervan) 295. अनलाइन पनि उपलब्ध छ: https://archive.org/details/worksofjohnwesle0010wesl/

► अघिल्लो खण्डमा उल्लेख गरिएका अवधारणाहरूबाट, एउटा ख्रीष्टियानले जीवित विश्वासको आधारमा उद्धारको निश्चयता पाउन सक्छ भनेर तपाईं कसरी व्याख्या गर्नुहुन्छ?

## पुरानो स्वभाव

*पुरानो स्वभाव* शब्द पत्रहरूमा तीन पटक प्रयोग गरिएको छ। पावलले तीनै पटक यो शब्द प्रयोग गरेका थिए। यी तीनै घटनाहरूलाई तिनीहरूको सन्दर्भना तुलना गरेर हामी यो शब्दको अर्थ के हो भनी बुझ्न सक्छौं।

### कलस्सी 3:9-10

ले भन्छ, "एउटाले अर्कालाई नढाँट, किनकि पुरानो स्वभाव त्यसका चलनसमेत तिमीहरूले त्यागेका छौ, र नयाँ स्वभाव धारण गरेका छौ।" पावलले भने कि यी विश्वासीहरूले पुरानो स्वभावलाई पहिले नै त्यागिसकेका थिए। उनको कथनको अर्थ यो होइन कि तिनीहरू अघिबाट नै पूर्ण रूपमा पवित्र थिए, किनकि कलस्सी 3 को अधिकांश भागले तिनीहरूलाई पवित्रतामा बोलाइरहेको छ।

पहिला उनले कलस्सीको विश्वासीहरूलाई भने, "माथिका कुराहरूको खोजी...माथिका कुरामा मन लगाओ...किनभने तिमीहरू मरेका छौं, र तिमीहरूको जीवन परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ" (कलस्सी 3:1-3)। त्यसपछि उनले भने, "यसकारण तिमीहरूमा जो संसारिक स्वभावका कुराहरू छन् तिनलाई मार: व्यभिचार, अशुद्धता, कामुकता..." (3:5) । 3:6 ले भन्छ कि यस्ता पापहरूले परमेश्वरको क्रोध ल्याउँदछ, र 3:7 ले भन्छ कि यी विश्वासीहरू अघि यी कुराहरूमा रहेका थिए। पावलले तिनीहरूलाई आफ्नो जीवनमा यस्ता कुराहरू नसहने आग्रह गरे। यो कुरा यो कुरा तिनीहरूले यस्ता सबै कुराहरू मार्नुपर्छ भन्ने कथनमा निहित छ।

त्यसपछि उनले तिनीहरूलाई केही कुराहरू त्याग्न आह्वान गरे: रीस, डाह, फोहोर बोली र अन्य (3:8)। यो ख्रीष्टमा भएको जीवनसित दाज्न नसकिनेछ।

त्यसपछि हामी यो कथनमा आउँछौं कि तिनीहरूले यो सबै गर्नुपर्छ किनभने तिनीहरूले अघि नै आफ्ना पुराना स्वभावलाई त्यसका कामहरूसहित त्यागेका छन्।

उहाँले तिनीहरूलाई पवित्र गुणहरू वर्णन गरेर (3:12), त्यसपछि सम्बन्धहरूमा ख्रीष्टको समानतालाई आग्रह गरेर (3:13), त्यसपछि तिनीहरूलाई प्रेम धारण गर भन्दै (3:14) आफ्नो ख्रीष्टियान विश्वासमा अगाडि बढ्न आह्वान गर्नुभयो, जसले सबै कुरालाई पूर्ण सद्भावमा एकसाथ बाँध्छ।

यो स्पष्ट देखिन्छ कि यस सन्दर्भमा पुरानो व्यक्तित्व भनेको परिवर्तनको समयमा स्थगित गरिएको पुरानो जीवन थियो। किनभने तिनीहरूले त्यसो गरेका थिए, पावलले विश्वास गरे कि तिनीहरू पूर्ण पवित्रतामा अगाडि बढ्न सक्छन्।

### एफिसी 4:22

यो पद कलस्सीको खण्डसँग समानान्तर छ। 4:17-19 मा, उनले अन्यजातिहरूको जीवनशैली वर्णन गरे; त्यसपछि 4:20 मा उनले यसलाई विश्वासीको जीवनसँग तुलना गरे। 4:21-24 ले ख्रीष्टलाई...जानेका" (4:20) हुनु र उहाँको विषयमा सुनेका र सिकाइएका हुनुको अर्थ के हो भनी वर्णन गर्दछ (4:21)। यी कुराहरूमा पुरानो स्वभाव त्याग्नु र नयाँ आत्मा धारण गर्नु समावेश छ। यो तिनीहरू परिवर्तन हुँदा भएको घटनाको एउटा भाग थियो।

एफिसीको यो खण्डले कलस्सी 3 सँग मिल्दोजुल्दो ढाँचालाई पछ्याउँछ। यो कथनपश्चात कि पुरानो स्वभावलाई त्याग्नु सुसमाचारको भाग हो जुन तिनीहरूले पहिले नै सिकेका थिए, पावलको पहिलो आज्ञा झुट त्याग्नु हो। उनले क्रोध, कुवाक्य र द्वेषको उल्लेख गरे। उनले तिनीहरूलाई दयालु र क्षमाशील हुन बताए। पुरानो स्वभाव पहिले नै त्याग गरिएको भनाइपछि कलस्सीमा यी सबै कुराहरू पनि उल्लेख गरिएको थियो।

पुरानो स्वभाव यस्तो कुरा होइन कि जसबाट विश्वासीले अझ पनि छुटकारा पाउन आवश्यक छ, तर त्यस्तो कुरा हो जुन परिवर्तन हुँदा त्यागिएको थियो। तिनीहरू अझ पूर्णरुपमा पवित्र थिएनन्, र पावलले तिनीहरूलाई आफ्नो जीवनमा पूर्ण पवित्रताको आह्वान गरे जुन तिनीहरूले पुरानो स्वभावबाट छुटकारा पाउँदा गरेको सुरुवातसँग मेल खान्छ।

**रोमी 6:6**

यस खण्डमा पावलले अविश्वासी र विश्वासी बीचमा ठूलो भिन्नता चित्रण गरे। अध्यायको मुख्य बुँदा येशूका अनुयायीहरूले पापमाथि विजय पाएका छन् भनी आश्वस्त पार्नु हो। विश्वासीले पापमाथि विजयी भएर जिउन सक्छ भनी प्रमाणित गर्न उनले दिएको एउटा कारण हो कि पुरानो स्वभावलाई क्रूसमा टागिएको छ। "हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं ।" उनले स्पष्टरूपमा भनेका छन् कि विश्वासी पापबाट मुक्त हुनसक्छ किनभने परिवर्तनमा पहिले नै भइसकेको छ।

**निष्कर्ष**

त्यसो भए *पुरानो स्वभाव* शब्दको अर्थ के हो? पुरानो स्वभाव भनेको पापको स्व-केन्द्रित जीवन हो जुन स्वभावलाई एउटा व्यक्ति परिवर्तन हुँदा परित्याग गर्छ।

नयाँ परिवर्तन भएको व्यक्तिमा अझै पनि त्यस्ता व्यवहार र मनोवृत्तिहरू हुन्छन् जुन नयाँ स्वभावसँग भन्दा पुरानो स्वभावसँग बढी मिल्दोजुल्दो हुन्छन्। त्यसैले पावलले विश्वासीहरूलाई आफ्नो जीवनमा थप सुधार गर्न भने जुन पुरानो स्वभावको बहिस्कारसँग मिल्दोजुल्दो हुनेछ। उनले भनिरहेका थिए, "किनकि तपाईंले पापको पुरानो जीवन त्याग्नुभएको छ, धार्मिकताको नयाँ जीवनसँग नमिल्ने कुनै पनि व्यवहार रोक्नु आवश्यक छ।"

## हाम्रो पवित्रीकरणको लागि येशूको प्रबन्ध

रोमी 6:1-10 मा हामीलाई हाम्रो व्यक्तिगत पवित्रीकरणको लागि येशूको प्रबन्धहरूको बारेमा बताइएको छ। [39]जब हामी नयाँ गरी जन्मियौं, हामीलाई ख्रीष्टसँग राखियो। सबै थोक जसको लागि उहाँ मर्नुभयो अनि जीवित हुनुभयो, ती सबै उहाँमा हाम्रो हुन्छ। यसको अर्थ ख्रीष्टमा हामीसँग पापमाथि पूर्ण विजयका लागि स्रोतहरू छन्।

ख्रीष्टसँगको हाम्रो एकताको कारणले गर्दा, उहाँलाई जे भयो त्यो मलाई पनि भएको छ। जब उहाँ मर्नुभयो, म मरें। जब उहाँ बौरी उठ्नुभयो, म उहाँमा बौरी उठें। ख्रीष्टसँगको यो जीवित एकताको कारण, विश्वासीको पापसँग एकदमै नयाँ सम्बन्ध छ। हामी अब पापको लागि मरेका छौं। हामी पापका कार्यहरू र पापको सिद्धान्त दुवैको लागि मरेका छौं। यो पापसँगको हाम्रो स्थितिगत सम्बन्ध हो।

ख्रीष्टसँगको हाम्रो मिलनको कारण, अब हामी नयाँ जीवनमा हिँड्छौं किनकि हामी उहाँको पुनर्जीवित जीवन साझा गर्छौं।

ख्रीष्टसँगको हाम्रो मिलनको कारण, उहाँको क्रूसको मृत्यु मेरो क्रूसको मृत्यु बन्छ। उहाँको मृत्युले पापको शक्तिलाई पराजित गरेको हुनाले, हामी अब यसको बन्धनमा बाँधिएका छैनौं।

*ठान्नु* को अर्थ के हो? (रोमी 6:11) यो अवस्थामा, यो एउटा हिसाबकिताबको शब्द हो। यसको अर्थ हुन्छ, पूरा हिसाब राख्नु। नयाँ करारमा यो ग्रीक शब्द 11 पल्ट विभिन्न खण्डहरूमा प्रयोग भएको छ, र यसलाई फरक शब्दमा अनुवाद गरिएको छ। यहाँ यसको तात्पर्य "विश्वासद्वारा पापबाट

[39] यो भाग डा. Allan Brown ले लेखेको हो।

स्वतन्त्रता र ख्रीष्टको प्रायश्चित र पुनरुत्थानमा प्रदान गरिएको परमेश्वरसँगको एकता" हो।[40] क्रियाको अर्थ यो हो कि हामीले उहाँमाथि विश्वास गर्नुपर्छ जो अघिबाट नै सत्य हुनुहुन्छ: हामी पापको लेखि मरिसकेका छौं।

म पापको लेखि मरिसकेको छु र ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित छु भन्ने सत्यको लागि मैले के गर्नुपर्छ? विश्वासद्वारा म परमेश्वरको वचनलाई मेरो हृदयको लागि सत्यको रूपमा ग्रहण गर्छु। म परमेश्वरको अचुक वचनको अधिकारमा घोषणा गर्दछु कि म सबै पापबाट स्वतन्त्र भएको छु र ख्रीष्ट येशू मेरा प्रभुमा परमेश्वरको लागि पूर्णरुपमा जीवित भएको छु।

येशू ख्रीष्टको स्वैच्छिक प्रेमको दासको रूपमा, म स्वेच्छाले ती मनोवृत्ति र कार्यहरू त्याग्छु जुन पुरानो जीवनको विशेषता थियो। येशूप्रति पूर्ण समर्पित आनन्द हो! र ख्रीष्टसँगको मेरो सम्बन्धको परिणामस्वरूप, मसँग अनन्त जीवन छ।

### निष्कर्ष

पापको नियन्त्रण गर्ने शक्तिबाट पूर्ण स्वतन्त्रता पाउनु हाम्रो लागि रगतले किनेको विशेषाधिकार हो भनेर हामीले देखेका छौं। तर त्योभन्दा पनि बढि, यो परमेश्वरको आज्ञा हो कि हामी विजयी बनौं।

सायद तपाईंले यो सत्यलाई कहिल्यै महसुस गर्नुभएको छैन होला। परमेश्वरले तपाईंलाई बचाउनुभएको छ र तपाईं जीवनको नयाँपनमा हिंडिरहनुभएको छ; तर तपाईंले आफ्नो जीवनमा पाप अझै पनि देखा परिरहेको पाउनुहुन्छ। तपाईं यो चाहनुहुन्न! तर भित्र केही छ जुन कुरालाई आफ्नै तरिकाले गर्न चाहन्छ। यदि यो मामला हो भने, पावलको आज्ञाहरू पालन गर्नुहोस्, आफूलाई पापको लागि साँच्चै मरेको ठान्नुहोस् (6:11) र आफूलाई परमेश्वरमा समर्पण गर्नुहोस् (6:13)।

उहाँलाई पूर्ण नियन्त्रण दिनुहोस्! यदि तपाईंले यो गर्नुभयो भने, उहाँले तपाईंलाई पापको नियन्त्रणको शक्तिबाट स्वतन्त्र जीवन बिताउन सक्षम बनाउने प्रतिज्ञा गर्नुहुन्छ। परमेश्वरले भन्नुभएको कुरामा विश्वास गर्नुहोस् र विश्वासद्वारा पापबाट स्वतन्त्रताको दाबी गर्नुहोस्।

> रोमी ६-८ को अध्ययन गर्दा हामीले पत्ता लगाउनेछौं कि सामान्य ख्रीष्टियान जीवन बिताउने अवस्थाहरू चारपत्रे छन्। ती हुन् (1) जान्नु, (2) विचार गर्नु, (३) आफूलाई परमेश्वरमा प्रस्तुत गर्नु, र (४) आत्मामा हिंड्नु, र तिनीहरू त्यस क्रममा प्रस्तुत गरिएका छन्।"
>
> - वाचम्यान नी,
> सामान्य ख्रीष्टियान जीवन

► ख्रीष्टसँगको एकताको अर्थ के हो? तपाईं ख्रीष्टसँग एकताबद्ध हुनुभएकोले तपाईंले आफ्नो जीवनमा के आशा गर्नुपर्छ?

### विजयी जीवन कसरी बिताउने?

के तपाईंले कहिल्यै सोच्नुभएको छ कि के पापमाथि विजय प्राप्त गरेर जिउन साँच्चै सम्भव छ? परमेश्वरले परीक्षामा हाम्रो कमजोरीको क्षतिपूर्ति गर्ने अनुग्रहलाई सक्षम बनाउने प्रतिज्ञा गर्नुभएको छ:

> मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर तिमीहरूले सहन सकून् भनेर परीक्षाको साथसाथै उम्कने बाटो पनि दिनुहुन्छ। यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ (1 कोरिन्थी 10:13)।

यो पदले हामीलाई धेरै महत्वपूर्ण कुराहरू बताउँछ।

---

[40] W.T. Purkiser, *Exploring Christian Holiness, Vol. 1*, (Kansas City, Beacon Hill Press), 138

1. **हरेक परिक्षा मानिस जातिको लागि सामान्य हुन्छ।** हामी मानिस भएको कारण यो परिक्षा हामीलाई आउँछ र यसले मानिसको कमजोरीलाई लक्षित गर्दछ। यसको अर्थ तपाईंका संघर्षहरू वास्तवमा तपाईंमा मात्र सीमित छैनन्।

2. **परमेश्वरलाई हाम्रो क्षमता थाह छ।** उहाँलाई थाह छ कि हामी कति सहन सक्छौं। हामीलाई वास्तवमा थाह छैन कि हामी कति सहन सक्छौं, तर उहाँलाई थाह छ।

3. **परमेश्वरले हामीमाथि आउने परीक्षालाई सीमित गर्नुहुन्छ किनकि उहाँले हामीलाई विजयमा जिएको चाहनुहुन्छ।** केही मानिसहरू मान्छन् कि परीक्षा प्राय: हाम्रो क्षमताभन्दा बाहिर हुनेछ किनभने हामी मानिस हौं। तिनीहरू मान्छन् कि निरन्तर विजय असम्भव छ, तर यस पदअनुसार यस्तो छैन।

4. **परमेश्वरले हामीलाई विजयमा जिउनका लागि आवश्यक कुरा प्रदान गर्नुहुन्छ।** उहाँले उम्कने बाटो प्रदान गर्नुहुन्छ।

यसर्थ यो पदबाट हामीले निकाल्नसक्ने निष्कर्ष यो हो कि परमेश्वरले हामीलाई विजयमा जिउन दिनचाहनुहुन्छ। विश्वासको प्रत्युत्तरमा विजयी जीवनको लागि अनुग्रह दिइन्छ।

> किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र संसारलाई जित्ने विजय हाम्रो विश्वास हो (1 यूहन्ना 5:4)।
>
> त्यो मानिस धन्यको हो, जो आपत्-विपत्मा स्थिर रहन्छ, किनकि जाँचको सामना गरिसकेपछि त्यसले जीवनको त्यो मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिने प्रतिज्ञा गर्नुभएको छ (याकूब 1:12)।

यदि हामी बुझ्न सक्छौं कि विश्वासीहरू परीक्षाबाट कसरी पराजित भएका छन्, सायद हामी यसलाई कसरी रोक्न सक्छौ भनेर बुझ्नसक्छौं। परीक्षामा पर्ने व्यक्तिले सामान्यतया आफुलाई निश्चित प्रक्रियाबाट गुज्रन दिन्छ।

यो प्रक्रिया याकूब 1:14-15 मा वर्णन गरिएको छ: "तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ… ।"

जोन वेस्लीले अवलोकन गरे कि जानीजानी पाप गर्ने चरणहरू साधारणरुपले निम्न प्रकारले हुन्छन्।

1. परिक्षा उत्पन्न हुन्छ (संसारबाट, शरीरबाट र शैतानबाट)।
2. आत्माले विश्वासीलाई सतर्क रहने चेताउनी दिन्छ।
3. एउटा व्यक्तिले परिक्षामा ध्यान दिन्छ र त्यसको आकर्षण वृद्दि हुन्छ। (यहाँबाट व्यक्तिले यस प्रक्रियामा आफ्नो पहिलो गल्ती सुरु गर्छ)।
4. आत्मा दु:खित हुन्छ, व्यक्तिको विश्वास कमजोर हुन्छ, र परमेश्वरप्रतिको उसको प्रेम सेलाउँछ।
5. आत्माले तिब्ररुपले हप्काउनुहुन्छ।
6. व्यक्ति आत्माको पिडादायी आवाजबाट टाडिन्छ र परीक्षाको आकर्षक आवाजतिर फर्कन्छ।
7. खराब इच्छाहरू सुरु हुन्छ र उसको हृदय खराब इच्छाले भरिन्छ; विश्वास र प्रेम हराउँछ; ऊ बाहिरी पाप गर्न तयार हुन्छ।

हामीले यो मान्नुहुँदैन कि हरेक व्यक्तिको अनुभव सधैँ यो ढाँचासित मेल खान्छ। कहिलेकाहीँ मानिसहरू कुनै पनि प्रक्रियाबाट नगुज्रिकन अचानक परीक्षामा पर्छन्।

परिक्षाले आफ्नो शक्ति हामीलाई आकर्षित गर्दै बढाउँछ, त्यसैले पापमाथि विजय कायम राख्न गम्भीर हुने विश्वासीले आफ्नो हृदय बलियो पार्नुपर्छ ताकि उसले परिक्षालाई तुरुन्तै बहिस्कार गर्न सकोस्। पाप गर्ने परिक्षालाई चिन्ने तर त्यसको प्रतिरोध गर्न हिच्किच्याउने व्यक्तिले आफूलाई ठूलो खतरामा पार्छ। पाप प्रतिरोध गर्न हिच्किच्याएर उसले यो कुरालाई प्रदर्शन गर्छ कि ऊ आफ्नो हृदयमा परमेश्वरलाई खुशी पार्न पूर्णरुपले दृढ छैन।

**परीक्षा हाम्रो विश्वासको निम्ति चुनौती हो, किनकि परीक्षाले हामीलाई शंका गर्ने अवसर दिन्छ कि त्यस क्षण परमेश्वरको आज्ञाकारिता नै उत्तम तरिका हो।**

► यदि कुनै विश्वासी पापमाथि विजयी बन्न असमर्थ देखिन्छ भने, त्यसको कारण के हो?

यो सम्भवत: तल दिएको एक वा बढी समस्याहरूको कारणले हो।

1. उसले परमेश्वरले आज्ञाकारिताको माग गर्नुहुन्छ भन्ने कुरा देख्दैन।
2. उसले अनुग्रह सक्षम तुल्याउने परमेश्वरको प्रतिज्ञालाई देख्दैन वा विश्वास गर्दैन।
3. उसले व्यक्तिगत सामर्थको सट्टा परमेश्वरको सक्षम पार्ने अनुग्रहमा भरोसा गर्दैन।
4. उसले पूर्ण सर्तबिहिन आज्ञाकारिताको सट्टा खास चुनेर राखिएको आज्ञाकारिताका साथ परमेश्वरको सेवा गर्छ।
5. उसले अनुग्रहद्वारा परमेश्वरको इच्छा पूरा गर्न एउटै उद्देश्य राख्न कोसिस गरेन (फिलिप्पी 3:13-15)।
6. उसले परमेश्वरसँगको आफ्नो विश्वास-निर्माण सम्बन्धलाई बलियो बनाउने आत्मिक अनुशासनहरू कायम राख्दैन।
7. उसले स्थानीय मण्डलीमा आत्मिक जवाफदिता कायम राख्दैन।
8. उसले नियमित रूपमा परमेश्वरको वचन मनन गर्दैन।
9. उसले आफ्नो जीवनमा पवित्र आत्माको आवाजप्रति संवेदनशीलता विकास गरेको छैन।

तीन जनाले चालकको जागिरको लागि आवेदन दिए। पहिलोले सम्भावित रोजगारदातालाई प्रभावित पार्ने उद्देश्यले भन्यो, "म यति कुशल चालक हुँ कि यदि मैले भीरको छेउबाट द्रुत गतिमा गाडी चलाएँ भने तपाईंले चिन्ता लिनु पर्दैन।" दोस्रो पनि पछि पर्न चाहेन, त्यसैले उसले भन्यो, म भीरको केही इन्च पर द्रुत गतिमा गाडी चलाउनसक्छु, त्यहाँ नचढिकन।" तेस्रो आवेदक हिचकिच्यायो, त्यसपछि उसले रोजगारदातालाई भन्यो, "म भीरको नजिक गएर तपाईंको ज्यान जोखिममा पार्नेछैन।" तपाईंलाई के लाग्छ, कसलाई काममा लगाइयो?

हामीले परीक्षाको कति नजिक पुग्नसक्छौं भनी हेर्ने प्रयास गर्नुहुँदैन। परमेश्वरले हामीलाई हाम्रो कमजोरीका क्षेत्रहरूबाट जोगाउने व्यक्तिगत दिशानिर्देशन दिन चाहनुहुन्छ। हामी यो सिक्नुपर्छ कि कुनचाहिं डरलाग्दो छ, जस्तो कुनै मनोरञ्जनहरू, र ती कुराहरूबाट टाडा रहनुपर्छ।

यदि कुनै विश्वासीले परमेश्वरसँगको आफ्नो सम्बन्ध कायम राखेको छैन भने, उसले तुरुन्तै पश्चात्ताप गर्नुपर्छ र हाम्रो अधिवक्ता, येशू ख्रीष्ट मार्फत पुनर्स्थापित हुनुपर्छ (1 यूहन्ना 2:1-2)। उसले भविष्यमा हुने कुनै पनि समयको प्रतीक्षा गर्नुहुँदैन, जुन उसले अझ सुविधाजनक ठान्छ। यदि ऊ पुनर्स्थापित हुन चाहन्छ भने, पवित्र आत्माले उसलाई त्यो इच्छा दिँदै हुनुहुन्छ र उसलाई परमेश्वरसँगको सम्बन्धमा फेरि ल्याउँदै हुनुहुन्छ। यदि उसको पश्चात्ताप वास्तविक छ भने, उसलाई तुरुन्तै पुनर्स्थापित गर्न सकिन्छ।

परमेश्वरले हाम्रो मुक्तिको लागि येशूको बलिदानमा सर्वोच्च लगानी गरिसक्नुभएको छ। हामीलाई निरन्तरता दिन आवश्यक अनुग्रह दिन असफल भएर उहाँले त्यो लगानी खेर जान दिनुहुनेछैन।

## जान्न र दाबी गर्न योग्य पाँच सत्यहरू

पापका कार्यहरू विजय प्राप्त गर्नु ख्रीष्टियानहरूको सामान्य अनुभव हो किनकि ऊ येशूको मृत्यु, दफन र पुनरुत्थानद्वारा पापको दासत्वबाट मुक्त भएको छ।[41] निरन्तर पाप परमेश्वरको अनुग्रहको अज्ञानता, ख्रीष्टसँग एकतामा रहन असफलता, आफूलाई पापको लेखि मरेको र परमेश्वरको लागि जीवित ठान्न असफलता, र धार्मिकताको साधनको रूपमा आफ्नो शरीरलाई पूर्ण र निर्णायक रूपमा परमेश्वरलाई प्रस्तुत गर्न असफलताको परिणाम हो।

हरेक साँचो विश्वासीले पापमाथि विजय प्राप्त गर्ने इच्छा राख्छ। यो यसकारणले भएको हो कि हामीलाई पापबाट बचाउन येशूले ठूलो मूल्य चुकाउनुभएको छ। यो पापको विनाशकारी प्रकृतिको कारणले हो। "पापको लागि अनुग्रह प्रशस्त भएकोले, किन पाप गरिरहनुहुँदैन?" भन्ने तर्क गर्नेहरूलाई पावलको उत्तर धेरै बलियो छ। "त्यसो नहोस्!" उनी घोषणा गर्छन् (रोमी 6:1-2)। परमेश्वरले यसको उपचार प्रदान गर्नुभएको कारणले गर्दा पापको रोगप्रति लापरवाह मनोवृत्ति अप्नाउनु भनेको एचआईभी/एड्स, वा क्यान्सरको बारेमा लापरवाह हुनुजस्तै हुनेछ किनभने चिकित्सा उपचार पत्ता लागेको थियो। उपचारको पिडा र रोगको अवधिबाट कसैलाई बचाउने थिएन। न त यसले दागहरूबाट नै बचाउने थियो। कुनै पनि व्यक्तिले आफ्नो सही दिमागमा यो भन्दैन, "आऔ हामी बिरामी बनौं र उपचार प्राप्त गरौं"। जो कसैलाई पापको भयावहता, पवित्र परमेश्वरप्रति पापको अपमानजनकता, र पापको उपचारको लागि तिरेको ठूलो मूल्यको बारेमा अवगत छ, उसले यसो भन्न सक्दैन, "आओ हामी पाप गरौं किनकि परमेश्वरको अनुग्रहले यसलाई ढाकिदिन्छ!"

पापबाट मुक्तिको एउटा ख्रीष्टियानको अनुभव उसको ज्ञानमा (रोमी 6:3, 6, 9) र यी सत्यहरूको प्रयोगमा निर्भर हुँदछ:

### (1) पापी व्यक्तिको रूपमा म मरें।

पुरानो मनुष्यत्व, जुन पुरानो पापी व्यक्ति हामी अघि थियौं, आत्मिक रूपमा ख्रीष्टसँगै क्रूसमा मऱ्यौं र उहाँसँगै उहाँको चिहानमा गाडियौं। मरेको व्यक्तिले अब दासको रूपमा सेवा गर्न नसक्ने भएकोले, हामीमाथि पापको प्रभुत्व तोडिएको छ। यो मृत्यु पहिले नै भइसकेको छ। हाम्रो पुरानो पापी जीवनको मृत्यु त्यसबेला भयो जब हामीले हाम्रो लागि ख्रीष्टको मृत्युमा विश्वास गऱ्यौं, हाम्रा पापहरूको पश्चात्ताप गऱ्यौं र उहाँले दिनुभएको अनन्त जीवनको उपहार प्राप्त गऱ्यौं।

रोमी 6 बाट यी कथनहरूलाई ध्यान दिनुहोस्:

- "…**हामी जो पापको लेखि मऱ्यौं**, त कसरी हामी अझै त्यसैमा जिउनु?" (6:2)।
- "…सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, **उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं**" (6:3)।
- "यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा **उहाँसँगै गाडियौं**…" (6:4)।
- "यदि **उहाँको मृत्युमा** हामी उहाँसँग एउटै भएका छौं भने…" (6:5)।
- "हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग **क्रूसमा टाँगियो**, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं" (6:6)।

[41] यो खण्ड Tim Keep द्वारा लेखिएको हो।

- "किनभने जो **मरेको छ** त्यो पापबाट मुक्त भएको छ" (6:7)।

आज धेरै विश्वासीहरूको समस्या यो हो कि तिनीहरू आफ्नो क्षमताभन्दा तल जिउँछन्। धेरै विश्वासीहरूलाई असफलतालाई सामान्य रूपमा स्वीकार गर्न बाध्य पारिएको छ। तिनीहरू सोच्छन् कि विजयी ख्रीष्टियान जीवन सम्भव छैन र निरन्तर पापको आशा गर्नुपर्छ । अरू विश्वासीहरू सोच्छन् कि मानव असफलताको कुनै सहिष्णुता छैन। यो शिक्षा विश्वासको लागि विनाशकारी छ र धेरैलाई यसले निराशा वा कपटतर्फ डोऱ्याएको छ। पावलले क्रूसमा ख्रीष्टको विजयमा साझेदारी गरेर विजय हाम्रो हो भनी स्पष्ट पार्छन्।

**(2) परमेश्वरले मलाई नयाँ व्यक्ति हुनका लागि येशूसँगै बौरि उठाउनुभयो।**

येशूले आफ्नो पुनरुत्थानद्वारा सबै पापमाथि विजय प्राप्त गर्नुभयो। यो पुनरुत्थान भएको जीवन हो जुन हामी विश्वासद्वारा साझा गर्छौं। विश्वासद्वारा, पापले अब हामीलाई दबाउने, अपमानित गर्ने, चोट पुऱ्याउने वा मार्ने शक्ति राख्दैन। हामी आत्मिक रूपमा ख्रीष्टसँगै विजयी जीवनको लागि उठाइएका छौं।

- "…जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि **नयाँ जीवनको मार्गमा हिँड़ौं**" (6:4)।
- "…**उहाँको पुनरुत्थानमा** पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं" (6:5)।
- "हामी जान्दछौं कि **ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन।** अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन" (6:9)।
- "जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि सधैँको लागि एकै पल्ट मर्नुभयो। तर **जुन जीवनमा उहाँ जिउनुहुन्छ**, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ" (6:10)।
- "यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा **परमेश्वरको लागि जीवित** भएका ठान्नुपर्छ" (6:11)।
- "…**मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै** आफैलाई परमेश्वरकहाँ दिइहाल …" (6:13)।

**(3) म आत्मिकरूपमा येशूसँग एकताबद्ध छु।**

मेरो पुरानो जीवन उहाँसँगै क्रूसमा टाँगिएको मात्र होइन, मैले उहाँको जस्तै नयाँ जीवन पाएको मात्र होइन; तर म उहाँमा वास गरिरहेको छु, र उहाँ ममा! (गलाती 2:20 र यूहन्ना 14-16 अध्याय पनि हेर्नुहोस्।) यो येशूले हरेक चेलालाई प्रतिज्ञा गर्नुभएको छ: कि परमेश्वरले पवित्र आत्माद्वारा विश्वासीहरूलाई भित्री रूपमा बस्न रोज्नुभएको छ। यो मिलन र भित्रीरूपमा बस्नुले पापमाथि विजय र पवित्र जीवन सम्भव बनाउँछ। यसले विश्वासीहरूलाई येशूको शुद्ध, कृपालु, दयालु, क्षमाशील र पवित्र जीवन प्राप्त गर्न र बाँच्न सम्भव बनाउँछ।

- "यदि उहाँको मृत्युमा हामी **उहाँसँग एउटै भएका छौं** भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं" (6:5)।
- "…हाम्रो पुरानो मनुष्यत्व **उहाँसँग** क्रूसमा टाँगियो …" (6:6)।
- "तर यदि हामी **ख्रीष्टसँग मरेका छौं** भनेता **उहाँसँग जिउने पनि छौं** भन्ने विश्वास गर्दछौं" (6:8)।

**यूहन्ना 15 मा येशूले यो एकताको बारे आफ्नो चेलाहरूलाई सिकाउनुभयो। ख्रीष्टियान जीवनमा हाम्रो सफलताको लागि ख्रीष्टसँगको आत्मिक एकता आवश्यक पर्दछ!**

**(4) परमेश्वरले मलाई दिनुभएको विजयलाई मैले विश्वासद्वारा धारण गर्नुपर्छ।**

> यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका **ठान्नुपर्छ** (6:11)।

*ठान्नु* भनेको यसलाई सत्य मान्नु हो ताकि हामी यसलाई आफ्नै जीवनमा अनुभव गर्न सकौं।

यहाँ पुरानो करारबाट एउटा उदाहरण छ जुन उपयोगी हुनेछ। हामीलाई थाह छ कि परमेश्वरले इस्राएलीहरूलाई प्रतिज्ञा गरिएको भूमिको वाचा मात्र गर्नुभएको थिएन, तर तिनीहरूले वास्तवमा यो अधिकार गर्नुभन्दा धैरै अघि नै यो तिनीहरूलाई दिनुभएको थियो। 40 वर्षसम्म तिनीहरू उजाडस्थानमा भौंतारिए, आफ्नो क्षमताभन्दा कम जीवन बिताए, किनभने तिनीहरू डराए र परमेश्वरलाई विश्वास गर्न असफल भए। तर परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुभयो र तिनीहरूलाई आफ्नो उत्तराधिकारीमा अगुवाइ गर्नुभयो।

यहोशू 1:3 "मैले मोशालाई प्रतिज्ञा गरेझैं तेरा पैतालाले कुल्चने सबै जग्गा म तँलाई दिनेछु"। केही पदहरू पश्चात परमेश्वरले आज्ञा गर्नुभयो "छाउनीको बीचबाट गएर मानिसहरूलाई आदेश दिई भन, 'आ-आफ्ना खाने सामान तयार गर, किनकि तीन दिनभित्र परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनुभएको देश अधिकार गर्न तिमीहरू यो यर्दन पारि जानुपर्छ'" (यहोशू 1:11)।

परमेश्वरका मानिसहरूले विश्वासद्वारा परमेश्वरले दिनुभएको भूमि अधिकार गर्नुपर्थ्यो। कनानका बासिन्दाहरूमाथि विजय प्रबन्ध गरिएको थियो, र वास्तविक अर्थमा पहिले नै पूरा भइसकेको थियो, तर इस्राएलले यो विजयी आज्ञाकारी विश्वासद्वारा मात्र अनुभव गर्नेछ। नयाँ करारका विश्वासीहरूले पनि त्यस्तै तरिकाके विजय प्राप्त गर्न सक्छ; विश्वासद्वारा ख्रीष्ट येशूले हाम्रो लागि गर्नुभएको विजयलाई विचार गरेर र प्रतिज्ञाहरू प्राप्त गरेर।

**(5) मैले मेरो शरीर परमेश्वरलाई अर्पण गर्नुपर्छ।**

> यसकारण शरीरका अभिलाषाअनुसार चल्नुनपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई **समर्पण** नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ **समर्पण** गर (रोमी 6:12-13)।

**समीक्षा गर्नुहोस्**

► थुप्रै विद्यार्थीहरूले अघिल्लो लेखमा उल्लेख गरिएका पाँच सत्यहरूको महत्व व्याख्या गर्नुपर्छ।

> जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र? (रोमी 8:32)।

> अब, जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र जसले तिमीहरूलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ, उही एकमात्र परमेश्वर, हाम्रा मुक्तिदातालाई येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा महिमा, प्रभुत्व, पराक्रम र अधिकार युग-युग पहिलेदेखि आज र सदासर्वदा भइरहोस्। आमेन (यहूदा 24-25)।

## पाठ 6 का समीक्षा प्रश्नहरू

(1) पाप के हो भनेर बुझ्नु किन महत्त्वपूर्ण छ?

(2) इच्छापूर्वक गरिएको पापको परिभाषा के हो?

(3) रोमी 6मा पावलले कुन गलत विचारको जवाफ दिइरहेका छन्?

(4) पापको लागि मर्नु भनेको के हो?

(5) अनुग्रहको अधीनमा हुनुको भनेको के हो?

(6) व्यवस्थाको अधीनमा हुनुको भनेको के हो?

(7) परमेश्वर र पाप दुवैको सेवा गर्नु किन असम्भव छ?

(8) पुरानो स्वभाव शब्दको अर्थ के हो?

## पाठ 6 का कार्यहरू

(1) विश्वासीको लागि पापमाथि विजय कसरी सम्भव छ सो बारे व्याख्या गर्दै एक पृष्ठ लेख्नुहोस्। जानीजानी गर्ने पापहरूको परिभाषा समावेश गर्नुहोस् र पापको परिभाषा किन महत्वपूर्ण छ भनी व्याख्या गर्नुहोस्। पापमाथि विजयको सम्भावनाप्रति मानिसहरूले गर्ने आपत्तिहरूको प्रतिक्रिया दिनुहोस्।

(2) तपाईंले आफ्ना प्रवचनहरू वा पाठहरूको तीनवटा प्रस्तुति समाप्त गर्नुपर्छ।

# पाठ 7
# दोषी ठहरिएको पापी

## कुन व्यवस्थाको बारेमा कुरा गर्दैछौं?

पुरानो करारका धेरै आज्ञाहरू आजका मानिसहरूमा लागू नहुने जस्तो देखिन्छ। यहाँ केही उदाहरणहरू छन्:

- जादूगरी गर्ने स्त्रीलाई जीवित नराख (प्रस्थान 22:18)।
- सातौं वर्षमा कर्जा-माफी गर (व्यवस्था 15:1-2)।
- यरूशलेममा सातदिनसम्मको लागि निस्तार चाढ मनाउनु (व्यवस्था 16:1-6)।

केही विद्वानहरूले पुरानो करारका व्यवस्थाहरूलाई तीन भागमा विभाजन गरेका छन्: धार्मिक नियम, नागरिक नियम र नैतिक नियम।

धार्मिक नियमहरू बलिदानहरू, आराधना गर्ने ठाउँको डिजायन र अभ्यास गर्ने तरिकाहरू। आजको ख्रीष्टियानहरूले यो धार्मिक नियमलाई पालन गर्दैनन् किनकि यो प्रणाली ख्रीष्टको कामद्वारा अप्रचलित भएको थियो (कलस्सी 2:17, हिब्रू 10:1)।

नागरिक नियमहरू राष्ट्रको रूपमा इस्राएलीको लागि थियो। तिनीहरूले व्यापार-व्यवसायको लागि नियमहरू प्रदान गरे, मानव अधिकारको रक्षा गरे, कानून प्रवर्तनको लागि नीतिहरू दिए, र इस्राएलको धार्मिक पहिचानको रक्षा गरे। आजका ख्रीष्टियानहरूले नागरिक नियमहरू पालन गर्न सम्भव छैन किनभने ती नियमहरू तिनीहरूका राष्ट्रका नियमहरू होइनन्। उदाहरणका लागि, पुरानो करारको समयमा, जब कसैलाई मूर्तिपूजा (अरू देवताहरूको पूजा) गरेबापत मार्नु पर्थ्यो, त्यो कसैको व्यक्तिगत निर्णयमा गरिँदैनथ्यो। न्यायकर्ताले त्यस मुद्दाको सुनवाइ गर्थे, त्यसपछि मानिसहरूले निर्णयको समर्थन गर्थे (व्यवस्था 17:6-12)।

► एउटा ख्रीष्टियानले प्राचीन इस्राएलको नागरिक नियमलाई मौलिक रूपले पालन गर्न किन सम्भव छैन?

नैतिक नियमले केही कार्यहरूलाई सधैँका लागि सही वा गलतको रूपमा चिन्हित गरायो। उदाहरणका लागि, दस आज्ञाहरूले मूर्तिपूजा, ईश्वरनिन्दा, व्यभिचार, र चोरीलाई निषेध गर्दछ (प्रस्थान 20:4-5, 7, 14, 15)।

ख्रीष्टियानहरूले धार्मिक नियम र नागरिक नियमद्वारा आदेश गरिएक मौलिक, विशेष कार्यहरू पालन गर्दैनन्। यद्यपि, ती नियमहरू अझ पनि महत्वपूर्ण छन् किनभने ती नियमहरूले परमेश्वरको स्वभावलाई प्रकट गर्दछ, जो कहिल्यै परिवर्तन हुँदैन। यद्यपि, हामी मूर्तिपूजक, व्यभिचारीहरूलाई मार्दैनौं, ती नियमहरूले देखाउँदछ कि ती पापहरू परमेश्वरको लागि अति घृणित छन्। यद्यपि, हामी गरीबहरूको लागि खेतमा अन्न छोड्दैनौं, हामीलाई थाह छ कि हामीले व्यावहारिक तरिकाले गरीबहरूको वास्ता गर्नुपर्छ। यद्यपि हामी जानवरहरूलाई मार्नु अघि आराधना गर्ने स्थानमा लैजादैनौं, हामीलाई थाह छ कि सबै कुरा परमेश्वरको हो, र हामीले हामीसँग भएको कुराबाट भेटीहरू दिनुपर्छ। त्यसैले हामी मौलिक कार्यहरू गर्दैनौं, हामीले त्यसको सिद्धान्त पूरा गर्ने नयाँ तरिका खोज्नुपर्छ।

नागरिक नियम र धार्मिक नियमहरू महत्वपूर्ण हुनुको अर्को कारण यो हो कि ती नियमहरूले नैतिकताको सिद्धान्तलाई विशेष तरिकाले लागू गर्न प्रदान गर्दछ। ती सिद्धान्तहरूलाई बहिस्कार गर्नु नैतिक नियमलाई बहिस्कार गर्नु जस्तै हुनेछ। उदाहरणका लागि, यदि हाम्रो घरको छत मानिस

बस्नका लागि बनाइएको छैन भने त्यसको वरिपरि बार लगाउनु आवश्यक छैन (व्यवस्था 22:8)। तर यो प्राचिन नियमले हामीलाई बताउँछ कि हामीले हाम्रा घरहरू र जमिनहरू मानिसहरूको लागि सुरक्षित बनाउनुपर्छ।

► व्यवस्था 22:8 मा दिइएको सिद्धान्त पूरा गर्न हामीले गर्नुपर्ने आधुनिक अभ्यासको उदाहरण के हो?

त्यसोभए पावलले रोमी को पुस्तकमा उल्लेख गरेका परमेश्वरको व्यवस्था के हो? यो मानिसको लागि परमेश्वरको इच्छा हो, जुनचाहिँ उहाँका आज्ञाहरूमा (पुरानो करार र नयाँ करार) व्यक्त गरिएको छ। यद्धपि केही आज्ञाहरू मौलिक रूपमा पूरा गर्नु हुँदैन, तर परमेश्वरको इच्छा भने जस्ताको तस्तै छ। परमेश्वरको व्यवस्था भङ्ग गर्नु पाप हो (1 यूहन्ना 3:4)।

## खण्ड अध्ययन- रोमी भाग 4, खण्ड 2

यस पाठमा हामी रोमीको पुस्तकको भाग 4 लाई निरन्तरता दिन्छौं। पछिल्लो पाठमा हामीले रोमी 6, पापमाथि विजयको बारे अध्ययन गर्‍यौं।

यस पाठमा हामी रोमी 7 बाट, दोषी ठहरिएको पापीको बारे अध्ययन गर्नेछौं। रोमी 6 र 8 ले विश्वासीको विजयी जीवनको वर्णन गर्दछ। रोमी 7 ले ठूलो भिन्नता देखाउँछ, पापीको जीवनलाई देखाउँदै जसले आफू दोषी भएको थाह गर्छ तर आफैलाई परिवर्तन गर्नसक्दैन।

### अध्याय 7 को मुख्य बुँदा

एउटा व्यक्ति जसले व्यवस्था जान्दछ तर अनुग्रहद्वारा परिवर्तन भएको छैन, ऊ पापको शक्ति र व्यवस्थाको दण्डबाट उम्कन सक्दैन।

### अध्याय 7 को सारांश

यो अध्यायले व्यवस्थाको अधीनमा रहेको व्यक्तिको अवस्था वर्णन गर्दछ। व्यवस्थाको अधीनमा हुनु भनेको व्यवस्थाको आज्ञाकारिताको आधारमा न्यायको प्रतीक्षामा परमेश्वरको सामु उभिनु हो। सबैले पाप गरेका हुनाले, व्यवस्थाको अधीनमा हुनु भनेको दण्डको अधीनमा हुनु हो। व्यवस्थाको अधीनमा रहेको व्यक्तिले धर्मीकरण प्राप्त गरेको छैन।

7:1-6 ले विश्वासी व्यवस्थाको लागि कसरी मरेको छ भनेर बताउँछ। अध्यायको बाँकी भागले यो किन आवश्यक छ भनेर देखाउँछ (7:5 मा "जब" र 7:6 मा "अब" हेर्नुहोस्)। 7:7-13 ले कसरी व्यवस्था असल छ तर पापलाई झनै खराब बनाउँछ भनेर देखाउँछ। 7:14-15 ले दोषी ठहरिएको, पुनर्जीवित नभएको पापीको असहायपन देखाउँछ।

► विद्यार्थीले समूहको लागि रोमी 7 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू

(7:1-3) यी तीन पदहरू अर्को तीन पदहरूमा उल्लेख गरिएको बुँदाको तयारीको लागि उदाहरण हुन्। विवाहले व्यवस्थाको मौलिक बन्धनलाई चित्रण गर्दछ। एउटी स्त्रीलाई आफ्नो पति छोडेर अर्कोसित विवाह गर्न अनुमति थिएन, तर यदि पतिको मृत्यु भयो भने, तिनी आफ्नो पतिको

अधिकारबाट मुक्त हुन्थिन्। व्यवस्थाको यो दायित्व मोशाको व्यवस्था अन्तर्गत यहूदीहरूलाई मात्र लागू हुँदैन, तर प्रत्येक व्यक्तिलाई पनि लागू हुन्छ, किनकि यदि हामीले अनुग्रहद्वारा उद्धार पाएनौं भने परमेश्वरको व्यवस्थाद्वारा हाम्रो न्याय गरिनेछ।[42]

पावलले विवाहको बारेमा दिएको उदाहरणको मुख्य बुँदा यो हो कि मृत्युले सम्बन्धलाई परिवर्तन गर्छ। हामी ख्रीष्टसँग एकताबद्ध हुँदा हाम्रो पुरानो जीवनमा हामी मऱ्यौं। व्यवस्था रद्द गरिएको वा हटाइएको छैन। यद्यपि, व्यवस्था भङ्ग गर्नेहरूको रूपमा हामीमाथि व्यवस्थाको दाबीहरू अब येशूको प्रतिस्थापन प्रायश्चितद्वारा पूर्ण रूपमा भुक्तान गरिएको छ। अब हामी ख्रीष्टसँग "विवाहित" छौं। यसले हामीलाई अधर्मी बनाउँदैन। हामी अब ख्रीष्टियान भएकोले व्यवस्था भङ्ग गर्ने अधिकार हामीलाई छैन। बरु, हामीलाई पवित्र आत्माद्वारा व्यवस्थाको भावनामा जिउँन अधिकार दिइएको छ।[43]


(7:4) व्यवस्था भङ्ग गर्दा मृत्युदण्डको सजाय हुन्छ। ख्रीष्ट हाम्रो साटो मर्नुभएको छ। हामी उहाँसँग चिनिएका छौं, ताकि हामीले यो भन्न सक्छौं कि हामी ख्रीष्टको शरीरद्वारा व्यवस्थाको लागि मरेका छौं। व्यवस्थाको आवश्यकता पूरा भएको हुनाले, हामी यसको बन्धनबाट मुक्त छौं। हामीले सजायको डरले व्यवस्था पूरा गर्नुपर्दैन। **व्यवस्थाको लागि मर्नुको अर्थ हामीले यसलाई धर्मी ठहराउने माध्यमको रूपमा पूरा गर्नु आवश्यक छैन, किनकि हामी अनुग्रहद्वारा धर्मी ठहरिन्छौं।**

(7:5) पाप व्यवस्थाद्वारा हुन्छ यस अर्थमा कि व्यवस्थाले पापको अभिलेख लेख्छ र यस अर्थमा कि एक पटक कुनै व्यक्ति व्यवस्थाको बारेमा थाह पायो र यसको विरुद्ध विद्रोह गऱ्यो भने, ऊ झनै पापी बन्छ।



**कोलोसियम**

कोलोसियमको निर्माण पावलको रोम भ्रमणको केही वर्ष पछि, ईस्वी ७२ मा सुरु भयो। यसमा 50,000 भन्दा बढी दर्शकहरू अटाउन सक्थे। यो खेलमा पेशेवर लडाकुहरू बीचको लडाइँ, मानिसहरू र जनावरहरू बीच लडाइँ (सिंह, बाघ, हात्ती, भालु, र अन्य धेरै सहित), र लडाकुहरू वा जनावरहरूद्वारा मानिसहरूलाई मृत्युदण्ड दिइने समावेश थियो। कहिलेकाहीँ त्यहाँ एकै दिनमा सयौं मानिसहरू मर्दथे। धेरै ख्रीष्टियानहरूलाई कोलोसियममा मर्न पठाइएको थियो।



### ***शरीर/सांसारिक* परिभाषा**

► यो खण्डमा धेरै सन्दर्भहरू हेर्नुहोस्, ताकि तपाईंले अवधारणाहरू बुझ्न सक्नुहुनेछ।

पवित्रशास्त्रले विभिन्न मानिसहरूलाई "शरीर" भएको भनी उल्लेख गर्दछ। सन्दर्भमा निर्भर गर्दै, शरीरमा हुनुको कमसेकम दुई वटा फरक अर्थहरू हुनसक्छ।

एउटा साधारण अर्थ केवल मानव, नश्वर रूपमा हुनु हो। यस अर्थमा, येशू शरीरमा हुनुहुन्थ्यो (1 तिमोथी 3:16, 1 पत्रुस 3:18)। पवित्र जीवन बिताउने व्यक्तिलाई यस अर्थमा शरीरमा भन्न सकिन्छ (2 कोरिन्थी 10:3; गलाती 2:20; फिलिप्पी 1:22, 24)। जब यो शब्द यसरी प्रयोग गरिन्छ तब

---

[42] तस्वीर "Colosseum - Rome - Italy" taken by Sam valadi, uploaded on March 31, 2015, https://www.flickr.com/photos/132084522@N05/16800139540/ बाट प्राप्त गरियो, licensed under CC BY 2.0, desaturated from the original. तस्वीर: "The Christian Martyrs' Last Prayer", by Jean-Léon Gérôme, from the Walters Art Museum, https://commons.wikimedia.org/w/index.php?curid=18824108, public domain बाट प्राप्त गरियो।

[43]यो अनुच्छेद डा. एलेन ब्राउनद्वारा लेखिएको थियो।

शरीरलाई नैतिकरूपमा तटस्थ मानिन्छ, जस्तै जब पावलले गलातीहरूलाई भने कि तिनीहरुले शरीरद्वारा (मानव प्रयासहरू) अनुग्रहले सुरु गरेको कुरालाई सिद्ध तुल्याउन सक्दैनन्।

दोस्रो अर्थ जसमा एउटा व्यक्ति पतित, पापी स्वभावद्वारा नियन्त्रित भएको कारण शरीरमा हुनसक्छ। यो अवस्था पुनर्जीवित नभएको व्यक्तिको विशेषता हो (एफिसी 2:3)। पतित स्वभावका स्वभाविक कामहरू गलाती 5:19-21 मा सूचीबद्ध गरिएको छ। रोमी 8:1-13 मा, शरीरमा हुनु भनेको उद्धार पाउनुसँग तुलना गरिएको छ। शरीरमा हुनुचाहिँ मृत्यु हो (8:6) र परमेश्वरप्रति शत्रुता हो (8:7)। त्यो व्यक्ति जो पापमय स्वभावको वशमा छ...परमेश्वरलाई प्रसन्न पार्न सक्दैन" (8:8) अनि उ मर्नेछ (8:13)। यहाँ वर्णन गरिएको शरीर रोमी 7 मा वर्णन गरिएको शरीरको अवस्था उस्तै हो (7:5, 14, 18, 25 लाई हेर्नुहोस्)। यस अर्थमा शरीरमा भएको व्यक्तिले पापका कामहरू गरिरहेको हुन्छ जसको लागि उसले आत्मिक र अनन्त मृत्युको दण्ड पाउनेछ (रोमी 7:5)। उसले अझ उद्धार पाएको छैन।

एउटा व्यक्ति रुपान्तरण भएपछि (प्रभुमा आएपछि) पनि पतित स्वभावबाट प्रभावित हुनसक्छ, यद्धपि यसको नियन्त्रणमा ऊ छैन। कोरिन्थीहरूलाई तिनीहरू पुनर्जीवित पारिएपछि पनि सांसारिक मानिस भनियो (1 कोरिन्थी 3:1)। पावलले 3:1 मा देखाए कि ख्रीष्टमा अझ पनि दूधे बालक हुनेहरूको लागि सांसारिकपन सामान्य छ तर विश्वासीहरू यो अवस्थामा सधैँ रहिरहनु हुँदैन। उनले कोरिन्थीहरूलाई अझ पनि बालकै रहेकोमा आलोचना गरे।

**खण्ड अध्ययन – रोमी भाग 4, खण्ड 2**

**हरेक पदहरूको नोटहरू *जारी***

(7:6) हामी ख्रीष्टमा व्यवस्थाको लागि मरेका छौं, त्यसैले व्यवस्था हाम्रो लागि मरेको छ। स्वतन्त्रताको अर्थ अब हामी सेवा गर्दैनौं भन्ने होइन; तर अब हामी हाम्रो आत्माले सेवा गर्छौं, त्यसको मनसाय नपुगी केवल आवश्यकताहरू पूरा गर्ने प्रयास गर्नुको सट्टा।

(7:7) पावलले पहिला नै भनेका थिए कि व्यवस्थाले पाप वृद्धि गर्छ (5:20)। यस खण्डमा उनले भनेका कि पापले मृत्यु ल्याउनका लागि व्यवस्थाद्वारा काम गर्‍यो (7:5)। त्यसर्थ, "के व्यवस्था पाप हो? भन्ने प्रश्न उठ्नु स्वभाविक हो। व्यवस्थाले पापलाई बहिस्कार गर्छ भन्ने देखाएर उनले व्यवस्था पाप होइन भनी देखाउँछन्।

(7:8) परमेश्वरको व्यवस्थाले पापीलाई देखाउँछ कि उसका कार्यहरू बहिस्कार गरिएका छन्। यो अर्थमा, व्यवस्थाले पापलाई झनै खराब बनाउँछ। जब पापीलाई थाह हुन्छ कि ऊ दोषी छ, उसले बारम्बार गरेको पाप (परमेश्वरको व्यवस्थाप्रति अनाज्ञाकारी) अब जानीजानी गरेको विद्रोह बन्छ।

(7:9) व्यवस्थाले के माग गर्छ भनेर हेर्नुभन्दा पहिला, उसलाई थाह थिएन कि उसलाई मृत्युदण्ड दिइएको छ। तर परमेश्वरको व्यवस्थाको विवरण नजानीकन पाप गर्नेहरूका लागि पनि पापले मृत्यु निम्त्याउँछ (2:12 र 5:14 लाई हेर्नुहोस्)।

रोमी 7:7-25 मा पावलले एउटा उद्धारविहिन फरिसीको रूपमा आफ्नो अनुभव बताउँछन् र अन्तमा कसरी उनलाई ख्रीष्टको आवश्यकता पर्‍यो सो वर्णन गर्छन्। रोमी 7 मा उनले हामीलाई भन्छन् कि पवित्र आत्माले उनको हृदयमा भएको लोभको लागि उनको आँखा खोल्न अघि, उनले सोचेका थिए कि उनले पूर्नरूपमा व्यवस्था पालन गरे। फिलिप्पी 3:6 मा उनको साक्षी हेर्नुहोस् जब उनी भन्छन्, "धार्मिकताको विषयमा हो भने व्यवस्थामा भएको धार्मिकताबमोजिम निष्खोट ठहरिएको हुँ"। फिलिप्पी 3:9 मा उनले भनेजस्तै, फरिसीको रूपमा उनले सोचें कि उनीसित धार्मिकता छ जुन व्यवस्थाबाट आएको हो। पवित्र आत्माले उनको हृदयको लोभलाई हेर्न आँखा खोलिदिनुभएपछि, उनले भने कि उनी आत्मिक रूपमा मरेको अनुभव गर्छन् (रोमी 7:9)। यो स्पष्ट रूपमा तुलनात्मक कथन हो: उनले एक पटक सोचेका थिए कि उनी व्यवस्था पालन गरेर आत्मिक रूपमा जीवित छन्; तर जब उनले देखे कि उनी लोभ-लालचको दोषी छन् र व्यवस्था पालन गर्दैनन्, उनले महसुस गरे कि उनी वास्तवमा मरेका छन्।

पावलले रोमी रोमी 7:14-25मा आफ्नो इतिहास बताइरहन्छन्। उनले दुष्टतालाई रोक्न खोजे तर सकेनन्। सम्पूर्ण गवाही पूर्ण पराजय र पापको दासत्वको हो। उनले हामीलाई रोमी रोमी 7:25 मा भन्छन् कि छुटकारा येशू मार्फत मात्र आउँछ।[44]

(7:10) व्यवस्था जीवनको मार्ग देखाउनको लागि थियो। व्यवस्था कहिल्यै उद्धारको माध्यम थिएन, तर यो परमेश्वरलाई चिन्नेहरूका लागि जिउने मार्ग हुनुथियो। तर पतित, प्राकृतिक मानिसले यसलाई पछ्याउन नसक्ने भएकोले, यो जीवनको लागि मार्गदर्शक हुनुको साटो मृत्युको माध्यम बन्छ।

(7:11) पाप लाभदायक, आनन्दमय, हानिरहित देखा परेर हामीलाई धोका दिन्छ। जब कुनै व्यक्ति पाप गर्ने परीक्षामा फस्छ, उसलाई दोषी ठहराइन्छ, यदि ऊ आफ्नो पापको परिणामलाई सीमित पार्न सफल भयो भने पनि, परमेश्वरको न्याय व्यवस्थाअनुसार हुन्छ, पापको परिणाम अनुसार होइन।[45]

(7:12) व्यवस्थाले परमेश्वरको स्वभाव प्रकट गर्दछ- व्यवस्था पवित्र, धार्मिक र असल छ, जस्तो उहाँ हुनुहुन्छ।

(7:13) व्यवस्था खराब छैन, तर पापले व्यवस्था विरुद्ध प्रतिक्रिया जनाएपछि खराब परिणामहरू आए। पापले प्रत्येक व्यक्तिलाई मृत्युको दण्डमा ल्याउन व्यवस्था प्रयोग गर्‍यो। व्यवस्थाद्वारा पाप साँच्चै खराब हो भनी देखाइएको छ।

### कुनै विश्वासीको तस्बीर होइन

धेरै मानिसहरू सोच्छन् कि रोमी 7:14-25 ले साधारण विश्वासीको वर्णन गर्दछ, तर वर्णनलाई विचार गर्नुहोस्।

ऊ पापमा बेचिएको छ, दासजस्तै, जसको अर्थ हुन्छ उसले छुटकारा पाएको छैन (7:14)। उसलाई असल कुरा थाह छ तर उसले त्यो गर्न सक्दैन (7:18)। ऊ बन्धनमा परेको छ र छुट्याइएको छैन (7:23)। ऊ दु:खित छ र छुटकाराको लागि रोइरहेको छ (7:24)।

7:5-24मा, "जब हामी पापमय स्वभावमा जीवन बिताइरहेका थियौं" (7:5) भन्ने वाक्यांशबाट सुरु भएर "मलाई कसले छुटाउला" (7:24) भन्ने प्रश्नसित समाप्त हुन्छ, त्यहाँ ख्रीष्ट, पवित्र आत्मा, अनुग्रह, जीवन र विजयको बारे कुनै उल्लेख छैन; तर पहिलो व्यक्ति (म, मेरो, मलाई) लाई 42 पल्ट उल्लेख गरिएको छ, 16 पल्ट व्यवस्था र 15 पल्ट पापको उल्लेख गरिएको छ।

यो यस्तो व्यक्ति हुनसक्दैन जससँग रोमी 6 मा वर्णन गरिएको छुटकारा छ। त्यो अध्यायले बारम्बार भन्छ कि विश्वासी अब पापको दासत्वमा छैन। पावलले रोमी 7 मा वर्णन गरेको व्यक्ति व्यवस्थाको अधीनमा छ, जसलाई यस अध्यायको सुरुमा प्रस्तुत गरिएको छ (7:1, 5-6)। 7:14 यस्तो सम्बन्ध हो जसले यो देखाउँछ कि अध्यायको अन्तिम भागले त्यस्तै अवस्थाको वर्णन गरिरहेको छ जस्तो अवस्था 7:1, 5-6 मा वर्णन गरिएको छ।

रोमी 8:1 ले भन्छ कि दोषी नठहराइएको व्यक्ति ख्रीष्ट येशूमा रहेको व्यक्ति हो। 8:4-5 ले भन्छ कि यो व्यक्ति शरीरको पछि लाग्दैन। शरीरको पछि लाग्ने व्यक्ति (जस्तै 7:25 र 7:5 मा) दोषी ठहरिनेछ। दोषी ठहरिएको व्यक्ति साँचो विश्वासी होइन। रोमी 7 अध्यायमा व्यक्ति असहाय छ र शरीरद्वारा नियन्त्रित छ।

8:3 ले भन्छ कि व्यवस्था अन्तर्गत कमजोरीको अवस्थामा समाप्त भएको छ; त्यसैले रोमी 7 मा वर्णन गरिएको असहाय अवस्था विश्वासीको अवस्था हुनुहुँदैन।

---

[44] यो अनुच्छेद डा. एलेन ब्राउनद्वारा लेखिएको थियो।

[45] 3:5-7 मा भएको टिप्पणी वा नोटहरू हेर्नुहोस्।

8:6-7 ले भन्छ कि शरीरतिर मन लगाउनु भनेको मृत्यु हो, र परमेश्वरको शत्रु पनि हो। तर 7:14 ले शारिरिक व्यक्तिको वर्णन गर्न थाल्छ। यस सन्दर्भमा भनिएको शारीरिक व्यक्ति येशूको साँचो अनुयायी होइन।[46]

त्यसो भए पावलले आफूलाई यस वर्णनमा किन राख्छन्? 7:7 देखि उता, उनले एक पापीको वर्णन गर्छन् जो व्यवस्थाको दोषी ठहरिन्छ। बाँकी अध्यायले उनको विगतको अनुभव वर्णन गर्दछ – व्यवस्था पालन गरेर परमेश्वरलाई खुशी पार्न उनको वास्तविक संघर्ष। यसले उनलाई अनन्त जीवन दिएन र यसले उनलाई कुनै प्रकारको सन्तुष्टि दिएन। रोमी 8 मा उनी विजयको वर्णन गर्न थाल्छन्। 8:1-4 मा वर्णन गरिएको व्यक्ति अझै पनि रोमी 7 को अवस्थामा हुनसक्छ भन्ने कुरा असम्भव छ।

त्यसकारण, यो स्पष्ट छ कि रोमी 7 ले पुनर्जीवित नभएको मानिसको वर्णन गर्दछ जसलाई थाह छ कि उसलाई परमेश्वरको व्यवस्थाले दोषी ठहराएको छ त्यसको आज्ञाकारितामा जिउँन असमर्थ छ।

► यस खण्डमा व्याख्या गरिएको कुरालाई आफ्नै शब्दमा संक्षेप गर्नुहोस्। यो समयमा यस मुद्दामाथि पुर्ण रूपमा बहस गर्नु आवश्यक छैन किनभने यस पाठमा अझ थप प्रमाणहरू दिइनेछ।

### खण्ड अध्ययन – रोमी भाग 4, खण्ड 2

**हरेक पदहरूको नोटहरू जारी**

(7:15) धेरैजसो मानिसहरू आफूले अझ असल गरेको चाहन्छन्। त्यो असल गर्ने चाहनाको अर्थ यो होइन कि तिनीहरू ख्रीष्टियान हुन्। वास्तविकता बिनाको चाहनाले देखाउँछ कि तिनीहरू अझै पनि पापको शक्तिबाट मुक्त भएका छैनन्।

(7:16) तिनीहरूले असल गरे भन्ने तिनीहरूको चाहनाले देखाउँछ कि तिनीहरूलाई थाह छ कि व्यवस्था असल छ, यद्यपि तिनीहरूले यसको पालन गर्दैनन्।

(7:17-23) पापलाई मानिसको इच्छालाई ओझेलमा पारेको कुरा हो जस्तो गरी भनिन्छ। पतित मानिससँग स्वभावैले परमेश्वरले मानिसमा सुरुमा सृष्टि गर्नुभएको स्वतन्त्र इच्छा हुँदैन। मानिसको इच्छा यति कमजोर छ कि पापीले परमेश्वरलाई रोज्न सक्दैन जबसम्म परमेश्वरले आफ्नो अनुग्रहले आफ्नो इच्छा पुनर्स्थापित गर्नुहुन्न।

पूर्वगामी (Prevenient) अनुग्रह भनेको परमेश्वरको त्यो कार्य हो, जो ती मानिसहरूसम्म पुग्छ, जसले अहिलेसम्म उहाँलाई प्रत्युत्तर दिएका छैनन्। हरेक व्यक्तिलाई प्रदान गरिने अनुग्रहमा स्वतन्त्र इच्छाको पुनर्स्थापना र परमेश्वरप्रतिको चाहना समावेश छ, ताकि हरेक व्यक्तिले साँच्चै उद्धार पाउने कि नपाउने भनेर छनौट गर्न सकोस्।

परमेश्वरले हरेक व्यक्तिको लागि उद्धारको काम सुरु गर्नुहुन्छ (यूहन्ना 6:44; एफिसी 2:4-5, 12-13, 17; तीतस 2:11, तीतस 3:3-5), तर जबसम्म उसले परमेश्वरप्रति प्रतिक्रिया जनाउँदैन तबसम्म ऊ बचाइँदैन।

(7:24) यो हतास र निराशाको पुकार हो कुन एक व्यक्तिले आफूलाई बचाउन पूर्ण असमर्थ देखेपछि आउँछ। यो बाँचेको व्यक्तिको पुकार होइन।

(7:25) निराश भएको पापीको जीवनको अन्धकारमा उज्यालोको रूपमा प्रशंसाको एउटा कथन यहाँ अन्तर्क्रिया गरिएको छ।

---

[46] शब्द "शरीर" का अन्य प्रयोगहरूको लागि, माथिको "शरीर/सांसारिक परिभाषा" खण्ड हेर्नुहोस्।

त्यसपछि एउटा वाक्य आउँछ जसले खण्डलाई सारांशित गर्दछ। धर्म परिवर्तन नगरिएको व्यक्तिले व्यवस्था सही छ भनी मानसिक सहमति दिन्छ, र उसले आफूभन्दा राम्रो भएको नाटक गर्छ; तर उसको पापी इच्छाले उसलाई पापमा राख्छ। एक व्यक्तिलाई आफ्नो मन र शरीरले पापको सेवा गरेकोमा दोषी ठहराइन्छ (7:5, 8:3)।

## रोमी 7:14-25 मा व्यक्तिलाई बुझ्नु

यस खण्डमा पावलले अविश्वासीको जीवनमा वंशानुगत भ्रष्टताको शक्तिको (पापको नियमले) बारेमा कुरा गर्छन्। पावल, जब उनी जागरुक पापी थिए, उनीभित्र द्वन्द्व थियो।[47]

पावलका सदस्यहरूमा रहेको पापको व्यवस्थाले निम्न परिणामहरू उत्पन्न गर्दछ:

- उसले जे घृणा गर्छ त्यही गर्दछ (7:15)
- उसले गर्न नचाहेको कुरा उसले गर्दछ (7:16)
- असल गर्ने इच्छा छ, तर त्यो गर्ने सामर्थ छैन (7:18)
- पापको व्यवस्थाले उसको मनको व्यवस्थाको प्रतिरोध गरिरहेको छ (7:23)।
- पापको नियमले उसलाई बन्धनमा पारेको छ (7:23)
- ऊ विभाजित व्यक्ति हो: उसको दिमागले परमेश्वरको सेवा गर्छ, तर उसको शरीरले पापको व्यवस्थाको सेवा गर्छ (7:25)।

एउटा व्यक्तिले दुई मालिकको सेवा गर्न सक्दैन। एउटा मानिस पापबाट मुक्त र पापको दास हुन सक्दैन। एउटा मानिस परमेश्वरको दास र पापको दास हुन सक्दैन। रोमी 7:14-25 को भाषा विश्वासीको पापको दासत्वबाट छुटकारा पाउने बारेमा रोमी 6 को कथनको ठीक विपरीत छ। त्यसर्थ, 7:14-25 भनेको 7:1-13 मा सुरु भएको पाप र व्यवस्थासँग अविश्वासीको सम्बन्धको वर्णनको निरन्तरता हो।

रोमी 6 ले विश्वासीको पापसँगको सम्बन्धको बारेमा बताउँछ जुन ख्रीष्टसँग क्रूसमा टाँगिएको र पुनरुत्थानको परिणाम स्वरूप हुन्छ। रोमी 7 ले निम्न कुराहरूको वर्णन गर्दछ:

- पापीको व्यवस्थासँगको सम्बन्ध।
- भित्री पाप र व्यवस्थाको अन्तरक्रिया।
- परमेश्वरको व्यवस्थाको मागप्रति जागरुक पापीको संघर्ष, तर भित्री पापको दासत्वको कारणले व्यवस्थाले माग गरेको कुरा आफैं गर्न असमर्थ।

### रोमी 7:14-25 का व्याख्याहरू फरक-फरक हुन्छन्

**दृश्य 1**: केही विद्वानहरूले लेखेका छन् कि पावलले **सामान्य ख्रीष्टियान जीवन**को वर्णन गरिरहेका छन्। तिनीहरूले औंल्याए कि कालहरू वर्तमान हुन्, विगत होइनन्; र तिनीहरू जोड दिन्छन् कि पावलको विचारमा, ख्रीष्टियान जीवनमा सुल्झाउन नसकेका समस्याहरू छन्।

**दृश्य 2**: धेरै अन्य विद्वानहरूले विश्वास गर्छन् कि पावलले मन परिवर्तन हुनु अघिको मानिसको अवस्थाको वर्णन गर्दैछन् किनभने "र पापैमा बेचिएको छु" र "हाय, म कस्तो दुःखी मानिस" जस्ता वाक्यांशहरू रोमी 6 र रोमी 8 मा गरिएको विश्वासीको वर्णनसँग मेल खाँदैन। रोमी 6 अनुसार, विश्वासी

[47] यो भाग डा. एलेन ब्राउनद्वारा लेखिएको थियो।

पापको लागि मरेको छ, पापबाट मुक्त भएको छ, र उसले विश्वास र परमेश्वरमा पूर्ण समर्पणद्वारा पापमाथि विजयको लागि ख्रीष्टमा उपलब्ध स्वतन्त्रता दाबी गर्नुपर्छ। रोमी 8 अनुसार पापमय स्वभावको वशमा हिँड्ने व्यक्तिले परमेश्वरलाई प्रसन्न पार्न सक्दैन र त्यस व्यक्तिमा ख्रीष्टको आत्मा वास गर्दैन।

यस पाठ्यक्रमका लेखकहरूको विचार यो छ कि दोस्रो दृष्टिकोण रोमीमा पावलको तर्कको प्रवाहसँग मेल खान्छ र उनको समग्र शिक्षासँग सबैभन्दा मिल्दोजुल्दो छ।

**रोमी 7:14-25 मा उल्लेखित व्यक्तिको बारेमा बारम्बार सोधिने प्रश्नहरू**

यहाँ केही प्रश्नहरू छन् जुन बारम्बार मानिसहरूबाट उठ्छन् जो सोच्छन् कि पावलले रोमी 7:14-25 मा आफ्नै ख्रीष्टियान जीवनको वर्णन गरिरहेका छन्।

**प्रश्न 1**: आफ्नो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा आनन्दित छु भन्ने पावलको कथनबारे के भन्न सकिन्छ (रोमी 7:22)? के एक विश्वास नगर्ने फरिसी परमेश्वरको व्यवस्थामा आनन्दित हुनसक्छ?

उत्तर: कुनै पनि फरिसीले भन्ने गर्थ्यो कि ऊ आफ्नो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा रमाउँछ। तिनीहरूले आफ्नो जीवन परमेश्वरको व्यवस्था अध्ययनमा समर्पित गर्थे र दैनिक घण्टौंसम्म यसको अध्ययन गर्थे। पावलले आफूलाई व्यवस्थामा समर्पित गरेका थिए र यसलाई इमानदारीपूर्वक पालन गर्न चाहन्थे। तर जब पवित्र आत्माले पावललाई उनको हृदयको लोभी प्रकृति देखाए, उनलाई उनको वास्तविक आत्मिक अवस्थामा जगाए, पावलले पाए कि उनको मनले सही गर्ने इच्छाको बाबजुद पनि गलत काम गरिरहे। व्यवस्थाले पावललाई कसरी जिउने भनेर देखायो, तर व्यवस्थाले उनलाई त्यो गर्ने क्षमता दिएन।

**प्रश्न 2**: रोमी 7:14-25मा भएको वर्तमान कालहरू के के हुन्? पावल लेख्छन्, "किनकि हामी जान्दछौं कि व्यवस्था आत्मिक हो, तर मचाहिँ शारीरिक छु, र पापैमा बेचिएको छु" (रोमी 7:14)।

**उत्तर**: रोमी 7:7-13 मा भूतकालबाट रोमी 7:14-25 मा वर्तमान कालमा परिवर्तनले उनको गवाहीको आत्मकथात्मक चरित्रलाई कुनै पनि हिसाबले असर गर्दैन। न त 7:14-24 मा वर्तमान कालले पावलले रोमीलाई परिपक्व ख्रीष्टियान प्रेरित र मिसनेरीको रूपमा लेख्दाको वर्तमान अनुभवलाई संकेत गर्दछ। "ऐतिहासिक" वा "नाटकीय" वर्तमान काल ग्रीकमा वर्तमान कालको एक प्रसिद्ध प्रयोग हो जब लेखकले आफ्ना पाठकहरूलाई विगतको घटना वा अनुभव स्पष्ट पार्न चाहन्थे। त्यसकारण, पावलको जीवन परिवर्तन हुनुभन्दा अघि विगतमा के सत्य थियो भनेर स्पष्ट पार्न वर्तमान कालको प्रयोग गर्दा पावल अझै पनि वर्तमानमा पापको बन्धनसँग संघर्ष गरिरहेका छन् भन्ने व्याख्याको माग गर्दैन। पावलले रोमी 6 र रोमी 8 मा स्पष्ट रूपमा संकेत गरेका छन् कि एक ख्रीष्टियान पापको बन्धनमा बेचिएको छैन (रोमी 7:14)।

**प्रश्न 3**: यस खण्ड र धेरै ख्रीष्टियानहरूले आफ्नो जीवनमा पाउने संघर्ष बीचको समानता के हो?

**उत्तर**: विश्वासीको संघर्ष दु:खी मानिसको संघर्ष भन्दा धेरै फरक हुन्छ। रोमी 7:14-25 को दु:खी मानिसले पाप गर्न छोड्न सक्दैन। ऊ पापको दास हो। यो एक साँचो विश्वासीको मुद्दा होइन। एक ख्रीष्टियानलाई समय-समयमा संघर्ष र असफलताहरू हुनसक्छन्, तर उसको जीवन पाप र मृत्युको व्यवस्थाको दासत्वको जीवन होइन। ख्रीष्टियान ख्रीष्टसँग एकताबद्ध हुन्छ र भित्री पापको शक्तिबाट मुक्त हुन्छ (रोमी 6:1-10)।

**निष्कर्ष**: रोमी 7:14-25 को दु:खी मानिस परमेश्वरलाई खुशी पार्न संघर्ष गरिरहेको एक इमान्दार फरिसीजस्तो देखिन्छ। एक व्यक्ति पापको दास हुँदा ऊ पापबाट मुक्त हुन सक्दैन। एक व्यक्ति परमेश्वरको दास र पापको दास हुन सक्दैन, किनकि येशूले भन्नुभयो, "कसैले दुई मालिकको सेवा गर्न सक्दैन" (मत्ती 6:24, लूका 16:13)। रोमी 7:14-25 भनेको पुनर्जीवित नभएको व्यक्तिको पाप र मोशाको व्यवस्थासँगको सम्बन्धको वर्णनको निरन्तरता हो जुन रोमी 7:7-13 मा सुरु भएको थियो।

► रोमी 7 मा उल्लेख गरिएको व्यक्तिको पहिचानको मुद्दामा छलफल गर्नुहोस्, प्रबन्ध गरिएका विवरणहरू र स्पष्टीकरणहरूलाई ध्यानपूर्वक विचार गर्नुहोस्।

## सुसमाचार प्रचारमा व्यवस्थाको प्रयोग

रोमी 7:7 मा प्रेरितले हामीलाई बताउँछन् कि व्यवस्थाले पापलाई पर्दाफास गर्छ। व्यवस्था सुसमाचार प्रचारको लागि उपयोगी छ किनभने एउटा व्यक्तिले परमेश्वरको व्यवस्थाद्वारा दोषी ठहरिएको महसुस गर्दा उसले उद्धारको आवश्यकता देख्छ। मण्डलीको इतिहासभरि, सबैभन्दा प्रभावकारी प्रचारकहरूले अविश्वासीहरूलाई मुक्तिको चाहना गराउन परमेश्वरको व्यवस्था प्रयोग गरेका छन्।

निम्न उद्धरणहरूले व्यवस्था प्रयोग गर्ने बारेमा प्रचारकहरूले के भनेका छन् भनेर देखाउँछन्।

► समूहका अन्य सदस्यहरूको सहयोगमा उद्धरणहरू पालैपालो पढ्नुहोस् र व्याख्या गर्नुहोस्।

चार्ल्स स्पर्जनबाट[48]

> व्यवस्था हटाएर तपाईंले पापलाई हटाउनुभएको छ, किनकि पाप भनेको व्यवस्थाको उल्लङ्घन हो; र जहाँ व्यवस्था छैन, त्यहाँ कुनै अपराध हुँदैन। जब तपाईंले पापलाई हटाउनुभएको छ, तपाईंले मुक्तिदाता र मुक्तिलाई पनि हटाउनुभएको हुनसक्छ, किनकि तिनीहरू कुनै पनि हालतमा आवश्यक छैनन्। जब तपाईंले पापलाई न्यूनतममा घटाउनुभएको छ, येशू ख्रीष्टले संसारमा लिएर आउनुभएको त्यो महान र महिमित उद्धारको के आवश्यकता छ?
>
> न्यायपूर्ण र पवित्र व्यवस्थाको अगाडि नडराईकन तिनीहरू कहिल्यै अनुग्रह स्वीकार गर्दैनन्; त्यसकारण, व्यवस्थाले अत्यन्त आवश्यक र आशिषित उद्देश्य पूरा गर्दछ।[49]

चार्ल्स फिनीबाट[50]

> कसैले आफ्नो दण्डको सत्यतथ्य र न्याय नदेखेसम्म र महसुस नगरेसम्म बुद्धिमानीपूर्वक र हृदयदेखि क्षमा माग्न वा स्वीकार गर्न सक्दैन।
>
> व्यवस्थाको आत्मिकतालाई विवेकमा तबसम्म लागू गर्नुपर्छ जबसम्म पापीको स्व-धार्मिकता नाश हुँदैन, र पवित्र परमेश्वरको सामुन्ने मुक र स्व-तिरस्कृत हुँदैन।
>
> व्यवस्थाले सँधै सुसमाचारको लागि बाटो तयार गर्नुपर्छ। आत्माहरूलाई निर्देशन दिने क्रममा यसलाई बेवास्ता गर्दा झूटा आशा, ख्रीष्टियान अनुभवको गलत स्तरको परिचय र मण्डली नक्कली धर्म परिवर्तन गर्नेहरूले भरिने लगभग निश्चित छ।[51]

---

[48] 1800 को दशकमा स्पर्जन इङ्गल्याण्डका सबैभन्दा महान् सुसमाचार प्रचारक थिए।

[49] Charles Spurgeon, “The Perpetuity of the Law of God”

[50] 1800 को दशकमा फिन्नी अमेरिकामा एक प्रचारक थिए। त्यस शताब्दीका अन्य कुनै पनि प्रचारकले भन्दा उनी धेरै मन परिवर्तनका लागि जिम्मेवार थिए।

[51] Charles Finney, “How to Win Souls”

मार्टिन लुथरबाट[52]

> तर शैतानले... एउटा यस्तो सम्प्रदाय खडा गरेको छ जसले दश आज्ञाहरू मण्डलीबाट हटाउनुपर्छ र मानिसहरूलाई व्यवस्थाबाट डराउनु देखाउनु हुँदैन, तर ख्रीष्टको अनुग्रहको प्रचारद्वारा नम्रतापूर्वक प्रोत्साहन दिनुपर्छ भनी सिकाउँछ।[53]

जोन बन्यानबाट[54]

> जबसम्म मानिसहरू व्यवस्थाको स्वभाव र यसको अधीनमा हुनुको बारेमा अनभिज्ञ हुन्छन् - अर्थात्, यसको विरुद्धमा गरिएको पापको कारणले गर्दा यसको श्राप र मृत्युदण्ड दिने शक्तिको अधीनमा - तबसम्म तिनीहरू सुसमाचारको साँचो ज्ञानको खोजीमा वेवस्ता र लापरवाह रहनेछन्।
>
> व्यवस्था नजान्ने मानिसले काम र सत्यमा आफू पापी हो भनेर जान्दैन, मुक्तिदाता हुनुहुन्छ भनेर जान्दैन।[55]

जोनाथन एडवर्ड्सबाट[56]

हामी पाप गरिरहेका छौं कि छैनौं भनेर जान्न सक्ने एक मात्र तरिका भनेको उहाँको नैतिक व्यवस्थालाई जान्नु हो।[57]

जोन वेस्लीबाट[58]

> पापीलाई मार्नु भनेको व्यवस्थाको पहिलो प्रयोग हो; अर्थात्, उसले भरोसा गरेको जीवन र शक्तिलाई नष्ट गर्नु, र उसलाई यो कुरामा विश्वस्त पार्नु कि ऊ मृत्युको सजायमा मात्र होइन, तर वास्तवमा परमेश्वरको लागि मरेको छ, उसको कुनै आत्मिक जीवन छैन, आफ्नो अपराध र पापहरूद्वारा मरेको (एफिसी 2:1)। यसको दोस्रो प्रयोग उसलाई जीवनमा ल्याउनु हो, ख्रीष्टमा, ताकि ऊ बाँच्न सकोस्।
>
> परमेश्वरको अनुग्रहको यो आशिषित् साधन [व्यवस्था] लाई कहिल्यै पनि हल्का नठान्नुहोस् वा नबोल्नुहोस्। बरु, जसबाट यो आयो र जसलाई यसले डोऱ्याउँछ उहाँको खातिर यसलाई प्रेम र कदर गर्नुहोस्।[59]

►यदि प्रचारकहरूले आफ्नो पापलाई गम्भीर नठान्ने मानिसहरूलाई परमेश्वरको प्रेम र क्षमाको बारेमा मात्र कुरा गरे भने यसले कस्तो समस्या निम्त्याउँछ?

---

52 मार्टिन लुथर जर्मनीका सुधारक थिए जसले बाइबलीय सुसमाचारलाई पुन: पत्ता लगाए, जसको परिणामस्वरूप हजारौं परिवर्तन भए।

53 *Commentary on Galatians*को प्रस्तावनामा, मार्टिन लुथर।

54 बन्यान ख्रीष्टियानहरूको स्वर्ग यात्राको बारेमा सबैभन्दा धेरै प्रकाशित भएको पुस्तक *पिलग्रिम्स प्रोग्रेस*का लेखक थिए।

55 John Bunyan, *The Doctrine of the Law and Grace Unfolded*

56 एडवर्ड्स अमेरिकामा पहिलो महान जागृतिका ईश्वरशास्त्री र प्रचारक थिए, जसले हजारौं मन परिवर्तनका लागि जिम्मेवार थिए।

57 Jonathan Edwards, "Christian Cautions: The Necessity of Self-Examination"

58 वेस्लीले सुसमाचार प्रचार गरे र आफ्ना परिवर्तन भएका मानिसहरूलाई, साथै उनलाई मद्दत गर्ने प्रचारकहरूले परिवर्तन गरेका मानिसहरूलाई पनि संगठित गरे। उनको मृत्यु हुनुभन्दा अघि, इङ्गल्याण्डमा उनीहरूको सदस्यता जम्मा 79,000 र अमेरिकामा 40,000 थियो।

59 John Wesley, "The Origin, Properties, and Use of God's Law" बाट उद्धृत।

## पाठ 7 का समीक्षा प्रश्नहरू

(1) पुरानो करारका धार्मिक र नागरिक नियमहरू अझै पनि महत्त्वपूर्ण हुनुका दुई कारणहरू बताउनुहोस्।

(2) व्यवस्थाको लागि मर्नुको अर्थ के हो?

(3) *शरीरमा* शब्दको दुई प्रयोग के के हुन्?

(4) व्यवस्थाले पापलाई कसरी झनै खराब बनाउँछ?

(5) सुसमाचार प्रचारको लागि व्यवस्था किन उपयोगी छ?

## पाठ 7 को कार्य

यस पाठमा उल्लेख गरिएका बाहेक पुरानो करारका अन्य व्यवस्थाहरूको उदाहरणहरू दिँदै एउटा पृष्ठ लेख्नुहोस्। ती धार्मिक, नागरिक, वा नैतिक हुन् कि होइनन् भनेर व्याख्या गर्नुहोस्; आज ख्रीष्टियानले तिनीहरूलाई कसरी लागू गर्नुपर्छ भनेर व्याख्या गर्नुहोस्।

# पाठ 8

# आत्मामा जीवन

**खण्ड अध्ययन – रोमी भाग 4, खण्ड 3**

यस पाठमा हामी रोमीको पुस्तकको भाग 4 लाई निरन्तरता दिन्छौं। हामीले रोमी 6 (पापमाथि विजयको बारेमा) र रोमी 7 (दोषी ठहरिएको पापीको बारेमा) अध्ययन गरेका छौं। यस पाठमा हामी रोमी 8 को अध्ययन गर्नेछौं, जसले संसारको कठिन परिस्थितिमा ख्रीष्टियानको जीवनको वर्णन गर्दछ।

### अध्याय 8 को मुख्य बुँदा

विश्वासी पतित संसारमा बाँचिरहेको भए तापनि, यसको अवस्था र आफ्नै कमजोरीबाट पीडित भए तापनि, पवित्र आत्माले उसलाई पाप र सबै परिस्थितिहरूमाथि विजय प्रदान गर्नुहुन्छ।

### अध्याय 8 को सारांश

यस अध्यायले त्रिएकत्व तीन व्यक्तित्वहरूलाई धेरै पटक उल्लेख गर्दछ। तीनै जना हाम्रो वर्तमान र अन्तिम उद्धारमा नजिकबाट संलग्न छन्। हामी शरीरमाथि विजय हासिल गर्न सक्छौं, उद्धारको व्यक्तिगत आश्वासनको आनन्द लिन सक्छौं, पतित सृष्टिमा परिस्थितिहरू सहन सक्छौं, हाम्रो आफ्नै धारणाभन्दा बाहिर आत्मिक मद्दतले प्रार्थना गर्न सक्छौं, र परमेश्वरसँगको हाम्रो उद्धार सम्बन्धमा दृढ रहन सक्छौं।

8:1-13 ले एउटा खण्ड बनाउँछ जसको शीर्षक "शरीरमा अब रहने छैन" हुनसक्छ।

### 8:1-13को परिचय

दोषी नठहराइएकाहरू ती हुन् जो अब शरीरको पछि लाग्दैनन्। शरीरको अर्थ केवल मानव हुनु मात्र होइन, तर पतित स्वभावको नियन्त्रणमा हुनु हो।[60]

*शरीरमा हुनु* भनेको मुक्ति पाउनुको विपरीत हो। शरीरमा मन लगाउनु मृत्यु हो (8:6) र परमेश्वरप्रति शत्रुता हो (8:7)। पापमय स्वभावको वशमा हुने व्यक्तिले परमेश्वरलाई प्रसन्न गर्न सक्दैन (8:8) अनि ऊ मर्छ (8:13)। *शरीरमा हुनु* भनेको 7:7-25 मा वर्णन गरिएको समान अवस्था हो (7:14,18,25 लाई हेर्नुहोस्)।

8:12-13 चाहिँ निष्कर्ष हो। हामीले शरीरअनुसार जिउनु हुँदैन, किनकि शरीरअनुसार जिउने व्यक्ति मर्नेछ, जसको अर्थ परमेश्वरको न्याय पाउनु हो (1:17 लाई हेर्नुहोस्)। हामीले शरीरका पापमय कामहरूलाई मार्नुपर्छ। शरीरद्वारा नियन्त्रित व्यक्ति येशूको अनुयायी नभएकोले, पाप आत्माको शक्तिद्वारा समाप्त हुनुपर्छ।

► विद्यार्थीले समूहको लागि रोमी 8:1-13 पढ्नुपर्छ।

---

[60] पाठ 7 को खण्ड, "शरीर/सांसारिक परिभाषा" यस खण्डलाई बुझ्नको लागि धेरै महत्त्वपूर्ण छ।

**हरेक पदहरूको नोटहरू**

(8:1) आत्मालाई पछ्याउने व्यक्ति दोषी ठहरिएको हुँदैन। शरीरलाई पछ्याउने व्यक्ति दोषी ठहरिएको हुन्छ, अनि ऊ ख्रीष्टमा छैन।

(8:2) जीवनको आत्माको नियम यो हो कि जसलाई क्षमा गरिन्छ त्यो व्यक्ति अनुग्रहद्वारा ग्रहण गरिन्छ र उसको आत्मिक जीवन हुन्छ। पाप र मृत्युको नियम यो हो कि जसको व्यवस्थाद्वारा न्याय गरिनेछ उसलाई मृत्युदण्ड दिइनेछ।

(8:3) व्यवस्थाले आवश्यकताहरू प्रदान गऱ्यो; यसले शक्ति प्रदान गरेन। अविश्वासीले व्यवस्था पालन गर्न सकेन; त्यसकारण, व्यवस्था उद्धारको माध्यम हुनु असम्भव थियो। परमेश्वरले आफ्नो पुत्रलाई मुक्तिदाताको रूपमा पठाउनुभयो।

"मानिसहरू बाहिरी, दृश्यमान, भौतिक र सतही कुराहरूमा सहज हुन्छन्। परमेश्वरको लागि महत्त्वपूर्ण कुरा हाम्रो हृदयमा पवित्र आत्माको गहिरो, भित्री, गोप्य काम हो।"

- जोन आर.डब्ल्यू. स्टट,
रोमीहरूलाई सन्देश:
संसारको लागि परमेश्वरको शुभ समाचार

(8:4) हामी परमेश्वरको व्यवस्था बिर्सदैनौं तर आत्माको शक्तिले यसलाई पालन गर्छौं।

(8:5) प्रत्येक व्यक्तिले आफ्नो स्वभाव पछ्याउँछ। यदि उसले आत्मिक जीवन पाएको छैन भने, ऊ शरीरद्वारा नियन्त्रित हुन्छ।

(8:6) पापी स्वभावद्वारा नियन्त्रित हुनु भनेको दण्डको अधीनमा हुनु हो। यसको विकल्प भनेको आत्मामा हिंड्नु, परमेश्वरको आज्ञा पालन गर्नु हो। पाप गर्दै बस्नेहरूले क्षमा पाउने कुनै विकल्प छैन।

(8:7-8) शारीरिक स्वभाव भएको व्यक्ति स्वाभाविक रूपमा परमेश्वरको शत्रु हो, किनकि जबसम्म ऊ पापी स्वभावद्वारा नियन्त्रित हुन्छ तबसम्म ऊ परमेश्वरको अधीनमा बस्न सक्दैन। त्यस्तो अवस्थामा ऊ परमेश्वरको निम्ति स्वीकार्य हुँदैन।

► शरीरमा जिउने व्यक्तिको विवरणको वृतान्त सूचीबद्ध गर्नुहोस्।

(8:9) पापमय स्वभावमा हुनु भनेको पतन भएको, पापी स्वभावको नियन्त्रणमा हुनु हो। विश्वासी अब शरीरमा छैन। उसलाई अझै पनि शरीरबाट प्रलोभनहरू आउनेछन्, तर ऊ यसको नियन्त्रणमा छैन, र परीक्षाको प्रतिरोध गर्ने शक्ति छ। यस पदले हामीलाई बताउँछ कि यो शक्ति त्यहाँ छ किनभने परमेश्वरको आत्मा त्यहाँ हुनुहुन्छ। यदि कुनै व्यक्तिले पापमाथि विजय हासिल गरेको छैन भने उसले आत्माद्वारा निर्देशित र अभिषेक भएको दाबी गर्नु हुँदैन।

(8:10-11) मानव शरीर अझै पनि आदमको पाप र हाम्रा विगतका पापहरूबाट प्रभावित छ। त्यसकारण, यसको इच्छाहरू गलत दिशातर्फ जान सक्छन्। हामी हाम्रो शरीरको इच्छाहरूले हाम्रो मार्गदर्शन गर्न गर्छ भनी हामी त्यसमाथि भरोसा गर्न सक्दैनौं। तर येशूलाई फेरि जीवित पार्ने शक्तिले हामीमा काम गर्छ र हामीलाई जीवन दिन्छ ताकि हाम्रो शरीर परमेश्वरको आज्ञाकारितामा ल्याइयोस्। शरीरको कमजोरी पापको लागि बहाना होइन, किनकि परमेश्वरको शक्ति त्यसभन्दा ठूलो छ।

"नियन्त्रणमा रहेको राम्रो भोकले स्वास्थ्य र उपयोगितालाई बढावा दिन्छ। एउटै भोकले, सम्पूर्ण व्यक्तिलाई दास बनाएर जीवनमाथि शासन गर्छ, बन्धन र पाप ल्याउँछ।"

- विल्बर डेटन

(8:12-13) शरीरलाई पछ्याउँदा आत्मिक मृत्यु हुन्छ। आत्माद्वारा हामी शरीरका पापी कार्यहरूलाई मार्छौं, त्यसको अन्त्य गर्छौं। त्यसो गर्ने मानिसहरू मात्र जिउने मानिसहरू हुन् - जो परमेश्वरको न्यायबाट बाँच्छन्। यहाँ यस्तो कुनै अवधारणा छैन कि जुन व्यक्तिले पाप गरिरहने छनौट गर्छ त्यसलाई परमेश्वरले क्षमा गर्नुहुनेछ र स्वीकार गर्नुहुनेछ।

## ख्रीष्टियानहरूको लागि परमेश्वरको व्यवस्था

केही मानिसहरू भन्छन् कि परमेश्वरको व्यवस्था ख्रीष्टियानजीवनसँग कुनै सान्दर्भिक छैन। तिनीहरूले यस्ता कुराहरू भन्छन्, "परमेश्वरले तपाईंको कामको कुनै वास्ता गर्नुहुन्न," र "जब तपाईं स्वर्गमा पुग्नुहुन्छ तपाईंको कामको कुनै मूल्य हुनेछैन।" तिनीहरूको विचारमा, अनुग्रहले आज्ञाकारिताको ठाउँ लिन्छ। तर पावलले भने, "तब के हामी यही विश्वासद्वारा व्यवस्थालाई रद्द गर्ने? कदाचित होइन! बरु हामी त व्यवस्थालाई कायम पो राख्छौं" (रोमी 3:31)। यदि हामीले एउटा सुसमाचार सिकाउँछौं जसले व्यवस्थालाई रद्द गर्छ, यो पावलले प्रचार गरेको सुसमाचार होइन।

पावलले बताएका व्यवस्था केवल परमेश्वरले मोशामार्फत इस्राएललाई दिनुभएको व्यवस्थाको सङ्कलन मात्र होइन। मोशाको व्यवस्था एउटा विशेष समय र स्थानमा परमेश्वरको इच्छाको प्रयोग थियो। यसका थुप्रै विवरणहरू सबै ठाउँ र समयमा एकै तरिकाले लागू हुँदैन, विशेषगरी इस्राएललाई राष्ट्रको रूपमा दिइएको धार्मिक विधिविधान र व्यवस्थाहरू। तर मोशाको व्यवस्थाका सिद्धान्तहरू वा अनन्त सत्यताहरू अझै पनि लागू हुन्छन् किनभने परमेश्वरको चरित्र परिवर्तन हुँदैन।

सामान्यतया, परमेश्वरको व्यवस्था भनेको उहाँले मानिसबाट चाहनुभएको कुरा हो। व्यवस्था पवित्र, न्यायपूर्ण र असल छ (7:12) किनभने यो परमेश्वरको स्वभावबाट आउँछ। व्यवस्था आत्मिक हो (7:14)।

व्यवस्थाको धार्मिकता तिनीहरूमा पूरा हुन्छ जो शरीरअनुसार होइन तर आत्माअनुसार चल्दछ (8:4) किनभने तिनीहरू परमेश्वरको आज्ञाकारितामा जिउँछन्।

बाइबलले परमेश्वरको व्यवस्थाबारे निम्न कथनहरू दिन्छ:

1. व्यवस्थाको पालन गर्नु हृदयमा पूर्ण प्रेमको प्रदर्शन हुनुपर्छ (मत्ती 22:37-40)।

2. परमेश्वरको विशेष आज्ञाहरूको उद्देश्य शुद्ध हृदय, असल विवेक र निष्कपट विश्वासबाट प्रेमको आवश्यकता देखाउनु हो (1 तिमोथी 1:5)। प्रेमको उद्देश्य बाहेक कुनै व्यक्तिले परमेश्वरका आवश्यकताहरू साँच्चै पूरा गर्न असम्भव छ, त्यसैले अनाज्ञाकारिताले प्रेमको कमी देखाउँदछ।

3. यो प्रेम भएको व्यक्तिले सम्पूर्ण व्यवस्था पूरा गर्छ; अर्थात्, उसले परमेश्वरले मानिसबाट माग गर्नुभएको कुरा पूर्ण रूपमा पूरा गर्छ (रोमी 13:8-10)। त्यसर्थ, पूर्ण प्रेम हुनु भनेको पूर्ण आज्ञाकारितामा हुनु हो।

4. प्रेम आज्ञाकारितामा व्यक्त हुन्छ (1 यूहन्ना 5:2-3)। प्रेम केवल परमेश्वरप्रतिको भावना वा दाबी गरिएको निष्ठा मात्र होइन। प्रेमले आज्ञाकारितालाई प्रतिस्थापन गर्दैन तर आज्ञाकारितालाई प्रेरित गर्छ।

5. येशू व्यवस्था रद्द गर्न आउनुभएन, र उहाँले भन्नुभयो कि यदि कुनै व्यक्तिले अरूलाई व्यवस्था उलङ्घन गर्न सिकाउँछ भने, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइन्छ (मत्ती 5:17-20)।

सुसमाचारको लागि व्यवस्थाको उचित समझ हुनु आवश्यक छ किनभने मानिसहरूलाई परमेश्वरको व्यवस्था तोडेकोमा अनन्त रूपमा दोषी ठहराइन्छ। पाप र व्यवस्थाको बारेमा परमेश्वरसँग सहमत नभएसम्म व्यक्तिले पश्चात्ताप गर्नसक्दैन। केही मानिसहरूले महसुस गर्छन् कि पापीले परमेश्वरको व्यवस्था उलङ्घन गऱ्यो भने नरकको योग्य हुन्छ, तर तिनीहरूसँग अनौठो विचार छ कि एउटा व्यक्ति विश्वासी भएपछि परमेश्वरले व्यवस्थाको वास्ता गर्नुपर्दैन।

व्यवस्था परमेश्वरद्वारा हाम्रो स्वीकृतिको आधार होइन, तर व्यवस्थाले यो देखाएर एउटा विश्वासीको जीवनलाई निर्देशन गर्छ कि परमेश्वर चाहनुहुन्छ कि हामीले कस्तो जीवन जिउनुपर्छ।

► विश्वासीको लागि, परमेश्वरलाई प्रेम गर्नु र परमेश्वरको व्यवस्था बीचको सम्बन्ध के हो?

## खण्ड अध्ययन – रोमी भाग 4, खण्ड 3

### 8:14-27 को परिचय

8:14 ले अघिल्ला पदहरूलाई अर्को पदहरूमा उद्धारको आश्वासनको महत्त्वपूर्ण विषयवस्तुसँग जोड्दछ। परमेश्वरको सन्तानहरूको पहिचान यो हो कि तिनीहरूले शरीरको पछि लाग्नु र पापमा जिउनुको सट्टा आत्मालाई पछ्याउँछन् र विजयमा जिउँछन्।

8:14-27 एउटा खण्ड हो जसको शीर्षक "पतन भएको संसारमा पवित्र आत्माको सहायता" हुनसक्छ।

► विद्यार्थीले समूहको लागि रोमी 8:14-27 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू

(8:14) परमेश्वरको सन्तानको पहिचान यो हो कि उसले आत्मालाई पछ्याउँछ र शरीरको पछि लाग्ने र पापमा जिउनुको सट्टा विजयमा जिउँछ।

8:14-17 ले पवित्र आत्माद्वारा दिइएको उद्धारको व्यक्तिगत निश्चयतालाई वर्णन गर्दछ।

(8:15) विश्वासीहरूको रूपमा, हामी व्यवस्थाको डरको अधीनमा आउनु हुँदैन। बरु, हामी अनुग्रहद्वारा मुक्तिको आश्वासनका साथ बाँचिरहेका छौं। हामी परमेश्वरका सन्तानको रूपमा धर्मपुत्र बनाइएका छौं। ख्रीष्टियान आज्ञाकारिता उद्धारको माध्यमको रूपमा व्यवस्थाको अधीनमा फर्किने कुरा होइन तर परमेश्वरसँगको सम्बन्धको कुरा हो।


(8:16) यो पदले केही कुराको वर्णन गर्दछ जसलाई सुसमाचारवादी विश्वासीहरूले "आत्माको गवाही" भन्ने गर्छन्। परमेश्वरको आत्माले हामीलाई पुष्टि गर्नुहुन्छ कि हामी परमेश्वरसँगको मायालु, आज्ञाकारी सम्बन्धमा छौं र हामीले उद्धार पाएका छौं भन्ने साक्षी हामीलाई दिनुहुन्छ। हाम्रो आफ्नै आत्मा पनि त्यो वास्तविकताप्रति सचेत छ। परमेश्वरको आत्मा र हाम्रो आत्माको यो सम्झौता आश्वासनको आधार हो ताकि हामी अनिश्चिततामा बाँच्नु नपरोस्, हामी साँचो विश्वासी हौं कि भनेर सोच्नु नपरोस्।

उद्धारको निश्चयता नसिकाउने धर्म र सम्प्रदायहरूले आफ्ना मानिसहरूलाई डरमा राख्छन्। मानिसहरू डराउँछन् कि तिनीहरूले उद्धार पाउन पर्याप्त काम गरेका छैनन्। सुसमाचारले डरबाट छुटकारा ल्याउँछ किनभने हामीलाई थाहा छ कि हामीलाई क्षमा गरिएको छ। हाम्रो आज्ञाकारिता उहाँको स्वीकृति प्राप्त गर्ने माध्यमको रूपमा व्यवस्था पालन गर्नुको सट्टा हामीलाई पहिले नै स्वीकार गरिसक्नुभएका परमेश्वरलाई खुशी पार्नको लागि आत्मालाई पछ्याउनुमा आधारित छ।

हामी जान्न सक्छौं कि हामी बचाइएका छौं किनकि हामी परमेश्वरसँग आज्ञाकारी सम्बन्धमा बाँचिरहेका छौं र यो सत्य हो भन्ने आत्माको साक्षी छ। (मुक्तिको आश्वासनको लागि ईश्वरशास्त्रीय आधारको लागि 1 यूहन्ना 2:3, 29; 1 यूहन्ना 3:14, 18-21, 24 हेर्नुहोस्।)

► आफ्नो उद्धारमा निश्चित नभएको व्यक्तिलाई तपाईं के सल्लाह दिनुहुन्छ?

(8:17-18) हामी ख्रीष्टसँगै परमेश्वरको महिमा र राज्यको उत्तराधिकारी हुनेछौं। उहाँको महिमा उहाँले हामीमा गर्नुभएका महान् कामहरूद्वारा हामीभित्र प्रकट हुनेछ, हाम्रो स्वभावलाई उहाँले योजना बनाउनुभएअनुसार परिवर्तन गरिदिनुहुन्छ। हामी अनन्त जीवनको उत्तराधिकारी हुनेछौं, जसको अर्थ परमेश्वरको जीवन बिताउनु हो। हामी ख्रीष्टसँग राज्य गर्नेछौं। यद्यपि, हाम्रा सबै विशेषाधिकारहरू अहिले प्राप्त भएको छैन। यहाँ उल्लेख गरिएको महिमा अझै भविष्यको हो। दुःख अहिलेको हो, र राज्य पछिको हो। यद्यपि, भविष्यको महिमा यति ठूलो छ कि हाम्रो वर्तमान परिस्थिति हाम्रो भविष्यको तुलनामा महत्त्वपूर्ण छैन।[61]



**रोमी सडकहरू**

रोमीहरूले आफूले शासन गरेका देशहरू हुँदै मुख्य मार्गहरूको लागि धेरै सडकहरू निर्माण गरे। निर्माण डिजाइनले तिनीहरूलाई सहज र लामो समयसम्म टिक्ने बनायो। सडकहरू रोमलाई केन्द्रमा राखेर एउटा सञ्जालको हिस्सा थिए, जसले गर्दा "सबै सडकहरूले रोमतिर लैजान्छ" भन्ने भनाइ जन्मियो।

8:19-25 ले परमेश्वरले आफ्नो सृष्टि पूर्णरूपमा पुनर्स्थापित गर्न पर्खनुहुँदा विश्वासद्वारा स्थिर रहने कुराको वर्णन गर्दछ।

(8:19) सृष्टि गरिएका सबै कुराले बडो उत्कण्ठाले त्यो समयको प्रतीक्षा गर्छन् जब परमेश्वरले आफ्ना सन्तानहरूलाई पूर्ण रूपमा महिमा दिनुहुनेछ। प्रेरित यूहन्नाले भने कि हामीले स्वर्गमा हुने रूप अझै देख्दैनौं (1 यूहन्ना 3:2)।

(8:20-21) सृष्टि गरिएको प्रत्येक वस्तुले अझै पनि पापको परिणाम भोगिरहेको छ। पापीहरूले पापको परिणाम देखेर पश्चात्ताप गर्नेछन् भन्ने आशामा परमेश्वरले श्रापलाई रहन दिनुभएको छ। सृष्टि गरिएका वस्तुहरू अन्ततः पुनर्स्थापित हुनेछन् र परमेश्वरको अन्तिम योजना पूरा गर्न ल्याइनेछन्। यसमा अन्ततः परमेश्वरको इच्छालाई बहिस्कार गर्ने, पश्चात्ताप गर्न इन्कार गर्ने मानिसहरू समावेश छैनन्।

(8:22) पापको श्रापले सम्पूर्ण सृष्टिलाई असर गर्‍यो (उत्पत्ति 3:17-19)। काम गाह्रो छ। भूमिले मानिसलाई पतन अघि जस्तो प्रतिक्रिया दिँदैन। रोग, बुढ्यौली र मृत्यु सबै जीवित प्राणीहरूमा आउँछ।

(8:23) विश्वासीहरूले अझै पनि शारीरिक रूपमा पापको परिणाम भोग्छन् किनभने तिनीहरूको शरीर पतन अघिको अवस्थामा पुनर्स्थापित गरिएको छैन। हामीसँग पवित्र आत्मा पहिलो भाग, एउटा नमूना र परमेश्वरको अन्तिम पुनर्स्थापनाको प्रमाणको रूपमा हुनुहुन्छ। सृष्टिको अन्तिम, पूर्ण पुनर्स्थापना अन्तिम उद्धार हो। हामी भन्न सक्छौं कि हामीले अघि नै उद्धार पाइसकेका छौं, र अझै पनि अन्तिम उद्धारको पर्ख्याइमा छौं।

► सृष्टि पापको श्रापमा छ भन्ने कुराको संकेत गर्ने केही कुराहरू जो तपाईं देख्नुहुन्छ, ती के के हुन्?

पापीहरूसँग शैतानको नीति भनेको सुरुमा उसले सक्दो असल दिने, त्यसपछि झन् झन् खराब, पूरा गर्ननसक्ने वाचाहरू दिएर तिनीहरूलाई लोभ्याउने र नर्कमा अन्त्य गर्ने हो। परमेश्वरले हामीलाई अहिले स्वर्गको नमूना दिनुहुन्छ र पछि हाम्रो लागि उत्तम राख्नुहुन्छ।

(8:24-25) यी पदहरूले यो कुरा यो कुरा देखाउँछ कि हामी ती कुराहरूको लागि पर्खिरहेका छौं जुन हामीले अहिलेसम्म देखेका वा प्राप्त गरेका छैनौं।

---

[61] तस्बीर: "roman road to arch" taken by Steven Damron on January 5, 2010, बाट प्राप्त गरियो https://www.flickr.com/photos/97719890@N00/4249691365, licensed under CC BY 2.0, desaturated from the original.

**शरीरको पुनरुत्थान आवश्यक ख्रीष्टियान सिद्धान्त हो, र यसलाई इन्कार गर्नाले पापमय जीवनमा डोऱ्याउँछ।** कोरिन्थीको मण्डलीका कतिले पुनरुत्थानलाई बहिस्कार गरे, र दुई विपरीत डरलाग्दो परिणामहरू निम्त्याए:

1. शारीरिक इच्छाहरूलाई अत्याधिक दमन, मानौं ती सबै दुष्ट वा खराब छन्।
2. शारीरिक इच्छाहरूलाई बेवास्तापूर्वक भोग्नु, मानौं ती सबै हानीरहित छन्।

कतिले सोचेका थिए कि यदि शरीरलाई बेकार र दुष्ट ठानेर त्यागिने हो भने, सबै शारीरिक इच्छाहरू पापपूर्ण थिए। यस तर्कलाई पछयाउँदै, तिनीहरूले ब्रह्मचार्यको सिफारिस गरे। अरूले निर्णय गरे कि शरीर त्यागिने भएकोले, अब यसलाई सबै पापी इच्छाहरूमा लिप्त गर्न सकिन्छ। दुवै अतिवाद गैर-ख्रीष्टियानहरू हुन्। यी पाखण्डीहरू र अन्यहरू तब आउँछन् जब मानिसहरूले शरीरको पुनरुत्थानलाई बहिस्कार गर्छन्।

8:26-27 ले विश्वासीको प्रार्थनामा पवित्र आत्माको कामको वर्णन गर्दछ।

(8:26-27) हाम्रो पतित अवस्थाले हाम्रो मानसिक र आत्मिक धारणालाई असर गर्छ। हामी आत्मिक वास्तविकताहरू पूर्ण रूपमा बुझ्न सक्दैनौं। परमेश्वरले संसारमा के गर्न चाहनुहुन्छ भनेर हामी पूर्ण रूपमा बुझ्न सक्दैनौं। जब हामी प्रार्थना गर्छौं, पवित्र आत्माले हामीसँग प्रार्थना गरेर हाम्रो कमजोरीको क्षतिपूर्ति गर्नुहुन्छ जुन हामीले भन्न सक्दैनौं। उहाँलाई परमेश्वरको इच्छा अनुसार कसरी प्रार्थना गर्ने भनेर थाहा छ।

यी पदहरूको तात्पर्य अन्यभाषा (नजानिएको) मा प्रार्थना गर्नु होइन। कथन यो हो कि पवित्र आत्माले हाम्रो लागि प्रार्थना गर्नुहुन्छ किनभने कहिलेकाहीँ हामीले के प्रार्थना गर्नुपर्ने हो ठ्याक्कै थाहा हुँदैन। यसले यो भन्दैन कि हामी यो कुनै बुझ्न नसकिने तरिकाले प्रार्थना गर्छौं।

### 8:28-39 को परिचय

यस खण्डले विश्वासीहरू परमेश्वरको योजनामा छन् भनेर व्याख्या गर्दछ, र उहाँले तिनीहरूलाई ख्रीष्टियान यात्रा समाप्त गर्न र ख्रीष्टको स्वरूपमा रूपान्तरण हुन अनुग्रह दिन चाहनुहुन्छ। संसारमा अवस्थित कुनै पनि अवस्थाले हामीलाई परमेश्वरबाट अलग गर्न सक्दैन किनभने उहाँको अनुग्रह र शक्ति ठूलो छ।

यो खण्डलाई "विश्वासीको आत्मिक सुरक्षा" शीर्षक दिन सकिन्छ।

► विद्यार्थीले समूहको लागि रोमी 8:28-39 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू

(8:28) "हरेक कुरामा" भन्ने वाक्यांशले हामीले भोग्ने सबै कुराहरू समावेश गर्दछ। यसको अर्थ यो होइन कि पापसहित हुने सबै कुराहरू परमेश्वरले नै तोक्नुभएको छ। यसको अर्थ यो हो कि परमेश्वरले विश्वासीहरूको खातिर सबै कुराहरूबाट असल परिणामहरू ल्याउनुहुन्छ। 8:37 मा, सबै प्रकारका दुःखकष्टहरू सूचीबद्ध गरेपछि, उनले भने कि यी सबै कुराहरूमा हामी विजेताहरूभन्दा बढी छौं। परमेश्वरले तिनीहरूलाई उहाँको उद्देश्य पूरा गर्न प्रयोग गर्नुहुन्छ र तिनीहरू मार्फत हामीलाई उन्नति गर्नुहुन्छ।

परमेश्वरले सबै कुराको आदेश दिनुहुन्न। उहाँले स्वतन्त्र इच्छालाई काम गर्न अनुमति दिनुहुन्छ, वास्तविक जोखिमहरू लिन अनुमति दिनुहुन्छ जुन मौकाको अधीनमा हुन्छन्, र पापलाई पनि अनुमति दिनुहुन्छ। तैपनि विश्वासीको लागि, परमेश्वरले सबै घटनाहरूबाट राम्रो परिणाम ल्याउनुहुन्छ - हानिकारक मनसायले गरिएका अरूका पापहरूबाट पनि।

(8:29) हामीलाई थाहा छ कि संसारमा सबै जना बचाइनेछैन। त्यसकारण, जसलाई उहाँले पहिले नै चिन्नुभएको थियो ती ती हुन् जसको बारेमा उहाँले केही खास कुरा जान्नुहुन्थ्यो। रोमीको सन्दर्भबाट हामीलाई थाहा छ कि परमेश्वरले विश्वास गर्नेहरूलाई चुन्नुहुन्छ। उहाँलाई थाहा थियो कि

उहाँको उद्धारको प्रस्तावलाई विश्वासका साथ कसले प्रतिक्रिया दिनेछ। (11:2 र टिप्पणीहरू पनि हेर्नुहोस्।) यो क्रममा पूर्वनिर्धारणभन्दा पहिले उहाँको पूर्वज्ञान आउनु महत्त्वपूर्ण छ। परमेश्वरले विश्वासीहरूलाई बचाउने योजना बनाउनुभयो। (परमेश्वरको "ज्ञान" को उदाहरणहरूको लागि भजनसंग्रह 1:6, 1 कोरिन्थी 8:3, गलाती 4:9, र 2 तिमोथी 2:19 हेर्नुहोस्)।

उहाँले तिनीहरूलाई ख्रीष्टजस्तै बनाउने योजना बनाउनुभयो। उहाँ जस्तो हुनुहुन्छ त्यस्तै बन्नुको अर्थ चरित्रमा हामी ख्रीष्ट जस्तै बन्नेछौं।

(8:30) यो परमेश्वरको काम हो जसले हामीलाई अनन्त उद्धारमा पुऱ्याउँछ। हाम्रो इच्छा बाहेक हामीबाट केही आवश्यक छैन।

(8:31-32) कुनै पनि परिस्थिति परमेश्वरको लागि धेरै गाह्रो हुनसक्दैन। उहाँले पहिले नै सर्वोच्च त्याग गरिसक्नुभएको छ, त्यसैले अब उहाँले हामीलाई हाम्रो विजयको लागि आवश्यक पर्ने सबै कुरा दिनुहुनेछ।

(8:33) हाम्रो अभिलेखमा भएका पापहरूको दोषी कसैले पनि मान्न सक्दैन किनभने ती परमेश्वरले प्रदान गर्नुभएको धर्मीकरणद्वारा मेटाइएका छन्।

(8:35-39) यो एउटा यस्तो खण्ड हो जसले येशूलाई पछ्याउनेहरूलाई ठूलो आशा र सान्त्वना दिन्छ। हामीलाई परमेश्वरबाट कुनै पनि कुराले अलग गर्न सक्दैन। पावल भन्दैछन् कि हामी यस संसारमा सामना गर्नुपर्ने सबै कुराबाट आत्मिक रूपमा सुरक्षित छौं। **विश्वासीको सुरक्षा भनेको परमेश्वरले उसलाई आफ्नो विश्वासमा दृढ रहन बल प्रदान गर्न कहिल्यै असफल हुनुहुनेछैन र अरू कुनै शक्तिले उसलाई परमेश्वरबाट टाढा लैजान सक्दैन भन्ने प्रतिज्ञा हो।**

► परमेश्वरले विश्वासीलाई सबै परिस्थितिहरूको सामना विश्वासको साथ गर्न कसरी मद्दत गर्नुहुन्छ भनेर तपाईं कसरी वर्णन गर्नुहुन्छ?

## पाठ 8 समीक्षा पश्नहरू

(1) व्यवस्था उद्धारको माध्यम हुनु किन असम्भव थियो?

(2) विश्वासी अब शरीरमा रहँदैन भन्नुको अर्थ के हो?

(3) ख्रीष्टियनको जीवनलाई व्यवस्थाले कसरी निर्देशन गर्छ?

(4) आत्माको साक्षी के हो?

(5) अन्तिम उद्धार के हो?

(6) शारीरिक पुनरुत्थानको सिद्धान्तलाई अस्वीकार गर्दा कुन दुई विपरीत चरम सीमाहरू निम्त्याउँछ?

(7) विश्वासीको सुरक्षा भनेको के हो?

## पाठ 8 को कार्य

पतन भएको संसारमा ख्रीष्टियानको रूपमा जीवन बिताउने कठिनाइहरूको वर्णन गर्ने एक पृष्ठ लेख्नुहोस् र पवित्र आत्माले ख्रीष्टियानको लागि के गर्नुहुन्छ भनेर पनि वर्णन गर्नुहोस्।

# पाठ 9

# परमेश्वरको चयन

## खण्ड अध्ययन – रोमी भाग 5

रोमीहरूलाई लेखिएको पत्रले बताउँछ कि कसरी एक व्यक्ति मुक्ति र आशिष् प्राप्त गर्न परमेश्वरसँग सम्बन्धमा आउँछ। परमेश्वरसँगको सम्बन्ध विश्वासद्वारा प्राप्त अनुग्रहमा आधारित् छ। यो सन्देशले इस्राएलका मानिसहरूको बारेमा प्रश्नहरू उठाएको थियो। परमेश्वर र इस्राएलबीचको विशेष सम्बन्धलाई के भयो? कसरी एक यहूदी व्यक्ति बचाउन सकिन्छ? के परमेश्वरसँग अझै पनि इस्राएलको लागि योजना छ? पावलले सुसमाचारको सन्देशलाई व्याख्या गरिरहँदा यी अध्यायहरूले ती प्रश्नहरूको जवाफ दिन्छन्।

## परीक्षणमा परमेश्वरको न्याय

"तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ?" (रोमी 9:20)। कति मानिसहरूले यो पदलाई परमेश्वरको न्याय जाँच्न खोज्ने कुनै पनि व्यक्तिलाई हप्काउन प्रयोग गरेका छन्। तिनीहरू भन्छन् कि परमेश्वरको न्याय हाम्रो भन्दा यति उच्च छ कि हामी यसलाई बुझ्न सक्दैनौं।

> "अनन्तकालका परमेश्वर हुनको लागि, उहाँ सबै शैतानहरू, सबै स्वर्गदूतहरू र सबै मानिसहरूको अगाडि आरोपभन्दा माथि उभिन सक्षम हुनुपर्छ। कसैले पनि उहाँलाई अन्यायको आरोप लगाउन सक्षम हुनुहुँदैन।"
>
> - आर.जी. फ्लेक्सन, रुडिमेन्ट्स अफ रोमन्स

के त्यहाँ कुनै उच्च स्तरको न्याय छ जहाँ कालो सेतो बन्छ र दुष्ट वास्तवमा राम्रो हुन्छ? यदि एक मानव न्यायाधीशले शिशुहरूलाई दोषी ठहराउँछ, गल्तीहरू र जानाजानी गरेको अपराधहरू दुवैको न्याय गर्छ, र मानिसहरूलाई उनीहरूले रोक्न नसक्ने काम गरेकोमा सजाय दिन्छ भने, हामी यो भन्ने छैनौं कि उसले उच्च स्तरको न्यायअनुसार न्याय गरिरहेको थियो, तर ऊ अन्यायपूर्ण थियो।

परमेश्वरको न्याय उच्च छ तर हाम्रो भन्दा विपरीत छैन। हाम्रो न्यायको भावना उहाँबाट आउँछ र उहाँको स्तरमा आधारित छ। उहाँले हामीलाई पवित्र हुन आज्ञा गर्नुहुन्छ जस्तो उहाँ पवित्र हुनुहुन्छ। यदि उहाँको कार्य कहिलेकाहीँ हामीलाई अन्यायपूर्ण लाग्छ भने, त्यो यसकारणले हुन्छ कारण हामी सबै सत्यतथ्यहरू देख्दैनौं, हाम्रा मूल्यमान्यताहरू धेरै क्षणिक छन्, र हाम्रा धारणाहरू हाम्रा आफ्नै इच्छाहरूद्वारा विकृत छन्।

परमेश्वरले आफूलाई न्यायी भएको दाबी गरेर आफ्ना प्राणीहरूलाई आफ्नो मार्गहरू व्याख्या गर्न अस्वीकार गर्नुहुन्न। बरु, रोमीको पुस्तकले परमेश्वरको न्याय देखिने कुरामा जोड दिन्छ। परमेश्वरलाई बहिस्कार गर्नेहरूलाई कुनै किसिमको बहाना छैन (1:20) किनभने तिनीहरूले परमेश्वरको बारेमा थाहा छ। पापीहरूलाई थाहा छ कि तिनीहरू न्यायको योग्य छन् (1:32)। रोमी 2 पूर्ण रूपमा परमेश्वरको न्यायको निष्पक्षता र स्थिरतामा आधारित् छ। प्रायश्चितको काम भनेको परमेश्वर पापीहरूलाई धर्मी ठहराउँदा पनि न्यायी हुन सक्नुहुन्छ (3:26)।

यो स्पष्ट छ कि परमेश्वर हामीले उहाँ न्यायी हुनुहुन्छ भनेर देखोस् भन्ने चाहनुहुन्छ। यसकारणले गर्दा परमेश्वरले किन तिनीहरू न्यायसंगत छन् भनेर व्याख्या गर्दै आफ्नो उद्धारको नीतिहरू व्याख्या गर्नुभएको छ। हामीले उहाँ न्यायी हुनुहुन्छ भनेर नदेखेसम्म परमेश्वरको साँच्चै आराधना गर्न सम्भव

हुनेछैन। यदि हामीले परमेश्वर न्यायी हुनुहुन्छ भनेर विश्वास गर्दैनौं भने, उहाँप्रतिको हाम्रो आज्ञाकारिता अत्याचारी वा लुटाहाप्रतिको आज्ञाकारिताजस्तै हुनेछ।



**रोमीहरूको किल्ला**

यो किल्ला प्राचीन कालदेखि नै रोममा रहेको छ।

त्यसकारण, परमेश्वरले आफूलाई परीक्षामा पार्न अनुमति दिनुहुन्छ, वा आफूलाई त्यहाँ पनि राख्नुहुन्छ (3:4)। उहाँ विश्वस्त हुनुहुन्छ कि उहाँका कार्यहरू साँचो न्यायसँग मेल खान्छ। परमेश्वरका कार्यहरूको इमानदार परीक्षणले उहाँलाई धर्मी र पापीलाई दोषी देखाउनेछ।

► परमेश्वरको कार्यको न्याय बुझ्नु हाम्रो लागि किन महत्त्वपूर्ण छ? हामीले उहाँको न्याय बुझेको परमेश्वर चाहनुहुन्छ भनेर हामी कसरी थाहा पाउन सक्छौं?

परमेश्वरको सार्वभौमिकताको बारेमा बाइबलीय दृष्टिकोण:

- परमेश्वरले मानिसहरूलाई परिणामसहितको वास्तविक चुनाउ गर्ने अनुमति दिनुभएको छ।
- परमेश्वरले मानिसहरूले गरेको चुनाउअनुसार जवाफ दिनुहुन्छ (रोमी 1:24, 26, 28)।
- कुनै पनि व्यक्तिले जे गरे पनि परमेश्वर आफ्नो अन्तिम योजना पूरा गर्न अति नै शक्तिशाली र बुद्धिमानी हुनुहुन्छ।

प्रत्येक व्यक्तिले सुसमाचार स्वीकार गर्ने कि नगर्ने निर्णय गर्दछ र त्यसैको आधारमा उसले उद्धार पाउँछ वा बहिस्कार गरिन्छ। परमेश्वरले उद्धार प्रदान गर्नुहुन्छ, मानिसहरूलाई तिनीहरूको दोषको अनुभूति दिनुहुन्छ, अनुग्रहको इच्छा दिनुहुन्छ, र विश्वास गर्ने क्षमता दिनुहुन्छ। अविश्वासीहरूलाई पश्चात्ताप गर्न मनाउनका लागि उहाँले सन्देशवाहकहरू पठाउनुहुन्छ। तर व्यक्तिगत व्यक्तिले उद्धारको बारे आफै निर्णय गर्छ।[62]

**खण्ड अध्ययन – रोमी भाग 5, खण्ड 1**

### अध्याय 9 को मुख्य बुँदा

परमेश्वरले उद्धारको तरिका रोज्नुभएको छ, र अरू कुनै पनि तरिकाले कसैलाई बचाउन सकिँदैन।

### अध्याय 9 को सारांश

यस अध्यायको प्रायः यसरी व्याख्या गरिन्छ कि परमेश्वरले कसलाई बचाउनु हुन्छ र कसलाई छोड्नुहुन्छ भन्ने कुरा हामीले थाहा पाउन नसक्ने आधारमा छान्नुहुन्छ। वास्तवमा, कुरा यो हो कि परमेश्वरले उद्धारको बाटो रोज्नुभएको छ, र अरू कुनै पनि तरिकाले कसैलाई बचाउन सक्दैन। उहाँको सार्वभौमिकता कुनै मापदण्ड बिना केही मानिसहरूलाई छानेर अरूलाई अस्वीकार गरेर प्रदर्शन गरिएको छैन। उहाँको सार्वभौमिकतालाई उहाँको मापदण्ड- उद्धारको मार्गको डिजाइनद्वारा प्रदर्शन गरिएको छ।

► विद्यार्थीले समूहको लागि रोमी 9:1-5 पढ्नुपर्छ।

---

[62] तस्बीर: "Porta San Paolo front", by Joris, मार्च 1, 2005, बाट प्राप्त गरियो https://commons.wikimedia.org/wiki/File:Porta_San_Paolo_front.JPG, public domain बाट पुन:प्राप्त।

**हरेक पदहरूको नोटहरू**

(9:1-3) पावलले इज्राएलको लागि असाध्य शोक र वेदना व्यक्त गरे किनभने तिनीहरू आत्मिकरूपमा हराएका थिए। उनले आफू तिनीहरूको भाइ भएको उल्लेख गरे। पावलले यहूदीहरूको धर्ममा उत्कृष्ट प्रदर्शन गरेका थिए। उनी तिनीहरूका विद्वानहरूलाई सम्मान गर्थे। धेरैजसो शिक्षकहरू, अगुवाहरू र तिनीहरूले सेवा गरेका धेरैजसो मानिसहरूले ख्रीष्टलाई बहिस्कार गरेको महसुस गरेर उनी दुःखी भए।

(9:4-5) इस्राएल ठूलो आत्मिक सुअवसर भएको राष्ट्र थियो।

- तिनीहरूले परमेश्वरलाई पिताको रूपमा पाएका थिए।
- तिनीहरूले पहिला परमेश्वरको महिमा प्रकट भएको देखे।
- तिनीहरुसँग थियो
    - आशिषको रूपमा करारहरू
    - व्यवस्था
    - आराधनाको प्रारूप
    - अन्तिम उद्धारका प्रतिज्ञाहरू
- तिनीहरूका पूर्वज यहूदी थिए
- येशू यहूदी वंशमा जन्मनुभयो।

पावलले पहिले 3:1-2 मा भनेका थिए कि यहूदीहरूसँग धेरै फाइदाहरू थिए।

**यहूदी धर्म ख्रीष्टियानमतको मूल हो:**

यहूदी धर्मलाई ख्रीष्टियान धर्मको मूल भन्न सकिन्छ। अहिले पनि यहूदी धर्ममा अन्य कुनै पनि धर्मको तुलनामा ख्रीष्टियान धर्मसँग धेरै समानता छ। यहूदी धर्मले ख्रीष्टलाई बहिस्कार नगरेसम्म झूटो धर्म बन्न सकेन।

यहाँ ख्रीष्टियानमत र यहूदी धर्म बीचको केही सम्बन्धहरू सूचीबद्ध छन्।

1. ख्रीष्टियान र यहूदी धर्मका अनुयायीहरूले पुरानो करारमा प्रकट हुनुभएका परमेश्वरको आराधना गर्छन्।
2. यहूदी धर्मले ख्रीष्टियानको धार्मिक र दार्शनिक आधार प्रदान गऱ्यो। इज्राएल एकेश्वरवादी थियो र अनन्त, अकारण र पवित्र परमेश्वरमा विश्वास गर्दथ्यो।। परमेश्वरले सबै असल कुरा सृष्टि गर्नुभयो, तर दुष्टता र दुःख पापको कारणले आयो। मानिस परमेश्वरको स्वरूपमा एक विशेष सृष्टि हो, जसको उद्धारपछि एक गौरवशाली गन्तब्य हुन्छ। हामी यी सत्यहरू मान्दछौं, तर तिनीहरू प्राचीन इस्राएल वरपरका सबै धर्महरूसँग भिन्न थिए। यी सत्यहरू पहिले इस्राएलमा प्रकट भएका थिए।
3. ख्रीष्टियान र यहूदी धर्मका अनुयायीहरूले पुरानो करारलाई पवित्रशास्त्रको रूपमा स्वीकार गर्छन्, तर यहूदी धर्मका अनुयायीहरूले नयाँ करारलाई स्वीकार गर्दैनन्।
4. ख्रीष्टियान विश्वासको संस्थापक येशू एक यहूदी हुनुहुन्थ्यो र उहाँले आफ्ना मानिसहरूको धर्मलाई पुष्टि गर्नुभयो। उहाँले यसको वास्तविक प्राथमिकताहरू बताउनुभयो र फरिसीहरूको विकृतिको निन्दा गर्नुभयो। उहाँले नयाँ धर्म सुरु गरेको दाबी गर्नुभएन तर पुरानो धर्मलाई पूरा गर्नुभएको थियो।
5. यहूदी धर्मको मुटु मसीही आशा थियो। सुरुका ख्रीष्टियानहरू यहूदीहरू थिए जसले येशूलाई यहूदी मसीह मान्थे।

**खण्ड अध्ययन – रोमी भाग 5, खण्ड 1**

► विद्यार्थीले समूहको लागि रोमी 9:6-16 पढ्नुपर्छ।

**हरेक पदहरूको नोटहरू जारी**

(9:6-9) तिनीहरूमध्ये कतिले उद्धार पाएका छन्; परमेश्वरको वचनले प्रभाव पारेको छ। परमेश्वरका मानिसहरू केवल अब्राहामका जैविक सन्तानहरू मात्र होइनन्। तिनीहरू ती मानिसहरू हुन् जसलाई परमेश्वरको प्रतिज्ञामा विश्वास गरेर उद्धार गरिएको छ।

परमेश्वरले अब्राहामलाई चुन्नुभएको समयदेखि नै उद्धारको योजना यसरी गरिएको थियो। परमेश्वरको उद्धार योजना, जो इसहाकमार्फत जारी राख्नु थियो, विश्वासको प्रतिक्रियामा परमेश्वरको काम थियो। उद्धारको लागि परमेश्वरको तरिका प्रतिज्ञा, त्यसपछी विश्वास, त्यसपछि चमत्कार हो। इसहाकको जन्म एउटा चमत्कार थियो।

इश्माएल प्राकृतिक तरिकाले जन्मेका थिए, चमत्कारद्वारा होइन, र परमेश्वरले तिनलाई उद्धारको योजनाको लागि प्रयोग गर्नुभएन। त्यही सिद्धान्तद्वारा, परमेश्वरले उद्धारको लागि कामहरू स्वीकार गर्नुहुन्न। कामहरूद्वारा मुक्ति पाउन चाहने यहूदीहरूलाई परमेश्वरले बहिस्कार गर्नुभयो जसरी इश्माएललाई प्रतिज्ञा गरिएको छोरा हुनबाट बहिस्कार गरिएको थियो।

► याकूब र एसावको बारेमा के भन्नुहुन्छ? केही मानिसहरू सोच्छन् कि यी पदहरूले तिनीहरू जन्मनुभन्दा पहिले नै परमेश्वरले कसलाई बचाउने भनेर चुन्नुभएको थियो। यी पदहरूले वास्तवमा के भन्छन्?

(9:10-13) जब परमेश्वरले एसावको सट्टा याकूबलाई रोज्नुभयो, उहाँले कसलाई बचाउने भनेर छनौट गर्नुभएन। उहाँले उद्धारको योजना पूरा गर्न एकजनालाई रोज्नुभयो। यो अध्यायको विषयवस्तु हो: उद्धारको माध्यम निर्धारण गर्ने परमेश्वरको अधिकार। पुरानो करारमा एसावको जीवनको विवरणले देखाउँछ कि उसको वास्तवमा हृदय परिवर्तन भएको थियो र ऊ बचाइएको हुनसक्छ। उसलाई उद्धारबाट बहिस्कार गरिएको थिएन तर चुनिएको जाति र मसीहको पिता हुनबाट बहिस्कार गरिएको थियो। *घृणा* शब्दको अर्थ "एउटाको लागि अर्कोलाई तुच्छ ठान्नु" हो, जस्तै यसको अर्थ येशूले भन्नुभएको थियो कि हामीले उहाँप्रतिको हाम्रो निष्ठाको तुलनामा आफ्ना बुबा र आमालाई तुच्छ ठान्नुपर्छ (लूका 14:26)।

परमेश्वरले याकूबलाई तिनमा भएका योग्यताहरूको कारणले चुन्नुभएन वा एसावलाई तिनले गरेका गल्तीहरूको कारणले बहिस्कार गर्नुभएन। यस पदले जोड दिन्छ कि जब परमेश्वरले चुनाउ गर्नुभयो तब तिनीहरूले कुनै पनि राम्रो वा नराम्रो काम गरेका थिएनन्। अवश्य पनि, परमेश्वरलाई तिनीहरूको भविष्य थाहा थियो। कुरा यो हो कि परमेश्वरले आफ्नो योजनाअनुसार चुन्नुभयो।

► केही मानिसहरू भन्छन् कि 9:14-16 ले यो प्रमाणित गर्छ कि हामीलाई थाहा नभएका कारणहरूले गर्दा परमेश्वरले कसलाई बचाउने भनेर छान्नुहुन्छ। तिनीहरू भन्छन् कि हाम्रो कार्य र चुनाउले हामी बचाइनेछौं कि छैनौं भनेर निर्धारण गर्दैन। यी पदहरूले वास्तवमा के भनिरहेका छन्?

(9:14-16) परमेश्वरले जसलाई दया देखाउन चाहनुहुन्छ त्यसलाई छान्नुहुन्छ। यसको मतलब यो होइन कि उहाँले यो कुनै आधारबिना वा हामीले थाहा गर्न नसक्ने आधारमा गर्नुहुन्छ। परमेश्वरले आफ्नो कृपाको आधार देखाउनुभएको छ: "दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ।" (यशैया 55:7)।

उहाँले हामीलाई स्पष्टरूपमा भन्नुहुन्छ कि यदि हामीले विश्वास गर्‍यौं भने हामी उद्धारको लागि छानिएका हुन्छौं र यदि विश्वास गरेनौं भने बहिस्कार गरिन्छौं। त्यसकारण, कसरी उद्धार पाउन सकिन्छ भनेर निर्णय गर्ने व्यक्तिको इच्छाअनुसार हुँदैन। उद्धार परमेश्वरको कृपाद्वारा हुनुपर्छ, उहाँले तोक्नुभएको तरिकाले प्राप्त गर्नुपर्छ।

► विद्यार्थीले समूहको लागि रोमी 9:17-23 पढ्नुपर्छ। के परमेश्वरले फारोलाई दुष्ट मानिस बनाउनुभएको थियो र उसलाई यस्तो प्रकारले नियन्त्रणमा राख्नुभयो ताकि उसले दुष्ट काम गरोस्?

(9:17-18) फारो दोषी ठहरिन जन्मेका थिएनन्, तर परमेश्वरले तिनलाई आफ्नो अधिकारको स्थानमा राख्नुभयो किनभने परमेश्वरलाई थाहा थियो कि तिनले के गर्नेछन्। "*खडा गरें*" शब्दले तिनको सृष्टिलाई जनाउँदैन, तर शासकको रूपमा तिनको स्थापनालाई जनाउँछ। विश्वास गर्नेहरूमाथि परमेश्वर दया गर्नुहुन्छ र विश्वास नगर्नेहरूलाई कठोर पार्नुहुन्छ। कठोर पार्नुको अर्थ यो होइन कि परमेश्वरले असल व्यक्तिलाई खराबमा परिवर्तन गर्नुभयो। परमेश्वरले फारोलाई पहिले नै गर्न चाहेको कुरा पूरा गर्ने दृढ संकल्प दिनुभयो।

कठोर हृदय भएकाहरूलाई तिनीहरूको अवस्थाको लागि दोषी मानिन्छ। त्यसकारण, न्यायअनुसार, तिनीहरूको चुनाउ वास्तविक हो। यस अघि, 2:4-5 मा, अन्यजातिहरूलाई हृदयको कठोरताको लागि निन्दा गरिएको छ जुन सत्यलाई तिनीहरूले जानाजानी गरेको अस्वीकारसँग सम्बन्धित छ। (यर्मिया 19:15, नहेम्याह 9:25-29, मर्कूस 16:14, र हिब्रू 3:7-13 पनि हेर्नुहोस्।) यदि फारोले पहिले परमेश्वरलाई अस्वीकार नगरेको भए उसको हृदय कठोर हुने थिएन।

(9:19) यहाँ कसैले आपत्ति उठाउँछ: "यदि परमेश्वरले मानिसहरूलाई नियन्त्रण गर्न सक्नुहुन्छ, जस्तो उहाँले फारोलाई गर्नुभयो, तब कसरी कसैको न्याय गर्न सकिन्छ? कसैले पनि उहाँको इच्छाको सफलतापूर्वक प्रतिरोध गरेको छैन।" आपत्तिजनक व्यक्तिले यस्तो बोल्छ कि यदि कुनै व्यक्तिलाई अन्ततः परमेश्वरले चाहनुभएको कुरा गर्न बाध्य पारियो भने उसलाई परमेश्वरको प्रतिरोध गरेकोमा बहाना बनाउनुपर्छ। तर परमेश्वर ती मानिसहरूको बीचको भिन्नता छुट्टयाउन सक्षम हुनुहुन्छ जसले स्वेच्छापूर्वक उहाँको कुरा मान्छ र जसले उहाँको कुरा मान्दैन।[63]

(9:20-23) परमेश्वरले कसैलाई न्यायको लागि र कसैलाई दयाको लागि छान्न सक्नुहुन्छ, यद्यपि उहाँ अन्तत: सबैद्वारा महिमा पाउनुहुनेछ (किनकि उहाँ आफ्नो न्याय र दया दुवैको लागि महिमित हुनुहुनेछ)। उहाँसँग छनौटको आधार छ र उहाँलाई छनौट गर्ने अधिकार छ। परमेश्वरले स्वीकृतिको लागि आफ्नो मापदण्ड तोक्नुहुन्छ, र यो अपरिवर्तनीय छ।

कुमालेले माटोलाई के गर्ने भनेर निर्णय गर्नसक्छ। उसले यसको एक भागलाई फूलको फूलदानमा र अर्को भागलाई फोहोरको भाँडोमा परिणत गर्नसक्छ। त्यसैगरी, परमेश्वरले निर्णय गर्नुहुन्छ कि केही मानिसहरू केवल न्यायको लागि योग्य छन् र अरू मानिसहरू दयाको लागि योग्य छन्। ग्रीक क्रियाले कार्य कसले गऱ्यो भनेर निर्दिष्ट गर्दैन। यसको अर्थ मानिसहरूले आफूलाई न्यायको लागि तयार पारे भन्ने हुनसक्छ। यो कथनसँग मेल खान्छ कि परमेश्वरले न्यायको समय नआएसम्म तिनीहरूको विद्रोह सहनुहुन्छ। परमेश्वरले तिनीहरूलाई न्यायको लागि सृष्टि गर्नुभएन वा तिनीहरूलाई पापी बनाउनुभएन। तिनीहरूको न्याय तिनीहरूको आफ्नै चुनाउको लागि हुनेछ। परमेश्वर आफ्नो छनौटमा सार्वभौम हुनुहुन्छ भन्ने तथ्यको अर्थ उहाँले अन्धाधुन्ध छनौट गर्नुहुन्छ भन्ने होइन तर उहाँले आफ्नै स्तरद्वारा छनौट गर्नुहुन्छ। उहाँले न्यायको लागि दुष्टहरूलाई र मुक्तिको लागि विश्वासीहरूलाई छान्नुहुन्छ।

प्रश्न "तपाईंले मलाई किन यस्तो बनाउनुभयो?" यो प्रश्नको अर्थ यो होइन कि "तपाईंले मलाई किन निन्दाको लागि सृष्टि गर्नुभयो", तर "म न्यायको लागि योग्य छु भनेर तपाईंले किन निर्णय गर्नुभयो?" तर परमेश्वरलाई आफ्नो न्याय निर्धारण गर्ने र प्रकट गर्ने अधिकार छ।

कुमालेको दृष्टान्त यर्मिया 18:1-18 बाट हो। मुख्य पदहरू 18:7-10 हुन्। 18:8 ले भन्छ, "यदि मैले चेताउनी दिएको जातिले आफ्नो खराबीदेखि पछितो गऱ्यो भने मैले सोंचेको विपत्ति त्यसमाथि ल्याउनदेखि म मेरो मन बदल्नेछु।"

---

[63] 3:5-8 मा उस्तै खण्डको टिप्पणीहरू हेर्नुहोस्।

► कुमाले र माटोको दृष्टान्तलाई तपाईं कसरी व्याख्या गर्नुहुन्छ? के परमेश्वरले केही मानिसहरूलाई आफ्नो क्रोध देखाउने उद्देश्यले बनाउनुभयो? उहाँले माटोबाट विभिन्न प्रकारका चीजहरू बनाउनुहुन्छ भन्नुको अर्थ के हो?

## प्रेरितको आफ्नै निष्कर्ष

यस अध्यायबाट केही मानिसहरूले निष्कर्ष निकालेका छन् कि परमेश्वरले केही मानिसहरूलाई न्यायको उद्देश्यका लागि र अरूलाई दयाको लागि सृष्टि गर्नुहुन्छ। यद्यपि, पावल आफैंले यस अध्यायको अन्त्यमा आफ्नो मुख्य बुँदा उल्लेख गर्छन् (9:30-33)। लेखकलाई आफ्नै दृष्टान्तबाट आफ्नै कुरा बनाउन दिनु महत्त्वपूर्ण छ। हामीले लेखकको कथाको प्रयोगको बारेमा तर्क गर्नुहुँदैन जुन उनले आफैंले भनेका कुराको विपरीत हो। पावलको मुख्य बुँदा यो हो: परमेश्वरले कुनै व्यक्तिलाई उसको विश्वासको आधारमा न्याय गर्नुहुन्छ। कुमालेको रूपमा, उहाँलाई स्वीकृतिको आधार तय गर्ने अधिकार छ।

हामी परमेश्वरको सार्वभौमिकतामा आनन्दित हुनसक्छौं किनभने उहाँ सधैँ बुद्धिमानी, असल, मायालु र उहाँले गर्ने सबै कुरामा न्यायी हुनुहुन्छ। उहाँसँग पूर्ण अधिकार भए तापनि, उहाँले कुनै पनि अन्यायपूर्ण काम गर्नुहुन्न। उहाँका कार्यहरू सधैँ उहाँको आफ्नै स्वभावसँग मिल्दोजुल्दो हुँदछ।

यस अध्यायको उद्देश्य यो होइन कि परमेश्वरले कुनै पनि व्यक्तिलाई कुनै मापदण्ड बिना नै रोज्नुहुन्छ। रोमी 9 को मुख्य उद्देश्य यो हो कि परमेश्वरले एउटा मापदण्ड निर्धारण गर्नुहुन्छ जसले यो तय गर्छ कि उद्धारको लागि कसलाई छान्नुहुन्छ। यो मापदण्ड बचाउने विश्वास हो।

## खण्ड अध्ययन – रोमी भाग 5, खण्ड 1

► विद्यार्थीले समूहको लागि रोमी 9:24-33 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू जारी

(9:24-26) धेरै अन्यजातिहरू परमेश्वरका मानिसहरूको हिस्सा बने, यद्यपि तिनीहरूलाई राष्ट्रियताको आधारमा परमेश्वरका मानिसहरू भनिएको छैन। यो यस पत्रको महान मिसनेरी विषयवस्तुसँग जोडिएको छ: सुसमाचार संसारका सबैलाई दिन सकिन्छ।

(9:27-29) धेरै यहूदीहरूलाई अस्वीकार गरिनेछ, र केवल केही रहेकाहरूहरू मात्र बचाइनेछन्। यहूदीहरू यहूदी भएको कारणले गर्दा स्वचालित रूपमा बचाइने छैनन्। यदि परमेश्वरले दयाबिना न्यायअनुसार काम गर्नुभएको भए, तिनीहरू सदोमजस्तै पूर्णरूपमा नष्ट हुने थिए।

(9:30-33) अध्यायको निष्कर्ष यहाँ छ। लेखकलाई आफ्नै निष्कर्ष लेख्न अनुमति दिनुपर्छ। अध्यायको विषयवस्तु यो हो कि परमेश्वरले उद्धारको माध्यम तय गर्नुभएको छ। व्यवस्थाको आधारमा आफ्नो धार्मिकता स्थापित गर्न खोज्नेहरू असफल भए। विश्वासद्वारा धार्मिकता खोज्नेहरू सफल हुन्छन्। आफ्नो धार्मिकता स्थापित गर्न खोज्ने व्यक्ति परमेश्वरले बसाल्नुभएको जगमा ठोक्किन्छ, तर विश्वास गर्ने व्यक्ति लज्जित हुनेछैन।

**पाठ 9 को समीक्षा प्रश्नहरू**

(1) हामीले उहाँको न्याय बुझेको परमेश्वर चाहनुहुन्छ भनेर हामी कसरी थाहा पाउन सक्छौं?

(2) परमेश्वर न्यायी हुनुहुन्छ भनेर हामीले किन बुझ्नु महत्त्वपूर्ण छ?

(3) परमेश्वरको सार्वभौमिकताको बारेमा बाइबलीय दृष्टिकोण के हो?

(4) रोमी 9 को मुख्य बुँदा के हो?

(5) इस्राएलका आत्मिक विशेषाधिकारहरू के थिए?

(6) ख्रीष्टियान विश्वास र यहूदी धर्म बीचको पाँच सम्बन्ध के हो?

(7) परमेश्वरले याकूबलाई रोज्नुभएको बारेमा रोमी 9 ले के भन्छ?

(8) हामी किन परमेश्वरको सार्वभौमिकतामा आनन्दित हुन सक्छौं?

**पाठ 9 का कार्यहरू**

(1) परमेश्वर कसरी सार्वभौम हुनुहुन्छ र मानिसहरूले गरेको चुनाउअनुसार कसरी जवाफ दिनुहुन्छ भनेर व्याख्या गर्दै एक पृष्ठ लेख्नुहोस्। रोमी 9 अध्यायको प्रयोग गर्नुहोस्, तर अन्य वचनका पदहरू पनि प्रयोग गर्नुहोस्।

(2) तपाईंले अन्य मण्डलीका विश्वासीहरूसँग कम्तिमा दुईवटा बातचित तयार गर्नुपर्छ। तपाईंले उनीहरूलाई परमेश्वरको सार्वभौमिकताको बारेमा के सोच्नुहुन्छ भनेर व्याख्या गर्न सोध्नुपर्छ। तपाईंले रोमीबाट विषयसँग सान्दर्भिक अंशहरू व्याख्या गर्नुपर्छ। तपाईंले बातचितको विवरण लेखेर कक्षा अगुवालाई दिनुपर्छ।

# पाठ 10

# जरुरी सन्देश

**खण्ड अध्ययन – रोमी भाग 5, खण्ड 2-3**

रोमीको पुस्तकको चरमोत्कर्ष रोमी 10 अध्याय हो। प्रेरितले पहिले नै व्याख्या गरिसकेका छन् कि उद्धार विश्वासद्वारा अनुग्रहबाट प्राप्त हुन्छ र संसारका सबैलाई यसको आवश्यकता छ। विश्वास आवश्यक भएकोले, सुसमाचारको सन्देश महत्त्वपूर्ण छ: मानिसहरूले सन्देश सुन्नु आवश्यक छ ताकि तिनीहरूले यसलाई विश्वास गर्न सकून्। यो अध्याय पुस्तकको उद्देश्यको लागि महत्त्वपूर्ण छ किनभने सम्पूर्ण पुस्तकले मिसनेरी कार्यको आधार दिन्छ।

रोमी 11 ले इस्राएल र मण्डलीबीचको सम्बन्धको बारेमा बताउँछ। धेरैजसो यहूदीहरूले सुसमाचारलाई अस्वीकार गरे। पावलले व्याख्या गरे कि परमेश्वरको योजना सम्पूर्ण संसारको लागि थियो र यहूदीहरू पनि बचाइनेछ। सम्पूर्ण इस्राएलले एक दिन ख्रीष्टलाई स्वीकार गर्नेछ।

**खण्ड अध्ययन- रोमी भाग 5, खण्ड 2**

### अध्याय 10 को मुख्य बुँदा

धार्मिकता विश्वासद्वारा पाउनुपर्छ, र विश्वासको आवश्यकताले सुसमाचार सन्देशलाई तुरुन्तै महत्त्वपूर्ण बनाउँछ।

### अध्याय 10 को सारांश

व्यक्तिगत धार्मिकताको माध्यमबाट धर्मी ठहरिने प्रयास गर्नु गल्ती हो। परमेश्वरले मानिसबाट ग्रहण गर्नुभएको धार्मिकता, उहाँले विश्वासको जवाफमा मानिसलाई पहिले दिनुहुन्छ। सुसमाचार सन्देशले विश्वासको लागि अवसर प्रदान गर्दछ।

► विद्यार्थीले समूहको लागि रोमी 10 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू

(10:1-5) यहूदीहरू अझै पनि बचाइनु आवश्यक थियो किनभने तिनीहरूले बुझेका थिएनन् कि तिनीहरूलाई कस्तो धार्मिकता चाहिन्छ। तिनीहरूले व्यक्तिगत धार्मिकताको सिद्ध अभिलेख स्थापित गरेर आफूलाई धर्मी ठहराउने प्रयास गरे, यो असम्भव छ भनेर बुझेनन्। परमेश्वरले स्वीकार गर्ने धार्मिकता भनेको विश्वासीको विश्वासको प्रतिक्रियामा व्यक्तिमा काम गर्ने धार्मिकता हो।

व्यवस्थाको उद्देश्य पापको बहिस्कार गरेर र उद्धारकर्ताको आवश्यकता देखाएर हामीलाई ख्रीष्टकहाँ ल्याउनु हो। जब कुनै व्यक्ति ख्रीष्टकहाँ आउँछ, अब परमेश्वरसँग उसको स्वीकृतिको आधार व्यवस्था रहँदैन, त्यसैले ख्रीष्ट व्यवस्थाको अन्त्य हुनुहुन्छ (10:4)। यसको मतलब यो होइन कि व्यवस्थाले हामीलाई कसरी परमेश्वरको आज्ञापालन गर्ने भनेर देखाउँदैन, तर परमेश्वरद्वारा हाम्रो स्वीकृति हाम्रो आज्ञाकारिताको सिद्ध, आजीवन अभिलेखमा भर पर्दैन।

ख्रीष्ट आउनुभन्दा अघि बाँचेका मानिसहरूले कामहरूद्वारा उद्धार पाएका थिए भन्ने सिद्धान्तलाई यस खण्डले पूर्ण रूपमा खण्डन गर्दछ। पावलले स्पष्टरूपमा भनेका छन् कि कामहरूद्वारा आफ्नो धार्मिकता स्थापित गर्न खोज्नेहरू भ्रमित र हराएका थिए। पावलले 10:6-8 मा व्यवस्थाबाट उद्धृत गरेको सुसमाचारको सत्यलाई तिनीहरूले विश्वास गर्नुपर्थ्यो।[64]

(10:6-11) यो व्यवस्थ 30:11-14 को उद्धरण हो। मोशाले इस्राएलीहरूलाई परमेश्वरका आज्ञाहरू पालन गर्नु स्वर्गमा उक्लने वा समुद्र पार गर्ने जस्ता वीरतापूर्ण वा अलौकिक प्रयासहरूमा भर पर्दैन भनी बताए। बरु, यो तिनीहरूको विश्वासद्वारा परमेश्वरबाट तिनीहरूमा पूरा हुनेछ।[65]



**भ्याटिकन**

313 मा सतावट समाप्त भएपछि, रोम चाँडै नै साम्राज्यजस्तै मण्डलीको राजधानी बन्यो। यो अझै पनि रोमी क्याथोलिक मण्डलीको राजधानी हो। तस्वीरले क्याथोलिक धर्मको मुख्यालय भ्याटिकनलाई देखाउँछ।

पावलले स्वर्ग वा पृथ्वीमा उक्लने कार्यहरूलाई सङ्केत गर्न यो कथनलाई अनुकुलित गरे र ख्रीष्टले आवश्यक पर्ने सबै कुरा पूरा गर्नुभएको देखाए।

अनुग्रहद्वारा उद्धार यति नजिक छ कि यो हाम्रो हृदय र मुखमा छ। यसको अर्थ हामी यसलाई विश्वास (हाम्रो हृदयमा) र अङ्गीकार (हाम्रो मुखले) द्वारा प्राप्त गर्छौं।

(10:12-13) यहाँ अर्को जोड दिइएको छ कि उद्धारको एउटै माध्यम प्रत्येक व्यक्तिको लागि उपलब्ध छ। येशू सबैका प्रभु हुनुहुन्छ, र संसारको जुनसुकै ठाउँमा पनि जो कोहीले पनि उहाँलाई पुकार्न सक्छ।

(10:14-15, 17) यो मिसनेरी कार्यको लागि आह्वान हो। मिसनेरीको सन्देश अत्यन्त जरुरी छ - किनकि मानिसहरू विश्वासद्वारा बचाइएका छन्, त्यसैले तिनीहरूले विश्वास गर्न सन्देश सुन्नु आवश्यक छ। यी पदहरू पुस्तकको उद्देश्यको केन्द्रबिन्दु हुन्।

पावलले मिसनेरी कार्यको लागि ठूलो जोश व्यक्त गर्छन् र सुसमाचार नसुनेकाहरूको त्रासदी वर्णन गर्छन्। विश्वास गरेर तिनीहरू बाँच्न सक्छन्; तर नसुनी कसरी विश्वास गर्न सक्छन्? र मिसनेरी (सुनाउने व्यक्ति) नगएसम्म कसरी सुन्न सक्छन्?

► पावलले मिसनेरीहरू पठाउनुपर्ने आवश्यकताको बारे कुरा गरे, जसको अर्थ तिनीहरूलाई सुसज्जित र समर्थन गर्नु हो। तपाईंको नजिक नभएका मानिसहरूलाई सुसमाचार पठाउन तपाईंले के गर्नुपर्छ?

पावलका पत्रहरूले सुझाव दिएअनुसार तिनको सुसमाचार प्रचारको लागि दुई वटा ठूला प्रेरणाहरू छन्: परमेश्वरले उनको लागि गर्नुभएको र अरूको लागि गर्न उनलाई अह्राउनुभएको कुराबाट उत्पन्न दायित्वको भावना, र परमेश्वरलाई सकेसम्म धेरै मानिसहरूद्वारा महिमा मिलोस् भन्ने चाहना। हामीले पावललाई सुसमाचारमा परमेश्वरको अनुग्रह विस्तार गरेर अनुकरण गर्नुपर्छ जसरी उनले गरे।"

- डगलस जे. मू, रोमीहरू

(10:16, 18-21) मिसनेरी बोलावटमा यो पनि याद दिलाइएको छ कि सबैले प्रतिक्रिया जनाउने छैनन्। मानिसहरूले सुसमाचार सुनेर मात्र उद्धार पाउँदैनन्। अन्यजातिहरूसँग सामान्य प्रकाश (1:18-20 मा छलफल गरिएको) द्वारा केही ज्ञान थियो, तर त्यसले तिनीहरूलाई बचाउन सकेन किनकि तिनीहरूले यसलाई बहिस्कार गरे (10:18 लाई

[64] निम्न खण्ड हेर्नुहोस्।

[65] तस्वीर: "St Peters. Rome" Brian Dillon द्वारा दिसम्बर 12, 2010 मा लिइएको, https://www.flickr.com/photos/28805679@N03/6375448359/, licensed under CC BY 2.0 बाट पुन: प्राप्त गरिएको, desaturated and cropped from the original.

भजनसंग्रह 19:4 बाट उद्धरण गरिएको छ)। इस्राएलसँग धेरै प्रकाश थियो, तैपनि तिनीहरू केवल यो पाएर मात्र बचाइएनन्। यशैयाले इस्राएलले मसीहलाई बहिस्कार गर्ने भविष्यवाणी गरे (यशैया 53:1, 3)।

प्रेरितले प्रश्नहरूको जवाफ दिन्छन्। पहिलो, अन्यजातिहरूको बारेमा, कसैले भन्नसक्छ, "तर के साँच्चै तिनीहरूलाई थाह छैन?" पावलले जवाफ दिन्छन्, "हो, परमेश्वरको ज्ञान सर्वत्र छ," जसरी उनले 1:20 मा वर्णन गरेका छन्। त्यसपछि, प्रश्न उठाउने व्यक्तिले यहूदीहरूको बारेमा सोध्छ: "के इस्राएललाई थाहा थिएन?" उनले जवाफ दिन्छन् कि परमेश्वरले निरन्तर इस्राएलीहरूलाई सम्पर्क गर्नुभयो, तर तिनीहरूले आज्ञा पालन गर्न अस्वीकार गरे। प्रश्न उठाउने व्यक्तिले सुसमाचार सन्देशको प्रभावकारितामा शंका गरिरहेको छ किनभने धेरैले यो सुने र उद्धार पाएनन्।

पावलले व्याख्या गरे कि धेरैजसो इस्राएलीहरूले विश्वासका साथ प्रतिक्रिया दिएनन्।[66] प्रतिक्रिया नदिएसम्म सन्देशद्वारा मात्र मानिसहरूले उद्धार पाउँदैनन्।

प्रचारले एउटा व्यक्तिलाई बचाउन सक्दैन जसले इन्कार गर्दछ - परमेश्वरको अनुग्रह अप्रतिरोध्य छैन। यद्यपि, यसले उद्धारको अवसर प्रदान गर्दछ। सबैलाई परमेश्वरको बारेमा केही न केही थाहा भए पनि, सुसमाचार ठूलो प्रकाश र पवित्र आत्माको दोषी ठहराउने शक्तिको साथ आउँछ।

## खण्ड अध्ययन – रोमी भाग 5, खण्ड 3

### अध्याय 11 को मुख्य बुँदा

परमेश्वरको सर्तमा उद्धार स्वीकार नगरी कोही पनि बाँच्न सक्दैन।

### अध्याय 11 को सारांश

सामान्यतया इस्राएलले उद्धार पाएन किनभने तिनीहरूले परमेश्वरको तरिकाबाट बचाइन अस्वीकार गरे। धेरै अन्यजातिहरू बचाइएका थिए, तर विश्वासबाट पतन हुने जो कोहीले पनि उद्धार गुमाउँछन्। यदि यहूदीहरूले चुनाउ गरे भने उनीहरूलाई बचाउन सकिन्छ, र सम्पूर्ण रूपमा इस्राएलले कुनै दिन सुसमाचार स्वीकार गर्नेछ। परमेश्वरले तिनीहरूका पुर्खाहरूलाई गर्नुभएको प्रतिज्ञाहरू पूरा गर्नुहुनेछ।

► विद्यार्थीले समूहको लागि रोमी 11:1-15 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू

(11:1) प्रश्न यो हो, "के परमेश्वरले यहूदीहरूलाई परित्याग गर्नुभयो?" पावलले जवाफ दिन्छन्, "कदापी होइन, म पनि एक यहूदी हुँ।" केही यहूदीहरू बचाइए।

(11:2-5) जसलाई परमेश्वरले पहिलेदेखि चिन्नुभएको थियो तिनीहरूलाई परित्याग गरिएको छैन। निस्सन्देह, परमेश्वरले सबैलाई पहिलेदेखि उहाँ सर्वज्ञ हुनुहुन्छ भन्ने अर्थमा चिन्नुभयो, तर जसलाई उहाँले यस पदको अर्थमा पहिलेदेखि चिन्नुभएको थियो तिनीहरू सबै हुन सक्दैनन् किनभने पदले इस्राएलका विशिष्ट मानिसहरूको बारेमा कुरा गरिरहेको छ। पदले ती मानिसहरूलाई बुझाउँछ जसलाई परमेश्वरले उहाँको अनुग्रहमा प्रतिक्रिया दिनेछन् भनी जान्नुहुन्थ्यो।[67] पावलले बाललाई नढोक्ने 7000 मानिसहरूको उदाहरण प्रस्तुत गर्छन् जसलाई परमेश्वरले यस अर्थमा पहिलेदेखि चिन्नुभएको थियो र स्वीकार गर्नुभएको थियो।

[66] पाठ 4 मा रहेको "पुरानो करारमा अनुग्रह" शीर्षकको खण्ड हेर्नुहोस्।

[67] 8:29 मा भएका टिप्पणीहरू हेर्नुहोस्।

बाँकी रहेकाहरू जो परमेश्वरद्वारा चुनिएका छन् (11:5) स्वेच्छाचारी वा अनियमित रूपमा चुनिएका होइनन्। तिनीहरू ती मानिसहरू हुन् जसलाई परमेश्वरले चिन्नुभएको थियो कि तिनीहरूले उहाँमा विश्वास गर्नेछन्।

(11:6) ख्रीष्टियान जीवनमा काम र अनुग्रह सधैँ सँगै जान्छन्, तर तिनीहरूले उद्धारको आधारको रूपमा एकअर्कालाई पूर्ण रूपमा बहिष्कृत गर्छन्। केही झूटा धर्महरूले सिकाएझैं परमेश्वरद्वारा हाम्रो स्वीकृतिको आधारको रूपमा तिनीहरूलाई एकसाथ जोड्न सकिँदैन।

(11:7-10) यशैया 29:10 बाट उद्धृत गरिएको पद 11:8 ले देखाउँछ कि मानिसहरूको कपटले तिनीहरूलाई आत्मिक रूपमा अन्धा बनायो। तिनीहरूको हृदय कठोर भयो किनभने तिनीहरूले सत्यलाई अस्वीकार गर्न जारी राखे। यशैया 6:9-10 ले यो पनि भन्छ कि मानिसहरूले दयाको प्रस्ताव सुन्न र अस्वीकार गर्न जारी राख्दा अन्धा हुन्छन्। रोमीका यी पदहरूको अर्थ यो होइन कि परमेश्वरले केही मानिसहरूलाई दया गर्न अस्वीकार गर्नुभयो। दाऊदको श्राप (भजनसंग्रह 69:22, 23), जुन पावलले रोमी 11:9-10 मा उद्घृत गरे, पश्चात्ताप गर्ने मानिसहरूलाई परित्याग गरिनेछ भन्ने थिएन, तर दुष्ट मानिसहरूलाई दण्ड दिइनेछ भन्ने थियो।

(11:11) के परमेश्वरले तिनीहरूलाई सबै आशाभन्दा बाहिर जाने अनुमति दिनुभएको छ? कदापी होइन। इस्राएलले ख्रीष्टलाई अस्वीकार गरेको कारण उहाँ क्रूसमा टाँगिनुभयो, जुन परमेश्वरको उद्धारको माध्यम थियो। यस अर्थमा, तिनीहरूको अस्वीकृतिको परिणामस्वरूप अन्यजातिहरूले स्वीकृति पाए। जब यहूदीहरूले अन्यजातिहरूलाई उद्धार पाएको देख्छन्, तिनीहरूले बुझ्नेछन् कि तिनीहरूले पनि त्यस्तै तरिकाले उद्धारपाउन सक्छन्।

(11:12-15) यदि इस्राएल परमेश्वरकहाँ फर्कन्छ भने अन्यजातिहरूलाई अझ बढी फाइदा हुनेछ। परमेश्वरले यहूदी र अन्यजाति बीच चुनाउ गर्नु आवश्यक छैन। उहाँ सबैलाई बचाउन चाहनुहुन्छ।

► केही ईश्वरशास्त्रीहरू विश्वास गर्छन् कि परमेश्वरले केही मानिसहरूलाई बचाउन नचाहनुभएको हुनाले, उहाँले तिनीहरूबाट आफ्नो अनुग्रह रोक्नुभयो, जसले गर्दा तिनीहरूको उद्धार असम्भव भयो। 11:12-15 बाट तपाईं त्यो विचारको जवाफ कसरी दिनुहुन्छ?

► विद्यार्थीले समूहको लागि रोमी 11:16-24 पढ्नुपर्छ।

(11:16-24) यी पदहरूले एउटा रूखबाट हाँगाहरू लिएर अर्को रूखमा राखिने अभ्यासको उदाहरण प्रयोग गर्छन्। इस्राएल परमेश्वरको रूखबाट भाँचिएका हाँगाहरू जस्तै थियो, र अन्यजातिहरू रूखमा कलमी बाँधिएका हाँगाहरू थिए। यहूदीहरू तिनीहरूको अविश्वासको कारणले भाँचिएका थिए। कलमी बाँधिएका जो कोही पनि यदि विश्वासमा रहिरहेन भने भाँचिनेछ। पहिले नै भाँचिएकाहरूलाई पुनर्स्थापित गर्न सकिन्छ।

पावलले यो भनेनन् कि परमेश्वरले रूखमा को रहने भनेर निर्णय गर्नुहुन्छ र उहाँको निर्णय अपरिवर्तनीय छ। उनले भने कि परमेश्वरले अविश्वासीहरूलाई हटाउनुहुन्छ, तर यदि तिनीहरूले विश्वास गरे भने तिनीहरू फेरि रूखमा जोडिनेछन्। विश्वास गर्ने अन्यजातिहरू जोडिनेछन्, तर यदि तिनीहरू अविश्वासमा पर्छन् भने तिनीहरू भाँचिनेछन्। परमेश्वरले मानिसको चुनाउहरूको जवाफ दिनुहुन्छ।

► यी पदहरूबाट, हाँगाहरू जोडिने वा हटाइने उदाहरणलाई तपाईं कसरी व्याख्या गर्नुहुन्छ?

## उद्धार त्याग्नुको खतरा

विश्वासीको सुरक्षाको बारेमा बाइबलले के सिकाउँछ भनेर बुझ्नु महत्त्वपूर्ण छ। विश्वासीहरूको लागि बाइबलमा धेरै गम्भीर चेताउनीहरू छन्।

यूहन्ना 15:2-10 मा दाखको बोट र हाँगाहरूको प्रसिद्ध रूपक छ। यसले केही महत्त्वपूर्ण प्रश्नहरूको उत्तर दिन्छ।

हामी कसरी ख्रीष्टमा रहन्छौं? "यदि मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ" (15:10)। ख्रीष्टमा रहन छोड्नु भनेको एउटा व्यक्तिले उहाँको आज्ञा पालन गर्न छोड्नु हो। त्यसपछि के हुन्छ?

"कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैँ बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिनेछन्, र ती जलिहाल्छन्" (15:6)। यदि एउटा व्यक्तिले आज्ञा पालन गर्न छोड्छ, र यसरी ख्रीष्टमा रहन छोड्छ भने, उसलाई अस्वीकृत गरिन्छ। दाखको बोटबाट हाँगाहरू खसेर आगोमा फाल्नको लागि बटुल्ने दृष्टान्तले हामीले कल्पना गर्नसक्ने सबैभन्दा पूर्ण अस्वीकृति देखाउँछ।

"ममा रहो, र म तिमिहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौं भने तिमीहरूले पनि सक्दैनौ" (15:4)। "ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाट्नुहुन्छ" (15:2)। फल फलाउनु भनेको परमेश्वरको अनुग्रहद्वारा परिवर्तित, आशिषित् र निर्देशित जीवन बिताउनु हो। यदि हामी आज्ञाकारिताद्वारा ख्रीष्टमा रहेनौं भने, हामी फल फलाउन सक्दैनौं। फल नफलाउने व्यक्ति अस्वीकृत हुन्छ।

हामीले जे गरे पनि उद्धार पाउनेछौं भनी बाइबलले कतै पनि बताउँदैन। ख्रीष्टियान जीवनको लागि निरन्तर अनुग्रह ख्रीष्टमार्फत परमेश्वरसँगको हाम्रो सम्बन्धबाट आउँछ। ख्रीष्ट एउटा दाखको बोट जस्तै हुनुहुन्छ जसबाट हामीले जीवनलाई निरन्तरता दिनै पर्छ। दाखको बोटको रूपकले देखाउँछ कि उद्धारको वरदान सम्बन्धको माध्यमबाट प्राप्त हुन्छ। उहाँबाट अलग हुनु भनेको उद्धारबाट अलग हुनु हो। हामी परमेश्वरको आज्ञा पालन गरेर यो बचाउने सम्बन्ध कायम राख्छौं।

आधुनिक उदाहरण उज्यालोदिने बल्ब र बिजुली हुनसक्छ। बिजुलीको शक्ति बगिरहेको बेला बल्बमा प्रकाश हुन्छ। यदि बल्बलाई यसको शक्ति स्रोतबाट अलग गरिएको छ भने यसले आफ्नो प्रकाश दिन सक्दैन। त्यसरी नै, ख्रीष्टसँगको हाम्रो सम्बन्धको कारण हामीसँग अनन्त जीवन छ। उहाँको जीवन हामीमा बग्छ। यदि हामी उहाँबाट अलग भयौं भने हामीले त्यो जीवन कायम राख्न सक्दैनौं।

पवित्रशास्त्रले हामीलाई चेतावनी दिन्छ कि एक पटक उद्धार पाएको व्यक्तिले अन्ततः पापमा पराजित भएर उद्धार गुमाउन सक्छ। "जसले जित्छ, त्यसलाई यसरी सेता वस्त्र पहिराइन्छ, र म त्यसको नाउँ जीवनको पुस्तकबाट मेटिदिनेछैनँ" (प्रकाश 3:5)। यी उद्धार पाएका मानिसहरू थिए, तापनि यदि तिनीहरू पापमा पराजित भए तिनीहरूले उद्धार गुमाउनेछ।

एक समयमा, पावल चिन्तित थिए कि थेसलोनिकामा रहेका उनका विश्वासीहरूले आफ्नो विश्वास त्यागेका हुन सक्छन्। उनले भने कि यदि त्यसो भएको भए, तिनीहरूलाई सुसमाचार प्रचार गर्ने उनको परिश्रम खेर जानेछ (1 थेस्सलोनिकी 3:5)। यसले देखाउँछ कि एउटा विश्वासी आफ्नो विश्वासबाट यतिसम्म पतन हुनसक्छ कि उसको मौलिक परिवर्तन व्यर्थ हुन्छ।

2 पत्रुस 2:18-21 मा हामी पाउँछौं कि त्यहाँ झूटा शिक्षकहरू छन् जसले केही विश्वासीहरूलाई धोका दिन्छन् जो "हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेका छन।" यी सुरुका विश्वासीहरूले धार्मिकताको बाटो चिनेका थिए तर तिनीहरूले त्यसलाई त्यागे। यो पदले भन्छ कि पापी जीवनशैलीमा फर्कनुभन्दा बाटो कहिल्यै नचिनेको भए राम्रो हुनेथियो। यसले देखाउँछ कि पापमा फर्केर एक व्यक्तिले आफ्नो मुक्ति गुमाउन सम्भव छ। यदि एउटा व्यक्तिले आफ्नो उद्धार गुमाउन सम्भव नभएको भए, ऊ कहिल्यै पनि उद्धार पाउनुअघिको तुलनामा अझ खराब हुन सक्दैनथ्यो।

परमेश्वर विश्वासीहरूले सुरक्षित महसुस गरून् भन्ने चाहनुहुन्छ, तर झूटो आश्वासनमा आफ्ना भावनाहरूको आधारमा होइन जसले गर्दा तिनीहरू आफैंलाई वास्तविक आत्मिक खतरामा पार्छन्। हामीले विश्वासीहरूलाई त्यस्ता प्रतिज्ञा गर्नुहुँदैन जुन परमेश्वरले गर्नुभएको छैन। हामीले जे गरे पनि हाम्रो उद्धार गुमाउनबाट सुरक्षित रहनेछौं भनेर उहाँले प्रतिज्ञा गर्नुहुन्न।

परमेश्वरले हामीसँग रहने, हामीलाई मार्गदर्शन गर्ने र पापमाथि विजय हासिल गर्न हामीलाई सशक्त बनाउने प्रतिज्ञा गर्नुहुन्छ। उहाँले प्रतिज्ञा गर्नुहुन्छ कि हामीले उहाँसँगको हाम्रो सम्बन्धबाट आत्मिक जीवन प्राप्त गर्नेछौं। विश्वासी परमेश्वरसँगको सम्बन्धमा प्राप्त गर्ने निरन्तर अनुग्रहको परमेश्वरको प्रतिज्ञामा निर्भयतापूर्वक बाँच्न सक्छ।

## खण्ड अध्ययन – रोमी भाग 5, खण्ड 3

### हरेक पदहरूको नोटहरू जारी

(11:25-29) इस्राएल राष्ट्रको रूपमा (सम्पूर्ण इस्राएल) बचाइनेछ। यसको अर्थ यो होइन कि प्रत्येक यहूदीले बचाइनेछ, तर भविष्यमा राष्ट्रको बाँकी रहेकाहरू परमेश्वरतिर फर्कनेछन्। अन्यजातिहरूको पूर्णता लूका 21:24 मा उल्लेख गरिएको छ। (इस्राएलको राष्ट्रको रूपमा मुक्तिको बारेमा अन्य जानकारी यशैया 2:2-5, यशैया 60:1-22; जकरिया 12:7-13:9 मा छ।)

(11:30-31) 11:11 मा भएको नोट हेर्नुहोस्।

(11:32) परमेश्वरले तिनीहरूलाई सबैलाई एउटै अवस्थामा अविश्वासीहरूको रूपमा वर्गीकृत गर्नुभएको छ (समूहबद्ध गर्नुभएको छ)। परमेश्वरले सबैलाई तिरस्कार गर्नुभएको छ र तिनीहरूमाथि दण्डको घोषणा गर्नुभएको छ, ताकि सबै समानरूपमा दयाको लागि भागिदार बनुन। यस पदमा *सबै* शब्द दुई पटक प्रयोग गरिएको छ। जसरी सबै पापी छन्, त्यसरी नै परमेश्वरले सबैमाथि दया गर्न चाहनुहुन्छ। जसरी उहाँले सबैलाई तिरस्कार गर्नुभयो, त्यसरी नै उहाँले सबैलाई दया प्रदान गर्नुभयो।

सबै मानिसहरूलाई एउटै वर्गमा राख्नुभएको छ ताकि सबैले समान उद्धार पाउन सकोस्। (3:19-23 लाई हेर्नुहोस्।) मुख्य कुरा यो हो कि उहाँले सबैलाई तिरस्कार गर्नुभयो ताकि उहाँले सबैलाई एउटै तरिकाले कृपा प्रदान गर्न सक्नुहुनेछ।

(11:33-36) यी पदहरू परमेश्वरको ज्ञानको लागि प्रशंसाको उद्गार हो। महान उद्धार योजना हाम्रो कल्पनाभन्दा माथि छ। हामीले यसलाई उहाँले दिन चाहनुभएको तरिकाले स्वीकार गर्नुपर्छ, किनकि उहाँले हामीलाई दिनैपर्छ भन्ने कुनै जबरजस्ती छैन (11:35)। कति जना परमेश्वरको उद्धारको योजनाबाट दु:खित छन्, मानौं यो ठेस लाग्ने चट्टान हो; तर यो दयाको जग हो।

## व्यवस्थावाद (डिस्पेंसनलिज्म) विरुद्ध करार सम्बन्धी ईश्वरशास्त्र

ईश्वरशास्त्रीहरूले इस्राएल र मण्डलीबीचको सम्बन्धलाई बुझ्ने कोसिस गरे।

प्रश्नहरूमा यी समावेश छन्: के पुरानो करारका मानिसहरूले नयाँ करारका मानिसहरूभन्दा फरक तरिकाले उद्धार पाएका थिए? के परमेश्वरले इस्राएललाई गर्नुभएको प्रतिज्ञाहरू मण्डलीमा पनि लागू हुन्छन्? के इस्राएल अझै पनि परमेश्वरको योजनामा विशेष छ?

इस्राएल र मण्डलीबीचको सम्बन्धको एउटा व्याख्यालाई व्यवस्थावाद"डिस्पेंसनलिज्म" भनिन्छ। अन्य ईश्वरशास्त्रीहरू व्यवस्थावादसँग असहमत भएका छन् र एउटा व्याख्या विकास गरेका छन् जसलाई कहिलेकाहीँ "करार सम्बन्धी ईश्वरशास्त्र" पनि भनिन्छ।

### व्यवस्थावाद (डिस्पेंसनलिज्म)

*व्यवस्था (डिस्पेंसेसन)* शब्द मानव इतिहासका विभिन्न कालखण्डहरू छन् जहाँ परमेश्वरले मानिसहरूसँग फरक व्यवहार गर्नुहुन्छ, विभिन्न माध्यमबाट मुक्ति प्रदान गर्नुहुन्छ भन्ने अवधारणाबाट आएको हो। समयको अवधि जब परमेश्वरले मुक्तिको एक विशेष योजना प्रयोग गर्नुहुन्छ, त्यस अवधीलाई डिस्पेंसन भनिन्छ।

कतिपय व्यवस्थावादी (डिस्पेन्सनलिस्ट) हरूले मानव इतिहासलाई धेरै व्यवस्थाहरूमा विभाजन गरे। बाइबलीय व्याख्यालाई सबैभन्दा बढी असर गर्ने दुई अवधीहरू इस्राएल र मण्डलीबीचको भिन्नतामा आधारित छन्। यी ईश्वरशास्त्रीहरू विश्वास गर्छन् कि पुरानो करारका इस्राएलीहरू मोशाको व्यवस्था र बलिदान प्रणाली पालन गरेर बचाइएका थिए; र नयाँ करारका विश्वासीहरू विश्वासद्वारा अनुग्रहद्वारा बचाइएका छन्। मण्डली इस्राएलबाट पूर्ण रूपमा फरक छ, र परमेश्वरले तिनीहरूसँग फरक तरिकाले व्यवहार गर्नुहुन्छ।

यद्यपि व्यवस्थागत ईश्वरशास्त्रका धेरै भिन्नताहरू छन्, व्यवस्थावादको एक विशिष्ट संस्करणले सिकाउँछ कि भूमि र राज्यको बारेमा इस्राएललाई परमेश्वरले गर्नुभएको सबै प्रतिज्ञाहरू शाब्दिक रूपमा पूरा हुनेछन्।

व्यवस्थावादीहरू सोच्छन् कि दुवै योजनाहरू पृथ्वीमा एकैसाथ चल्न सक्दैनन्; त्यसैले, तिनीहरू विश्वास गर्छन् कि मण्डलीलाई सात वर्षको अवधीको लागि पृथ्वीबाट हटाइनेछ। त्यस समयमा इस्राएलले येशूलाई आफ्नो मसीहको रूपमा स्वीकार गर्नेछ। त्यस अवधीपछि 1,000 वर्षको राज्य हुनेछ जब येशूले यरूशलेममा राज गर्नुहुनेछ।

व्यवस्थावादीहरूले पुरानो करारलाई ख्रीष्टियानहरूका लागि कम उपयोगी बनाउँछन् किनभने तिनीहरू विश्वास गर्छन् कि यो फरक युगअन्तर्गत इस्राएललाई सम्बोधन गरिएको थियो। तिनीहरू सत्यता चित्रण गर्न पुरानो करारका कथाहरू प्रयोग गर्छन्, तर तिनीहरू प्रायः पुरानो करारबाट सैद्धान्तिक प्रमाणलाई अस्वीकार गर्छन् र नयाँ करारलाई मात्र पछयाउने प्रयास गर्छन्।

धेरै मानिसहरू जसलाई "व्यवस्थावाद" शब्द थाहा छैन, तिनीहरू यसको विचारबाट प्रभावित भएका छन्। प्रायः मानिसहरूले पुरानो करारको अधिकारलाई स्वीकार गर्न अस्वीकार गर्छन्, यद्यपि नयाँ करारका लेखकहरूले स्पष्ट रूपमा यसलाई आफ्नो अधिकार मान्थे।

**करार सम्बन्धी ईश्वरशास्त्र**

करार सम्बन्धी ईश्वरशास्त्रअनुसार, परमेश्वरका मानिसहरू ती हुन् जसले उहाँलाई प्रेम गर्छन् र उहाँको सेवा गर्छन्, चाहे तिनीहरू जुनसुकै ऐतिहासिक अवधीमा बाँचिरहेका छन्। मुक्ति पाएका मानिसहरू, चाहे पुरानो करारको समयमा होस् वा नयाँ करारको समयमा, पश्चात्ताप गर्ने र उद्धारको लागि परमेश्वरमा भरोसा गर्ने मानिसहरू हुन्।

मण्डली अब परमेश्वरका मानिसहरू हुन् र पुरानो करारमा इस्राएललाई गरिएका प्रतिज्ञाहरू सहित परमेश्वरका मानिसहरूलाई दिइएका प्रतिज्ञाहरू प्राप्त गर्छन्। इस्राएल राष्ट्रको अब कुनै विशेष महत्त्व छैन।

> बाहिरी रूपले मात्र यहूदी हुनेचाहिँ साँचो यहूदी होइन, त्यसरी नै साँचो खतना पनि बाहिरी र शारीरिक कुरा होइन। यहूदी त्यो हो, जो भित्री रूपले यहूदी हो, र साँचो खतनाचाहिँ हृदयको कुरो हो, यो आत्मिक कुरा हो, लिखित व्यवस्थाको कुरा होइन। यस्तो मानिसको प्रशंसा मानिसहरूबाट होइन, तर परमेश्वरबाट हुन्छ (रोमी 2:28-29)।
>
> यसकारण तिमीहरूले यो जान, कि जस-जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्।परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने पवित्रशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई "तँमा नै सबै जातिले आशिष् पाउनेछन्" भन्ने सुसमाचार अघिबाटै सुनायो। यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष् पाएका छन् (गलाती 3:7-9)।
>
> उहाँले हामीलाई मोल तिरेर छुटाउनुभयो, ताकि अब्राहामलाई दिइएको आशिष् ख्रीष्ट येशूद्वारा अन्यजातिहरूमा आओस्, र हामी विश्वासद्वारा प्रतिज्ञाका पवित्र आत्मा प्राप्त गर्न सकौं (गलाती 3:14)।
>
> अब न त यहूदी छ न ग्रीक… यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ (गलाती 3:28-29)।

करार सम्बन्धी ईश्वरशास्त्रअनुसार, यी प्रतिज्ञाहरू इस्राएलको सट्टा मण्डलीको लागि पूरा हुनेछन्:

- यरूशलेममा ख्रीष्टको सिंहासन स्थापित
- शान्ति
- संसारको अगुवाको रूपमा इस्राएल
- सबै राष्ट्रहरूलाई इस्राएलद्वारा सिकाइँदै
- प्रतिज्ञा गरिएको भूमिको अनन्त स्वामित्व, र जंगली जनावरहरूमाथि अधिकार।

सबै प्रतिज्ञाहरूको शाब्दिक अर्थको सट्टा आत्मिक अर्थ हुने गरी व्याख्या गरिएको छ। मण्डलीमा पूरा हुनको लागि यी सबै प्रतिज्ञाहरू आत्मिक लाभहरूद्वारा पूरा हुनुपर्छ।

करार सम्बन्धी ईश्वरशास्त्रमा विश्वास गर्ने धेरैजसो मानिसहरूले 1,000 वर्षको अवधिको लागि पृथ्वीमा ख्रीष्टको शाब्दिक शासनमा विश्वास गर्दैनन्। तिनीहरू विश्वास गर्छन् कि ख्रीष्ट र सन्तहरूले अहिले आत्मिक रूपमा सुसमाचारको प्रभावद्वारा शासन गर्छन्। तिनीहरू विश्वास गर्छन् कि अब्राहामलाई उनका सन्तानहरूले कनानलाई सधैंभरि अधिकार गर्नेछन् भन्ने प्रतिज्ञा वर्तमान विश्वासीहरूले मुक्ति पाएर पूरा हुन्छ।

करार सम्बन्धी ईश्वरशास्त्रअनुसार, इस्राएल राष्ट्रको लागि अहिले कुनै महत्त्व छैन, किनभने तिनीहरूले ख्रीष्टलाई अस्वीकार गरेका थिए। कुनै पनि अन्यजातिजस्तै, यहूदीहरू व्यक्तिगत उद्धार प्राप्त गरेर परमेश्वरका मानिसहरूको हिस्सा हुनसक्छन्।

**एक वैकल्पिक दृष्टिकोण**

आज धेरै ईश्वरशास्त्रीहरूले व्यवस्थावाद र करार सम्बन्धी ईश्वरशास्त्रबीच बाइबलीय सन्तुलनमा आउन प्रयास गरेका छन्।

व्यवस्थावादमा समस्याहरू छन्। प्रेरित पावलले तिमोथीलाई भने कि धर्मशास्त्र (पुरानो करार) ले मुक्ति सिकाउँछ (2 तिमोथी 3:15)। येशूले भन्नुभयो कि निकोदेमसलाई नयाँ जन्मको बारेमा पहिले नै थाहा हुनुपर्छ किनभने उनी पुरानो करारका शिक्षक थिए (यूहन्ना 3:10)। नयाँ करारले भन्छ कि एउटा विश्वासी अब साँचो इस्राएली र अब्राहामको सन्तान हो (रोमी 2:28-29, गलाती 3:28-29)। यसले यो पनि भन्छ कि पुरानो करारको बलिदानले पाप हरण गरेन (हिब्रू 10:4)। यी धर्मशास्त्रहरूले देखाउँछन् कि परमेश्वरले इतिहासको विभिन्न अवधिहरूमा मुक्तिको विभिन्न तरिकाहरू प्रदान गर्नुभएको छैन।

करार सम्बन्धी ईश्वरशास्त्रमा पनि समस्याहरू छन्। पुरानो करारका प्रतिज्ञाहरू आत्मिक रूपमा पूरा हुन्छन् भन्नु भनेको मूल्याङ्कन गर्न नसकिने व्याख्याहरूलाई अनुमति दिनु हो। साथै, यो व्याख्याले मूल अर्थ गुमाउँछ। अब्राहाम वा अरूले ती प्रतिज्ञाहरू बुझ्न असम्भव हुने थियो, यद्यपि उनीहरूले सोचे कि तिनीहरूले बुझेका थिए। उदाहरणका लागि, परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभयो कि उनका सन्तानहरूले सधैंभरि निश्चित भूमि पाउनेछन्; के यसको अर्थ साँच्चै अन्यजातिहरूले मुक्ति पाउनेछन् भन्ने हुन सक्छ?

करार सम्बन्धी ईश्वरशास्त्रले इस्राएल अझै पनि परमेश्वरको योजनामा महत्त्वपूर्ण छ भनेर अस्वीकार गर्दछ, तर प्रेरित पावलले भने कि इस्राएल एक राष्ट्रको रूपमा एक दिन बचाइनेछ (रोमी 11:26)।

**इस्राएल र मण्डलीको सन्तुलित दृष्टिकोणमा पुरानो करारमा भएका विभिन्न प्रतिज्ञाहरूको बुझाइ समावेश हुनेछ।**

1. **उद्धारको प्रतिज्ञाहरू।** उद्धार अनुग्रहद्वारा प्राप्त हुन्छ र इतिहासको कुनै पनि अवधिमा यहूदी र अन्यजातिले पश्चात्ताप र विश्वासद्वारा प्राप्त गर्छन्। परमेश्वरले एक व्यक्तिलाई स्वीकार गर्नुको आधार सधैं एउटै थियो (रोमी 4:3, एफिसी 2:8)। इस्राएल र मण्डलीलाई पृथ्वीमा छुट्टाछुट्टै पालो लिनु आवश्यक छैन किनभने उद्धारको योजना दुवैको लागि समान छ।

2. **आफ्ना जनहरूको हेरचाह गर्ने परमेश्वरका प्रतिज्ञाहरू।** धेरै प्रतिज्ञाहरूले परमेश्वरले आफ्ना जनहरूको हेरचाह गर्ने सामान्य तरिकाको वर्णन गर्दछ, जोसँग उहाँसँग आज्ञाकारी सम्बन्ध छ। एउटा उदाहरण भजनसंग्रह 23 हो। यी प्रतिज्ञाहरूले परमेश्वरको स्वभावलाई सम्बन्धमा प्रकट गरेको देखाउँछन्। यी सिद्धान्तहरूको कुनै पनि समय र स्थानमा प्रयोग हुन्छ, इस्राएल वा मण्डलीसँग।

3. **इस्राएललाई राष्ट्रको रूपमा प्रतिज्ञाहरू।** येशू यहूदीहरूका मसीह हुनुहुन्थ्यो। कुनै दिन इस्राएल राष्ट्र ख्रीष्टतिर फर्कनेछ (रोमी 11:26)। परमेश्वरले इस्राएललाई राष्ट्रको रूपमा गर्नुभएका प्रतिज्ञाहरू विश्वासी यहूदीहरूको बाँकी रहेकाहरूको लागि शाब्दिक रूपमा पूरा हुनेछन्।

► वैकल्पिक दृष्टिकोणमा कुन कथनहरू व्यवस्थावादसँग मेल खान्छन्, र कुन कथनहरू यसबाट फरक छन्? कुन कथनहरू करार सम्बन्धी ईश्वरशास्त्रसँग मेल खान्छन् र कुन फरक छन्?

**पाठ 10 का समीक्षा प्रश्नहरू**

(1) रोमी 10 को मुख्य बुँदा के हो?

(2) यहूदीहरूले कसरी आफूलाई धर्मी ठहराउने प्रयास गरे?

(3) ख्रीष्ट आउनुभन्दा पहिलेका मानिसहरू कामहरूद्वारा बचाइएका  थिएनन् भनेर हामी कसरी जान्दछौं?

(4) उद्धार हाम्रो हृदय र मुखमा छ भन्ने कुराको अर्थ के हो?

(5) मिसनेरीको सन्देश किन जरुरी छ?

(6) रोमी 11 मा भएको रूखका हाँगाहरूको दृष्टान्त व्याख्या गर्नुहोस्।

(7) पुरानो करारमा भएको तीन प्रकारका प्रतिज्ञाहरूको सूची बनाउनुहोस्।

**पाठ 10 का कार्यहरू**

(1) आजका ख्रीष्टियानहरूका लागि पुरानो करार किन महत्त्वपूर्ण छ भनेर व्याख्या गर्दै एक पृष्ठ लेख्नुहोस्। विशेषगरी मूल्यवान पुरानो करारका शास्त्रका उदाहरणहरू दिनुहोस्।

(2) अन्य मण्डलीका कमसेकम दुई सदस्यहरूसँगको कुराकानीको रिपोर्ट तयार गर्न नबिर्सनुहोस्।

# पाठ 11
# सेवकाई र सम्बन्धहरू

**खण्ड अध्ययन – रोमी भाग 6**

रोमी (12:1–15:7) को भाग 6 मा मण्डलीमा जीवन, सेवकाई, ख्रीष्टियान सम्बन्ध र सरकारसँगको सम्बन्धको लागि धेरै व्यावहारिक निर्देशनहरू छन्।

12:1-2 ले भाग 6को परिचय दिन्छ**,** जसले हामीलाई भन्छ कि हामी परमेश्वरको सेवामा पूर्णरूपमा समर्पित हुनुपर्छ। यो अघिल्लो अध्यायमा पावलका कथनहरूबाट आएको हो: हामी सबै कुरा परमेश्वरप्रति ऋणी छौं (11:35); र परमेश्वरका मार्गहरू पूर्णरूपमा बुद्धिमानी छन् (11:33)।

पावलले जीवित बलिदानको उदाहरण प्रयोग गर्छन् (12:1)। मार्नुपर्ने बलिदानजस्तै, हामी पूर्णरूपमा त्यागिएका छौं; तर मर्नुको सट्टा, हामी परमेश्वरको लागि जिउँदछौं। यसको अर्थ प्रतिबद्धता कायम राख्नुपर्छ। दिनदिनै हामीले हाम्रो निष्ठाको कुनै पनि परिवर्तनलाई अनुमति दिन अस्वीकार गर्नुपर्छ। जीवित बलिदानको दृष्टान्तले हाम्रो बलिको समग्रतालाई जोड दिन्छ। हामी परमेश्वरको इच्छाबाहेक हाम्रो जीवनको एक भाग आफ्नो लागि आरक्षित गर्न सक्दैनौं। हामी निश्चित इच्छाहरू वा महत्वाकांक्षाहरूलाई परमेश्वरप्रति पूर्ण समर्पणको मागबाट जोगाउन सक्दैनौं।

पवित्र बलिदानको रूपमा आफैलाई अर्पण गर्नु एक आत्मिक आराधना हो, केवल औपचारिक धर्मको विपरीत।[68]

12:2 मा वर्णन गरिएको रूपान्तरणबिना पूर्ण रूपमा समर्पित सेवा सम्भव छैन। हाम्रो मनको नवीकरणद्वारा हामी रूपान्तरित हुनुपर्छ। हामी संसारको मूल्यमान्यता, व्यवहार, वा विचारहरूमा अनुरूप हुनुहुँदैन। परमेश्वरको सिद्ध इच्छाको दृष्टिकोणबाट प्रत्येक प्रश्नलाई विचार गर्ने व्यक्ति संसारको विपरीत हुनेछ। उसले कुनै पनि पापी इच्छाहरूको लागि अनुमति दिँदैन; उसले तिनीहरूलाई सामान्यरूपमा सहन गर्दैन।

ध्यान दिनुहोस् कि शरीर पवित्र हुनुपर्छ। पाप शरीरको त्यस्तो आवश्यक पक्ष होइन जुन परमेश्वरले सफा गर्न सक्नुहुन्न। शरीर आफैमा पापी छैन र इच्छा बिना पाप गर्दैन तर पापको लागि प्रयोग गर्न सकिन्छ।

12:1-15:7 का पदहरूले समर्पित, रूपान्तरित जीवन कसरी बिताउने भनेर वर्णन गर्दछ।

► विद्यार्थीले समूहको लागि रोमी 12 पढ्नुपर्छ।

---

[68] 1:9 मा भएको नोट हेर्नुहोस्।

## खण्ड अध्ययन – रोमी भाग 6, खण्ड 1

### हरेक पदहरूको नोटहरू

(12:3) पावललाई दिइएको अनुग्रहले उनको प्रेरितीय अधिकार र प्रकाशको वरदानलाई जनाउँछ।

हामी नम्र हुनुपर्छ किनभने हामीसँग भएका सबै कुरा परमेश्वरले हामीलाई दिनुभएको हो। आत्मिक वरदान भएको व्यक्तिले यो कुरा बुझेर नम्र हुनुपर्छ कि ती वरदानहरू परमेश्वरबाट आउँछन् र यो हाम्रो कमाइ होइन र यी वरदानहरू अरूको सेवा गर्ने उद्देश्यले दिइएको हो।

(12:4-5) शरीरका अङ्गहरूको रूपमा, हामीलाई अरूको आवश्यकता छ र अरूको सेवा गर्न हामी बाध्य छौं। शरीरको रूपक 1 कोरिन्थी 12:12-26 मा वर्णन गरिएको छ।

(12:6-8) यी पदहरूले धैरै सेवाहरूको नाम दिन्छन्। प्रत्येक विश्वासीले आफ‌ूले पाएको बोलावट र वरदानको सेवाको पालन गर्नुपर्छ। यदि कुनै व्यक्तिमा अनुग्रहमा आधारित नम्रता छैन भने, उसले आफ्नो प्रयास गलत तरिकाले खर्च गर्नसक्छ, (सायद मानव अनुमोदन खोज्दै), र आफ्नो वास्तविक बोलावटमा असफल हुनसक्छ।



**रोमी पैसा**

रोमी पैसा सम्पूर्ण साम्राज्यभरि प्रयोग गरिन्थ्यो, यरूशलेममा पनि। यसले आर्थिक स्थिरता र मूल्यको स्तर प्रदान गऱ्यो जसले व्यवसायहरूलाई समृद्ध बनाउन मद्दत गऱ्यो। येशूले सम्राटको छवि भएको सिक्का प्रयोग गरेर एउटा दृष्टान्त दिनुभयो (लूका 20:24)।

वरदान पाएकाहरूलाई त्यसको उचित प्रयोग गर्न चेतावनी दिइएको छ। उदाहरणका लागि, दिनेले आफूले सम्मान पाउने उद्देश्यले होइन, तर उदारचित्तले दिनुपर्छ। शाषण गर्ने परिश्रमी हुनुपर्छ – सबै कुराहरूमा ध्यान दिने र सधैँ भरपर्दो हुनुपर्छ। खाँचोमा परेकाहरूलाई मद्दत गर्ने व्यक्ति अहंकारी वा घमण्डी मनोवृत्तिको हुनुहुँदैन जसले प्रापकलाई अपमान गर्छ।[69]

► संसारका मानिसहरूले आफ्नो क्षमता प्रयोग गर्ने तरिकाभन्दा ख्रीष्टियानहरूले आफ्नो आत्मिक वरदानलाई कसरी फरक तरिकाले प्रयोग गर्छन्?

## खण्ड अध्ययन – रोमी भाग 6, खण्ड 2

### हरेक पदहरूको नोटहरू

(12:9) प्रेम निष्कपट र इमान्दार हुनुपर्छ। खराबीलाई अस्वीकार गर्नुहोस् र जे असल छ त्यसलाई पक्रिराख्नुहोस्। प्रेमको बृद्धि भनेको असल के हो भनेर सुधारिएको विवेकसँग जोडिएको छ (फिलिप्पी 1:9-10)

(12:10) मण्डली परमेश्वरको परिवार हो, जहाँ धैरै दाजु-भाइ र दिदी-बहिनीहरू छन्। हामीले आफैलाई सम्मान दिनुको साटो अरूलाई सम्मान दिन इच्छुक हुनुपर्छ।

(12:11) आफ्नो जिम्मेवारीहरू पूरा गर्नमा अल्छी नगर्नुहोस्। एउटा ख्रीष्टियान असल कामको नैतिकताको नमुना हुनुपर्छ। यदि ऊ परमेश्वरको उद्देश्यसँग बाँचिरहेको छ भने, ऊसँग खेर फाल्ने धैरै समय छैन। उसले यस्तो काम गर्नुपर्छ जस्तो कि उसले परमेश्वरको लागि यो काम गरिरहेको छ (एफिसी 6:6-7)।

---

[69] तस्वीर: “Roman coin hoard: 1 Gold solidus of Valentinian I”, The Portable Antiquities Scheme/The Trustees of the British Museum बाट प्राप्त गरिएको, https://finds.org.uk/database/images/image/id/1023830/recordtype/artefacts, licensed under CC BY 2.0, desaturated and cropped from the original.

(12:12) हाम्रो आनन्द हाम्रो परिस्थितिमा निर्भर हुँदैन, किनकि हामीसँग अनन्तताको आशा छ। धैर्य गर्नु भनेको विश्वासद्वारा सहनशील हुनु हो। एक व्यक्तिमा परमेश्वरमा निर्भर रहने, जुनसुकै समयमा निरन्तर प्रार्थना गर्न तयार रहने मनोवृत्ति हुनुपर्छ।

(12:13) अरू विश्वासीहरूलाई तिनीहरूको भौतिक आवश्यकताहरूमा सहयोग गर्नुहोस्। आतिथ्ीसत्कार भनेको अरूको खाना र आश्रयको आवश्यकताहरू पूरा गर्नु हो।

(12:14) मानिसहरूलाई तिनीहरूले योग्यताअनुसार व्यवहार नगर्नुहोस्, तर ख्रीष्टले तिनीहरूलाई जस्तो व्यवहार गर्नुहुन्छ त्यस्तै व्यवहार गर्नुहोस्। मानिसहरूलाई तपाईंले आफूले योग्य ठान्नुभएको कुरा दिनु भनेको शाब्दिक रूपमा न्याय गर्नु हो, जुन भूमिका परमेश्वरमा आरक्षित छ।

(12:15) अरूको दुःख वा आनन्दमा सहभागी हुन तयार रहनुहोस्।

(12:16) स्थिति प्रतीकहरूको बारेमा सचेत नहुनुहोस्। उच्च वर्गका मानिसहरूको मात्र पक्ष नलिनुहोस्।गरिबहरूको पनि सम्मान गर्नुहोस्। आफूलाई अरूभन्दा माथि राख्ने तरिकाहरू नखोज्नुहोस्।

(12:17) कसैलाई हानि पुऱ्याउनु कहिल्यै पनि उचित हुँदैन किनकि उसले तपाईंलाई हानि पुऱ्याएको छ। हामीलाई मानिसहरूलाई सजाय दिन होइन, तर क्षमा गर्न बोलाइएको हो।

इमानदारिता प्रदर्शन गर्नुहोस्। यदि तपाईं आदरणीय हुन चाहनुहुन्छ भने, तपाईं र परमेश्वरलाई मात्र तपाईं इमानदार हुनुहुन्छ भनेर जान्न पर्याप्त छैन;यस्तो निति बनाउनुहोस् जसद्वारा सबैले तपाईंको इमानदारी देख्न सक्नेछन्। आफ्नो प्रतिष्ठा क्षतिग्रस्त भएपछि यसलाई पुनर्निर्माण गर्नुभन्दा सुरुबाट नै राम्ररी कायम राख्नु सजिलो छ।

(12:18) जतिसम्म तपाईं सक्नुहुन्छ, सबैसँग शान्तिमा बस्नुहोस्। शान्तिको उत्तम रूप भनेको एक सुमधुर सम्बन्ध हो। कहिलेकाहीँ शान्तिको लागि माफी माग्नु आवश्यक छ, अनजानमा गरिएको भूलको लागि पनि। कहिलेकाहीँ गल्ती गर्ने व्यक्तिसँग नम्रतापूर्वक भेट गर्नु आवश्यक पर्दछ, ताकि तपाईंको सम्बन्धमा बाधा पुऱ्याउने अपराध समाधान गर्न सकियोस्। यदि तपाईंले माफी माग्न वा आवश्यक पर्दा भेट गर्न अस्वीकार गर्नुभयो भने, तपाईंले शान्ति कायम राख्न सक्दो प्रयास गरिरहनुभएको छैन।

(12:19) बदला नलिनुहोस्; बरु, परमेश्वरको क्रोधको लागि ठाउँ छोड्नुहोस्। यदि कुनै व्यक्ति दण्ड दिने व्यक्ति बन्न चाहन्छ भने, उसले देखाउँछ कि उसले विश्वास गर्दैन कि परमेश्वरले आफ्नो काम सही तरिकाले गरिरहनुभएको छ।

(12:20) अरूहरूप्रति राम्रो व्यवहार गर्नुहोस् न कि तिनीहरूलाई त्यस्तो व्यवहार गर्नुहोस् जसको तिनीहरू हकदार छन्। आगोको भुङ्ग्रो थुपार्नुको अर्थ सूक्ष्म तरिकाले बदला लिनु होइन, किनकि त्यो पदको मुख्य बुँदाको विपरीत हुनेछ। यो व्यक्तिको मनोवृत्तिको कठोरता पगाल्ने प्रतीक हुनसक्छ।

(12:21) खराबीले तपाईंलाई परिवर्तन गर्न र आत्मिक रूपमा पराजित गर्न नदिनुहोस्। यद्यपि, यसको विरोध खराबीले नगर्नुहोस्, तर राम्रोसँग गर्नुहोस्। यदि तपाईंले द्वन्द्व जित्नुभयो भने पनि तिक्तता राख्नु र गलत तरिकाले यसको विरोध गर्नु भनेको आत्मिक रूपमा पराजित हुनु हो।

► यदि कुनै व्यक्तिले परमेश्वरप्रति पूर्णरूपमा प्रतिबद्ध नभएको खण्डमा कसरी यी निर्देशनहरू पालन गर्दैनन् भनी सोच्नुहोस्। यी निर्देशनहरूको कारणले गर्दा तपाईंको जीवनमा के परिवर्तन हुनुपर्छ?

## पावल प्रेरितका पत्रहरूको व्याख्या

पावलका पत्रहरू विशेष परिस्थितिहरूको प्रतिक्रियामा लेखिएका थिए: "सामान्यतया यस्तो समयमा जब कुनै प्रकारको व्यवहारलाई सच्याउन आवश्यक थियो, वा सैद्धान्तिक त्रुटि थियो जसलाई सच्याउन आवश्यक थियो, वा गलत धारणा थियो जसलाई थप प्रकाश चाहिन्थ्यो।"[70] पत्रहरू व्यवस्थित धर्मशास्त्रको रूपमा होइनन्, तर आवश्यकताको प्रतिक्रियामा गठन गरिएको धर्मशास्त्र हो। यो धर्मशास्त्र सुरुदेखि नै व्यावहारिक छ। यो वास्तविक जीवनबाट अलग्गै विकसित गरिएको थिएन।

नयाँ करारका पत्रहरू आम मानिसका लागि साहित्यिक रचनाहरू थिएनन्, तर तिनीहरू एकभन्दा बढी प्रापक र तत्काल प्रयोगको लागि लक्षित थिए। पावलले कलस्सीहरूलाई भने कि तिनीहरूले लाउडिकियाहरूसँग प्रत्येक मण्डलीले आफूबाट प्राप्त गरेका पत्रहरू आदानप्रदान गर्नुपर्छ (कलस्सी 4:16)। मण्डलीले सुरुबाट नै पावलका पत्रहरू सङ्कलन गर्न र तिनीहरूलाई एकसाथ प्रसारित गर्न थाल्यो। त्यसर्थ, हामी जान्दछौं कि तिनीहरूले पत्रहरूलाई सबै ठाउँ र सबै समयका मण्डलीमा लागू हुने देखे।

हामी र मूल प्रापकहरू बीच समय र संस्कृतिको अन्तर भए तापनि, पत्रहरू हाम्रोजस्तै समस्याहरूको सामना गरिरहेका नयाँ करारका ख्रीष्टियानहरूलाई लेखिएका थिए। त्यसकारण, पावलका पत्रहरू धर्मशास्त्रमा पाइने साहित्यका केही रूपहरू भन्दा आधुनिक मण्डलीमा लागू गर्न सजिलो छ। ती पत्रहरू विशेषरूपमा यहूदी राष्ट्रलाई लेखिएका होइनन्, न त ती पत्रहरूले पुरानो करारको व्यवस्था अन्तर्गत मानिसहरूलाई सम्बोधन गरिरहेका छन्।

लेखनको मूल अवस्थाले अनुवादकलाई आधुनिक प्रयोगको लागि सुरुवाती स्थान प्रदान गर्दछ। व्याख्याको एउटा सिद्धान्त यो हो कि यदि हामीलाई यो पत्र कसले लेखेका हुन्, कसले प्राप्त गरेका थिए, र यो किन लेखिएको थियो भन्ने कुरा थाह छ भने पत्रलाई हामी राम्रोसँग बुझ्नसक्छौं। पत्रहरूले अनुवादकलाई लेखक र प्रापकहरूको पहिचान थाहा पाउने फाइदा प्रदान गर्दछ।

रोमीको पुस्तक पावलका लेखहरूमध्ये सबैभन्दा औपचारिक लेख हो। यसले योजनाबद्ध संरचना पछयाउँछ। यो लगभग एक ईश्वरशास्त्रीय ग्रन्थको रूपमा छ। पावलले रोमी मन्डलीमा भएका विशेष त्रुटिहरू उल्लेख गरेनन्। उनले विशेष परिस्थितिहरूको बारेमा कुरा गरेनन्, जस्तो उनले स्थापना गरेका र भ्रमण गरेका मण्डलीहरूलाई लेखेका पत्रहरूमा गरे।

## खण्ड अध्ययन – रोमी भाग 6, खण्ड 3

### अध्याय 13:1-7 को मुख्य बुँदा

विश्वासीहरूले प्रशासकको अधीनमा बस्नुपर्छ किनभने प्रशासकहरू परमेश्वरद्वारा स्थापित गरिएको हो।

*कक्षा अगुवाको लागि नोट: समूहले अर्को खण्ड अध्ययन गर्दा धेरै छलफल र असहमति हुन सक्छ। तपाईंले सदस्यहरूलाई प्रोत्साहित गर्नुपर्छ कि तिनीहरूले रोम १३को खण्डले उनीहरूको विचारलाई सच्याउन दिन।*

► विद्यार्थीले समूहको लागि रोमी 13:1-7 पढ्नुपर्छ।

[70] Gordon Fee and Douglas Stuart, *How to Read the Bible for All Its Worth*, (Grand Rapids, MI: Zondervan, 1993) 48.

**हरेक पदहरूको नोटहरू**

(13:1-2) परमेश्वरले प्रशासक स्थापना गर्नुभएको छ। यसको अर्थ प्रत्येक शासक धर्मी छ भन्ने होइन, तर परमेश्वर मानव अधिकार स्थापित भएको चाहनुहुन्छ। मानव अधिकारको अधीनमा रहन अस्वीकार गर्नु भनेको परमेश्वरको विरुद्धमा विद्रोह गर्नु हो। जसरी हामी देखिने भाइलाई प्रेम गर्दैनौं भने हामी परमेश्वरलाई साँच्चै प्रेम गर्दैनौं, न त हामी देखिने मानव अधिकारको अधीनमा बस्न अस्वीकार गर्दै परमेश्वरको अधीनमा भएको दाबी गर्न सक्छौं। एक ख्रीष्टियानले कानूनका अधिकारीहरूलाई अनादरपूर्ण व्यवहार गर्नुहुँदैन।

(13:3-4) प्रशासकको एउटा उद्देश्य भनेको खराब काम गर्नेहरूलाई दण्ड दिनु हो। जब प्रशासकले राम्रो काम गरिरहेको हुन्छ, खराबी गर्नेहरू त्यसबाट डराउँछन्। सामान्य परिस्थितिमा ख्रीष्टियानहरूले प्रशासकसँग द्वन्द्व गर्दैनन् किनभने ख्रीष्टियान गुणहरूले ख्रीष्टियानहरूलाई असल नागरिक बनाउँछन्। यद्यपि, इतिहासमा धेरै पटक शासकहरूले परमेश्वरप्रति मात्र सम्बन्धित निष्ठाको माग गर्ने प्रयास गरेका छन्, र त्यसपछि तिनीहरू ख्रीष्टियानहरूलाई सताउने बन्छन्।

ठीकसँग काम गर्ने सरकार परमेश्वरको अधिकारसँग मेल खान्छ। पद 4 ले हामीलाई बताउँछ कि सरकारलाई दुष्टहरूलाई मारेर पनि कानून लागू गर्ने अधिकार परमेश्वरबाट छ।

केही राष्ट्रका ख्रीष्टियानहरूले सरकारी पदमा सेवा गर्नु गलत हो भन्ने विश्वास गर्छन्, विशेष गरी त्यस्तो पद जहाँ उनीहरूलाई हिंसाको प्रयोग गर्नुपर्ने हुनसक्छ। त्यस्तो विश्वास भएका धेरै ख्रीष्टियानहरू त्यस्ता देशहरूमा बस्छन् जहाँ सरकारले ख्रीष्टियानहरूलाई सताएको छ र अत्यन्तै भ्रष्ट छ। यद्यपि, यदि सरकारले राम्रो काम गरिरहेको छ भने, ख्रीष्टियानले सरकारी पदमा सेवा गर्नु गलत होइन किनभने सरकार परमेश्वरद्वारा अधिकृत छ।

(13:5) ख्रीष्टियानले सरकारी दण्डको डरले मात्र होइन, तर स्पष्ट विवेकको लागि पनि अख्तियारको अधीनमा बस्नुपर्छ। सरकारको विरुद्धमा विद्रोह गर्नु वा कानून पालन नगर्नु भनेको सरकारको भूमिकालाई अस्वीकार गर्नु हो। यदि कुनै सरकार हुनुपर्छ भने सबै निर्णयहरू व्यक्तिहरूले गर्न सक्दैनन्। व्यक्तिगत स्वतन्त्रतालाई व्यक्तिगत अधिकारहरूको रक्षा गर्ने अख्तियारको अधीनमा राख्नुपर्छ, यदि हामी सधैं सुरक्षा गर्ने तरिकासँग सहमत छैनौं भने पनि।

(13:6-7) एउटा ख्रीष्टियानले सरकारको वैध कर तिर्नुपर्छ। आदर देखाउने परम्परागत तरिकाहरू अपनाउनु पर्छ।

**खण्ड अध्ययन – रोमी भाग 6, खण्ड 4**

**अध्याय 13:8-10 को मुख्य बुँदा**

प्रेमले व्यवस्था पूरा गर्छ किनकि यसले विश्वासीलाई अरूप्रति जे सही छ त्यो गर्न उत्प्रेरित गर्छ।

यी पदहरूले प्रमाणित गर्दछ कि व्यवस्था विश्वासीको लागि अप्रासंगिक हुँदैन। विश्वासीले व्यवस्था पूरा गर्छ, किनकि अनुग्रहद्वारा उसले यहाँ वर्णन गरिएको प्रेम पाउन सक्छ। अनुग्रह केवल व्यवस्थाको उल्लङ्घनको लागि आवरण मात्र होइन। अनुग्रहमा परमेश्वरको हाम्रो लागि उहाँको इच्छा पूरा गर्न हामीमा काम समावेश छ।

► विद्यार्थीले समूहको लागि रोमी 13:8-10 पढ्नुपर्छ।

**हरेक पदहरूको नोटहरू**

(13:8) यस अर्थमा ऋणी हुनु भनेको कसैको ऋण तिर्न नसक्नु हो। केही प्रकारका दायित्वहरू अघिल्लो पदमा सूचीबद्ध छन्। यदि हाम्रा दायित्वहरू पूरा गर्ने सहमति भएको तरिका हो भने, समय तालिकाअनुसार ऋण लिनु र तिर्नु गलत होइन। पद 7 मा जस्तै, हामीलाई आज्ञा दिइएको छ कि प्रत्येक व्यक्तिलाई हामीबाट उसलाई दिनुपर्ने कुरा दिनुपर्छ।

► कुनै ख्रीष्टियानले ऋण लिएको कुरा तिर्न नसक्दा के परिणाम हुन्छ?

(13:9-10) यदि तपाईं साँच्चै कसैलाई आफूलाई जस्तै प्रेम गर्नुहुन्छ भने, तपाईंले उसको कुनै कुरा चोरी गर्नुहुनेछैन, ऊसँग झूट बोल्नुहुनेछैन, ऊसँग भएको कुराको लोभ गर्नुहुनेछैन, वा उसको विवाह तोड्नुहुनेछैन। संसारमा सामान्य हुने मित्रता र प्रेमले मात्र यी गलत कामहरूलाई सधैँ रोक्दैन; तर हामीमा रहेको ख्रीष्टको प्रेमले हामीलाई अपरिचितहरू, हामीलाई अपमान गर्नेहरू वा सहन सक्नेहरूलाई पनि गल्ती गर्नबाट रोक्नेछ।

धेरैजसो संस्कृति र धर्महरूले सिकाउँछन् कि हामी केही मानिसहरूलाई, सायद परिवारका सदस्यहरू र आदिवासी सदस्यहरूलाई यस्तो प्रेम दिनुपर्छ। तर तिनीहरू सोच्छन् कि बाँकी मानवजातिलाई यस्तो प्रेम दिनु पर्दैन। तिनीहरूले विदेशीहरू वा रोजगारदाताहरूबाट चोरी गर्न र अपरिचितहरूप्रति असभ्य व्यवहार गर्न अनुमति दिन सक्छन्। ख्रीष्टले हामीलाई सम्पर्कमा रहेका प्रत्येक व्यक्तिलाई प्रेम देखाउन आज्ञा दिनुहुन्छ। लूका 10:25-37 मा, आफ्नो छिमेकीलाई प्रेम गर्ने आज्ञालाई चित्रण गर्न, येशूले एक घाइते यहूदीलाई मद्दत गर्ने सामरीको कथा भन्नुभयो।

**खण्ड अध्ययन – रोमी भाग 6, खण्ड 5**

► विद्यार्थीले समूहको लागि रोमी 13:11-14 पढ्नुपर्छ।

**हरेक पदहरूको नोटहरू**

(13:11) यस पदमा उद्धारले ख्रीष्टको पुनरागमनमा हुने अन्तिम उद्धारलाई जनाउँछ। हामीले यो संसार सधैंभरि रहनेछ भनेर जिउनु हुँदैन। हामीले ती मानिसहरूको रूपमा जिउनुपर्छ जसले चीजहरू चाँडै बितेर जाने आशा गर्छन्।

(13:12) रात भनेको प्रभुको आगमन हुनुभन्दा अगाडिको समयलाई जनाउने एउटा अलंकार हो। (2 पत्रुस 1:19 पनि हेर्नुहोस्।) नयाँ करारमा अन्धकार प्रायः पापपूर्ण कार्यहरूसँग सम्बन्धित छ। (1 थेसलोनिकी 5:4-8 र एफिसी 5:11-14 पनि हेर्नुहोस्।)

(13:13) यहाँ लापरवाह पापीको जीवनको वर्णन गरिएको छ। यो त्यो व्यक्ति हो जसले भविष्यको वास्ता गर्दैन, र विशेष गरी अनन्तताको बारेमा सोच्दैन। ऊ नैतिकताको वास्ता नगरी आनन्दको लागि बाँच्दछ। एउटा ख्रीष्टियानको जीवन यसको पूर्ण विपरीत छ।

(13:14) पापी इच्छाहरूको लागि कुनै पनि अनुमति नदिनुहोस्। मानव स्वभावलाई पापको बहानाको रूपमा प्रयोग नगर्नुहोस्। ज्योतिमा बाँच्नुहोस् र तपाईंको जीवनमा लज्जित हुनुपर्ने कुनै पनि कुरा नराख्नुहोस्।

**खण्ड अध्ययन – रोमी भाग 6, खण्ड 5**

इमान्दार विश्वासीहरू असहमत हुने मुद्दाहरू सधैँ हुनेछन्। रोमी 14 ले केही विश्वास र अभ्यासहरूमा फरक रहेका ख्रीष्टियानहरूले अझै पनि एकअर्कालाई कसरी प्रेम र सम्मान गर्नसक्छन् र सँगै आराधना र सेवा गर्न सक्छन् भन्ने बारेमा निर्देशन दिन्छ।

► विद्यार्थीले समूहको लागि रोमी 14:1-23 पढ्नुपर्छ।

**हरेक पदहरूको नोटहरू**

(14:1) कमजोर भाइ त्यो हो जसले त्यस्तो कार्यको लागि दोषी महसुस गर्छ जुन परमेश्वरले वास्तवमा निषेध गर्नुभएको छैन (1 कोरिन्थी 8:7-12 हेर्नुहोस्)। बलियो भाइ त्यो हो जसले दोष बिना नै कार्य गर्नसक्छ किनभने उसलाई थाहा छ कि त्यो काम वास्तवमा परमेश्वरप्रति अवज्ञा होइन।

(14:2-3) यहूदी व्यवस्थामा खानाको बारेमा नियमहरू थिए। मण्डलीमा धेरै यहूदी ख्रीष्टियानहरू र अन्यजातिहरू थिए जसले यहूदी व्यवस्थाहरूको अध्ययन गरेका थिए। खानाको बारेमा कुनै पनि प्रतिबन्धबाट मुक्त महसुस गर्ने व्यक्तिले प्रतिबन्धित महसुस गर्ने व्यक्तिलाई तुच्छ ठान्ने परीक्षामा पर्न सक्छ। खानाको बारेमा नियमहरू पालन गर्ने प्रयास गर्ने व्यक्तिले अरूलाई पापी भनेर न्याय गर्ने परीक्षामा पर्न सक्छ।

(14:4) परमेश्वरले आफ्ना सेवकहरूको न्याय गर्नुहुनेछ र तिनीहरूलाई आवश्यक पर्ने अनुग्रह दिनुहुनेछ। धर्मशास्त्रमा स्पष्ट नभएका कुराहरूको बारेमा अरूको न्याय नगर्नुहोस्।

संसारभरि विश्वासीहरूमाझ बप्तिस्माको विधि, प्रभुभोज सेवा गर्ने तरिका, बाइबल अनुवादको छनौट, पहिरन र मनोरञ्जनजस्ता कुराहरूमा विविधता छ। हामीले ख्रीष्टियान एकता कायम राख्नुपर्छ तर ख्रीष्टको शरीर भित्र एकरूपताको अपेक्षा गर्नुहुँदैन। हाम्रो आदर्श वाक्य हुनुपर्छ: "आवश्यक कुराहरुमा एकता; अनावश्यक कुराहरूमा स्वतन्त्रता; तर सबै कुरामा प्रेम!"

(14:5-6) धेरै यहूदी चाडपर्वहरू थिए, जसको लागि विशेष चलनहरू छन् । शबाथ दिन पनि विवादास्पद थियो। मण्डलीले प्रभुको दिनमा एक ठाउँमा भेट्न र आराधना गर्न थाले (प्रेरित 20:7; 1 कोरिन्थी 16:2; प्रकाश 1:10) र पछि आइतबार ख्रीष्टियानहरूको विश्राम दिनजस्तै भयो। सातौं दिनमा विश्रामको सिद्धान्तमा अझै पनि फाइदाहरू छन् जुन हामीले पालन गर्नुपर्छ, किनकि यो सृष्टिको सिद्धान्त हो र मोशाको व्यवस्था दिइएको समयमा स्थापित गरिएको चलन मात्र होइन।

"…हरेक मानिस आफ्नै मनमा पूर्ण रूपले निश्चित हुन्छन्" (14:5) ले देखाउँछ कि निश्चित विचारहरू आवश्यक छन्। मुद्दाहरूको बारेमा कुनै पनि व्यक्ति आफ्नो विश्वासमा अस्पष्ट हुनुहुँदैन। अन्य विचारहरूको सहिष्णुताको अर्थ हामीलाई हाम्रो आफ्नै विचार के हो भनेर थाहा छैन वा हामी प्रमाण र तर्कलाई बेवास्ता गर्छौं भन्ने होइन।

(14:7-9) हामी आफ्नो मालिक होइनौं। प्रत्येक जीवनले ख्रीष्टको सम्मान गर्नुपर्छ। ख्रीष्टको मृत्यु र पुनरुत्थानले हामीलाई छुटकारा दिन्छ, र हामी उहाँकै हौं।

(14:10-12) प्रत्येक व्यक्तिले परमेश्वरको न्याय-आसनको सामने उभिनुपर्छ। त्यसकारण, एकअर्काको बारेमा हाम्रा विचारहरू कम महत्त्वपूर्ण छन्।

(14:13-15) हामीले अर्को विश्वासीलाई ठेस नपुऱ्याउने प्रयास गर्नु महत्त्वपूर्ण छ। ख्रीष्टियानको लागि, कुनै चीजहरू अशुद्ध हुँदैनन् किनकि सबै कुरा परमेश्वरको हो। तर यदि कुनै व्यक्तिले केही गलत छ भनेर सोच्दछ र जे भए पनि गर्छ भने, उसले पाप गरेको छ किनभने उसले गलत गर्न रोजेको छ। यदि हामीले कसैलाई गलत ठानेको कुरा गर्न उक्साउँछौं भने हामी उसलाई ठेस पुऱ्याउँछौं। (यस मुद्दाको बारेमा अर्को वचनको खण्ड 1 कोरिन्थी 8 हो।)

(14:16) कुनै व्यक्तिसँग सही सिद्धान्त हुनसक्छ तर अरूमाथि आफ्नो प्रभावको वास्ता नगरेको कारणले उसले हानि गर्नसक्छ।

(14:17) ख्रीष्टियान धर्म जीवनशैलीको बारेमा नियम वा स्वतन्त्रतामा समावेश छैन। यो आत्मिक विजय र आत्मामा जीवन हो।

(14:18-19) हामीले गर्ने सबै कुरा ख्रीष्टलाई सुम्पिदिँदा र अरूलाई निर्माण गर्न सक्दो प्रयास गर्दा परमेश्वर खुसी हुनुहुन्छ।

(14:20-23) सबै थोक परमेश्वरकै हो, र जसले त्यो सम्झन्छ उसले स्वतन्त्रता पाउन सक्छ। यद्यपि, यदि कुनै व्यक्तिले गलत ठानेको कुनै काम गर्छ भने, उसले त्यो रोजाइले पाप गरिरहेको हुन्छ। स्वतन्त्र महसुस गर्ने भाइले अरूलाई पतन गराउनबाट जोगिन आफ्नो स्वतन्त्रतालाई सीमित गर्नुपर्छ।

कमजोर भाइलाई उसले अधिक स्वतन्त्रता भएको व्यक्तिलाई न्याय गर्नुहुँदैन भन्ने निर्देशनबाहेक अरु कुनै दिइएको छैन। कमजोर भाइ आफ्नो विवेकले बाँधिएको हुन्छ र आफ्नो आचरण परिवर्तन गर्न सक्दैन, तर बलियो भाइसँग विकल्पहरू छन्।

अघिल्लो अनुच्छेदलाई समेट्दा धेरै छलफल हुनेछ, तर विचार गर्नुपर्ने केही प्रश्नहरू यस प्रकार छन्:

- हाम्रो मण्डलीले सदस्यहरूलाई कस्ता किसिमका मुद्दाहरू व्यक्तिगत रूपमा निर्णय गर्न छोडिदिन्छ ?
- अन्य विश्वासीहरूमा हामी कस्ता भिन्नताहरू देख्छौं जसको बारेमा हामी बढी सहनशील हुनुपर्छ?
- हामी कसरी यस खण्डका सिद्धान्तहरूलाई अन्य मानिसहरूसँगको हाम्रो विचार र अन्तरक्रियामा लागू गर्न विश्वासयोग्य हुनसक्छौं?

### यहूदी धर्म मान्नेहरूको पहिचान

यहूदी धर्म मान्नेहरू केवल यहूदी धर्मका अनुयायीहरू थिएनन्, जुन यहूदीहरूको धर्म हो। यहूदी धर्म मान्नेहरू यहूदीहरू थिए जसले आफूलाई ख्रीष्टियान भएको दाबी गर्थे तर सोच्थे कि ख्रीष्टियानहरूले यहूदी धर्मको आवश्यकताहरू पूरा गर्नुपर्छ। धर्म परिवर्तन भएका यहूदीहरूका लागि यहूदी धर्मको अभ्यास जारी राख्नु कुनै समस्या थिएन। धेरैले त्यसो गरे, विशेष गरी नयाँ करारको मण्डलीको पहिलो पुस्ताको समयमा। समस्या यो थियो कि धर्म परिवर्तन भएको दाबी गर्ने यहूदीहरूले अनुग्रहको सुसमाचार बुझेनन्।

यहूदी धर्म मान्नेहरूले सोच्थे कि अन्यजाति धर्म परिवर्तन गर्नेले मुक्ति पाउनको लागि खतना सहित यहूदी धर्मका सबै नियमहरू स्वीकार गर्नु आवश्यक छ। तिनीहरूले अविश्वासीहरूलाई सुसमाचार प्रचार गरेनन्। बरु, तिनीहरूले अरूका मन परिवर्तन गर्नेहरूलाई प्रचार गरे, भ्रम र विभाजन ल्याए। तिनीहरूको सबैभन्दा ठूलो रेकर्ड गरिएको विजय गलातीमा थियो, जहाँ तिनीहरूले सम्पूर्ण मण्डलीलाई बहकाइदिए। पावलले गलातीहरूलाई लेखेको पत्र तिनीहरूलाई साँचो सुसमाचारमा फर्काउनको लागि हो।

यहूदी आवश्यकताहरूको मुद्दा मण्डली परिषदमा ल्याइयो, जुन प्रेरित 15 मा रेकर्ड गरिएको थियो। प्रेरितहरूले महसुस गरे कि यहूदीहरूको मार्ग पछ्याउनु भनेको अनुग्रहको सुसमाचारलाई अस्वीकार गर्नु र अन्यजातिहरूलाई समान रूपमा सुसमाचार प्रदान गरिएको थियो भनेर अस्वीकार गर्नु हो। परिषदको निर्णयले साँचो विश्वासीहरूलाई सच्यायो जो इमानदारीपूर्वक गलत दिशामा थिए तर गलत मनसाय भएकाहरूलाई रोकेन। पावलले यहूदी धर्म मान्नेहरूलाई सुसमाचारको शत्रु मान्थे।

रोमी 14:1-15:12 ले पावलले पत्रभरि व्याख्या गरेको सुसमाचारको सत्यतालाई यहूदी आवश्यकताहरूको प्रश्नमा लागू गर्दछ। विश्वासीहरूले यहूदी धार्मिक मान्यताहरूको पालनमा एकअर्कालाई न्याय गर्नुहुँदैनथ्यो। खण्डको अन्त्यमा सुसमाचार सम्पूर्ण संसारको लागि हो भन्ने कुरामा जोड दिइएको छ।

यस विषयमा अन्य खण्डहरू रोमी 4; प्रेरित 15; गलाती 2, 3, 5; र कलस्सी 2:11-23।

## खण्ड अध्ययन – रोमी भाग 6, खण्ड 6

### हरेक पदहरूको नोटहरू जारी

(15:1-4) विश्वासमा बलियो, स्वतन्त्र महसुस गर्नेहरूले विश्वासमा कमजोर भएका र अतिरिक्त प्रतिबन्धहरूबाट मुक्त महसुस नगर्नेहरूलाई मद्दत गर्न केही विशेषाधिकारहरू त्याग्न इच्छुक हुनुपर्छ।

(15:5-7) यी पदहरूले खण्डको अन्त्य गर्दछ। लक्ष्य ख्रीष्टियान एकता हो। ख्रीष्टको प्रेम हाम्रो उदाहरण हो।

## एकता, पुनरुत्थान र मिसनहरूको कथा

1722 मा, जिन्जेन्डोर्फ नामक एक जर्मनी जग्गाधनीले सताइएका मोराभियन विश्वासीहरूलाई आफ्नो सम्पत्तिमा सरेर उपनिवेश निर्माण गर्न आमन्त्रित गरे। अन्ततः समुदायमा सयौं मानिसहरू थिए। तिनीहरूले विभिन्न सिद्धान्तहरू र आराधना अभ्यासहरू बारे भएको विभाजनहरूसँग संघर्ष गरे; तर 1727 मा तिनीहरूले एकता स्थापित गर्न मद्दत गर्न "द ब्रदरली एग्रीमेन्ट" (अहिले "द मोराभियन कभनेन्ट फर क्रिश्चियन लिभिङ" भनिन्छ) विकास गरे।

त्यही वर्ष, तिनीहरूले पुनरुत्थानको अनुभव गर्न थाले। तिनीहरूले रातभरि प्रार्थना सभा र परमेश्वरको उपस्थितिको असामान्य अनुभूतिसहित धेरै लामो आराधना सेवाहरू गरे, जसमा वक्ता परमेश्वरको विस्मयमा भुइँमा डुबेको पनि समावेश थियो। एउटा प्रभुभोज सेवाको क्रममा, पवित्र आत्मा मानिसहरूमाथि यसरी आउनुभयो कि पछि जिन्जेन्डोर्फले त्यो दिनलाई नवीकरण गरिएको मोराभियन मण्डलीको पेन्टिकोस्तको दिनको रूपमा हेरे। विभाजित भएकाहरूसित ठूलो भावनाका साथ मेलमिलाप गरियो, र जिन्जेन्डोर्फले मण्डलीमा विभाजनको लागि पश्चात्तापको प्रार्थना अगुवाई गरे। तिनीहरूले विभिन्न सदस्यहरूसित मिलेर पालैपालो प्रार्थना सुरु गरे, र यसलाई 100 वर्षसम्म जारी राखे।

मोराभियन समुदाय सबै समयका सबैभन्दा ठूला मिसनेरी पठाउने मण्डलीहरू मध्ये एक बन्यो। 1733-1742 सम्म, 600 जनाको समुदायबाट 70 जना मिसनेरीहरू बाहिर निस्के। धेरै जना सतावट र कठिन परिस्थितिका कारण सानै उमेरमा मरे। 1760 सम्ममा, 28 वर्ष पछि, 226 मिसनेरीहरू पठाइएका थिए; र विश्वभरका मोराभियनहरूको संख्या हजारौंमा थियो।

## पाठ 11 को समीक्षा प्रश्नहरू

(1) जीवित बलिदानको दृष्टान्त व्याख्या गर्नुहोस्।

(2) हामी पूर्ण रूपमा परमेश्वरप्रति समर्पित हुनको लागि हामीले के गर्नुपर्छ?

(3) हामी किन नम्र हुनुपर्छ?

(4) *कमजोर भाइ र बलियो भाइ* शब्दहरूको व्याख्या गर्नुहोस्।

(5) यहूदी धर्म मान्नेहरू को थिए?

## पाठ 11 को कार्य

(1) रोमी 12:1–15:7 मा पाइने केही व्यावहारिक निर्देशनहरू वर्तमान ख्रीष्टियानहरूमा लागू गर्दै एक पृष्ठ लेख्नुहोस्।

(2) यस पाठ्यक्रमको परिशिष्टमा दिइएका प्रश्नहरूको सूची अध्ययन गरेर अन्तिम परीक्षाको लागि तयारी गर्नुहोस्। तपाईंले अरू कसैको मद्दत बिना र कुनै लिखित सामग्री नहेरी परीक्षा दिनुपर्छ।

# पाठ 12
# मिसनहरूको लागि दर्शन

**कक्षा अगुवाको लागि नोट**

*अन्तिम परीक्षाको तालिका बनाउनुहोस् र समूह यसको लागि तयार छ भनी सुनिश्चित गर्नुहोस्।*

**तीन महान् संस्कृतिहरू**

प्रथम शताब्दीमा सुसमाचार ग्रहण गर्ने संसारलाई तीन संस्कृतिले आकार दिए। परमेश्वरले संसारलाई सुसमाचार सबैभन्दा प्रभावकारी हुनको लागि तयार पार्नुभयो।

### ग्रीक संस्कृति

अलेक्ज्याण्डर महानले सभ्य संसारलाई जिते र आफ्नो साम्राज्यको स्थापना गरे। उनले जानाजानी ग्रीक संस्कृति फैलाए, किनकि उनी विश्वास गर्थे कि यो अरू सबै भन्दा श्रेष्ठ छ र यसले उनको साम्राज्यलाई एकताबद्ध गर्न मद्दत गर्नेछ। उनी चाहन्थे कि सबैले ग्रीक बोलून् र ग्रीक रीतिरिवाजहरू अभ्यास गरून्। यसले सुसमाचारको लागि तयारी गर्‍यो किनभने मिसनेरीहरूले सम्पूर्ण साम्राज्यभरि ग्रीक भाषामा सुसमाचार प्रचार गर्नसक्थे।

ग्रीक सोचले मानिसहरूलाई आफूलाई मुख्यतया कुनै जनजाति र परिवारको सदस्यको रूपमा नभई व्यक्तिको रूपमा हेर्न बाध्य बनायो। त्यसकारण, तिनीहरू व्यक्तिगत धार्मिक छनौट गर्न बढी खुला भए। मानिसहरूले आफ्नो धर्म परिवर्तन गर्नु सम्भव छ भन्ने महसुस गरे।

ग्रीकहरूले आफूलाई आफ्नो सानो राज्यको नागरिकको रूपमा मात्र नभई विश्वको नागरिकको रूपमा हेरे। तिनीहरूले महसुस गरे कि त्यहाँ सत्य छ जुन सबै मानिसहरूमा लागू हुन्छ, प्रत्येक समूहको आफ्नै सत्य हुनुको सट्टा। यसले तिनीहरूलाई महसुस गरायो कि सत्य तिनीहरूकहाँ कतैबाट आउन सक्छ, र तिनीहरूको आफ्नै परम्पराबाट मात्र होइन।

ग्रीक दार्शनिकहरूले जीवन र ब्रह्माण्डको अर्थ सम्बन्धी प्रश्नहरूको जवाफ दिने प्रयास गरे। उनीहरू विश्वास गर्थे कि सबैको लागि जीवनको व्याख्या गर्ने उत्तरहरू छन्।

ग्रीक दार्शनिकहरूले पुराना धर्महरू गलत थिए भनेर देखाउन तर्क प्रयोग गर्थे। तिनीहरूले मानिसहरूलाई देवताहरूको किंवदन्तीहरूबाट असन्तुष्ट पनि बनाए। देवताहरू मानव गल्तीहरू, अनैतिक र दुष्ट कार्यहरूको दोषी, मानवताको अतिरञ्जना गर्थे।

ग्रीक दार्शनिकहरूले जीवन र वास्तविकताको लागि नयाँ व्याख्याहरू प्रस्ताव गरे। प्रत्येक नयाँ दर्शनमाथि बहस भयो, र कुनै पनि दर्शनले प्रश्नहरूको पूर्ण जवाफ दिन सफल भएन। तिनीहरूले महत्त्वपूर्ण प्रश्नहरू पत्ता लगाए र छलफल गरे तर तिनीहरूको जवाफ दिन सकेनन्।

दर्शनले मानवताको आत्मिक आवश्यकता पूरा गर्न सकेन।

ख्रीष्टियान विश्वासले दर्शनले सोधेका प्रश्नहरूको जवाफ दियो र आत्मिक आवश्यकतालाई पनि पूरा गर्‍यो।

► ग्रीक संस्कृतिले संसारलाई कसरी परिवर्तन गर्‍यो र सुसमाचार फैलाउनको लागि कसरी तयारी गर्‍यो?

## रोमी संस्कृति

ग्रीक साम्राज्य विभिन्न क्षेत्रहरूमा विभाजित भएपछि रोमी साम्राज्यको विकास भयो। रोमीहरूले धेरै राष्ट्रहरूलाई जिते र एकताबद्ध गरे, तर धेरैजसो साझा संस्कृति अझै पनि ग्रीक नै थियो।

रोमी विजयहरूले गर्दा मानिसहरूले आफ्ना स्थानीय देवताहरूमाथि विश्वास गुमाए, जसले तिनीहरूलाई मद्दत गर्न सकेनन्। मानिसहरू सर्वशक्तिमान, विश्वव्यापी ईश्वरको बारेमा सुन्न बढी इच्छुक भए।

रोमीहरू धेरै देवताहरूमा विश्वास गर्थे र ग्रीक पौराणिक कथाहरू जस्तै किंवदन्तीहरू थिए। धेरै शिक्षित रोमीहरूले वास्तवमा देवताहरूमा विश्वास गर्दैनथे तर धर्मलाई आफ्नो संस्कृतिको भागको रूपमा अभ्यास गर्थे।

रोमी कानूनले न्यायको स्पष्ट अवधारणा ल्यायो। रोमी अदालतहरूले प्रमाणलाई उचित तरिकाले विचार गर्थे। यसले मानिसको दोष र धर्मीकरणको सिद्धान्तको जग बसाल्न मद्दत गर्‍यो।

रोमी प्रभुत्वले राष्ट्रहरू बीचका साना युद्धहरूको अन्त्य गर्‍यो, जसले गर्दा *प्याक्स रोमाना,* रोमी शान्ति भनिने कुरा आयो। यसले यात्रालाई सुरक्षित बनायो, र मिसनेरीहरू कुनै समस्या बिना राष्ट्रिय सीमानाहरू पार गर्न सक्थे।

► रोमी संस्कृतिले संसारलाई कसरी परिवर्तन गर्‍यो र सुसमाचार फैलाउनको लागि कसरी तयारी गर्‍यो?

## यहूदी संस्कृति

यहूदीहरू सभ्य संसारभरि छरिएका थिए, र जताततै तिनीहरूले सभाघरहरू स्थापना गरे र आफ्नो विश्वास सिकाए। प्रेरितहरूले देखे कि मोशालाई हरेक शहरमा शिक्षा दिइन्थ्यो (प्रेरित 15:21)। इस्राएलको धर्मप्रति विश्वासयोग्य यहूदीहरूको रोममा प्रभाव थियो।

यहूदी धर्मको सार्वभौम, पवित्र ईश्वरको अवधारणा, यसका त्रुटिपूर्ण, अनैतिक देवताहरू भएको पौराणिक कथाभन्दा बढी सम्मानजनक थियो। नैतिक अराजकताको संसारमा यहूदी धर्मको उच्च नैतिकता आकर्षक थियो। ख्रीष्टियान धर्मले यी नैतिकताहरू साझा गर्‍यो, तिनीहरूलाई हुर्कायो, र पापीलाई रूपान्तरण गर्न र पवित्र जीवनयापन गर्न सक्षम बनाउन अनुग्रहको सम्भावनाको प्रचार गर्‍यो।

इतिहासमा परमेश्वरको उद्देश्य र मसीहको अपेक्षाको बारेमा यहूदी धर्मको अवधारणाले भविष्यको लागि आशा दियो। आशा परमेश्वरको हस्तक्षेपमा थियो, मानव समाधानमा होइन। ख्रीष्टियान विश्वासले घोषणा गर्‍यो कि मसीह (ख्रीष्ट) आइसक्नुभएको छ र नयाँ युग सुरु भएको छ।

► यहूदी संस्कृतिले संसारलाई कसरी परिवर्तन गर्‍यो र सुसमाचार फैलाउनको लागि कसरी तयारी गर्‍यो?

### खण्ड अध्ययन- रोमी भाग 7

यस खण्डमा, पावल प्रेरितले पत्र किन लेख्दैछन् भनी व्याख्या गर्छन्। उनी तिनीहरूलाई भेट्न चाहन्छन्, त्यसपछि स्पेनमा मिसनेरी कार्य सुरु गर्न उनीहरूको मद्दत प्राप्त गर्न चाहन्छन्। पत्रको यो उद्देश्यले यसको संरचनालाई निर्देशित गर्‍यो किनभने पावलले सुसमाचार के हो, सबैलाई यसको आवश्यकता किन छ, सन्देशवाहकहरू किन महत्त्वपूर्ण छन्, र उनी किन जान योग्य थिए भनेर व्याख्या गरे। उनले देखाए कि विश्वव्यापी मिसनहरू सधैं परमेश्वरको योजना थियो।

► विद्यार्थीले समूहको लागि रोमी 15:8-33 पढ्नुपर्छ।

**हरेक पदहरूको नोटहरू**

(15:8) येशूले यहूदी कुलपिताहरूलाई दिइएको मसीही प्रतिज्ञाहरू पूरा गर्नुभयो र यहूदी राष्ट्र र धर्मको माध्यमबाट आउनुभयो।

(15:9-12) पुरानो करारका धेरै उद्धरणहरू मार्फत, प्रेरितले देखाउँछन् कि परमेश्वरले सधैं अन्यजातिहरूकहाँ सुसमाचार जाने योजना बनाउनुभएको थियो। पावलले उद्धृत गरेका धर्मशास्त्रहरूमा, अगमवक्ताहरूले भविष्यवाणी गरेका थिए कि:

- अन्यजातिहरू परमेश्वरको आराधक बन्नेछन्।
- मसीहले अन्यजातिहरूमाथि शासन गर्नुहुनेछ।
- अन्यजातिहरूले मसीहमा भरोसा गर्नेछन्।

(15:13-14) प्रेरितले रोमी मण्डलीको लागि आशिषको प्रार्थना गर्छन् र भन्छन् कि उनी विश्वास गर्छन् कि तिनीहरू आत्मिक रूपमा बलिया छन्। निम्न पदहरूमा, उनले तिनीहरूलाई मिसनेरी कार्यको लागि दर्शन राख्न आह्वान गर्नेछन्। आत्मिकरूपमा बलियो भएको आशिषित मण्डली पनि मिसनेरी कार्यमा दर्शन र संलग्नताबिना पूर्ण हुँदैन।

► यदि कुनै मण्डलीले सुदुर ठाउँहरूमा मिसनेरी कार्यलाई समर्थन गर्ने इच्छा राख्दैन भने के हुन्छ?

(15:15-16) उहाँले तिनीहरूलाई अन्यजातिहरूकहाँ सुसमाचार पुऱ्याउनको लागि उनलाई दिइएको विशेष बोलावटको बारेमा बताउँछन्। यस कामको लागि परमेश्वरले उनलाई विशेष आत्मिक वरदानहरू दिनुभएको छ। उनको इच्छा यो छ कि अन्यजातिका मण्डलीहरू पवित्र र साँचो होऊन्, परमेश्वरलाई मन पर्ने होऊन्।

(15:17-19) परमेश्वरले उनको सेवकाईमा सफलता दिनुभएको छ। धेरै अन्यजातिहरू परमेश्वरको वचनप्रति आज्ञाकारी भएका छन्। सेवकाईको सबैभन्दा महत्त्वपूर्ण परिणाम भनेको मानिसहरूले पश्चात्ताप गरेका छन् र परमेश्वरको आज्ञाकारितामा जीवन बिताएका छन्। सफलताको अन्य कुनै चिन्ह यति महत्त्वपूर्ण छैन। उहाँ भन्नुहुन्छ कि उहाँको सेवकाई पनि परमेश्वरद्वारा गरिएका चमत्कारहरूद्वारा चिन्हित छ। उनले ठूला क्षेत्रहरूमा सुसमाचार फैलाए।

(15:20-22) उनको अभ्यास पहिले सुसमाचार प्रचार नगरिएका ठाउँहरूमा प्रचार गर्नु थियो। उनले व्यवस्थित रूपमा क्षेत्रहरूमा सुसमाचार पुऱ्याएका थिए। त्यही प्रमुख कारण थियो कि उनले रोमको यात्रा गरेनन्, किनभने त्यहाँ पहिले नै सुसमाचार प्रचार भइसकेको थियो।

(15:23-24) उनले आफ्नो नजिकैको हरेक क्षेत्रमा सुसमाचार प्रचार गरेका थिए। उनी चाहन्थे कि रोमी मण्डलीले उनलाई स्पेनभन्दा बाहिर मिसनेरी यात्रा गर्न मद्दत गरोस्। यो यात्राले उनलाई रोममा प्रचार र संगति गर्ने अवसर दिनेछ, र उनलाई अझै नपुगेको क्षेत्रमा पुग्न मद्दत गर्नेछ।

► सुसमाचार फैलाउन प्रत्येक ख्रीष्टियान र प्रत्येक मण्डलीको कर्तव्य कसरी हुन्छ भनेर व्याख्या गर्नुहोस्। (आवश्यक परेमा, पहिलो पाठमा 1:15 मा रहेको नोट हेर्नुहोस्।)

(15:25-29) पहिला, उनी अन्यजातिको मण्डलीबाट यहूदी मण्डलीमा भेटी लैजान यरूशलेमको यात्रा गर्थे। यो भेटी धेरै महत्त्वपूर्ण थियो। भेटी पठाएर, अन्यजातिहरूले यहूदीहरूप्रति आफ्नो ऋण चुक्ता गरिरहेका थिए, किनभने यहूदी ख्रीष्टियानहरूले उनीहरूकहाँ सुसमाचार ल्याए। भेटी ग्रहण गरेर, यहूदीहरूले स्वीकार गर्थे कि अन्यजातिहरू एउटै मण्डलीमा छन्। त्यहाँ छुट्टाछुट्टै ख्रीष्टियान मत हुने थिएन। त्यसैले पावलले तिनीहरूलाई यहूदी विश्वासीहरूले भेटी स्वीकार गरून् भनेर प्रार्थना गर्न भने।

(15:30-33) उनले उनीहरूलाई यरूशलेमका अविश्वासी यहूदीहरूको खतराबाट छुटकारा पाउन प्रार्थना गर्न भने, ताकि उनी रोम आउन सकून्। यो प्रार्थनाको जवाफ दिइयो, यद्यपि उनले रोजेको तरिकाले होइन। यरूशलेममा यहूदी शासकहरूले पक्राउ गरे, त्यस पछि रोमी राज्यपालले लगे र मुद्दाको लागि रोम पठाएपछि पावल कैदीको रूपमा रोम आइपुगे।

(कथा प्रेरितको पुस्तकमा छ, प्रेरित 21:26 बाट सुरु भएर प्रेरितको पुस्तकको अन्त्यसम्म जान्छ।) हामीलाई थाहा छैन कि पावलले स्पेनको यात्रा गरे कि गरेनन्।

► स्पेनको यात्रा उनले योजना गरेअनुसार नभए पनि पावलको जीवनका घटनाहरूमा हामी परमेश्वरको विधिविधान कसरी देख्छौं?

## खण्ड अध्ययन – रोमी भाग 8

### अध्याय 16 को सारांश

पावलको अन्य कुनै पनि पत्रमा भन्दा यस पत्रमा नामद्वारा धेरै अभिवादनहरू छन्। हुनसक्छ कि उनी रोम नगएको हुनाले, उनले मण्डलीसँगको आफ्नो सम्बन्ध सुरु गर्न मद्दत गर्न त्यहाँ उपस्थित सबै परिचितहरूको उल्लेख गरे।

► विद्यार्थीले समूहको लागि रोमी 16 पढ्नुपर्छ।

### हरेक पदहरूको नोटहरू

(16:1-2) फिबी सम्भवतः यो पत्र ल्याउनेहरूसँगै थिइन्। पावलले तिनीहरूलाई तिनको सेवकाईमा मद्दत गर्न अह्राए किनभने तिनले धेरै मानिसहरूको आवश्यकताहरू पूरा गरेकी थिइन्। मद्दत गर्ने सबैभन्दा राम्रो व्यक्ति त्यो व्यक्ति हो जो पहिले नै अरूको लागि आशिष् बनेको छ।

(16:3-4) अक्वीला र प्रिस्सिलाले पावलको लागि आफ्नो ज्यान जोखिममा पारेका थिए। तिनीहरूको बारेमा अझ जान्नको लागि प्रेरित 18:1-3, 24-26 लाई हेर्नुहोस्।)

(16:7, 11, 21) यी पदहरूमा पावलका आफन्तहरूको नाम दिइएको छ।

(16:13) उल्लेख गरिएको महिला सम्भवतः पावलकी आमा होइनन्। रुफस सायरेनीका सिमोनका छोरा हुनसक्छन् जसले येशूको क्रूस बोकेका थिए, किनकि मर्कूस 15:21 मा तिनको नाम यसरी उल्लेख गरिएको छ कि मानौं तिनी पछिबाट मण्डलीमा परिचित भएका थिए।

(16:17-18) त्यहाँ मानिसहरू छन् जसले आफ्नै अनुयायीहरू निर्माण गर्न मण्डलीको आधारभूत सत्यबाट अरूलाई अलग गर्ने प्रयास गर्छन्। तिनीहरू ख्रीष्टको सेवा गर्दैनन्, तर आफ्नै इच्छाहरूको सेवा गर्छन्। तिनीहरूको सन्देश उद्धारको सही सिद्धान्तहरूको विपरीत छ। (3 यूहन्ना 1:9-10 र 2 पत्रुस 2:1-3 लाई हेर्नुहोस्।)

(16:19) हामीले सत्यको बारेमा सकेसम्म धेरै सिक्नु आवश्यक छ। हामीलाई दुष्टताको बारेमा धेरै जान्नु आवश्यक छैन। दुष्ट कुराहरूको अध्ययन गर्ने मानिसहरूले अस्वस्थ आकर्षण र आफ्नो सोचाइको विकृतिको खतराको सामना गर्छन्।

(16:20) ख्रीष्टको कामद्वारा मण्डलीले अन्ततः शैतानमाथि विजय हासिल गर्नेछ (उत्पत्ति 3:15)।

(16:22) पत्रको लेखक तर्तियस थिएनन्, तर पावलको रूपमा लेख्ने व्यक्तिले उनलाई पत्र सुनाए।

(16:25-27) यी पदहरूले पत्रको मुख्य विषयवस्तुहरूलाई जनाउँदछ। "मेरो सुसमाचार" र "येशू ख्रीष्टका विषयको प्रचार" वाक्यांशहरूलाई ध्यान दिनुहोस्। उनलेले फेरि भन्छन् कि सुसमाचार ताजा प्रकाश र अगमवक्ताहरूको पुरानो सन्देश दुवै हो। उनले मिसनहरूको अन्तिम सन्दर्भसित अन्त्य

गर्नुहुन्छ, तिनीहरूलाई सम्झाउँदै कि सन्देश सबै राष्ट्रहरूको लागि हो। मिसन कार्यको लक्ष्य येशूले महान् आज्ञामा भन्नुभएको जस्तै हो (मत्ती 28:19-20): मानिसहरूलाई ख्रीष्टको आज्ञाकारितामा ल्याउनु। यसले पत्रलाई सुरु भएकै समयमा समाप्त गर्छ, जस्तै 1:5 ले भन्छ: सेवकाईको कारण भनेको नै सबै राष्ट्रका मानिसहरूलाई परमेश्वरको आज्ञाकारितामा ल्याउनु हो।

## रोमीबाट सुसमाचार प्रस्तुति

रोमीको पुस्तकबाट मात्र पदहरू प्रयोग गरेर सुसमाचारको व्याख्या गर्न सकिन्छ। सुसमाचारको यो प्रस्तुतीकरणलाई कहिलेकाहीं "रोमी मार्ग" पनि भनिन्छ।

प्रत्येक सन्दर्भको लागि व्याख्याको पहिलो वाक्य याद गर्नु सबैभन्दा महत्त्वपूर्ण हो।

### रोमी 3:23

"सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।"

**हरेक व्यक्तिले तिनीहरूले गरेका कामहरू गलत हो भनी जान्दाजान्दै पाप गरेका छन्।** यो पदले मानिसहरूको वास्तविक समस्या देखाउँछ। तिनीहरूले परमेश्वरको आज्ञा पालन गरेका छैनन्; तिनीहरूले जानाजानी परमेश्वरको आज्ञा भङ्ग गरेका छन्। कुनै पनि व्यक्ति अपवाद छैन। सधैँ सही काम गरेको आधारमा कुनै पनि व्यक्तिलाई परमेश्वरले स्वीकार गर्न सक्नुहुन्न।

यस बुँदालाई थप जोड दिनको लागि, तपाईंले 3:10 लाई प्रयोग गर्न सक्नुहुन्छ: 3:10 ("धर्मी कोही छैन, एक जना पनि छैन") र 5:12 ("सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।")

### रोमी 6:23

"पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैँको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।"

**पापीहरूले अनन्त मृत्यु कमाएका छन्, तर परमेश्वरले येशूमार्फत अनन्त जीवनको उपहार दिनुहुन्छ।**

यस पदले पाप किन यति गम्भीर छ भनी देखाउँछ। पापको कारणले गर्दा, मृत्युको दण्ड प्रत्येक व्यक्तिमा सर्छ। यो अनन्त मृत्यु हो, परमेश्वरको न्याको निम्ति हरेक पापी योग्य छन्।

हामीले कमाएको मृत्युको विपरीत, परमेश्वरले जीवनको उपहार प्रदान गर्नुहुन्छ, जो हाम्रो कमाई होइन।

### रोमी 5:8

"तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो ।"

**परमेश्वरको वरदान हाम्रो लागि ख्रीष्टको मृत्युद्वारा प्रदान गरिएको थियो।**

परमेश्वरले हामीलाई हामीले पाउनुपर्ने न्याय पाउन दिनुभएन। उहाँले हामीलाई प्रेम गर्नुभएको हुनाले, उहाँले हामीलाई दया प्राप्त गर्ने बाटो प्रदान गर्नुभयो। येशू बलिदानको रूपमा मर्नुभयो ताकि हामी क्षमा पाउन सकौं। परमेश्वरले हामीले मुक्तिको योग्य हुन केही गरौं भनेर पर्खनुभएन - यो हामी पापी हुँदा नै आउँछ। मुक्ति असल मानिसहरूलाई होइन, तर पापीहरूलाई दिइन्छ।

**रोमी 10:9**

"यदि तिमीले स्वीकार गर्‍यौ... आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ।"

**मुक्तिको लागि एक मात्र आवश्यकता भनेको पापीले आफू पापी भएको स्वीकार गर्नु र परमेश्वरको क्षमाको प्रतिज्ञामा विश्वास गर्नु हो।**

पश्चात्तापको के हो? यदि कुनै व्यक्तिले आफूले गल्ती गरेको स्वीकार गर्छ र क्षमा चाहन्छ भने, ऊ आफ्नो पाप त्याग्न इच्छुक छ भन्ने बुझाउँछ।

**रोमी 10:13**

"प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।"

**उद्धारको प्रस्ताव प्रत्येक व्यक्तिलाई छ। कोही पनि बहिष्कृत छैन। अरू कुनै योग्यताहरू अवस्थित छैनन्।**

**रोमी 5:1**

"विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा ...परमेश्वरसँग हाम्रो मिलाप भएको छ।"

**परमेश्वरको प्रतिज्ञामा विश्वास गर्नाले हामी परमेश्वरको मित्र बन्छौं, अब दोषी ठहरिने छैनौं।**

परमेश्वरसँग शान्ति कायम राख्नुको अर्थ अब हामी उहाँका शत्रु रहेनौं; हाम्रो मिलाप भएको छ। हामीलाई परमेश्वरबाट अलग गर्ने पापलाई हटाइएको छ। धर्मी ठहरिनु भनेको दोषी नभएको रूपमा गनिनु हो। विश्वासद्वारा धर्मी ठहरिनु भनेको हाम्रो क्षमाको लागि आवश्यक पर्ने सबै कुरामा परमेश्वरको प्रतिज्ञामा विश्वास गर्नु हो।

**रोमी 8:1**

"यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन।"

**हामी ख्रीष्टसँग जोडिएका हुनाले, हामीले गरेका पापहरूको लागि अब हामीलाई दोषी ठहराइँदैन।**

ख्रीष्टले पापरहित जीवन बिताउनुभयो र क्रूसमा आफ्नो मृत्युद्वारा न्यायको आवश्यकता पूरा गर्नुभयो। विश्वासद्वारा हामी उहाँसँग पहिचान गर्छौं र उहाँसँग परमेश्वर पिताद्वारा स्वीकार गरिन्छ। परमेश्वरले हामीलाई यस्तो व्यवहार गर्नुहुन्छ मानौं हामीले कहिल्यै पाप गरेका छैनौं।

**निष्कर्ष**

परमेश्वरलाई प्रार्थना गरेर, आफू पापी भएको स्वीकार गरेर, र येशूको बलिदानको आधारमा क्षमा मागेर अविश्वासीले मुक्ति पाउन सक्छ भनी व्याख्या गर्नुहोस्।

**सिकाई र अभ्यासको लागि**

यो विधि सिक्ने र अभ्यास गर्ने सबैभन्दा राम्रो तरिका भनेको रोमीमा प्रयोग गरिने प्रत्येक पदलाई आफ्नो बाइबलमा घेरा लगाएर वा रेखांकित गरेर चिन्ह लगाउनु हो। त्यसपछि, प्रत्येक पदको छेउमा यसको प्रयोगको क्रम देखाउने संख्या राख्नुहोस्। उदाहरणका लागि, पहिले प्रयोग गरिने पदको छेउमा, संख्या 1 लेख्नुहोस्।

सुसमाचार प्रस्तुत गर्ने अभ्यास गर्नुहोस्। प्रत्येक पद पढ्नुहोस् र यससँग सम्बन्धित व्याख्या दिनुहोस्। प्रत्येक पद (माथि) पछि पहिलो वाक्यमा रहेका अवधारणाहरू समावेश गर्न निश्चित गर्नुहोस्। त्यसपछि, आवश्यक पर्ने व्याख्या थप्नुहोस्, यदि अन्य वाक्यहरू उपयोगी छन् भने प्रयोग गर्नुहोस्। यस पाठमा प्रदान गरिएका ठ्याक्कै शब्दहरू प्रयोग गर्न आवश्यक छैन।

बाइबल बाहेक अरू केही नहेरीकन तपाईंले यो गर्न नसकेसम्म अभ्यास गर्नुहोस्।

**पाठ 12 का समीक्षा प्रश्नहरू**

(1) पहिलो शताब्दीमा सुसमाचार फैलाउनका लागि तीनवटा महान् संस्कृतिहरूले संसारलाई कसरी तयार पारेका थिए भनी व्याख्या गर्नुहोस्।

(2) परमेश्वरले सधैँ अन्यजातिहरूकहाँ सुसमाचार पुऱ्याउनका लागि योजना बनाउनुभएको थियो भनेर प्रेरितले कसरी देखाए?

(3) यरूशलेमको मण्डलीको लागि भेटी किन यति महत्त्वपूर्ण थियो?

(4) पावल रोममा कसरी आइपुगे?

# समीक्षा र अन्तिम जाँचका लागि प्रश्नहरू

**पाठ 1**

(1) पावलले रोमीहरूलाई यो पत्र किन लेखे?

(2) पावलले रोममा जाने योजना किन बनाए?

(3) नयाँ करारका पत्रहरूमा *हाम्रा प्रभु येशू ख्रीष्ट* भन्ने शब्दको अर्थ के हो?

(4) पुनरुत्थानले येशूको ईश्वरत्वलाई कसरी प्रमाणित गऱ्यो?

(5) *असभ्य* जाति शब्दको अर्थ के हो? (रोमी 1:14)

(6) हामी किन सुसमाचार नसुनेकाहरूको लागि ऋणी छौं?

(7) रोमीको पुस्तकको मुख्य अनि महत्वपूर्ण सत्यता के हो?

(8) रोमीको पुस्तकमा मृत्यु शब्दको अर्थ के हो?

(9) रोमीको पत्रअनुसार परमेश्वरको न्यायबाट को बाँच्न सक्छ?

**पाठ 2**

(10) मानिसहरूले कुन माध्यमबाट सामान्य प्रकाश पाउँछन् ?

(11) पवित्रशास्त्रविना पनि सबै मानिसहरूलाई परमेश्वरको बारेमा के थाहा छ?

(12) विशेष प्रकाश भनेको के हो?

(13) मूर्तिपूजा के हो?

(14) भ्रष्टताले मानिसहरूको सोचाइलाई असर गर्ने दुई तरिकाहरू बताउनुहोस्।

**पाठ 3**

(15) भविष्यसूचक शास्त्रले के वर्णन गर्छ?

(16) यहूदीहरूले किन परमेश्वरद्वारा कृपा पाउने आशा गरेका थिए?

(17) एउटा व्यक्ति कसरी धर्मी ठहरिन्छ?

(18) कुनै व्यक्तिले ऊसँग बचाउने विश्वास छ भनी कसरी देखाउँछ?

(19) यहूदीको लागि खतनाले केलाई जनाउँछ र ख्रीष्टियनको लागि यसले केलाई जनाउँछ?

**पाठ 4**

(20) "सामान्य अनुग्रह" बारे क्याल्भिनको अवधारणा व्याख्या गर्नुहोस्।

(21) "अगाडि आउने अनुग्रह" बारे वेस्लीको अवधारणा व्याख्या गर्नुहोस्।

(22) रोमी 3:19 मा, प्रत्येक मुखले "चूप रहोस्" भन्नुको अर्थ के हो?

(23) रोमी 3 मा यहूदीहरूको कुन ठूलो फाइदाको बारेमा उल्लेख गरिएको छ?

(24) आराधनाका रुपहरूले हामीलाई कसरी फाइदा पुऱ्याउँछन्?

(25) रोमी 3:10-18 ले के देखाउँछ?

(26) व्यवस्थाको अधीनमा को छ? (रोमी 3:19-20)

**पाठ 5**

(27) बचाउने विश्वास भएको व्यक्तिले के विश्वास गर्छ?

(28) प्रायश्चितले कुन दुविधा समाधान गर्छ?

(29) प्रायश्चितले कसरी दुविधा समाधान गऱ्यो?

(30) धर्मीकरण (धर्मी ठहराइनु)को अर्थ के हो?

(31) कसैले धार्मिकताको स्तरको रूपमा व्यवस्थालाई कसरी समर्थन गर्छ? (रोमी 3:31)

(32) अब्राहामलाई परमेश्वरको अनुग्रहको प्रतिज्ञा के थियो?

(33) दाऊदले विश्वासद्वारा धर्मी ठहरिने बारेमा के भने?

(34) अब्राहामका आत्मिक सन्तानहरू को हुन्?

(35) रोमी 5:15 बाट हामी कसरी थाहा पाउँछौं कि उद्धार सबैलाई प्रदान गरिएको छ?

**पाठ 6**

(36) पाप के हो भनेर बुझ्नु किन महत्त्वपूर्ण छ?

(37) इच्छापूर्वक गरिएको पापको परिभाषा के हो?

(38) रोमी 6मा पावलले कुन गलत विचारको जवाफ दिइरहेका छन्?

(39) पापको लागि मर्नु भनेको के हो?

(40) अनुग्रहको अधीनमा हुनुको भनेको के हो?

(41) व्यवस्थाको अधीनमा हुनुको भनेको के हो?

(42) परमेश्वर र पाप दुवैको सेवा गर्नु किन असम्भव छ?

(43) पुरानो स्वभाव शब्दको अर्थ के हो?

**पाठ 7**

(44) पुरानो करारका धार्मिक र नागरिक नियमहरू अझै पनि महत्त्वपूर्ण हुनुका दुई कारणहरू बताउनुहोस्।

(45) व्यवस्थाको लागि मर्नुको अर्थ के हो?

(46) *शरीरमा* शब्दको दुई प्रयोग के के हुन्?

(47) व्यवस्थाले पापलाई कसरी झनै खराब बनाउँछ?

(48) सुसमाचार प्रचारको लागि व्यवस्था किन उपयोगी छ?

**पाठ 8**

(49) व्यवस्था उद्धारको माध्यम हुनु किन असम्भव थियो?

(50) विश्वासी अब शरीरमा रहँदैन भन्नुको अर्थ के हो?

(51) ख्रीष्टियनको जीवनलाई व्यवस्थाले कसरी निर्देशन गर्छ?

(52) आत्माको साक्षी के हो?

(53) अन्तिम उद्धार के हो?

(54) शारीरिक पुनरुत्थानको सिद्धान्तलाई अस्वीकार गर्दा कुन दुई विपरीत चरम सीमाहरू निम्त्याउँछ?

(55) विश्वासीको सुरक्षा भनेको के हो?

**पाठ 9**

(56) हामीले उहाँको न्याय बुझेको परमेश्वर चाहनुहुन्छ भनेर हामी कसरी थाहा पाउन सक्छौं?

(57) परमेश्वर न्यायी हुनुहुन्छ भनेर हामीले किन बुझ्नु महत्त्वपूर्ण छ?

(58) परमेश्वरको सार्वभौमिकताको बारेमा बाइबलीय दृष्टिकोण के हो?

(59) रोमी 9 को मुख्य बुँदा के हो?

(60) इस्राएलका आत्मिक विशेषाधिकारहरू के थिए?

(61) ख्रीष्टियान विश्वास र यहूदी धर्म बीचको पाँच सम्बन्ध के हो?

(62) परमेश्वरले याकूबलाई रोज्नुभएको बारेमा रोमी 9 ले के भन्छ?

(63) हामी किन परमेश्वरको सार्वभौमिकतामा आनन्दित हुन सक्छौं?

**पाठ 10**

(64) रोमी 10 को मुख्य बुँदा के हो?

(65) यहूदीहरूले कसरी आफूलाई धर्मी ठहराउने प्रयास गरे?

(66) ख्रीष्ट आउनुभन्दा पहिलेका मानिसहरू कामहरूद्वारा बचाइएका थिएनन् भनेर हामी कसरी जान्दछौं?

(67) उद्धार हाम्रो हृदय र मुखमा छ भन्ने कुराको अर्थ के हो?

(68) मिसनेरीको सन्देश किन जरुरी छ?

(69) रोमी 11 मा भएको रूखका हाँगाहरूको दृष्टान्त व्याख्या गर्नुहोस्।

(70) पुरानो करारमा भएको तीन प्रकारका प्रतिज्ञाहरूको सूची बनाउनुहोस्।

**पाठ 11**

(71) जीवित बलिदानको दृष्टान्त व्याख्या गर्नुहोस्।

(72) हामी पूर्ण रूपमा परमेश्वरप्रति समर्पित हुनको लागि हामीले के गर्नुपर्छ?

(73) हामी किन नम्र हुनुपर्छ?

(74) *कमजोर भाइ र बलियो भाइ* शब्दहरूको व्याख्या गर्नुहोस्।

(75) यहूदी धर्म मान्नेहरू को थिए?

**पाठ 12**

(76) पहिलो शताब्दीमा सुसमाचार फैलाउनका लागि तीनवटा महान् संस्कृतिहरूले संसारलाई कसरी तयार पारेका थिए भनी व्याख्या गर्नुहोस्।

(77) परमेश्वरले सधैँ अन्यजातिहरूकहाँ सुसमाचार पुऱ्याउनका लागि योजना बनाउनुभएको थियो भनेर प्रेरितले कसरी देखाए?

(78) यरूशलेमको मण्डलीको लागि भेटी किन यति महत्त्वपूर्ण थियो?

(79) पावल रोममा कसरी आइपुगे?

# सिफारिस गरिएको पठन


Alford, Henry. *The Greek New Testament*. Chicago: Moody Press, 1968. अनलाइनमा पनि उपलब्ध छ यहाँ: https://studylight.org/commentaries/eng/hac.html

Greathouse, William. "Romans" in *Beacon Bible Commentary, Vol. VIII*. Kansas City: Beacon Hill Press, 1968. अनलाइनमा पनि उपलब्ध छ यहाँ: https://archive.org/details/beaconbiblecomme0000grea/page/n19/mode/2up

Kinlaw, Dennis. "Lectures on Romans" Audio series. Wilmore, KY: Francis Asbury Society.

Wesley, John. *Explanatory Notes Upon the New Testament*. London: Epworth Press, 1976. अनलाइनमा पनि उपलब्ध छ यहाँ: https://studylight.org/commentaries/eng/wen.html

Wesley, John. *Wesley's Works*. विशेषगरी तलका:

- "Justification by Faith" https://holyjoys.org/justification-by-faith/
- "Predestination Calmly Considered" https://holyjoys.org/predestination-calmly-considered/
- "Dialogue between a Predestinarian and His Friend" https://holyjoys.org/john-wesleys-dialogue-between-a-predestinarian-and-his-friend/
- "The Origin, Properties, and Use of God's Law" https://holyjoys.org/john-wesley-on-the-origin-properties-and-use-of-gods-law/
- "The Law Established by Faith: Discourse I" https://holyjoys.org/the-law-established-through-faith-discourse-1/
- "The Law Established by Faith: Discourse II" https://holyjoys.org/john-wesley-on-the-law-established-through-faith-discourse-2/
- "First Dialogue between an Antinomian and His Friend" https://holyjoys.org/first-dialogue-between-an-antinomian-and-his-friend/
- "Second Dialogue between an Antinomian and His Friend" https://holyjoys.org/second-dialogue-between-an-antinomian-and-his-friend/

Yocum, Dale. *Dr. Yocum Teaches the Epistles of Paul*. Salem, OH: Schmul, 1992.

# कार्यहरूको रेकर्ड

विद्यार्थीको नाउँ_______________________________________

| पाठ | लेखन कार्य |
|---|---|
| 1 | |
| 2 | |
| 3 | |
| 4 | |
| 5 | |
| 6 | |
| 7 | |
| 8 | |
| 9 | |
| 10 | |
| 11 | |

| उपदेश/पाठ अभ्यास | |
|---|---|
| मिति | समूहको प्रकार |
| | |
| | |
| | |
| **पाठ 9**<br>**कुराकानी कार्य** | |
| | |
| | |
| **अन्तिम परीक्षा ग्रेड** | |
| | |

Shepherds Global Classroom बाट पूरा भएको प्रमाणपत्रको लागि आवेदन हाम्रो वेबपेज www.shepherdsglobal.org मा पूरा गर्न सकिन्छ। प्रमाणपत्रहरू SGC का अध्यक्षबाट आफ्ना विद्यार्थी(हरू) को तर्फबाट आवेदन पूरा गर्ने प्रशिक्षकहरू र सहजकर्ताहरूलाई डिजिटल रूपमा पठाइनेछ।